CC-0. In Public Domain. Digitization by eGangotri

॥ॐ॥

प्रबुद्धसनातनरहस्यम्

सर्वसुलभ

लेखकः–

श्री ले. जनरल धनशम्शेर जङ्गबहादुर राणा
(सैनीकदीर्घसेवापट्ट, विश्वविजयी कुलशिरोमणी)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

॥ ॐ ॥

प्रबुद्धसनातनरहस्यम्

सर्वसुलभ

॥ लेखक ॥

श्री ले. जनरल धनशम्शेर जङ्गबहादुर राणा
(सैनीकदीर्घसेवापट्ट, विश्वविजयी कुलशिरोमणी)

मूल्य रु०

सम्वत् २०२०]
॥ प्रथमवार १००० ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशकः–

धनशम्शेर जङ्गबहादुर राणा

नक्साल

काठमाडौं ।

(सर्वाधिकार लेखकको सुरक्षित)

६३२४

[P],2 [E],23
DHA
२०२०. B.S.

मुद्रकः–

नेपाल प्रेस,

६।५६८ नयाँ सडक,

काठमाडौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

६८२४

॥ समर्पणम् ॥

पैले सत्यवती त सत्ययुगमा जुन् देशको नां थियो ।
त्रेतामा अनि सो तपोवन भयो, फेर् मुक्तिसोपान यो ॥
भैगो द्वापरमा, अनीत कलिमा नां येहि नेपाल भो ।
यो हाम्रो शुभराज्यमा उदय भो श्रीपञ्चपञ्चेशको ॥ १ ॥
भाषासंस्कृतदेखि छोट्करि गरी श्रीपार्वतीले रचिन् ।
भाषा नूतन पार्वतीय भनि नां यिन्को उनैले दिइन् ॥
श्रीगोरक्षगिरीशले लिनुहुदा गोर्खालिभाषा वनिन् ।
हाम्रो हातपरी सवैकन यिनी हाल् राष्ट्र भाषा भईन् ॥ २ ॥
भाग्यैले अहिले महेन्द्र नृपको सामाज्य जंदा यहा ।
निर्धक्कै सित यो स्वतन्त्रपुरमा शास्त्रदिखानी हुदा ॥
खोजी आर्यपुरानुसंस्कृतिहरू सारांशको यो मता ।
छोटो लेख चढाउछु नृपतिको श्रीपादयुग्माब्जमा ॥ ३ ॥

सदा भक्त सेवक

धनशम्शेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परिचय

श्रीगणेशायनमः

श्री दाज्यैज्यू लेफिनेन्ट जनरल धनशम्शेरजङ्गबहादुर राणा सत्रभाइमा जेठा प्रधान मन्त्री श्री ३ महाराज बीर शम्शेरका नाती श्री फिल्ड मार्शल रुद्रशम्शेरका जेठा छोरा हुनुहुन्छ ।

वालक कालमा महाराजका सब भन्दा मन परेका नाती उहाँको ठूलो चकचकी थियो, उहाँलाई आफूसित भयाम्मिने पार्न प्रधान सेनापति देवशम्शेर जङ्गीलाठ चन्द्रशम्शेरहरू पनि अनेक उपायले आफ्ना बोली वचनलाई मिठ्याउंदै 'गुण्डा-राजा' भनेर सम्बोधन गर्दथे; वास्तवमा मोती माणिक र मख-मलले उहाँलाई सदैव झल्काइरहेका हुन्थे । तर झुल्केको घाम-पछि नै वदली भयो । महाराज बीरशम्शेरको निधन पछि उहाँको चकचकीको पनि अस्त हुंदै गयो । आज उहाँको परिचय मैले लेखेको संझदा मेरो मन दार्शनिक बन्दछ ।

सर्वप्रथम मैले उहाँलाई दरवार स्कूलमा आफू भन्दा सात श्रेणीमाथि प्रथम (अहिलेको दशम) श्रेणीमा पढ्न लागेको अवस्थामा देखें; अनि पछि त्यसको एक जुग पछि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हामी संगै कवायदमा पर्‍यौं, उसबेला उहाँ कर्णेल हुनुहुन्थ्यो म कप्तान थिएं । अब उहाको बालक कालको विशिष्टता अर्कै स्थितिमा परिणत भइसकेको थियो, त्यसैले अरू सबै काका दाज्यू भाइहरू मध्ये उहाँ पूर्ण रुपले भिन्न हुनुहुन्थ्यो। उहाँलाई कति जना गिज्याउथे अपमान गर्दथे अनुचित व्यवहार गर्दथे, तर उहाँ एक महात्माले जस्तै सब सहन गरेर अझ मधुर मुस्कुराहटले दुर्जनको दौर्जन्यलाई उनैकहाँ फिर्ता पठाइ दिनु हुन्थ्यो । त्यो देखेर उहाँप्रति जागरुक भएको मेरो श्रद्धा आज यस परिचयमा प्रकट गर्न पाउँदा मलाई आनन्द लागेको छ ।

मलाई लाग्छ यिनै परिस्थितिले उहालाई दार्शनिक बनायो। वैदिक ऋषिहरू पछि नै नेपालमा दर्शनको प्रारम्भ भएको हो, त्यसैले दर्शनको अर्को नाम वेदान्त छ । कपिल तथा बुद्धहरूका दर्शन झन् झन् जटिल र सर्व सामान्यको निंति कठिन हुदै गएका थिए। तिनैको प्रतिक्रियाबाट तन्त्रले जन्म लिएका हुन् । एक किसिमको यो फेरि वेदमा फर्केर ऋषिहरू झैं उदार बन्न खोज्नाको परिणाम पनि हो । तर त्यस बेलासम्मा साधारणतः विद्वान् तथा प्रतिभाशालीहरूले भौतिक तथा रासायनिक विज्ञान तथा मनोविज्ञानतिर पनि अनेक प्रयोग र अनुभव गर्दै नयाँ नयाँ आविष्कार गर्न लागेका थिए। तर यस सत्य कुरालाई हामीले स्वीकार गर्नै पर्दछ : हाम्रा पुरुखाहरूको आफूले जानेको विद्यालाई अत्यन्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गोपनीय राख्ने स्वभाव बन्न गयो । यसले गर्दा हाम्रो राष्ट्रिय उन्नतिमा ठूलो वाधा पर्न गयो, कैयौं विद्या विशेषज्ञ-हरूको मृत्यु साथै लोप भए, यी कुराको हामीलाई तीतो अनुभव छ । रहस्यको समाधान नगरेर उल्टो रहस्य माथि रहस्य थप्ने स्वभावले गर्दा पनि हामीले राष्ट्रको राम्रो निर्माण गर्न सकेनौं; आफूमा एकता नहुंदा हामी बराबर वाहिरी प्रभावित हुन लाग्यौं, आफ्नो सांख्यलाई छोडी अद्वैतवादी योगी बन्न थाल्यौं, बुद्धलाई छोडी तथा पछि तन्त्रलाई छोडी जाति पातिको झमेला ग्रहण गरी नैष्टिक बन्न लाग्यौं ।

आज बन्धुदत्त आचार्य, विश्वनाथ भट्टाचार्य, श्री ५ महाराजाधिराज सिंहप्रताप शाह, वीरेन्द्रकेसरी आर्याल, दुर्गानाथ गुरुज्यूहरू जस्ता तान्त्रिकको चर्चा हाम्रो देशमा शून्य प्रायः भएको वेलामा अनेक तन्त्रको ग्रन्थ लेखी श्री धनशम्शेर दाज्यंज्यूले देशको शिर उज्वल पार्नु भएको छ । हाम्रो देश तन्त्रमय छ, नेपाली स्वभाव नै तन्त्रपरतः छ, हाम्रो पर्वत झरना नदी नालाले अनौठो नान्की परेको यस धरती-बाट वेदको आशीर्वाद प्राप्त गरी उम्रेको यस तन्त्र विद्या अनुसार नै हाम्रा कलात्मक मन्दीर मूर्ति र चित्रहरू बनेका छन्, हाम्रा चाडपर्व संस्कृति नै तिनमा आधारित छन् ।

यस पुस्तक 'प्रबुद्धसनातन रहस्यम्' मा कैयौं विषयको अतिरिक्त हाम्रा चाडपर्वको तान्त्रिक आधार के के छन् भन्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दिग्दर्शन छ। भक्तपुरको विस्केटको लिङ्ग जात्रामा त लाखौं मानिस जम्मा हुन्छन्, तर तिन मध्ये कति थोरैलाई थाहा छ सो जात्राको रहस्य के हो। यस पुस्तकमा उद्धत गरीएको बाराहीतन्त्र, गौतमीयतन्त्र, गन्धर्वतन्त्रहरूको मनन गर्नु उचित छ। वैदिक इन्द्रबाट हजारौं वर्ष अगिदेखि परम्परागत आएको जीमूतवाहनको पूजामा इनार सोहोर्ने विधिको रहस्य उद्घाटन, तथा सिठीनख आदिको वर्णन हेर्दा चित्त आह्लादित हुन्छ। यस्तै राजमार्तण्डतन्त्रले, महाकालसंहिताको 'घोडेजात्रा'ले घोडेजात्रा, भाग टाँस्ने, काटी, गाईजात्रा, खड्गजात्रा, मद्‌वीउ छर्ने, जूवा, लक्ष्मी पूजा, देउसी, स्वस्थानी, सबको मूल भेट्नाले हाम्रो हृदय नेपालीपना र राष्ट्रियताले आर्द्र बनी प्रफुल्लित हुन्छ। स्वतन्त्रतन्त्रले हाम्रो नेपाल र हामी नेपालीको आत्मालाई संधै स्वतन्त्र राख्त छ।

यस पुस्तकले पाठकवर्गलाई यसैमा मात्र सीमित राख्तैन, जम्मै ६४ ओटा प्रमुख तन्त्रकै अध्ययन गर्ने प्रवृत्ति गराउंछ। श्री ५ बडा महाराज पृथ्वीनारायण शाहाबाट राष्ट्रिय एकता भएको यस देशमा सांस्कृतिक एकता ल्योउने श्री ५ महाराजाधिराज सिंहप्रताप शाहबाट पुरश्चर्यार्णव रचना भई अनेक प्रयोग हुन लागेको थियो, छोटो आयु मैं उनको निधन भयो। श्री ५ स्वामी महाराज रणबहादुर शाहबाट तन्त्रकै अनुसार जगन्नाथको मन्दिर बनाई भैरवीचक्र साधेर नेपाली मात्रको एक जात बनाउने प्रयास हुन लागेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

थियो, तर प्रतिक्रयावादीहरूले उनको हत्या गरे, नेपाली मात्रले एक महान शहीद आफ्नो देशमा पाए, तर कार्य सफल हुन सकेन, उस बेला तर आज हाम्रा राष्ट्रनायक श्री ५ महाराजाधिराजको छत्र छायामा जुन उदारताले हामी अगि पढ्दैछौं त्यो उही तन्त्रसम्मत प्रजातन्त्रमा आधारित छ।

श्री दाज्यैज्यू धन शम्शेर केवल तन्त्र विषयमा विद्वान् मात्रै हुनु भएको भए यो पुस्तक यति उत्तम बन्दैनथ्यो, उहाँ स्वयं साधक पनि हुनु हुन्छ । टीकाको विषयमा, महाकाल। संहिता त्रिषयमा, रात्रीहरूको सम्वन्धमा, भद्रकालीकल्पका नवदुर्गा कुमारीयागहरूको विषयमा हामी यी सब कुरा पत्ता पाउन सक्तछौं । हाम्रा मन्दिरहरूमा जब विदेशीहरू अनेक मुद्रा र आसनहरू देख्त छन् उनीहरू हाम्रो तान्त्रिक रहस्य बुझ्न नसकेर आफ्नो 'बिट्निक्स' वा 'याङ्ग्री योङ्ग मेन' लाई संझेर अश्लील कला होला भन्ने ठान्दछन्, त्यस निति यस पुस्तकमा लेखिएको महानीलक्रमहरू जस्ता विषयको गभीर अध्ययन आवश्यक छ। मलाई आशा र विश्वास छ यस पुस्तकले हाम्रा विद्वानहरूलाई आफ्नो देशमा सुतिरहेका तन्त्र विद्या प्रति जागरुक बनाउला; शक्तिसंगम तन्त्र रुद्रयामलतन्त्र, ब्रह्मयामलतन्त्र, शैवागमतन्त्र, बुद्धतन्त्र आदि हजारौं ताडपत्रमा लेखिएका तन्त्रहरूको नेपालीमा अनुवाद होला; तन्त्रको चर्चा होला; अनि बिर्सिएको यस विद्याको सदुपयोगले हामीलाई कैयौं क्षेत्रमा मौलिक र अत्याधुनिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बनाउला । यो छोटो परिचय यस ग्रन्थका ग्रन्थकारको प्रशंसाको निमित्त अतीव छोटो र लोभी बनेको छ, तसर्थ उहालाई केवल धन्यवाद अर्पण गरेर म यो टुङ्ग्याउँछु ।

बालकृष्ण सम
(सदस्य)
(रायल नेपाल एकेडेमी)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

॥ॐ॥

॥ प्रस्तावना ॥

॥ श्रीदक्षिणामूर्तिगुरवेनमः ॥

देवि प्रसीद परिपालय नोऽरिभीते—।
नित्यं यथाऽसुखधादधुनैव सद्यः ॥
पापानि सर्वजगतां प्रशमं नयाशु ।
उत्पातपाकजनितांश्च महोपसर्गान् ॥

मैले सर्वप्रथम 'तान्त्रिकविज्ञानदर्पणम्' नामक र त्यस पछि 'निगमागमवैज्ञानिकसार' नामक पुस्तकहरू लेखेर देशसेवा गरेको कारण सोहीसोही पुस्तकहरूमा दर्शाएको छु। अब यो 'प्रबुद्धसनातनरहस्यम्' नामक पुस्तक लेखनाको कारण केही भने हाम्रो आफ्नो आर्य धर्मको रहस्य नबुझेको हुनाले हामी आर्यहरूमा दिनदिनै यसमा श्रद्धा घट्दै गइरहेको छ। कुनै कुनै आर्यहरू आगम र निगमको धर्ममा भेदभाव सम्झिएर र कुनै वैष्णवादि विविध धर्ममार्गलाई फरक मानेर अन्धश्रद्धामा जकडिएर उपासक बनेर परस्परमा विरोध गरिरहन्छन् । फेरि धेरै जसा आर्यहरू मध्ये स्वधर्ममा श्रद्धा नहुनाले आ-आफ्ना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बाबूबाजेको धर्म थाम्न आलटाल गरेर अनपत्यारको धार्मिक कर्महरू गरि टोपल्छन् र कुनै पाश्चात्यविद्याको तुजुकले स्वधर्मको निन्दा र परधर्मको तारिफ गर्दछन्, झन् हाल वैज्ञानिक रहस्य नबुझेको हुनाले यसलाई अवैज्ञानिक धर्म संझिएर हस्सी उडाउंछन्। कुनै कुनै रहस्यको मर्म नबुझेका श्रद्धालु आर्यहरू पनि केवल शास्त्रवचनकै भरले कर्म गर्दछन् । जानेर अथवा नजानेरै पनि आगोमा कुनै वस्तु हाल्दा डढेझैं गरेको कर्मको फल त घेरथोर—आगोमा सुखेको र आलो पदार्थ साथसाथै उत्तिकै वेर सम्म राख्दाको डढाई झैं—मिल्दछ । यी सबै कुरा ध्यानमा राखेर मैले यो कलम चलाउने प्रयास गरेको हुं । हुन त मै पो कत्रो रहस्यज्ञ हुं र ? तैपनि आफ्नो गुरुदेवको कृपा र कुनै कुनै कृपालुहरूद्वारा ग्रन्थावलोकन गर्ने मौका पाएकोले कनि कुथी गरी यति सम्म लेख्न सक्ने भएँ । यस अगाध आर्यशास्त्रको रहस्यको यथार्थ वर्णन गर्न साक्षात् भगवान् शङ्करलाई त नाकढुम पर्छ भने म जस्तो एउटा जावो व्यक्तिबाट के चर्चा हुन क्ला र ? जेभएपनि 'बादशाही बाजाको अगाडि सारङ्गीको तऽ्याङ् तऽ्याङ्' भने झैं गरी यस पुस्तकमा केवल वैष्णवादिमतहरूको भेद र तन्त्रको शाक्तमतको भेदको पनि शास्त्रवचनको मूल र त्यसको भावार्थ सम्म मात्रै झल्काएको छु । तर त्यसको वैज्ञानिक रहस्य दर्शाउन भने असमर्थ भएको छु । किनभने मेरो गुरु परम्परा श्री कल्पान्तर्गत गन्धर्वक्रमको हुनाले मलाई त्यस विषयको मात्रै अलीअलि वैज्ञानिक रहस्यको ज्ञान गुरुकृपाबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राप्त भएको छ। अतः श्रीविद्योपासनामा भने अली अलि यथाज्ञान वैज्ञानिक रहस्यको उद्घाटन गरेर त्यस मतको पराकाष्ठा यस्तो हुन्छ भन्नेसम्म ज्ञान हुने गरी कलम चलाएको छु। अरू मतको भने आफूले रहस्य नबुझेको र ग्रन्थावलोकनको भरले मात्रै लेखेको हुनाले मूलपुस्तकमा जस्तो देखियो उस्तै सारेको छु।

विक्रम सम्वत् २००६ मा नोकरीबाट आवकाश ग्रहण गरे पछि "यस नरचोलामा आफूले जो सकेको देशसेवा न गरेर सित्तैंमा दिन बिताउँदा मातृभूमिको ऋण बोक्नु पर्नेछ" भन्ने मनमा लाग्यो र यस्ता पुस्तकहरू लेख्ने विचार आयो। तर सहज्मा यस्तो लेख लेख्न नसकिने हुँदा त्यस वेलादेखि शास्त्रहरूको गहीरो ग्रन्थावलोकन गर्दै आफूलाई चाहिने जति शास्त्रोक्तिहरू टिप्ने काम गर्न थालेको थिएँ; श्रीजगदम्बाको अनुग्रहले बल्ल मेरो मनको कामनापूरा भएर मेरो कलमबाट यी पूर्वोक्त तीन पुस्तकहरू चुहिए।

कुनै कुनै 'गोपनीय' मतका साधकहरूमा "यस्तो रहस्य स्पष्टतया लेखेर यसले अकर्तव्य गऱ्यो" भन्ने पर्ला; तर उहाँहरूको विचार र मेरो विचारमा धेरै नै अन्तर छ। 'अपरिचित वस्तुमा कसैको पनि श्रद्धा हुदैन' भन्ने कुरा स्वतः सिद्ध छ। अतः गुप्तिरहेको धर्ममा कसको श्रद्धा होला? साधकहरूको यस्तै गुप्त राख्ने धारणले त हामी आर्यहरूमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धर्मको नाममा परस्पर-विरोध र स्वधर्ममा अश्रद्धा दिन दिनै वढ्दै गइरहेछ।

मेरो यस लेखमा गुरुमुखी हुनुपर्ने मन्त्रहरू तथा क्रियाहरू स्पष्टै गरी उद्घाटन भएको छैन, खालि 'यस्ता यस्ता मतहरू रहेछन्, यस यस प्रकारले उपासना हुदो रहेछ र सवै मतको लक्ष्य एउटै रहेछ' भन्नेसम्म मात्रै देखिएको छ हालको परिस्थितिको विचार गर्दा यतिसम्म त दर्शाउनै पर्ने अवस्था पर्न आएको वुझिन्छ; किनभने हाम्रो समाजमा घेरैलाई आफ्नो सनातन धर्मको मार्मिक रहस्यको ज्ञान नहुंदा कुनैलाई अन्धश्रद्धाको आडम्वरी धर्मको तुजुकले शुद्धपशु र कुनैलाई पाश्चात्य सभ्यताको फोस्रो देखासिखीले शुद्धम्लेच्छ वनाउन लागे झैं देखिन्छ। यहा आर्यधर्मको सर्वश्रेष्ठ व्राह्मण-जातीहरूमा श्रीयुत प्रिंसिपल पं. पद्मप्रशाद भट्टराईज्यू जस्ता व्रह्मनिष्टामा रहेका विद्वान् वैदिक सत्पात्र व्राह्मण हालमा विरलाकोटि मात्र भेटिएला, अन्यजातीहरूको त कुरै भएन। यस्तै हुदै गयो भने केही वर्षपछि पितृ-श्राद्धसम्म पनि गर्ने र गराउने व्यक्तिको दुर्लभ हुने छ; अनि यस्तो हुंदाहुंदै आर्य सनातन धर्मको नामै यस ठाउंमा हराउन पनि वेर लाग्ने छैन। हालको यो वैदिक युग होइन, फेरि हाम्रो म्लेच्छदेश पनि होइन। अतः आफ्नो आर्यसनातन धर्मको मार्मिक रहस्य वुझेर विदेशीहरूको समाजमा मेलमिलाप राखेर आफ्नो सनातनधर्म जोगाउनु नै वुद्धिमानी होला जस्तो लाग्छ। मेरो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मुराद यही हो। जे भएपनि मेरो यस लेखले कुनै न कुनै दोष त पाउने नै छ। किनभने मपनि एउटा मानिसै हुं। मेरो द्वेष र ईर्ष्यागर्ने व्यक्तिहरू पनि होलान्। अर्कोलाई खोट लगाएर आफ्नो वुज्रुकार्थी देखाउनु, आफूलाई मन नपरेको व्यक्तिलाई हीयाउनु तथा होचोको मुखमा घोचो हाल्नु त आजकालको सभ्यता नैं वनिरहेछ।

'जो जो वराज्यू सो सो नाति' भने झैं मेरा पूज्य पितामह श्री ३ महाराज वीर शम्शेर जङ्गवहादुर राणालाई आर्यको पुरानो संस्कृति तिर चाख भए झैं ममा पनि पुरानो संस्कृति तिर चाख वस्न आयो र पुरानो शास्त्रको खोजीतिर लागी रहेछु। मेरा परमपूज्य पितामहवाट पनि मुसलमानको हातमा परिसकेको हाम्रो संगीतविद्यालाई कैयौं प्रयास र कैयौं खर्च ओइरिएर हातलागी भएको कुरा लोकविदितै छ। विक्रम सम्वत् १९५६ मा वगरीमा भारतवर्षका संगीतज्ञ हिन्दू तथा मुसलमानहरूलाई भेला गराई जलसाको साथ छलफल भएको कुरा इतिहासमा अङ्कितै छ। त्यसवेला म वालक भए पनि आफ्नो पूज्य पितामहको साथमा त्यस ठाउंमा उपस्थित थिएँ। अरू विशेप कुरा कुनै पनि नवुझ्ने म जस्तो (उसवेलाको) नावालकलाई किसिम किसिमको मानिसको समागम र नाचगानको चहकमहकले निकै प्रभाव पारेको थियो। केवल सामवेदको मर्मज्ञको खोजीको लागि यो प्रयास भएको रहेछ; तर त्यस्तो मानिस कुनै पनि फेला परेन छ। पछि पनि त्यस्ता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मानिसको खोजी हुदैथ्यो विक्रम सम्वत् १९५७ मा सामवेदको अलीअलि मर्मज्ञ पं. देवचन्द्रशर्मा हुनुभएको वुझिएबाट उहाँलाई बोलाइए छ तर उहाँको परिचय हुन नपाउदै मेरा परमपूज्य पितामहको निधनले सामवेदको खोजी र हाम्रो पुरानो शास्त्रीय संगीतकलाको चर्चाको इतिश्री भएछ। सो नहुदो हो त आज हाम्रो नेपाली संगीतलाई फिलिमी र पाश्चात्य संगीतको सन्तति झैं रूप धारण गरेर आफ्नू पुरुखौली विर्सनु पर्ने थिएन। यस्तो कुरा हो तापनि मेरा परमपूज्य पितामहबाट यो संगीतको चर्चा भएको उहांको अएसको लागि भएको रे पुरानो डुविसकेको कलालाई जोगाउन खोजेको होइन रे भनेर कुनै कुनै वुझ्रुक कहलिएका व्यक्तिहरूद्वारा आलोचना भईरहेकै छ। यस्तो त हुनेनै भयो; किनभने समझमा भेदभाव, आपसमा पेचपाच, निर्धामा छेडछाड र वलियामा भेदघाटको सभ्यता आजकाल जतातते यहा देखिएकै छ।

यस लेखमा कतै कतै संस्कृतमा अर्थपर्दा सहायता दिनुभएकोमा श्री पं. विष्णुप्रशाद भण्डारीजीलाई धन्यबाद र कृतज्ञता प्रकट गर्दछु। श्री छोरा नानि कोमल शम्शेर जङ्ग-वहादुर राणाले कुनै कुनै नेपाली लवजको अंग्रेजी लवजमा उल्था गर्नामा सहायता गरेकोले उनीमा हार्दिक प्रेम प्रकट गर्दछु। श्रीभाइ बालकृष्ण समले मेरो यस लेख पढेर आफ्नो किम्मती समय खेर फालेर परिचय लेखिदिने कष्ट गरेकोले उनीलाई पनि सधन्यवाद कृतज्ञताको साथ हार्दिक प्रेम प्रकट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गर्दछु। श्री ज्वाई जङ्गबहादुरचन्द्रले यसको नामाकरण गरी दिएकोमा हार्दिक स्नेह प्रकट गर्दछु। अरू विशेष के लेखौं ? पुस्तकको अध्ययनले सबै दर्शाउने छ।

२०/३६५ नक्साल
काठमाडौं, नेपाल

भवदीय
धनशम्शेर जङ्गबहादुर राणा
लेखक :—

विक्रम सम्वत् २०१८ साल फाल्गुण २४ गते रोज ४ शुभम ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

॥ अथ ॥

॥ विषय—सूची ॥

॥ प्रथमः पटलः ॥

विषयः	पृष्ठांक
धर्मको भेदको झलक	१
भावको निर्णय	२
भावत्रयको संकेत	५
अहंकारको छायाभेद	७
कल्पत्रयको निर्णय	१४
आचारत्रय र कौलको निर्णय	१६
दर्शनहरूको क्रमको निर्णय	१९
गुरुबनाउने निर्णय	२७
अष्टपाशको निर्णय	३९
सिद्धिको लक्षण	६१

॥ द्वितीयः पटलः॥

स्थूलदेहमा महाभूतको लक्षण	६७
पश्वाचारको निर्णय	७०
वैष्णवको भेद र आचारको निर्णय	७५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शैवको भेद र आचारको निर्णय	८७
पशुपतिको रहस्य	९५
गाणपत्यको उपासना भेद	१०६
सौरको उपासना भेद	११०
सभावपशुको लागि पञ्चमकारको निन्दा	१११
दीक्षाको आवश्यक	११२
विभावपशुको लागि पञ्चमकारको अनुकल्प	११३
वशिष्ठको कथा र बौद्धमतको झलक	११६
गौतमबुद्ध पछिका मतहरूको जन्म	१२६

॥ तृतीयः पटलः ॥

पशुबाट बीरहुने कारण	१२९
वीराचारको निर्णय	१३०
वैदिकाचारमा बीरभाव	१३३
परम्परा भेदको कारण	१३८
दशमहाविद्या र नवकालीको नाम	१३९
दशमहाविद्याको कल्पमा बिभाजन	१४०
कालीको नीलक्रमको आचार	१४१
ताराको महाचीनक्रमको आचार	१४६
छिन्नाको दिव्यचीनक्रमको आचार	१५५
धूमाको धूम्रक्रमको आचार	१५६
भैरवीको भैरवक्रमको आचार	२५१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कालीकल्पको पर्वको निर्णय १६१
भुवनेश्वरीको दिव्यभावक्रमको आचार १६२
वगलाको सौभाग्यक्रमको आचार १६४
लक्ष्मीको कमलाक्रमको आचार १६७
मातंगीको महाराजक्रम र ब्रह्ममार्गक्रमको आचार १६६
श्रीविद्याको गन्धर्वक्रमको आचार तथा रहस्य १७२
श्रीकल्पको पर्वको निर्णय १६६
सभाव र विभाव बीरको भेद १६७
विभाववीरको पञ्चमकारको निर्णय २००
सिद्धान्ताचारको निर्णय २०३
कौलाचारको निर्णय २०६

॥ चतुर्थः पटलः ॥

दशमहाविद्याजयन्ती २१४
सिद्धविद्याजयन्ती २१६
रात्रिपर्वनिर्णय २२४
कुलवारतिथिनक्षत्रनिर्णय २३०
गुरुपर्वनिर्णय २३१
दर्शको निर्णय २३३
पर्व र जात्रामात्राको निर्णय २५१
श्रीगुह्येश्वरीपीठको वर्णन २८२
श्रीपचलीपीठको वर्णन २८४
सूर्यवंशी र चन्द्रवंशीको भेद २८५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

॥ पञ्चमः पटलः ॥

आम्नायोपासना भेद र फल २८७
मन्त्रयोगको एक झलक २६०
भक्तियोगको एक झलक ३०४
कर्मयोगको एक झलक ३१०
फूलहरूको भेद र गुण ३१५
फलको भेद, ताम्बूल, चन्दन, सिन्दूरको गुण ३३३
मद्यको भेद र गुण ३४६
मांस, मत्स्य र मुद्राको भेद र निदान ३५६
ज्ञानयोगको एक झलक ३६१
चारैयोगको हुने उपासनाको नियम ३७५

॥ षष्ठः पटलः ॥

श्रीयन्त्रको रहस्यको एक झलक ३७६
श्रीविद्याको महिमा ३८६
राजाधिराजयोगको एक झलक ३६३
शाम्भवको निदान ३६८
अन्तर्ध्वनितङ्गको चर्चा, विधान र अनुभव ४०६
दिव्यदृष्टि र दिव्यश्रुतिको विधान ४१६
पिपीलिकामार्गको नियम ४२१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

॥ सप्तमः पटलः ॥

स्वगुरु तथा सहायकको परिचय	४२४
पृथ्वीमा उत्पात् हुने कारण र शान्तिको फल	४२५
एक सिद्धब्राह्मणको परिचय	४३२
उत्पातको लक्षण र फल	४३४
शान्तिको रहस्य	४४०
आसन तथा जपमालाको भेद	४४१
साधनको लागि मपञ्चकप्रयोगको रहस्य	४४४
दिव्याचारको मपञ्चकको निर्णय	४५१
दानव तथा मानव साधकको भाव	४५४
नेपालको महिमा	४५६
दिव्यभावमा जाने तरिका	४६२
दिव्यकौल र कौलावधूतको भेद	४६३
लेखकको अनुरोध तथा समाप्ति	४६४

★

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शुद्धि-पत्र

पृष्ठ ।	पंक्ति ।	अशुद्ध ।	शुद्ध ।
४	११	अत्यावश्वर ।	अत्यावश्यक ।
४	१५	कयक्तेशादि ।	कायक्लेशादि ।
७	१	अरचार ।	आचार ।
११	६	द्रुई ।	दुई ।
१२	१३	Conuerye	Converge
१६	३	वीचारस्त्रिधा ।	वीराचारस्त्रिधा ।
२०	१७	क्रमानुलार ।	क्रमानुसार ।
२२	६	शवाचार ।	शैवाचार ।
२३	१०	देरता ।	देवता ।
२४	४	आनि ।	आदि ।
२७	६	हेन्छन् ।	हुन्छन् ।
७७	१४	विज्ञयः	विज्ञेयः ।
२६	२	दिव्यकौलवाट जपकर्म ।	दिव्यकौलबाट प्राप्तमंत्रकोजपकर्म ।
३१	८	पुशु ।	पशु ।
३२	१०	गुर्वान्तरं ।	गुर्वन्तरं ।
३५	१६	वंरिपक्ष ।	वैरिपक्ष ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

३३	७	कद कदाचन	कदाचन ।
३४	४	दयिनी ।	दायिनी ।
३८	३	सिद्धामन्त्र ।	सिद्धमन्त्र ।
३७	७	दृष्टाव् ।	दृष्ट्वा ।
३६	३	पशान् ।	पाशान् ।
४१	१३	जदछ ।	जंदछ ।
४७	८	उसदशको ।	उपदेशको ।
५०	३	जन्मनेवहरु ।	जन्मनेहरू ।
५०	५	कुलाथा ।	कुलमा ।
५५	१७	पेपेचा-चको	पेचापेचको ।
५६	१२	बर्ण केशं	वणकेशः ।
५७	१३	जातला ।	जातका ।
५६	६	परेको ।	गरेको ।
६०	४	पृत्मा ।	पूतात्मा ।
६३	११	मुत्तम् ।	मुत्तमम् ।
६५	४	जतातै ।	जतातवै ।
७०	३	जलातत्व ।	जमतत्व ।
७१	६	उत्ति ।	उक्ति ।
७२	११	शुद्धाति ।	शुध्यति ।
७१	१८	मत्व ।	मत्स्य ।
७३	१	देवत्थल ।	देवस्थल ।
७४	१२	वर्जयोत् ।	वर्जयेत् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

७६	१६	कमिनी।	कामिनी।
८१	५	रमसुन्दरी।	रामसुन्दरी।
८२	१४	प्राकृश।	प्राकृत।
८६	७	शवाचार।	शैवाचार।
६४	१६	एको।	भएको।
६५	४	शिखिसरखा।	शिखिसखा।
६६	१८	दंष्टान।	दष्ट्रा।
६७	१३	खेत।	खेट।
१०१	६	रूपतम्।	रूपकम्।
१०२	१	दन्ष्टां।	दंष्ट्रा।
११६	१८	वेदाध्यायन।	वेदाध्ययन।
१२२	५ र ६	रुद्ररूपी।	बुद्धरूपी।
१२५	१	देखिखिएको	देखिएको।
१२८	२	अत्तिकैमा।	यत्तिकैमा।
१३५	१	भडाको।	भँडाको।
१३५	५	चा।	चर।
१३६	१८	परिसूतं।	परिस्रुतं।
१३८	७	भने।	भन्ने।
१४०	१६	मरतङ्गी।	मातङ्गी।
१४१	१३	मांससवोल्लासी।	मांसासवोल्लासी।
१४२	२१	वार्वति।	पार्वति।
१४५	१५	अचार।	आचार।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१४७	१७	शुद्धे रपेक्षास्थि।	शुद्धे रपेक्षास्ति।
१४८	७	निवेश्थोर्ध्वे।	निवेश्योर्ध्वे।
१५२	१९	दानदिकं।	दानादिकम्।
१५५	१३	लवत्र।	सर्वत्र।
१६०	१६	A kind yoga	A kind of yoga
१६७	१३	श्र।	शृणु।
१६७	१६	शुल्काम्वर।	शुल्काम्वर।
१७०	१७	मोहयन्त्रजनायिका:।	मोहयन्त्राजनायिका:।
१७१	८	गान-वजाले।	गानवजानले।
१७६	४	वोक्त्ने।	वोक्ने।
१७६	१५	गर्गे।	गर्न।
१८२	१७	चतुर्दश्यमावस्याथ।	चतुर्दश्यमावास्याथ।
१८४	७	मूखले।	मूर्खले।
१९२	८	दर्काउंछु।	दर्शाउंदछु।
१९३	५	स्नानोत्तमम्	स्नानोत्तमोत्तमम्।
१९५	१८	Hueger	Hunger
१९९	?	साधल।	साधक।
२०५	६	नाह।	नाहं।
२१०	२	तृष्णाया।	तृष्णाया।
२१४	१२	वर्वं।	पर्वं।
२१५	१३	शुक्ते	शुक्ले
२१६	८	निशार्द्धं।	निशार्द्धे।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२१७	६	अवतीणति ।	अवतीर्णति ।
२१७	१०	धूमखती ।	धूमावती ।
२२५	२	तर्थवच ।	तथैवच ।
२२५	१२	जन्दाष्टमी ।	जन्माष्टमी ।
२२६	१	योम ।	योग ।
२३६	७	परेसा ।	परेवा ।
२४०	१५	शावरोत्सवबैः ।	कावरोत्सवैः ।
२४२	६	वति ।	वलि ।
२४४	१७	प्राहतः ।	प्रातः ।
२४६	३	प्रातपद्याषाढे ।	प्रतिपद्याषाढे ।
२४६	६	परेवार ।	परेवा ।
२४७	१६	चव ।	चैव ।
२५२	११	विस्के ।	विस्केट ।
२५६	१३	स्थान ।	स्नान ।
२७१	१६	पूतयन्ति ।	पूजयन्ति ।
२८२	१३	लश्रेमान्तक ।	श्लेष्मान्तक ।
२८४	७	जलहरीत ।	जलहरी सहित ।
२८६	७	महाभारतवर्व ।	महाभारतवर्ष ।
२९३	१२	प्रत्येश ।	प्रत्येक ।
२९५	३	बिलकुथै ।	बिलकुलै ।
२९८	१७	Little-finger	Epigastric-plexus.
२९८	१८	Epigastric-plexus	Little-finger.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

३००	१७	न।	नै।
३०४	५	न।	नै।
३११	१०	देशको।	देहको।
३३१	५	कममं।	कमलं।
३३४	१०	हत्कण्ठ।	हृत्कण्ठ।
३३६	१७	तस्मादल्प गुणं।	तस्मादल्पगुणं।
३४४	६	सुकीतल।	सुशीतल।
३४५	६	वीर्द्ध वर्धक।	वीर्यवर्द्धक।
३४६	१४	मधु।	मधुरं।
३४७	१२	काण्हाद।	आल्हाद।
३४८	३	नाकक।	नाशक।
३५०	२	पष्ठी।	पैष्ठी।
३५०	१६	चत्व।	तत्व।
३५१	११	मधहरू।	मद्यहरू।
३५२	६	पुशर्नवा।	पुनर्नवा।
३५५	१३	खाजूर्मद्यं।	खाजूर्रमद्यं।
३५८	१८	गङ्ता।	गङ्टा।
३६०	२	चन्द्रबिमनिभं	चन्द्रत्रिम्वनिभं।
३६० ।	३	कत्थे।	कथ्यते।
३६२	१	सग्दुरुद्वारा।	सद्गुरुद्वारा।
३६२	६	दर्काउने	दर्शाउने।
३६२	१५	यत्नो।	यस्तो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

३६३	५	श्राविद्या ।	श्रीविद्या ।
३६३	१५	Thinleing	Thinking
३६३	१६	pratice	practice
३६५	१२	विद्धत्सन्यास ।	विद्वत्सन्यास ।
३६७	१०	साथक ।	साधक ।
३६८	६	नाधकर्त्री ।	नाशकर्त्री ।
३७०	१५	छत्तीसत्स्वरूपिणी ।	छत्तीसतत्स्वरूपिणी ।
३६६	५	ध्वानं ।	ध्यानं ।
३७३	७	व्युं भावनु ।	व्युं भाउनु
३७१	१२	योगवाकिष्ठ ।	योगवाशिष्ठ ।
३७५	१	ब्रह्मचतन्य ।	ब्रह्मचैतन्य ।
३७५	१७	मन्त्रयाग ।	मन्त्रयोग ।
३७६	७	कर्मयोगयाट ।	कर्मयोगबाट ।
३७६	१७	priauete.	private.
३७६	१८	plaed	placed.
३७७	१८	वारकलप ।	बीरकलप ।
३८५	७	प्रार्थता ।	प्रार्थना ।
३८७	८	महासम्नाज्यमेधा ।	महासाम्राज्यमेधा ।
३८७	१८	दिव्यकौलः धूवालौलावतः ।	दिव्यकौळः वा कौळावधूतः ।
३६०	१८	Audicnce.	Audience.
३६२	६	वितङ्गम ।	विहङ्गम ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

३६२	७	शुद्धि।	शुद्धि।
३६४	८	अन्तऌक्षा।	अन्तर्लक्षा।
३६५	७	घरनिया।	घरानिया।
३६५	१४	मनमनान्तर।	मतमतान्नर।
३६६	१७	श्रीयिद्या।	श्रीविद्या।
४०७	११	लक्छु।	सक्छु।
४०७	१२	अनुभवी।	अनुभव।
४१६	४	ममाई।	मलाई।
४१८	६	टपल।	पटल।
४२५	७	सभावीरकलपको।	सभाववीरकलपको।
४२८	६	प्राणारूपले।	प्राणीरूपले।
४४०	५	आफ।	आफै।
४८७	५	जीवन भएको।	जीव नभएको।
४६१	१४	देवेबाट।	देवबाट।
४६३	१५	भोगगरे भ्क	भोगगरेर।

★

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वसुलभ

॥ ॐ ॥

॥ नमः परदेवतायै ॥

॥ अथ ॥

॥ प्रबुद्धसनातनरहस्यम् ॥

॥ प्रथमः पटलः ॥

धर्म र अधर्मको तात्पर्य वडो गहन छ। एक थरीको धर्म अर्को थरीको अधर्म वन्न जान्छ। कस्तो भने पराई कन्या सित बिवाह गर्नु, सन्ध्यावन्दनादि कर्म गर्नु इत्यादि हाम्रो धर्म हो। आफ्नै काकाकी छोरी सित विवाह गर्नु, निमाज पढ्नु इत्यादि मुसलमान्को धम हो। अव यसवाट स्पष्ट हुन्छ कि मुसलमानी धर्म अपनायौं भने हामी अधर्मी वन्द छौं, फेरि उनीहरूले पनि हाम्रो धर्म अपनाएको खण्डमा अधर्मी वन्दछन्। अतः सवैले आ-आफ्नो समाजको लागि आफ्ना आफ्नै धर्मको (देखावटको निति मात्रै भए पनि) पछिलागी रहेका छन्। तसर्थ "परधर्मको कदापि निन्दा गर्नु हुदैन, आफूले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यो धर्म लिनु पनि हुदैंन" भनेर परनिन्दा र परधर्मलाई हाम्रो शास्त्रले निषेध गरेको छ। 'स्वधर्म' भनेको आफ्नू पितापुरुखाले स्वास्थ्यरक्षा तथा सामाजिक व्यवहार कायम राखेर आफ्नू आत्मालाई चोख्याउदै निराकार, निर्लेप र एकरस ईश्वरको खोजी गर्नु हो। अरूको धर्मको विषयमा भने मलाई कुनै कुरा पनि थाह छैन, हाम्रो धर्ममा त सर्वप्रथम स्वास्थ्यको विचार राखेर मत्रै पार-मार्थिक नियम वैज्ञानिक तरिकाबाट राखिएको छ। यस विषयको एक झलक मद्रचित 'निगमागमवैज्ञानिकसार' को सप्तम पटलमा झल्काएको छु। त्यो हो वाह्य स्वास्थ्य अर्थात् यो स्थूलदेहको स्वास्थ्यको वारेको चर्चा। अव अन्तर स्वास्थ्य अर्थात् सूक्ष्मदेहको यानि मन, बुद्धि, चित्त र अहङ्कारको स्वास्थ्य वारेमा चर्चा गर्नु छ। त्यो विषय झन गहन छ, जो विचारैबाट मात्रै पत्ता लाग्छ।

संसारमा हामी जो जति गर्छौं, सुन्छौं र देख्छौं सो भावकै आधारले यथार्थ विवेक गर्दछौं। यो 'भाव' भनेको मनको हतियार हो। फेरि यो मनैबाट उब्जन्छ। यस्को अनुभव पनि मनबाट मात्रै पाइन्छ। यस विषयमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'आगमले' यस्तो भन्दछ ।

"मनस्युत्पद्यते भावं मनसिहि प्रलीयते ॥"

अर्थात्—"मनबाटै भाव निस्कन्छ र मनैमा विलाउँछ ।"

फेरि 'निगमकल्पानन्द' मा यस्तो वचन छ ।

"भावस्तु मनसो धर्मः शब्दस्य हि कथं भवेत् ।
किञ्चिद्भावं प्रवक्तव्यं दिङ्मात्रदर्शनं यथा ॥
यथेक्षुगुडमाधुर्यं रसना ज्ञायते प्रभो ।
"तथा भावो महादेव मनसा परिभाव्यते ॥"

भावार्थ—"भाव मनको धर्म हुनाले शब्दद्वारा प्रकट हुन नसके पनि दृष्टान्तद्वारा केही मात्रामा प्रकट हुन सक्छ। चाकुको गुलियोपना जिभ्रोले नै थाहपाए झैं भाव मनले मात्रै जान्न सक्छ ।"

अर्को 'आगमोक्ति' यस्तो छ ।

"भावेन चुम्बिता कान्ता भावेन दुहितानन्म् ॥"

अर्थात—"भावले स्वास्नीको चुम्बन हुन्छ, फेरि भावैले छोरीको पनि ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस उक्तिको मतलव के हो भने "आईमाईको मुखमा चुम्वन गर्दा मर्दनाको मनको भाव आफ्नी स्वास्नीमा र आफ्नी छोरीमा फरक हुन्छ। तसर्थ एकै प्रकारको कर्म देखिए पनि मनको भावले गर्दा त्यसको फलमा[1] आनको तान फरक पर्नजान्छ।"

यो भावको विषयका धेरै तन्त्रग्रन्थहरूमा किसिम किसिमको चर्चा भएको छ। तर सवैको अभिप्राय एउटै हो। अतः यस विषयमा विशेष लेख लम्व्याउनुपरेन। बुद्धि, चित्त र अहङ्कार त मनको पछि लाग्ने हुनाले मनकै भवमा लेसिइरहन्छन्। त्यसउसले उपासना गर्दा भावको अत्यावश्वर हुन्छ।

यस विषयमा 'भावचूडामणितन्त्र'को यस्तो उक्ति छ।

"वहुजपात् तथा होमात् कायक्लेशादिविस्तरैः।
न भावेन विना देव यन्त्रमन्त्राः फलप्रदाः॥"

भावार्थ—"धेरै जप, होम र अनेक कायक्लेशादि[2] गरे पनि भाव भएन भने यन्त्रमन्त्रहरूले फल दिर्दैनन्।"

---

1. फल = Effect.
2. कायक्लेशादि = व्रतादि शारिरिक नियम।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'भाव' भनेको यस्तो हो यसयस कुरामा लागु हुन्छ भन्ने बारेमा शास्त्रले यसो भन्दछ ।

१. भायति । करोति रसान् । 'भावोऽभिप्राय-वस्तुनो' ॥ इति हैमः २. भायति । पचाद्यच् । भवनंवा । 'श्रिणीभवोऽनुपसर्गे ॥' इति घञ् । भावः 'सत्तास्वभावा-चेष्टात्मजन्मसु । क्रियालीलापदार्थेपुवुधजन्तुविभूतिषु रत्यादौ च ॥'

३. 'मनोविकारस्य अनुभवो भाव वोधकः ॥'

शास्त्रले यस्तो तीन किसिमले बताए पनि मतलब त "सत्ता, स्वभाव, चेष्टा, आत्मजन्यजन्म, क्रिया लीला-पदार्थ (कामगर्ने वस्तु) र इत्यादिमा भाव देखापर्छ ।

अतः उपासनाको लागि भावलाई तीन श्रेणीमा विभाजन गराएर 'आगमशास्त्रले' यस्तो नियम बाँधेको छ । 'समयाचारतन्त्रको' वचन यो हो ।

"भावस्तु त्रिविधो देवि दिव्यवीरपशुक्रमात् ।
आचारत्रिविधो देवि क्रमेणोदाहृतो मया ॥
एक एव महान् भावो नानात्वं भजते प्रिये ।
परादि भाव भेदेन भाव भेद स्त्रिधापि च ॥
एक भावः परं ब्रह्म सर्वविघ्नप्रणाशकम् ॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

साधारणार्थ–"भाव 'दिव्य' 'वीर' र 'पशु' भन्ने तीन थरीका हुन्छन् । एउटै ठूलो भावबाट अनेकौं किसिम बन्न जान्छ । परादि भावको भेदले तीन थरीको भए पनि एकै भाव परब्रह्म सबै विघ्न नाश गर्ने हुन्छ ।"

शास्त्रले यति थोरै कुरा मात्रै झल्काएर संकेत गरेको छ । तर यसको रहस्य अति गहन भएर गुरुवक्र-गम्य बनेको छ । यसको व्याख्या गर्दा अन्य अन्य ग्रन्थहरूका अरू अरू विषयका उक्तिहरू समेत संझनु पर्दछ । अतः म जस्तो एउटा अल्पज्ञबाट यस बारेमा यथार्थ व्याख्या के हुन सक्ला ? तथापि आफ्नो गुरु-कृपाद्वारा जाने बुझे सम्मको कुरा स्वगुरुचरण संझी चर्चा गर्ने प्रयत्नले कलम घोट्ने चेष्टा गर्दछु ।

'दिव्यभाव', 'वीरभाव' र 'पशुभाव', यति तीन प्रकारका भाव भएः यिनैबाट दिव्यभावले गर्ने 'दिव्या-चार', वीरभावले गर्ने 'वीराचार' अनि पशुभावले गर्ने 'पश्वाचार' यति तीनौटै आचारहरू हुन्छन् । अतः दिव्य-भावले उपासना गर्दा दिव्याचारको, वीरभावले गर्दा वीराचारको फेरि पशुभावले गर्दा पश्वाचारको नियममा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रहनु पर्दछ। भाव तथा अरचार मिलेकोलाई 'कल्प' भन्द छन्। जस्तो कि 'दिव्यकल्प', 'बीरकल्प' र 'पाशवकल्प' भन्ने तीन भए। दुई पंति सम्मको मतलव त यो मामुलि नैं भयो। अब जो रहस्य छ यही पछिल्लो तीन पंक्तिमा छ। "एक एव महान् भावः" भन्नाले निम्नलिखित 'आगमोक्ति' को मतले 'अहं भाव' बुझिन्छ।

"प्रकाशस्यान्त विश्रान्तिरहंभावो हि कीर्तितः ॥"

अनि "नानात्वं भजते" र "परादि भेदभावेन" भन्नाले 'विद्या' र 'अविद्या' को समष्टिरूप 'परानाडी हुन्। यिनै परानाडीद्वारा 'पश्यन्ती', 'मध्यमा' र 'वैखरी' भन्ने तीन' नाडीहरू अनि 'इच्छा', 'ज्ञान र 'क्रिया' भन्ने तीन शक्तिहरूको उत्पत्ति हुन्छ भन्ने कुरा मद्रचित "तान्त्रिकविज्ञानदर्पण" मा दर्शाएको छ। सोही पराको भेदले नानात्वं अर्थात् किसिम किसिमको भन्नाले 'अहं' मा 'अविद्यांश' को भाव पर्दा 'दासोऽहं' अनि 'विद्यांश' को भाव पर्दा 'सोऽहं' फेरि स्वयं 'पराको' भाव पर्दा 'नाहं' अर्थात् स्वयं नै ब्रह्म यति तीन रूप एउटै 'अहं'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

को हुनगई कामकलाको ध्यानमा जीवले 'दासोऽहं' हुदा 'हंसः', 'सोऽहं' हुदा 'सोऽहं' नै र 'नाहं' हुदा प्राशाद-बीजरूप 'अजपा' जप्छ। यस वारे मा तीन प्रकारको ध्यान 'नारायणीतन्त्र'ले यस्तो वताएको छ।

> "स्थूलध्यानं हंसवीजं भेदज्ञानाच्च लभ्यते।
> सोऽहं ज्ञानाद् भवेल्लभ्यं ज्योतिर्ध्यानं सुनिर्मलम्॥
> नाहंज्ञानाल्लभ्यते च वाचातीतं निरञ्जनम्॥"

रहस्यार्थ—"भेदज्ञानबाट अर्थात् ईश्वर र आफूमा फरक संझेर 'दासोऽहं' (म उनको दास हुं) भन्ने भावबाट हंसबीज अर्थात् 'हंसः' भनेर श्वास फेर्ने भई स्थूलध्यान बन्दछ; अनि 'सोऽहं' ज्ञान भएपछि अर्थात् 'मै ईश्वर रहेछु' भन्ने ज्ञान भएपछि शासको चाल उल्टिएर 'सोऽहं' भनेर शास फेर्ने भई निर्मल ज्योतिर्ध्यान वन्दछ; त्यसपछि 'नाहं' ज्ञान भएपछि अर्थात् 'ईश्वर' र 'म' भन्ने समेत भाव हटेपछि शासको चाल रोकिएर प्राशादवीजमा शास अडेर वचनैबाट न निस्कने निरञ्जन सूक्ष्मध्यान वन्दछ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अब भाव कसरी बदलिन्छ भन्ने बारेमा यथा ज्ञान चर्चा गर्ने चेष्टा गर्दछु। विद्या र अविद्या साथ साथै रहेर विद्या भन्दा अविद्या अगिल्तिर बसेर चित्तरूपी "कुड्य" अर्थात् भित्तामा कालो छायाँ पर्न जांदा अज्ञान-वश ईश्वरलाई आफू भन्दा फरक संझना गराई 'दासोऽहं' भाव आउंने हुन्छ। चित्तमा रहेको शङ्कादि खिइदै गए-पछि अविद्यांश पनि घट्दै जान्छ, अनि ईश्वर र आफूमा केही फरक न भई एउटै रहेछ भन्ने संझना गराई 'सोऽहं' भाव आउने हुन्छ। यस विषयमा निम्नलिखित नक्सा हेरौं।



अब यस नक्सामा विचार गरौं। 'कख' लाई विद्या, 'गघ' लाई अविद्या, 'ङज' लाई चित्त र 'चछ'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लाई चित्तको माझ भन्ने संझौं। यहाँ विद्या र अविद्या वरावर मानिएको छ।

अत्र नक्सा हेरौं। चङ्छ मा विद्यांशको प्रकाश एक्दम न भई अविद्यांशको अन्धकार वा तम मात्रै देखापर्नें हुनाले यसलाई 'प्रच्छाया'[1] भन्दछन्। ङ्च र छ्ज मा भने आंशिक छाया पर्नें हुनाले यसलाई 'उपच्छाया'[2] भन्दछन्।

यहाँ ङ्च र छ्ज मा विद्यांशको केही प्रकाश पुग्छ र च देखि ङ सम्म र छ देखि ज सम्म पुग्दा अलि अलि गरेर विद्यांशको प्रकाश वढी मत्रामा देखापर्दै गएर ङ्ज देखि अर्थात् चित्त देखि वाहिर मात्रै विद्यांशको पूर्ण प्रकाश पर्न जान्छ।

तर सवै प्राणीमा विद्यांश भन्दा अविद्यांश वढी भएर जन्म भएको हुन्छ। यस्मा निम्नलिखित नक्सा वमोजिम हुन्छ।

---

1. प्रच्छाया = umbra   2. उपच्छाया = penumbra

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



यस नक्सामा पनि कख विद्या, गघ अविद्या र ङज चित्त भन्ने कल्पना गर्दा स्पष्टै देखियो कि चित्तमा विद्यांशको प्रकाश (उपच्छाया) को लेशमात्र पनि नरही केवल अविद्याशको तम (प्रच्छाया) कै मात्र आभास पर्नजांदा 'ईश्वर भन्ने पदार्थको विल्कुलै ज्ञान हुँदैन। अनि केही सत्सङ्ग र अध्ययनादिको प्रभावले अविद्यांश घट्दै गएर विद्यांशको वराबर भएपछि पहिलो नक्सा जस्तो हुनजांदा चित्तमा विद्यांशको प्रकाश (उपच्छाया) अविद्यांशको तम (प्रच्छाया) को द्दुई तिर झल्कन जान्छ र "ईश्वर भन्ने कुनै वस्तु आफू भन्दा अलग रहेछ" भन्ने चित्तमा भान पर्न जांदा 'दासोऽहं' भन्ने भाव मनमा उब्जिएर पाशवकल्पवाट उपासना हुन्छ। अनि पाश-वकल्पवाट उपासना हुंदा हुंदै जति जति अविद्यांश घट्दै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जान्छ उति उति ईश्वरमा विश्वास वढ्दैगएर "ईश्वर आफैमा यानि आफ्नै साथमा रहेछ" भन्ने चित्तमा भान पर्न जांदा मनमा दृढ विश्वास भई वीरकल्पको खोजी तिर लाग्छ। अनि अविद्यांश चाहिं विद्यांशको आधा भएर घटे पछि निम्नलिखित नक्सा झैं भएर अविद्यांशको तमको भाग प्रच्छाया चित्तलाई होहोन झैं गरी छोएको मात्रै हुँदा केवल विद्यांशको भाग उपच्छयाको प्रभाव पर्नजांदा "आफैमा ईश्वररूप" संझिने हुन्छ र वीरभाव झल्किएर 'सोऽहं' भन्ने टक मनमा परी वीरकल्पबाट उपासना हुन्छ।



यस नक्सामा विद्यांशको किरण कग र खघ नक्सा ज़स्तै भएर जांदा संसृत[1] भएर अ बिन्दुमा[2]

1. संसृत = conuerye 2. बिन्दु = point.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मिल्नजान्छ । यहाँ पनि 'कख'लाई 'विद्या', गघ'लाई 'अविद्या' र 'चझ'लाई 'चित्त' मानिएको छ। अतः 'जछ' चित्तको माझ हुनाले 'ञ' विन्दुमा मिलेबाट अविद्यांश तमको प्रच्छाया त्रिकोण[1] 'ञगघ' मा मात्रै पर्न जांदा 'छज' मा विद्यांश प्रकाशको लेश 'ञ' विन्दु-रूप मात्रै पर्न गयो । एवं प्रकारले जति जति उपासना-बाट अविद्यांश खिइदैजान्छ उति उति त्रिकोण 'ञगघ' सानो हुँदै जान्छ, अनि 'च' र 'झ' तिर 'ग' र 'घ' को माथितिरबाट कख रूप विद्याको पूर्णप्रकाश[2] फैलिदै जाने हुन्छ र त्यो त्रिकोण 'ञगघ' विन्दुरूपमा परिणत भएर 'चझ' रूप चित्तमा विन्दुरूपको प्रच्छाया समेत बांकि न रही चित्तनै विद्यारूप प्रकाशमय भएर चित्तशुद्धि भएपछि दिव्यभाव झल्किएर "पूर्णोऽहं" भन्ने टक मनमा पर्न गई दिव्य भावबाट उपासना हुन्छ। अतः पूर्वोक्त समयाचारतन्त्रको सांकेतोक्तिमा "एक भावः परंब्रह्म" भन्नाले त्यही बिन्दुरूपमा परिणत भएको त्रिकोण र शुद्ध

1. त्रिकोण = Triangle. 2. पूर्णप्रकाश = Illumination

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भएको चित्तको संकेत गरेको हो ।

अतः "महानिर्वाणतन्त्रमा" दिव्य अर्थात् दिव्य-कल्पको उपासकको बारेमा यस्तो उक्ति छ ।

"दिव्यश्च देवता प्रायो शुद्धान्तः करणः सदा ।
द्वन्द्वातीतो वीतरागः सर्वभूतसमः क्षमी ॥

अर्थात्—"दिव्यसाधक सधैं शुद्धान्तस्करण भएको भेदभाव न गर्ने रागद्वेष नभएको सबै प्राणीमा समदेखने क्षमागर्नमा तत्पर हुन्छन् ।"

"वीरभावो महादेव कथ्यते शृणु भैरव ।
निर्द्वन्दोमानसो भूत्वा हृदा कामकला तनुः ॥
निशासु पूजाप्रवरा हेतुयुक्ता तथैव हि ।
निजं कुलं समाधाय स्वयं भैरवरूपध्टक् ॥
कुलं च भैरवीरूपं तद्गात्रे न्यासविस्तरम् ।
विन्यसेत् केवलं न्यासं नवयोन्यात्मकं तथा ॥"

(यो "भावचूडामणितन्त्र" को वचन हो)

अर्थात्—"वीरसाधक निर्द्वन्द्वमनको भएर [1]

---

1. निर्द्वन्द्वमनको भएर इत्यादि=यस्को यथार्थ चर्चा मद्रचित 'निगामगम वैज्ञानिकसार" मा भए झैं 'सोऽहं भाव लिएर भन्ने हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कामकलात्मकहृदय गराएर रात्रिमा हेतुयुक्त अर्थात् मद्यमांसादिले युक्त गराएर अफूले नवयोनि नाम भएका न्यास गरी "निज कुललाई" अर्थात् आफ्नी शक्ति यानि स्वास्नीलाई पनि त्यो न्यास गारएर आफूहरू भैरव र भैरवी भएर पूजा गर्ने गर्नु।"

"महानिर्वाणतन्त्रमा" पशुसाधकको वारेमा यस्तो उक्ति छ।

"पत्रं पुष्पं फलं तोयं स्वयमेवाहरेत् पशुः ।
न शूद्रदर्शनं कुर्यान् मनसा न स्त्रियं स्मरेत् ॥"

अर्थात्—"फूल, पाती र (चोखो) पानि पशु-साधकले आफै ल्याओस्; शूद्रलाई नहेरोस्, आइमाईलाई मनले पनि न संझिओस्।"

यस उक्तिबाट "चोखिनीति[1] र जातिपातीमा[2] विशेष गरेर पाशवकल्पबाट उपासना हुंदा ध्यान राख्न पर्दो रहेछ" भन्ने बुझिइन्छ।

---

1. चोखिनिति = Bodily purification.
2. जातिपाति = caste system.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आचारको विषयमा "सर्वोल्लासतन्त्रमा" यस्तो उक्ति छ।

"पश्चाचारस्त्रिधा ज्ञेयो वीचारस्त्रिधा शिवे।
पशुभावयुताः कौलाः वैद्यवैष्णवशैवकाः॥
बीरभावयुताः कौलाः सिद्धान्तो वामदक्षिणौ।
पशुश्च द्विविधो देवि सभावश्च विभागकः॥
बीरश्च द्विविधो देवि विभावश्च सभावकः।
सर्वे कौलपथालम्बा नद्यादीनां समुद्रवत्॥
कौलं हि परमेशानि प्रकृतिपुरुषात्मकम्।
द्वन्द्वातीतं क्रियातीतं केवलं भाववर्जितम्॥
कौलार्थं हि क्रियामात्रं कौलेषु मुक्ति भाग् भवेत्॥"

व्याख्यार्थ–"कुलोद्भवः कौलः भन्ने भएबाट सनातनीहरू सबै 'कौल' हुन् भन्ने कुरा मद्रचित "तान्त्रिकविज्ञानदर्पण" मा चर्चा भएकै छ। फेरि सोही कुरा 'निगभागमवैज्ञानिकसार' मा पनि केही अंशमा झल्काएको छ। त्यसउसले यहाँ "पशुभावयुताः कौलाः" भन्नाले "सनातनी पाशवकल्पका साधक र "बीरभावयुताः कौलाः" भन्नाले "सनातनी वीरकल्पका साधक" भन्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संज्ञन पर्‍यो । पशुसाधकमा वैद्य अर्थात् वैदिक, वैष्णव र शैव यति तीन प्रकारका हुन्छन् । फेरि वीरसाधक पनि सिद्धान्त, वाम र दक्षिण यति तीनै प्रकारका हुन्छन् । "पौरुषस्य" भन्नाले "पुंदेवोपासक" को" र "शाक्तस्य" भन्नाले "स्त्रीदेवोपासकको" भेदले गर्दा चार भाव हुन्छन् । अर्थात् ब्रह्मलाई पुरुषरुप मानेर उपासना गर्ने पशुभाव, ब्रह्मलाई स्त्रीरूप मानेर उपासना गर्ने पशुभाव, ब्रह्मलाई पुरुषरूप मानेर उपासना गर्ने वीरभाव र ब्रह्मलाई स्त्रीरूप मानेर उपासना गर्ने वीरभाव यति चार भाव हुन्छन् । फेरि सभावपशु र विभावपशु भन्ने अनि विभाव-वीर र सभाववीर भन्ने चार थरिका साधक बन्नजान्छन् । अनि पांचौ चाहिं दिव्यभाववाला हुनजान्छन् । नदीहरूले समुद्रतिर बाटोलागे झैं गरी पूर्वोक्त ती सबै कौलतिर बाटोततादृरहेका हुन्छन् । अर्थात् सबै नदीहरू जलरूपकै भए पनि अगाध जलकोखानीरूप समुद्रमा नै अन्त्यमा पुगेर मिले झैं पशु, वीर र दिव्यहरू कौल नै भए पनि सबै पराकाष्ठामा पुगेपछि दिव्यकौल[1] या कौलावधूत

1. दिव्यकौल या कौलावधूतको वर्णन यस लेखको अन्तीम पटलमाहनेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वन्नजान्छन् । यहाँ 'कौल' भन्ने पदको अर्थ द्वन्द्वदेखि पनि अतीत अर्थात् निद्वन्दी र भावै न भएका कौलहरूलाई मुक्ति दिने प्रकृतिपुरुषात्मक कर्म हो अर्थात् दिव्यकौल या कौलावधूतको कर्म हो ।"

"रुद्रयामलतन्त्र" मा दिव्यभाव पनि निम्नलिखित तीनै थरि वताउँछ ।

"त्रिविधं दिव्य भावञ्च वेदागमविवेकजम् ।
वेदार्थमधमं प्रोक्तं मध्यमं चागमोद्भवम् ॥
उत्तमं सकलं प्रोक्तं विवेकोल्लाससंभवम् ॥"

भावार्थ–"केवल वेदको अध्ययनबाट प्राप्त भएको दिव्यभाव अधम, आगमशास्त्रको अभ्यासबाट उब्जिएको मध्यम र साधना गर्दा गर्दै स्वविवेकबाट उत्पन्न भएको चाहिं उत्तम हुन्छन् ।"

वीर भावमा पूर्णता प्राप्त भएपछि मात्र दिव्य भावमा पुग्ने हुन्छ । यी तीनै भावको विशेष चर्चा पछि पछिको पटलमा यथाज्ञान गर्नें छु ।

"बृहद्वडवानलतन्त्र" मा यिनैं तीन भावबाट हुने छ (६) प्रकारको साधन यस्तो वताएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"वैष्णव श्चैव शैवश्च शाक्तश्च परमेश्वरि ।
दिव्यः सिद्धान्तः कौलश्च षट्प्रकारो हि वर्तते ॥"

भावार्थ–"वैष्णाव, शैव, शाक्त, दिव्य, सिद्धान्त र कौलावधूत वा दिव्यकौल यस्ता छ थरिका उपासक हुन्छन् ।"

अब कस्ता कस्ता क्रमबाट दिब्यकौल वा कौलावधूत बन्न सकिन्छ भन्ने बारेमा "ज्ञानद्वीपतन्त्र" मा यस्तो वचन छ ।

"सर्वेभ्य श्चोत्तमा वेदा वेदेभ्यो वैष्णवोत्तमः ।
वैष्णवादुत्तमः शैवः शैवाच्च शाक्त उत्तमः ॥
शाक्ताश्च द्विविधो देवि वामदक्षिणभेदतः ।
दक्षिणादुत्तमो वामः वामात् सिद्धान्त उत्तमः ॥
सिद्धान्ता दुत्तमः कौलः कौलात् परतरो न हि ॥
कौलाचारं सर्वबीजं कौलाचारमयं जगत् ॥
कौलाचारं भावमात्रं कौलं हि भाववर्जितम् ॥"

अर्थात्–"सबै भन्दा वेदउत्तम, वेद भन्दा वैष्णव उत्तम, वैष्णव भन्दा शैव उत्तम र शैव भन्दा शाक्त उत्तम हुन्छन् । फेरि शाक्तमा पनि 'वाम' र 'दक्षिण' भन्ने दुई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भेद हुन्छ । तिनमध्ये दक्षिण भन्दा वाम उत्तम हुन्छन् । अनि वाम भन्दा सिद्धान्त उत्तम र सिद्धान्त भन्दा कौल उत्तम हुन्छन् । कौलाचार नै सबैको बीज हो र जगतै कौलाचारमय छ। कौलाचार भावमय छ, फेरि कौलाचार नै भाववर्जित पनि छ।" यहाँ 'भावमय' भन्नाले 'साधारणकौल' र "भाववर्जित" भन्नाले "कौलावधूत" भन्ने जनाएको हो ।

"उपासना गर्दा तल्लो आचारबाट माथि माथिको आचारमा उक्लदै गएर अन्त्यमा सबै भन्दा उत्तम कौलाचारमा पुगेपछि मात्र मुक्ति पाइन्छ" भन्ने कुरा पूर्वोक्त उक्तिबाट बुझिन्छ। यसको क्रम यस प्रकारको हुन्छ । उपनयन भए पछि गायत्रीको उपासना वैदिकाचारबाट गरेर केही अंशमा चित्तशुद्धि भए पछि वैष्णवदीक्षा ग्रहण गरेर वैष्णवाचारमा रही उपासना गर्नु; अनि अवस्था पुगेपछि आफै माथि उक्लने मन हुन्छ र शैवदीक्षा ग्रहण गरी शैवाचारबाट उपासना गर्नु पर्छ । एवं प्रकारले पूर्वोक्त क्रमानुसार माथि माथि उक्लीदै गएर कौलाचारमा पुग्नु पर्छ । तर पूर्वजन्ममा तल्लोक्रम पूर्ण भएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भए गायत्रीको क्रम पूर्ण भए पछि आफूले गर्नु पर्ने क्रमको आकांक्षा हुन गई सोही आचारको दीक्षा आइलाग्छ। जस्तो कि पूर्वजन्ममा वैष्णवाचारको उपासना पूर्ण भएको रहेछ भने शैवदीक्षा हातपर्दछ; त्यस्तै वैष्णवाचार र शैवाचारको उपासना अघि पूर्ण भएको भए हालमा खुरुक्कै गायत्री पछि शाक्तदीक्षा मिल्दछ। यस्तै गरी ईश्वरको खोजीमा लागे पछि जन्मजन्मान्तरमा अवश्यमेव मुक्ती पाइन्छ। अतः "भगवद्गीता" मा श्रीकृष्ण भगवान्को यस्तो वचन छ।

"अनेकजन्मसंसिद्ध स्ततो याति परां गतिम् ॥"

अर्थात्—"अनेक जन्ममा उपासना गर्दै चित्त-शुद्धि गराउदै गरी सिद्ध भए पछि परम गतिमा जान्छ अर्थात् मुक्ति पाउंदछ।"

यस उक्तिको परम्परा भेदले अनेक किसिमको अर्थ गरेर पाण्डित्यानुसार व्याख्या गरेको सुनिन्छ; तर यसको खास अभिप्राय यत्तिकै हो।

शाक्त दुई प्रकारका हुन्छन्, एक 'दक्षिण' वा 'दक्ष' अर्को 'वामी' वा 'वाम'। दक्षिणाचारको उपासक-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लाई 'दक्षिण' वा 'दक्ष' अनि वामाचारको उपासकलाई 'वामी' वा 'वाम' भन्दछन् । पूर्वोक्तिमा "दक्ष भन्दा वाम उत्तम" भन्ने भए पनि मेरो गुरुपरम्परामा शैवदीक्षाबाट शाक्तदीक्षा हुँदा दक्षिणाचारको दीक्षा भएपछि वामाचारमा न गएरै सिद्धान्ताचारमा जानु पर्छ; या त शैवाचार पछि दक्षिणाचारमा न गई वामाचारको दीक्षा ग्रहण गरेर सिद्धान्ताचारमा जानु पर्छ । किन भने मेरो गुरुपरम्पराले निम्नलिखित "मेरुतन्त्र" को उक्तिलाई सकादंछ ।

"वाममार्गी यदा दक्षं प्रविशेत् तत् सुरैः स तु ।
विध्न्यन्ते पीड्यते चापि न सिद्धिमधिगच्छति ॥
दक्षमार्गी यदा वामं प्रविशेत् तु सुरास्तथा ।
लोकद्वयाद्धापयन्ति तं ग्रसन्ति च वामिनम् ॥
तस्मात् स्वकुलमार्गं तु ज्ञात्वा कुर्यादुपासनाम् ॥"

भावार्थ—"वाममार्गी दक्षमार्गमा जांदा र दक्षमार्गी वाममार्गमा जांदा देवताहरूले विघ्न पार्ने छन् । अतः आफ्नो कुलमार्गबुझेर दुईमा एक मार्गबाटउपासना गर्नु ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शाक्ताचारका वारेमा 'निरुत्तरतन्त्रमा" यस्तो उक्ति छ।

"शक्तियुक्तो ऽपि शाक्तः स्यात् शक्तिपूजनतत्परः।
शक्तिदेवीं विना देवि नान्यदेवं विचिन्तयेत्॥
पञ्चमेन यजेच्छक्ति पञ्चतत्त्वेन पूजयेत्।
शाक्ताचारमिदं ज्ञेयं सर्वाचारस्य सम्मतम्॥
शाक्ताचारं विना देवि अन्याचारं शवं यथा।
ततश्च परमेशानि शाक्ताचारं हि बीजकम्॥"

अर्थात्–"शाक्तले शक्तिसाथमा लिएर स्त्री-देवताको पूजा गरोस्। शक्तिदेवी वाहेक् अरूदेवताको चिन्तन गर्दै न गरोस्। पञ्चमयागको[1] विधानले शक्तिको पूजन पञ्चमकारले[2] गरोस्। यो सबै आचारको सम्मत भएको शाक्ताचार हो। शाक्ताचार वाहेक अरू आचार मुर्दा झैं हुनाले शाक्ताचार नै बीज हो।"

---

1. पञ्चमयाग = यस यागको कर्म सारै कठोर र गुप्त हुनाले गुरुमुखवाट मात्रै जानिन्छ।
2. पञ्चमकार = यस विषयमा मद्रचित "निगमागमवैज्ञानिकसार" मा चर्चा भएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दक्ष, वाम र कौल यी तीनै थरी शाक्त नै हुन। फेरि कुनै कुनै परम्परामा दक्षको पाशवकल्प भए पनि धरैको परम्परामा वीरकल्प नै हुन्छ, वाम र कौल त वीरकल्पका नै भइ गए। तर वैदिकाचारबाट आनि शाक्तिको उपासना भने शाक्तहरूले पाशवकल्पद्वारा नै गर्नु पर्छ। 'द्विजमात्र सबै शाक्त हुन्' भन्ने वारेमा 'तान्त्रिकोपासनादर्पणमा' चर्चा गरेकै छु। अतः द्विजले वैष्णवदीक्षा र शैवदीक्षालःई नाघेर शाक्तदीक्षालीन पनि पूर्ण अधिकार छ। त्यसो हुनाले त्यस्ताहरूले शक्तिदीक्षा ग्रहणगरे पनि मनबाट पशुभाव न हटेसम्म पाशवकल्प बाटै उपासना गराउने प्रथा आर्य गुरुहरूले राखेकाछन्। यस्ताहरूलाई दक्ष नै वनाउंछन्।

पूर्वोक्त तीन थरी वीरशाक्तको नियमादि सबै उस्तै भए पनि हस्तक्रियादिमा केही भेद हुन्छ, सो "बृहद्वडवानलतन्त्र" ले यस्तो बताउंछ।

"यो गात् पञ्चमकाराणां वामहस्तेन पूजनम्।
जपाद्धोमाच्च वामः स्याद्दक्षिणस्त = द्विपर्ययात्॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तत्त्वतर्पणमन्त्रं तु वामहस्तेन दक्षिणे ।
दक्षहस्तेन वामेऽपि विशेषः परिकीर्तितः ॥
दक्षवामक्रियायुक्तः कौलश्चोभयमिश्रितः ।
मकारावश्यकत्वाच्च दक्ष तर्पणपूजनात् ॥
क्वचिद्वामेन देवेशि कौलो मागस्तृतीयकः ॥"

अर्थात्—"पञ्चमकारको प्रयोग गरेर बायाँ-हातले जप, पूजा र हवन गर्ने बाम, अनि त्यसको उल्टा अर्थात् दाहिनेहातले जप, पूजा र हवन गर्ने दक्ष हुन् । (यस पंक्तिबाट दक्षले पञ्चमकारप्रयोग न गर्ने जस्तो बुझिन्छ ।) तत्वतर्पण दक्षले बायाँ हातले र बामले दाहिनेहातले गर्दछन् । (यस पंक्तिबाट विना पञ्चम-कारको प्रयोगले तत्वतर्पण नहुने हुँदा, दक्षले पनि पञ्चम-कारको प्रयोग गर्ने जस्तो बुझिन्छ ।) कौलले दुवै किसिमको मिसावट गर्दछन् । पञ्चमकारको प्रयोग र दाहिने हातले पूजा तर्पण गर्ने कुनै कर्म बाम जस्तो र कुनै कर्म दक्ष जस्तो गर्ने यो तेस्रो कौल मार्ग हो ।"

यस उक्तिको रहस्यार्थ झन गहन छ; तर त्यसको व्याख्या ऐले यहाँ गर्दा पूजारहस्यको विज्ञान समेत्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

झल्काउन पर्ने हुनाले अर्को पुस्तक लेख्ने मौका पाएमा त्यसमा पूजाविज्ञान वर्णन गर्दा यस उक्तिको यथार्थ व्याख्या गर्ने छु ।

अब माथिको उक्तिबाट 'दक्ष वीर हुन सक्दैन कि' भन्ने शङ्कालाई "समयाचारतन्त्र" को यस उक्तिले हटाउँछ ।

"स्वधर्म निरतो भूत्वा पञ्चतत्वैः प्रपूजयेत् ।
स एव दक्षिणाचारः शिवो भूत्वा यजेत् पराम् ॥"

अर्थात्—"आफ्नो धर्ममा निरत भएर आफैं (न्यासादिले) शिवरूप बनेर अर्थात् 'सोऽहं' भावले पञ्चतत्वद्वारा अर्थात् पञ्चमकारद्वारा पराको पूजागर्नु दक्षिणाचार हो ।"

भाव र आचारको बारेमा पछिल्ला पटलहरूमा चर्चा हुने नै छ, अब यहां गुरुको विषयमा चर्चा गरौं । "निरुत्तरतन्त्र" मा यस्तो वचन छ ।

"भावस्तु त्रिविधो देवि दिव्यवीरपशुक्रमात् ।
गुरवस्त्रिविधाः प्रोक्तास्तथैव मन्त्रदेवताः ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुलशास्त्ररता देवि गुरवो बहवः स्मृताः ।
कुलतत्वविहितज्ञो गुरुरेको हि दुर्लभः ॥"

अर्थात्–"तीन प्रकारका भाव "दिव्य', 'वीर' र 'पशु' भन्ने हुन्छन् । फेरि गुरु, मन्त्र र देवता पनि त्यस्तै तीनै थरीका अर्थात् दिव्य, वीर र पशु नै हुन्छन् । कुलशास्त्रमा लाग्ने गुरुहरू धेरै हुन्छन्, तर कुलतत्वजान्ने गुरु भने एउटै पनि हुन दुर्लभ हुन्छ ।"

फेरि सोही 'निरुत्तरतन्त्र' को अर्को ठाउंमा यस्तो उक्ति छ ।

"पशुगुरोर्लब्धमन्त्रो पशुरेव न संशयः ।
वीरमुखान्मन्त्रलब्धो वीर एव न संशयः ॥
सिद्धान्तान्मन्त्रसंलब्धः सिद्धान्तो नात्र संशयः ।
पश्वाचारं विना देवि पञ्चतत्त्वयुतं शुभम् ।
पश्वाचारस्तु विज्ञेयः पञ्चतत्त्वेषु निन्दकः ॥
तस्मात् सर्वप्रयत्नेन पशोर्दीक्षां न कल्पयेम् ।
पञ्चतत्वं विना देवि शक्तिमन्त्रं वृथा भवेत् ॥
अतएव पशोर्दीक्षां वीरभावी न चाचरेत् ।
पशूनाञ्चेद् गुरुः वीरो वीरानाञ्चेद् गुरुः पशुः ।
यथा वृद्धस्य तरुणी वृद्धायाः शैशवः पतिः ॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्–"पशुगुरु सित मन्त्र लिने व्यक्ति पशुनै हुन्छ। फेरि वीरगुरु सित मन्त्र लिने व्यक्ति वीर नै हुन्छ। त्यस्तै सिद्धान्तगुरु सित मन्त्रलिने सिद्धान्त नै हुन्छ। पश्वाचार न गरीकन पञ्चमकारको प्रयोगहुँदा शुभ हुन्छ। पश्वाचारमा पञ्चमकारको प्रयोग निन्दित हुन्छ। त्यसको खयाल राखेर पशुगुरुबाट (वीरले) दीक्षा लिनु हुँदैन। पञ्चतत्व अर्थात् पञ्चमकारको प्रयोग नभएको मन्त्र व्यर्थ अर्थात् सित्तैंको हुन्छ। तसर्थ वीरभाववालाले पशुबाट दीक्षा लिनु हुंदैन। पशुको वीरगुरु र वीरको पशुगुरु हुनु त बूढोको पढी स्वास्नी र बूढीको पढो लोग्ने भए जस्तो हुन्छ।"

कौलको बारेमा "निगमकल्पद्रुमतन्त्र" मा यस्तो उक्ति छ।

"कौलिकान्मत्रं संगृह्य जपकर्म चरन् हर।
यदि मुक्तिर्न जायेत तदा वाक्यं वृथा मम॥
पशो दीक्षां न कुर्वीत कुलधर्मपरायणः।
पशोर्दर्शनमात्रेण कौलिकानां क्रियाक्षयः॥
तस्मात् सर्वप्रयत्नेन पशोर्दीक्षां विवर्जयेत्॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्—"हे हर (शङ्कर) ! कौलिकबाट अर्थात् कौलावधूत वा दिव्यकौलबाट जपकर्म गर्दा मुक्ति न मिले मेरो (भैरवीको) वचन व्यर्थ हुने छ। कुलधर्ममा लाग्ने-हरूले पशुगुरुबाट दीक्षा लिनु हुँदैन। पशुलाई देखदैमा पनि कौलको कर्मक्षय हुन्छ। तसर्थ पशुदीक्षा हटक गर्नुपर्छ।"

पशु र वीरको बारेमा "भैरवीतन्त्रमा" यस्तो उक्ति छ।

"सभावानां विभावानां पशूनां परमेश्वरि।
वीरभावाश्रितो मन्त्री पशोर्दीक्षां विवर्जयेत्।
सभावानां विभावानां वीरो दीक्षां करोत्यपि॥
कुलनाथं समाश्रित्य पुन दीक्षां समाचरेत्।
सभाव दीक्षिते मन्त्रे रोगशोक भयानकः॥
विभाव दीक्षिते मन्त्रे केवलो भयमात्रकः।
कुलाचाररतो विप्रः कुलशास्त्रार्थतत्त्ववित्॥
तन्मुखात् श्रवणान्मन्त्रः सर्व सिद्धिप्रदो भवेत्।
तस्मात् सर्वप्रयत्नेन कुलीनं गुरुमाश्रयेत्॥"

अर्थात्—"सभाव र विभाव मध्ये जुनसुकै पशु-गुरु भए पनि त्यस्ताबाट वीर भावको आश्रय गर्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

व्यक्तिले दीक्षा लिनु हुँदैन। केहीगरी बीरले त्यस्ता पशुबाट दीक्षा पाएको भए पनि कुलनाथ अर्थात् कुल-शास्त्रको तत्व जान्ने बीरगुरुको आश्रय लिएर फेरि दीक्षा ग्रहण गर्नुपर्छ। सभावपशुबाट दीक्षा लिंदा रोग, शोक र डर हुन्छ। विभावपशुबाट दीक्षा लिएको भए डरै मात्रै हुन्छ। तसर्थ कुलशास्त्रको तत्वज्ञ कुलाचारी गुरुको मुखबाट मन्त्र सुन्नाले सबै सिद्धि हातपर्छ। अतः कुलीन गुरुको आश्रय गर्नु पर्छ।"

"सर्वोल्लासतन्त्रले" कुलीनको लक्षण यस्तो बता-उंद छ।

"कुलाचारी कुलज्ञानी कुलतत्वप्रदायकः।
कुलागारे क्रियायुक्तः कुलीनो गुरुरीश्वरि॥"

अर्थात्–"कुलाचारगर्ने अर्थात् कुलकल्पको उपासक कौल, कुलशास्त्रको रहस्य जान्ने, कुलतत्व दिन सक्ने अनि कुलागारको क्रियाले युक्त भएको अर्थात् गुरुमुखबाट मात्र जान्नुपर्ने अतिगुप्त र कठोर पञ्चमयाग गर्ने साधक कुलीन हुन्छ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"रुद्रयामलतन्त्र" मा यस्तो वचन छ।

"यदि दैवात पशोर्विद्या लभ्यते कुलजंः नरंः ।
द्विजं तु कौलिकं प्राप्य पुनर्विद्यामुपालभेत ॥
वटपत्रे लिखित्वाच तन्मन्त्रं श्रोतसि क्षिपेत् ।
सद्गुरुं वा समाश्रित्य गृह्णीयात् संस्कृतं मनुम् ॥

अर्थात्–"केहीगरी कुनै कौलको सन्तानले पशुगुरबाट दीक्षा लिएको भए, कौलगुरु भेट्टाएर फेरि दीक्षा लिनु पर्छ। पशुबाट लिएको मन्त्र वरकोपातमा लेखेर जलमा बगाउनु अनि सद्गुरुबाट संस्कार भएको मन्त्र लिनु।"

पूर्वोक्त वचनमा 'ब्राह्मण' न भनेर 'द्विज' भन्नाको मतलब के हो भने कुनै ब्राह्मण कुलमार्गमा लाग्दैमा गुरु बन्दैनन्; कानफुकेर बाहिरी पूजा आजाको विधान र कर्मकाण्ड सिकाउन जान्दैमा अथवा अनेकशास्त्रको अध्ययन गरेर परोपदेश गर्न सक्दैमा 'सद गुरु' कहलिदैनन्। त्यस्तात केवल पूजारी, ढोंगी र शिष्यको पैसा ठग्ने लुच्चा हुन्। यस विषयमा "शैवागमतन्त्र" मा यस्तो वचन छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"गुरवो बहवः सन्ति कुमन्त्रौषधवेदिनः ।
निगमागमशास्त्रोक्तमन्त्रज्ञो दुर्लभो भुवि ॥
गुरवो बहवः सन्ति शिष्य वित्तापहारकाः ।
दुर्लभो गुरुरेको हिं शिष्यसन्तापहारकः ॥
गुरवो वहवः सन्ति कुलमार्गाभिगामिनः ।
कुलतत्वविहीतज्ञो गुरुरेको हि दुर्लभः ॥
सुविज्ञश्चोद्धरे न्मूर्खं न भूर्खो मूर्खमुद्धरेत् ।
शिलां संतारयेन्नौ हिं किं शिलां तारयेच्छिला ॥
मदुलुब्धो यथा भृङ्गः पुष्यात् पुष्यान्तरं व्रजेत् ।
ज्ञानलुब्ध स्तथा शिष्यो गुरोर्गुर्वान्तरं व्रजेत् ॥"

अर्थात्–"पृथ्वीमा कुमन्त्र र औषधिहरू जान्ने गुरुहरू प्रशस्तै हुन्छन्; तर निगमागमशास्त्रमा वताए वमोजिमको मन्त्रजान्ने गुरु भने दुर्लभ हुन्छन् । कुलाचारमा लागेका गुरुहरू वहुतैं हुन्छन् ; तर कुलतत्व जान्ने त एउटै पनि दुर्लभ हुन्छन् । शिष्यको धन हरणगर्ने गुरुहरू भने धेरैनै हुन्छन्, तर शिष्यको सन्तापहर्ने गुरुत एउटा मात्रै पनि दुर्लभ हुन्छन् । वुद्धिमान्ले नै मूर्खको उद्धार गर्छ, मूर्खैले मूर्खको उद्धार गर्न सक्तैन । ढुङ्गाले नै ढुङ्गालाई तार्दछ, ढुङ्गैले ढुङ्गालाई तार्न सक्तैन । अतः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

महको खोजीगर्ने भँमरा एक फूलवाट अर्को फूलमा सरे झैं गरी ज्ञानको खोजीगर्ने शिष्य एउटा गुरुबाट अर्को गुरुकहाँ जानु पर्छ ।"

कुलतत्त्वज्ञ गुरुको वारेमा "ज्ञानार्णवतन्त्रमा" यस्तो वचन छ ।

"ब्राह्मणाना मभावेऽपि क्षत्रियोऽपिगुरु र्भवेत् ।
तदभावेऽपि वेश्य स्यान्न तु शूद्रः कद कदाचनः ॥
आचार्योऽपि भवेच्छूद्रोऽप्यभिषेकक्तो यदि ।
अन्येषां चाभिषेकाणां देवतारूपिणः प्रिये ॥
तेषां करेण पानञ्चेदभिषेको भवेत् प्रिये ॥"

अर्थात्–"योग्य ब्राह्मणगुरु न मिले क्षत्रिय-गुरुबाट र त्यो पनि न मिले वैश्यगुरुबाट दीक्षा लिनु पर्छ । तर योग्य भए पनि शूद्र गुरु हुन हुंदैन । पूर्णा-भिषेक पाएको शूद्र भए, पूर्णाभिषेकी साधक देवतुल्य हुने हुनाले, उसलाई आचार्य वनाएर आफ्नो अभिषेकको लागि सपर्या गराएर उसको हातवाट पान गरी अभिषेक लिनु हुन्छ ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"गणेशविमर्षिणीतन्त्र" र अरू धेरै तन्त्रहरूमा यस्तो वचन छ ।

"पितुर्दीक्षा यतेर्दीक्षा दीक्षा च वनवासिनः ।
विविक्ताश्रमिणो दीक्षा सा न कल्याणदयिनी ॥
अज्ञानात् तु भवेद्दीक्षा सन्यासाश्रमिणो यदि ।
तां त्यक्त्वा सद्गुरूं प्राप्य पुन दीक्षणमाचरेत् ॥"

अर्थात्—"बाबु, सन्यासी आदि जोगीहरू, वनवासीहरू र विविक्ताश्रमीहरू अर्थात् आश्रम या मत वदलीरहनेहरूबाट लिएको दीक्षाले कल्याण गर्दैन । अज्ञानवश सन्यासीबाट हुनगएको भए सो त्यागी सद्गुरु फेलापारेर फेरि दीक्षा ग्रहण गर्नु पर्दछ ।"

"रुद्रयामलतन्त्रको" वचन यस्तो छ ।

"न पत्नीं दीक्षयेद् भर्ता न पिता दीक्षयेत् सुताम् ।
न पुत्रं च तथा भ्राता भ्रातरं च न दीक्षयेत् ॥"

अर्थात्—"लोग्नेले स्वास्नीलाई, बाबुले छोरा छोरीलाई र एक भाइले अर्को भाइलाई दीक्षा दिनु हुँदैन ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"वीरतन्त्र" आदि धेरै तन्त्रहरूमा यस्तो वचन छ ।

"वीराणां कौलिकानाञ्च भर्ता दीक्षणमाचरेत् ।
भर्तु दीक्षाप्रदानेन न च सा पुत्रिका भवेत् ॥
भर्तु दीक्षाप्रदाने तु न दोषः कौलिकागमे ।
शिवेन दीक्षा पूर्वं तु गौर्यै दत्ता शुभावहा ॥"

अर्थात्–"वीर र कौलहरूमा लोग्नेले स्वास्नीलाई दीक्षा दिनु; पतिबाट दीक्षाप्राप्त भए पनि ती नारी पुत्रिका बन्दिनन् । किन भने कौलिकागममा अर्थात् वीरार्चन र कुलार्चनको विधानले पूजा भएको अवस्थामा लोग्नेले स्वास्नीलाई दीक्षा दिएमा दोषलाग्दैन । अघि शिवले पनि पार्वतीलाई शुभगराउने दीक्षा दिएका थिए ।"

"योगिनीतन्त्रमा" यस्तो वचन छ ।

"निर्वीर्यं हि पितुर्दीक्षा तथा मातामहस्य च ।
सोदरस्य कनिष्ठस्य वैरिपक्षाश्रितस्य च ॥
प्रमादाद्वा तथाज्ञानात् पितृदीक्षां यदाचरेत् ।
प्रायश्चित्तं ततः कृत्वा पुनर्दीक्षां समाचरेत् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्–"बाबु, आमाको बाबू, एकै मुंडीको दाज्यूभाइ, आफू भन्दा कान्छा [1] र शत्रुका तरफकाहरू-बाट प्राप्त भएको दीक्षा निर्वीर्य अर्थात् बेकम्मा हुन्छ। प्रमादले वा अज्ञानले पितृदीक्षा लिएको भए, प्रायश्चित्त गरेर फेरि दीक्षा लिनु पर्छ।"

"मत्स्यसूक्तमा" ताराको बारेमा यस्तो उक्ति छ।

"कथमपि मनुमेनं प्रप्य शिष्याय करमै।
निजकुलतिलकाय ज्येष्ठपुत्राय दद्यात्॥

अर्थात्–"कुनै प्रकारले मन्त्रपाएर आफ्नो कुलको तिलक जेठो छोरोलाई दिनु।"

फेरि "श्रीक्रमचिन्तामणितन्त्रमा" श्रीविद्याको दीक्षाबारे यस्तो छ।

"मनुर्विमृश्य दातव्यो ज्येष्ठपुत्राय धीमते॥"

अर्थात्–"मन्त्रपाएर बुद्धिमान् जेठो छोरोलाई दिनु हुन्छ।"

---

1. कान्छा = दीक्षा विचारमा 'कान्छो' जन्मको न भई दीक्षाग्रहणकर्मको हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"योगिनीतन्त्रमा" यस्तो वचन छ ।

"स्त्रियो दीक्षा शुभा प्रोक्ता मातुश्चाष्टगुणास्मृता ।
साध्वी चैव सदाचारा गुरुभक्ता जितेन्द्रिया ॥
सर्वमन्त्रार्थ तत्वज्ञा सुशीला पूजने रता ।
गुरुयोग्या भवत् सा हि विधवा परिवर्जिता ॥"

अर्थात्—"स्त्रीबाट पाएको दीक्षा शुभ हुन्छ । आमाबाट पाएको त झन आठ गुणा हुन्छ । सुधी, आफ्नो कर्तव्य पालन गर्ने, गुरुमा भक्ति राख्ने, जितेन्द्रिय भएकी, सबै मन्त्रार्थको तत्व जान्ने, असल स्वभाव भएकी र पूजा गर्ने लत भएकी नारी गुरु बन्न योग्य हुन्छन् । तर विधवा स्त्री त गुरु बन्न हुदैन ।"

"वैशंपायनसंहिता" मा यस्तो वचन छ ।

"स्वप्नलब्धं स्त्रियादत्तं संस्कारेणैव सिद्ध्यति ॥"

अर्थात्—"स्वप्नामा पाएको तथा स्त्रीले दिएको मन्त्र चाहिं संस्कारैले सिद्ध हुन्छ ।"

"शक्तियामलतन्त्रमा" यस्तो वचन छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"सिद्धमन्त्रो यदि भवेत् तदा पत्नीं सुदीक्षयेत् ।
पिता तथाविधः पु यै तथा दीक्षां समाचरेत् ॥"

अर्थात्–"सिद्धामन्त्र भए अर्थात् आफूले साधना गरेर जगाएको मन्त्र छ भने स्वास्नी र छोरा छोरीहरूलाई (सो मन्त्र को) दीक्षा दिनु हुन्छ ।"

"कुलार्णवतन्त्रमा" यस्तो वचन छ ।

"पुस्तके लिखितं दृष्टाव् कुलाचारं करोति यः ।
नाशयन्ति कुलं तस्य संक्रुद्धा योगिनीगणाः ॥
गुरुं ज्ञात्वा भावयुक्त श्चरेदाचारसंमतः ॥"

अर्थात्–"पुस्तकमा लेखेको देखेर मात्रै कुलाचार गरे, योगिनीगणहरू रीसाएर त्यसको कुलै नाशदछन् । गुरुसित बुझेर भाव ठीक गरी सो आचारमा रहनु पर्छ ।"

कस्तालाई 'पशु' भन्ने संज्ञा हुन्छ र गुरु कस्ता हुनु पर्छ भन्ने बारेमा "मेरूतन्त्रमा" यस्तो वचन छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"घृणा [1] शङ्का [2] भयं [3] लज्जा [4] जुगुप्सा [5] चेति पञ्चमी ।
कुलं [6] शीलं [7] तथा शक्ति [8] रष्टौ पशाः प्रकीर्तिताः ॥
पाशवद्धः पशुप्रोक्तः पशान्मुक्तः सदाशिवः ।
तस्मात् पाशहरो यत्र स गुरु र्नान्य उच्यते ॥"

अर्थात्–"घृणा (घिन), शङ्का (सन्देह), भय (डर), लज्जा (लाज), जुगुप्सा (आफ्नो गुण र अर्कोको दोष देखेर आफ्नो तारिफ र अर्कोको वदख्वाई गर्ने काम), कुल (खान्दानी), शील (शिष्टाचार) अनि शक्ति (ताकत) यति आठोटा पाशहरू हुन् । यी पाशहरूवाट बाँधीएका पशु हुन्, र पाशवाट छुटेका सदाशिवै हुन् । त्यसउसले जस्मा यो पाशवन्धन हुदैन उनिनै गुरु कहलिन्छन् ।"

अव यी आठ पाशहरुको यथा ज्ञान वेग्लावेग्लै चर्चा गर्ने चेष्ठा गर्द छु ।

---

1. घृणा = contempt. 2. लज्जा = Shame, disgrace.
3. भयं = Terror, fear. 4. शङ्का = Doubt.
5. जुगुप्सा = censure. 6. कुलं = A race, Dynesty.
7. शीलं = Behauiour, eticate. 8. शक्ति = Ability, power Might.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१. 'घृणा'—यो मानिसलाई मन पर्ने या नपर्ने भन्ने बुझाउने प्रवृत्ति हो। कुनै एउटा वस्तु एक व्यक्ति-लाई मन नपरे उसले त्यस वस्तुलाई घृणा गर्दछ। तर अर्को व्यक्तिलाई सोही वस्तु मन परे त्यसै वस्तुलाई उ काखी च्याप्छ। व्यक्ति–विशेषलाई शरीर र इन्द्रियको वस्तु–विशेष रुचिकर न भएमा त्यस व्यक्तिको शरीर–विशेष उसलाई मन पर्दैन, तसर्थ त्यस शरीर–विशेषको मनमा त्यस वस्तुमा घृणाको भाव उत्पन्न हुन जान्छ। त्यसो हुँदा हुँदै घृणाको भाव बढ्दै गएर त्यस वस्तु मन पराउने व्यक्ति उपर समेत घृणा हुन जान्छ। हिरण्यकशिपुलाई हरिनाम मन नपर्ने हुँदा त्यसमा उसलाई घृणा थियो। त्यसउसले यस्तो भाव बढ्दै त्यो (हरिनाम) मनपराएर त्यसमा प्रेम राख्ने आफ्नै एकमात्र प्रिय पुत्र प्रह्लादमाथि पनि घृणाको भाव उत्पन्न हुन गई बाबु (हिरण्यकशिपु) ले छोरो (प्रह्लाद) लाई ज्यान–सजाईसम्म दिन पनि बाँकि न राखेको कुरा पुराणादिमा देखिन्छ। अतः घृणा यस्तो बलियो पाशो हो कि यसको फन्दामा परे पछि आफ्नो हदसेहद प्यारो वस्तुमा पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वैरभाव निस्कन जान्छ । यसकारण "समझ मिल्नेहरू दोस्ती, न मिल्नेहरू दुश्मन" भन्ने सावित भई दलवन्दी हुन गएर गुटको सृजना हुन्छ । अनि "भेंडा भेडा–सङ्ग, वाख्रा वाख्रा–सङ्ग" भन्ने उखान झैं भई परस्पर पेचा पेच हुन थाल्छ । अतः मानिसको मनवाट घृणाको भाव हटे पछि, त्यसको लेखि, "संसारको सर्वं पदार्थहरू पञ्चमहाभूतको विकार मात्रै रहेछ," भन्ने भान पर्न जान्छ । अनि 'चना' भन्नु र 'नाच' भन्नुमा उनै दुई अक्षरको प्रयोग भए पनि भनाईको उल्टा सुल्टाले गर्दा अर्थ फरक हुनगए झैं भएर सबै पदार्थ पञ्चमहाभूतकै प्रयोगवाट वनेको भए पनि तत्वको कमवेसीले गर्दा फरक फरक वस्तु जस्तो भान पर्न गएकोमा दृढ विश्वास मनमा जदछ । आफूलाई खराब लागेको कुरा सबैले छाडि दिए हुने थियो भन्ने सम्म पनि मनमा भावना उठाएर यो घृणाले देहलाई उत्तजना गराउंदछ । तसर्थ यो घृणा छाड्नाले हाम्रो देहाभिमान हट्छ र पशुत्वको नाश हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२. 'शङ्का'—यो दोस्रो पाशा हो। मानिसको मनमा उब्जिएको सन्देहको भावना र दीर्घसूत्रता इत्यादि सबै भावना शङ्काकै रूपमा दर्ता हुन्छन्। सांसारिक मायामोहको वशमा परेर मानिस आफ्नो भौतिक उन्नतिको लागि अनेक तरहको छलकपट, जालझेल गर्न र झूट बोल्न बेरै मान्दैन; अनि अर्कोलाई पनि आफू-जस्तो ठाँनेर उसमाथि शङ्का गर्दछ। फेरि साइत-कुसाइत र फाप-अफापको भावना र काम गर्ने-नगर्ने जोखना इत्यादि अनेक तरहका तर्क-वितर्कले गर्दा कामको सुस्ती हुन गई कहिले काहिं त आफ्नो कर्तव्यको पालन सम्म पनि हुन सक्तैन। तसर्थ लाभ-हानिको वास्तै न गर्नाले चिन्ता नष्ट हुन्छ; निश्चिन्त भएर बस्दा मनको तुष्टि र देहको पुष्टि हुन्छ। अनि कार्य-पूर्ति अर्थात् आँटेको काम सफल भएर पूर्णतया समाप्ति हुने भएर शङ्कारूप पाशोबाट छुट्कारा पाएर आफ्नो पशुत्वको नाश हुन्छ। यसैकारणले "भगवद्गीतामा" श्रीकृष्णको उपदेश अर्जुन-लाई यस्तो छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"सुख दुःखे समे कृत्वा लाभालाभौ जयाजयौ ।
ततो युद्धाय युज्यस्व नैवं पाप मवाप्स्यसि ।।"

अर्थात्—*"जितहार नफाहानि सुखदुःख बराबरी ।*
संझेर गर संग्राम, पापी हुन्नो यसो गरी ।। कोमलगीता ।

फेरि सोही 'गीता' को अर्को ठाउँमा यस्तो वचन छ ।

"कर्मण्यवाधिकारस्ते मा फलेषु कदाचन ।
मा कर्मफल हेतुर्भू र्मा ते संगो स्त्वकर्मणि ।।"

अर्थात्—*"कर्ममा हक तिम्रो छ, फलमा छैन अर्जुन ।*
न राख फलको आशा न इच्छा कर्म छोडन ।।"
कोमल गीता ।

यही शङ्काको बारेमा आगमोक्ति यस्तो छ ।

"शङ्कया भक्षितं सर्वं ब्रह्माण्डं सचराचरम् ।
सा शङ्का भक्षिता येन स शिवो नात्र संशयः ।।"

अर्थात्—"सर्वं सचराचर ब्रह्माण्डलाई शङ्काले खाई रहेको छ; त्यही शङ्कालाई जसले खान्छ, त्यो निश्चयनै शिव हुन्छ ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

३. 'भय'–यो तेस्रो पाशो हो। मानिसमा आफ्नो पार्थिव शरीर र त्यसमा संबन्धित पार्थिव पदार्थ-हरूको बहुतै प्रेम हुन्छ। अर्को मरेको देखदा "एक दिन मर्नु पर्छ" भन्ने, व्याङ्कहरू फेल भएको र राम्रा राम्रा मालमत्ता भत्किएको आफ्नो आँखा–अगाडि पर्दा "सबै पार्थिव पदार्थ एक फेरा भत्कि विग्रि जाँदो रहेछ" भन्ने ज्ञान मनमा पैदा हुन जान्छ। तर भौतिक व्यवहारमा चुर्लुम्मै डुवेबाट "आत्मा कहिले पनि नाश हुँदैन" भन्ने ज्ञान मनमा झल्कन नसक्ने भएको हुनाले आफ्नो प्यारो वस्तुको नाश होला भन्ने भयले (डरले) मानिसको मन सधैं थरहरि भएर त्राहि त्राहि भई रहन्छ। "एक फेरा नाशिनै पर्ने वस्तुमा केको प्रेम" भन्ने भावना मनमा झल्काउने प्रयत्न गर्नाले र कुनै कुराको आश हुन गए पनि सो आश पूर्ण हवैन कि भन्ने डर हुदाहुदै तत्संवन्धी-हरूको समेत त्रास लिनु पर्ने हुन जाने हुनाले आश नै त्रासको माउ भएकोले आश पनि छाड्ने प्रयास गर्नाले भय रूप पाशो छुट्छ र पशुत्वको नाश हुन्छ। यस विषयमा श्रीकृष्णको वचन 'गीतामा' यस्तो छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"अव्यक्तादीनि भूतानि व्यक्तमध्यानि भारत ।
अव्यक्तनि धनान्येव तत्र का परिवेदना ॥"

अर्थात्—*"देखिन्नन् पहिले प्राणी देखिन्छम् तिनी मध्यमा ।*
आखिर फेरि देखिन्नन् शोचनु कुन वातमा ॥" कोमल गीता ।

४. 'लज्जा'—यो चौथो पाशो हो । यसको वहुतै राम्रो अर्थ पाश्चात्य दार्शनिकहरूले लघुताको[1] वोध गरेका छन् । यो लज्जाको भावले गर्दा मानिसलाई सधैं अर्काको दृष्टिमा आफू सुखी र इज्जतदार झैं भएर देखापर्ने मन हुन्छ । त्यसो हुनाले इज्जतको लागि आफ्नो भित्री मर्म दवाएर वाहिरी सुख देखाउंदा देखाउंदै कैयौं व्यक्तिको धोती न टोपी भएको वरावर हाम्रो आंखा वरिपरि घुमिरहेकै घटना हो । फेरि 'अर्कोले खिसि गर्ला' भनेर आफू भन्दा दीन दुःखी छ भने आफ्नो नाताका पूज्यजनलाई पनि हियाउंन मानिस वेर मान्दैन । उदाहरणको लागि एउटा सानो दन्त्यकथा वताउदछु । हाम्रो पहाड इलाका तिर सभ्यता भनौं कि असभ्यता भनौं

1. लघुताको वोध = Inferiority Complex.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बूढाहरू आफू जतिसुकै धनी भए पनि आफ्नो पुरानो लिवास छोडेर सुटेड् बूटेड् वन्दैनन् । तिनै मध्यका कुनै एक श्याम भन्ने मानिसको छोरो रामलाई कलकत्तामा पढ्न पठाई डाक्टरी पास गराएर सदरमा एउटा डिस्पेन्सरी खोलाएर काम गराउंदो रहेछ र आफू चाहिं पहाडसै घरजम गरेर वस्दो रहेछ । कहिले काहिं छोरो-लाई भेट्न सदर आउंने गर्दो रहेछ । एक दिन राम सुटेड् बूटेड् भएर डिस्पेन्सरीमा डकटर साहेव वनेर मेचमा जमीरहेको वेलामा बूढो श्याम पहाडको हिडाईले फुस्रो धुस्रो र लस्त भएर आई रामको नजिकको मेचमा वस्यो । अनि ढोग-भेटको कुरा त परै जाओस् रामले नाक चेन्र्याएर आफूवसेको मेच केही परसारेर वस्यो । अनि श्याम वाल्ल परेर छोरो चाहिंलाई हेरी, केही वेर पछि डेरा तिर गयो । वावु चाहिं गए पछि डाक्टर साहेव अकडिएर "के भन्नु ! यी पहाडी भुच्चुकहरूलाई सोमत भन्ने थाहै छैन । मलाई मेरो वालककालमा ददा भएर यसले सिहार-सुसार गर्दथ्यो, ऐले कताबाट यहा आएछ !" भन्दै झुन्झुनाए झैं गरी त्यहां आएका वेरामी-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हरूलाई सुनाएर लाज पचायो । अनि राम आफ्नो काम सकी डेरामा गएर बाबु चाहिंलाई ढोगभेट गरेर वडो सभ्य वनेर उपदेशको कुरा छांट्न थाल्यो—"यस छांटले तपाईं डिस्पेन्सरीमा आउनुहुंदा त म लाजले झुतुक्कै भएं । तपाईंहरू पुरानो विचारका बूढाहरूलाई आज-कालको सभ्यता थाहै हुदैन; के भन्नु ? अव देखि त्यसो न गर्नु होला ।" त्यस दिन देखि त्यो सोझो बूढोले छोरो चाहिंको सोही उसदेशको पालन गर्न थाल्यो ।

अतः लज्जाबाटै मानिसको मनमा मानापमानको भाव जाग्दछ । "मानापमान त केवल स्थूलदेहको लागि मात्रै हो, आत्मा सित यसको कुनै पनि सम्वन्ध हुदैन" भन्ने कुरा पशुत्वले गर्दा मानिसको मनमा घुस्नै पाउंदैन । यो भाव मनमा घुसे पछि लज्जारूप पाशो छुटी पशुत्वको नाश हुन्छ ।

५. 'जुगुप्सा'—यो पांचौं पाशो हो । पर-निन्दालाई 'जुगुप्सा' भन्दछन् । अक्सर मानिस अर्कोको आंगमा जुम्रो हिंडेको देख्छ, आफ्नो आंगमा भैंसी हिंडेको देख्दैन । अतः आफूलाई वडो बुद्धिमान् र विवेक-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वान् संझन्छ। अतः अर्काको दोष मात्रै देखने हुनाले मानिसको परनिन्दा गर्ने लत हुन जान्छ। तर पाशोमा जकडिएकोले मानिस आफ्नो परनिन्दा गर्ने दोषलाई आफ्नो बुद्धिमानी संझन्छ। अनि यसैको जरियाले वाद-विवाद उठाएर झूटो बोल्न सिखाउंछ र झूटा व्यवहारको जन्म हुन्छ। यस्तो हुदाहुदै शत्रु बढ्दछ र पेचापेचको मामला उठ्दछ, अनि स्पष्टवादिता हराएर बनावटी नक्कली कुराको मान्यता हुन थाल्छ र आध्यात्मिक उन्नतिमा हानि हुन्छ। यो बनावटी बोलीको उदाहरणको लागि स्वयं मैले आफैले अनुभव गरेको एउटा हाँसो उठ्दो तमासाको संझना हुन्छ। त्यो तमासा के हो भने, यही २००८ साल या २००६ साल तिर हो हिउदमा मलाई तिथि मितिको भने यथार्थ संझना भएन एकदिन म सेतोदर्बार जानलाग्दा तीनधारा पाकशाला अगाडी चौरमा मञ्चवनेर बडो सानदार भाषण हुनलागेको रहेछ, मानिस र कारहरू पनि निकै देखदा त्यो चमत्कारले मेरो कान र आंखालाई पनि लोभायो र एक छेउ तिर मेरो कार राखी त्यसैमा बसें। मञ्चमा डटेका महानुभावहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मध्य कुनै सुटेड्बूटेड् र कुनै कमिज, जुहारिकोट टूलो पाई-जामा र गान्धिटोपीले शोभायमान् हुनुहुन्थ्यो, हाम्रो नेपाली पैरनका व्यक्ति भने निहालेर हेरेमा दुई तीन जना सम्म फेला पर्दो हो। "स्वदेशी कपडाको उन्नति गर्नु पर्छ, स्वदेशी पैरन गर्नु पर्छ" भन्ने इत्यादि अनेक प्रकारका बुट्टा भरिएका मिठा मिठा भाषणले आकाश गुञ्जिरहेको थियो, झण्डै श्रीकृष्णले अर्जुनलाई गीताको उपदेश गरेको भान पर्थ्यो। भाषण छेड्ने महानुभाव तिर मेरो आंखा पर्दा एक सुटेड् बूटेड् मुडुला बुज्रुक पट्टाको मुखारविन्दबाट यो उपयोगी भाषण माइकको अगाडि निक्लि रहेको रहेछ। अनि मेरो मनले उहांलाई भाषणमा खूब सिपालु ठहराएर धन्यवाद समर्पण गऱ्यो, तर काम गर्नामा भने उहा के कस्तो हुनुहुन्छ मेरो मनले अठोट गर्न सकेन। कुरा यही हो पाठकवर्गबाट स्वयं अठोट हुने छ। "परोपदेशे पाण्डित्यम्" भन्ने कुरालाई त यस घटनाले सहमत गर्छ। त्यसकारणले सत्य व्यवहार तिरलागेर आफ्नो दोष पचालगाएर त्यो सच्च्याउने लत गर्दा गर्दै अलिअलि गरेर जुगुप्सारूप पाशो छुटेर पशुत्वको नाश हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

६. 'कुल'—यो छैटौं पाशो हो। मानिसमा यही कुलको पाशोले गर्दा 'छोटा' र 'बडा' भन्ने भेदभाव उठ्छ। अनि यसैको जरियाबाट ठूलो कुलमा जन्मनेवहरूमा आफूलाई वडो संझीएर मालिक बन्ने अभिमान र सानो कुलामा जन्मनेहरूमा आफूलाई छोटो संझी चाकर बन्ने लाचारीको भाव जन्मै देखि मनमा झल्किरहने भएबाट वडाले मान्यता र छोटाले हीनत्वको उपभोग गरिरहेका छन्। यो 'कुल'लाई 'खान्दानी' पनि भन्दछन्। आफू ठूलो खान्दानीको ठहरिन पाए मान्यता पाइएला भन्ने आकांक्षाले ठूला ठूला ऐतिहासिक व्यक्तिसित आफ्नो सम्बन्ध सावितगर्न त्यस खान्दानको कुनै एक व्यक्ति सित घुँडेनाता सम्म भएपनि जुटाउँन मानिस प्रयत्नशील भई नै रहन्छ। यस भावले गर्दा मानिसको यति सम्म झुट्टा आचरणमा लत बढाउंद छ कि, उ आफ्नो पुरुखाको कुलैलाई पनि इन्कार गर्न वेर मान्दैन। यस्तो हुदा यसबाट कति कति अनर्थ होला भन्ने कुरा पाठकवर्गले स्वयं अनुमान् गर्न सक्नु हुनेछ। कुनै खान्दानीले यो देहलाई अमर गराउने होइन,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आखिर छोटा वडा सबै माटो मै मिल्नु पर्छ। बाँचुन्जेल पनि मोठो–तीतो जस्तो सुकै भए पनि एकै माना खाएर बाँच्न पर्छ। धनी खानलाई बाँच्छ, गरिब बाच्नलाई खान्छ, फरक यत्ति मात्रै हो। आखिर सबै खाना नर्कमा परिणत भएर त्याज्य वस्तु बन्दछ। अतः जस्तो सुकै ठूलो खान्दानी पनि कालचक्रको परिवर्तनले एक दिन बिलाएर जान्छ। कैयौं व्यक्तिहरूमा आफूलाई सूर्यवंशी, चन्द्रवंशी र मुगलखान्दानी भनेर घोषित गर्नेहरू पसलहरूमा दर्शन चुनेर लर्खरिरहेको देखिन्छ। यी सबै कुरा मनमा राखी व्यवहार गर्नाले। कुलरूप पाशो छुट्छ र पशुत्वको नाश हुन्छ।

७. 'शील'–यो सातौं पाशो हो। यसलाई 'शिष्टाचार' पनि भन्दछन्। सेवा, प्रणाम, दण्डवत्, सरसलामत र उठ–बस गर्नु अनि आफू आफूमा परस्पर व्यवहार गर्नु इत्यादि सब शीलकै अङ्ग हुन्। यसले मानिसको आत्मिक स्वतन्त्रताको त कुरै भएन शारीरिक स्वतन्त्रताको समेत विनाश गर्छ। उदाहरणको लागि विचार गरौं। राम भन्ने एउटा व्यक्तिको खाने बेला

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भएको रहेछ, ठिक सोही वेला उसको समाजको कुनै एक प्रतिष्ठित व्यक्ति कृष्ण भन्ने त्यहां आएर गफ चल्न थाल्छ। रामको पेटमा भने कुरो वासि रहेको थियो, तर उसको मुखले त्यस वारेमा चुक्क पनि गर्न सकेन, मनले भने "कृष्ण चाडै जाओस्" भन्ने कामना गरी रहेको थियो। राम भने सो गफमा मुग्ध भए झैं छांट गर्दथ्यो। यो रामलाई शीलकै वन्धन परेको हो। यही शीलको वन्धनले गर्दा खान, लाउन, हिडडुलगर्न, वोलचाल गर्न र यस्तै अनेक काम गर्दा आफ्नो भित्री मर्म दवाएर आफ्नो रुचिको विरुद्ध चल्न मानिसलाई कर लाग्ने हुन्छ। आफूवाट कुनै काम शिष्टाचारको विरुद्ध होला भनेर सवैको मन थर्किरहेको हुन्छ। यही शीलको वन्धन हट्नाले मानिस स्वतन्त्र हुन्छ र मनको चिन्ता विलाएर शीलरूप पाशो छुट्छ र पशुत्वको नाश हुन्छ।

८. 'शक्ति'—यो आठौं पाशो हो। यहा "शक्ति" भन्नाले 'लौकिक सामर्थ्य'लाई लक्ष गर्छ। यो शक्तिरूप पाशोको वन्धनमा पर्दा मानिसमा हिताहित र कर्तव्याकर्तव्यको विचारै आउन सक्तैन, केवल आफ्नो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लौकिक सामर्थ्य दिगो राख्ने र बढाउने ध्याउन्नाले मात्रै उसको मनमा डेरा जमाई रहेको हुन्छ। यो सामर्थ्य हात पर्दैमा मानिस तृप्त हुदैन; झन यसको प्रयोगले आंखा चिम्लिएर जथवा–तथवा गरी रवाफ र धंकीले अर्कोलाई थिचो–मिचो गरी सताएर आफ्नो शक्ति बढाउने प्रयत्न तिरलाग्छ। जति जति शक्ति बढ्छ, उति उति फुर्ति र लापरवाइले उस्को आंखा टाली विवेकमा छेकारो हाल्दै जान्छ। अनि यसको पराकाष्ठामा पुगे पछि कसैलाई पनि न गन्ने हुदा हुदै 'ईश्वर' भन्ने छदै छैन, भन्न लाग्छ। अनि उ आफूले गरे भनेको मात्र ठीक ठहराउनथालेर ममतारूप वञ्चरोले आफ्नै खुट्टा ठुन्क्याउंन थाल्छ। रावणादिको चरित्रले यस कुरालाई पुष्टि गर्छ। इतिहासले बताएकै छ कि एकै प्रकारको कर्म गर्ने व्यक्तिहरू मध्ये जितबाजि गरेर शक्ति हात पार्नेमा "वीर" भन्ने र हारबाजि खाएर शक्ति हातबाट गुमाउनेमा "बदमास" भन्ने उपाधि प्राप्त हुदै आएको छ। अतः यो शक्ति ममताको माउ हो। यसले मानिसलाई आंखामा पर्दा हालेर आफूबाहेक अरू कसैलाई न देख्ने र कानमा बुझो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लगाएर आफ्ना तारिफ वाहेक अरू केही न सुन्ने गराएर भेडो जस्तै वनाउंद छ। अनि उसको आफ्नो भन्ने कोही हुदैंन। सवै उसको सामर्थ्यको पछिलाग्ने मात्रै हुन्छन्, व्यक्तिगत उसको पछि कोही पनि लाग्दैनन्। वरु उसको सामर्थ्य खुस्केको खण्डमा मदत गर्नुको साटो कुनै कुनैले काखि ठटाएर हाँस्लान्। अतः यो लौकिक सामर्थ्यको वास्ता छाड्नाले ममता हराउंदछ र शक्तिरूप पाशो छुटी पशुत्वको नाश हुन्छ।

तर "कुलार्णवतन्त्रले" आठौं पाशो 'जाति'[1] लाई मानेको छ। यो अष्टम पाशलाई 'मेरुतन्त्रले' 'शक्ति' र 'कुलार्णवतन्त्रले' 'जाति' भन्ने वताएकोले यी दुई तन्त्रको राय वाझे जस्तो देखिन्छ। तर 'शक्ति' र 'जाति' दुवै ममताको कारण हुन्। त्यसउसले "मेरुतन्त्रको" जन्मकालमा शक्तिको प्रवलताले र "कुलार्णवतन्त्रको" जन्मकालमा जातिको प्रवलताले मानव समाजलाई कब्जामा विशेषतया राखेको वुझिन्छ।

"कुलार्णवतन्त्र" को वचन यस्तो छ।

---

1. जाति = Lineage, Caste.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"घृणा लज्जा भयं शङ्का जुगुप्सा चेति पञ्चमम् ।
कुलं शीलं तथा जाति श्चाष्टौ पाशाः प्रकीर्तिताः ॥
पाशबद्धः सदा जीवः पाशमुक्तः सदाशिवः ।
एवं ज्ञात्वा महेशानि चात्मानं तोषयेद् यदि ॥
स जीवः परमेशानि शिव एव न संशयः ॥"

अर्थात्–"घृणा, लज्जा, भय, शङ्का, जुगुप्सा, कुल, शील, र जाति यति आठ पाशहरू हुन् । सधैं पाशमा बद्ध भई रहेका 'जीव' र पाशबाट मुक्त भएका (व्यक्ति) सदाशिव हुन् । यो कुरा जानेर सन्तोष भई रहने शिव नै हुन्छ, त्यसमा सन्देह हुदैन ।"

अब 'जाति' को बारे मा चर्चा गरौं ।

'जाति'–यो पनि एउटा पाशो हो । यसको फन्दामा परेर मानिस आफ्नो जात्याभिमानको तुजुकले अर्कोलाई हीन अथवा उच्च संझी हीयाउने अथवा रिझाउने गर्दछ । यसैको जरियाबाट व्यर्थको तछाड्–मछाड् को सृजना भई झगडा फैलन जान्छ । यही जाति–भेदको कारणले नाना प्रकारको राग-द्वेष पेंपेचा–चको मामला फैलदा फैलदै टाउको फोराफोर र मारा–मार समेत्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चल्न जान्छ । जाति–भेदको भावनाले साधकको समदर्शिता नाशद छ; व्यवहारीको मेल–मिलाप हटाउँछ । त्यसउसले ऐहिक र पारमार्थिक शान्ति भङ्ग गर्ने यो एउटा घिनलाग्दो पाशो हो । अतः आर्य–धर्मशास्त्रले यस जातिकृत भेद-भावलाई अत्यन्त गर्हित तौडले चर्चा गर्द छ । निगम र आगमको त कुरै छाडौं, यी भन्दा पछि द्वापरको अन्त्यमा जन्मिएको "भविष्यपुराणको" बयालिसौं अध्यायको ४१ श्लोक देखि ४५ श्लोक सम्ममा यस्तो उक्ति छ ।

"न ब्राह्मणा श्चन्द्रमरीचिशुभ्राः, न क्षत्रियाः किंशुकपुष्पवर्णाः ।
न चेह वैश्या हरितालतुल्या, शूद्रा न चाङ्गार समानवर्णाः ॥
पादप्रचारैस्तनुवर्णक्लेशंः, सुखेन दुःखेन च शोणितेन ।
त्वङ्मांसक्केशास्थिर सैः समानाः, चतुः प्रभेदा हि कथं भवन्ति ॥
वणप्रमागाकृतिगर्भवास–वाग्बुद्धिकर्मे न्द्रियजीवितेषु ।
वलात्रिवर्गामयभेषजेषु, न विद्यते जातिकृतो विशेषः ॥
स एक एवात्र पिता प्रजानां, कथं पुनर्जातिकृतः प्रभेदः ।
प्रमाणदृष्टान्तनयप्रवादंः, परिक्षमाणो विघटत्त्वमेति ॥
चत्वार एकस्य पितुः सुताश्च, तेषां सुतानां खलु जातिरेकः ।
एवं प्रजानां हिं पितैक एव, पित्रैक भावान्न च जाति भेदः ॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्–"ब्राह्मण चन्द्रमाका किरण झैं सेता, क्षत्रिय किंशुकपुष्य[1] झैं राता, वैश्य हरिताल झैं पहेला र शूद्र अंगार झैं काला हुदैंनन्। हिडाई, चलाई र देहको छाँटकाँट अनि केश र रक्तादि सबै धातुहरू एकै प्रकारका देखिन्छन् भने चार भेद कसरि हुन्छ ? गर्भवास, आकृति, रङ्गरूप, कामकाज, सबै इन्द्रियहरू, जीवन-मरण, रोग-शोक, पुरुषार्थ, वल अनि औषधिप्रयोग इत्यादि सबैमा चार जातिको जाति–भेद पाइंदैन। 'सबै जना उनै एक परम पिताकै सन्तान हुन्' भन्ने कुरा शास्त्रहरूमा प्रमाणहरू, दृष्टान्तहरू र तर्क–वितर्कहरूवाट सिद्ध भएको छ, भने जातिकृत भेद किन ? अतः चारै वर्ण एउटै बावुका सन्तान हुनाले यो सिद्ध हुन्छ कि ती सबै एकै जातका हुन्छन्, बेग्ला बेग्लै जातका हुन सक्तैनन्।"

यस शास्त्रोक्ति ले नै जातिरूप पाशोको यथार्थ परिचय दियो। यी पूर्वोक्त सबै कुरा मनमा राखेर आचरण गरे जातिरूप पाशो छुटेर पशुत्वको नाश हुन्छ।

---

1. किंशुकपुष्य = हिन्दी भाषामा 'ढाक'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्ता उक्तिहरूबाट "अघि यजुर्वेदको जन्म-कालमा कामको बाँडफाँड हुदा यो जाति–भेदको नियम राखिएको रहेछ; पछि यसले जराहाले पछि ३६ हांगा हालेर फैलिदैं गएर अथर्ववेद जन्मिएर हुर्कने बेलातिर यसले (जाति–भेद भावले) उग्ररूप लिई सकेको हुनाले अथर्ववेदले यसलाई छिमलेर सुहाउदो छाँटको वनाउन प्रयत्न गरे। अनि फेरि अथर्ववेदले मात्रै यसको (जाति–भेद–भावको) वान्की राम्रो पार्न न सक्दा आफ्नो दाज्यू तन्त्र र भाइ पुराणलाई गुहार्न पर्‍यो। तन्त्रले यसको (जाति भेद भवको) विरुवा छाँट्दै गए; तर पूराणले भने लोकाचारे भएर विरुवा छाट्दै पनि गरे, उता स्वार्थपनाको मुख हेर्दैं सो विरुवामा मल–जल पनि गर्दैं गए तसर्थ तन्त्र कुलवधू जस्तै भएर गुप्तरहे, पुराण चाहिं सामान्य वेश्या जस्तो भएर प्रकाश भए।" भन्ने अनुमान हुन्छ।

समाजका सवै जसा पूर्वोक्त आठ पाशोमा जकडिएका पशु हुन्छन्, तिनसित विरलाकोटि पाशमुक्त साधकको व्यवहार चालन मिल्न नसक्ने जस्तो साधारण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विचारबाट सुल्झन्छ, तर अघि सत्ययुगादिमा पनि उसकालका मानिसहरूको चालचन र ब्यवहार पुराणादिले दर्शाए बमोजिम हेर्दा पशुजनहरू प्रशस्त मात्रामा भएको र केवल जनकादिहरू जस्ता थोरै साधकहरू मात्र पाशमुक्त थिए भन्ने छर्लङ्ग देखिन्छ। फेरि जनकादि० हरूले पनि समाजमा मिलेर लौकिक व्यवहार चलाएकै बुझिन्छ। स्वयं शिवजस्ता परम योगेश्वरले पनि सती-देवीको मरेको लास काँधमा राखेर अज्ञानी झैं विलाप गर्दै यता–उता लर्खराएर लोकाचार परेको कुरा पुराणादिले बताएकै छ। अतः पाशमुक्त साधकको मनमा ज्ञान र विवेक झल्किरहेको भए पनि उनी अज्ञानी साधारण व्यक्ति झैं भएर समाजमा मेलमिलाप राखी लोकाचार गर्दछन्। यी सब कुरा समाजमारहने वीर र कौलको बारेमा हो। समाज देखि अलग रहनेहरूको बारेमा सप्तमपटलमा चर्चा गर्नें छु। तन्त्रमार्गमा लागेर पशुत्वबाट छुटेका साधकमध्ये समाजमा मिलेर बस्नेलाई 'दिव्यकौल' र समाज देखि अलग रहेर बस्नेलाई "कौलावधूत" भन्दछन्। यी दुवैको कक्षा एकै भए पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चालचलन र व्यवहार फरक हुन्छ ।

दिव्यकौलको बारेमा 'बृहद्वडवानलतन्त्र' को यस्तो वचन छ ।

"सन्तुष्टो शिवरूपोऽपि पूतमाकौलिको यदि ।
लोकयात्रा प्रसिद्धार्थं लोकाचारं समाचरेत् ॥"

अर्थात्–"सन्तुष्ट र पवित्र आत्मा भएका कौल अर्थात् दिव्यकौल शिवरूप नै बनि सकेको भए पनि लोकयात्रा सिद्ध गर्नको लागि अर्थात् समाजमा मिलेर लौकिक व्यवहार गर्नको लागि लोकाचार गरुन् अर्थात् समाजसुहाउदो आचरण गरुन् ।"

फेरि 'गीता' मा श्रीकृष्णको यस्तो वचन छ ।

"सक्ताः कर्मण्यविद्वांसो यथा कुर्वन्ति भारत ।
कुर्याद्विद्वांस्तथाऽसक्तश्चिकीर्षुर्लोकसंग्रहम् ॥
न बुद्धिभेदं जनयेदज्ञानां कर्मसङ्गिनाम् ।
जोषयेत् सर्वकर्माणि विद्वान्युक्तः समाचरेत् ॥"

अर्थात्–*"जस्तो आशक्त [1] अज्ञानी गर्छन् कर्महरू [2] सबै ।*

---

1. आसक्त = फलको चाहना गर्ने. 2. कर्म = लोकको व्यवहारिक धर्म.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लोकका[1] निंतिमा ज्ञानी गरोस् उस्तै अशङ्क[2] भै ॥
वुद्धिभेद[3] न देखाओस् कर्मठेकन[4] क्यै गरी ।
गराउँदै रहोस् योगी कर्म आफै पनि गरी ॥" कोमलगीता

अब हाम्रो आर्य-सनातन-धर्ममा यिनै अष्ट-पाशबाट मुक्त भएर सदाशिवरूप वन्ने अर्थात् वाचुंन्जेल् मन-मौजी भई देहत्याग गरे पछि ब्रह्ममै विलीन हुने उपाय हुन्छ, त्यसमा सिद्धिहुने लक्षण हुदा कस्तो हुन्छ भन्ने वारेमा 'आगमोक्ति' यस्तो छ ।

"चित्त प्रशादो मनसश्च तुष्टि- ।
रल्पाशिता स्वप्न पराङ्मुखत्वम् ॥
स्वप्नेषु यानाद्युपलम्भनं तु ।
सिद्धस्य चिह्नानि भवन्ति सद्यः ॥"

अर्थात्—"चित्त प्रशन्नहुने, मनमा सन्तोष आउंने, थोरै खाएर अघाउने र सपना नै नदेखने देखि-हाले पनि आफू कुनै सवारीमा चढेको देख्ने यस्तो भयो भने सिद्धिको लक्षण भयो भनि जान्नु ।

1. लोकका = लौकिक शिक्षाका. 2. अशङ्क = नैष्याम्य,
3. वुद्धिभेद = समझमा फरकपना, 4. कर्मठे = लौकिक व्यवहारी जन.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फेरि 'मेरुतन्त्रमा' यस्तो वचन छ।

"अल्पाशनं स्वल्प निद्रा सदा चित्तप्रशान्तता।
प्रकाशयुक् शरीरञ्च वाक्यं सत्यं प्रजायते॥"

अर्थात्–"(सिद्धि हुने वेलामा) थोरै खाएर अघाउने, थोरै वेर सुतेर पुग्ने, शरीर तेजिलो र वोलेको कुरा पुग्ने हुन्छ।"

अनि त्यसपछि सिद्धिको डोरो वस्छ। आ–आफ्नो प्राक्तनियम संस्कारानुसार कसैलाई अधम, कसैलाइ मध्यम र कसैलाई उत्तम सिद्धि हुने लक्षण देखिँदै गएर सो हात पर्ने हुन्छ। एक प्रकारको सिद्धि हात परेपछि त्यसैको पराकाष्ठा मा पुगेर दिव्यकौल या कौलावधूतको कक्षामा पुगिन्छ तर अर्को प्रकारको सिद्धि हुदैन। अधम सिद्धि पाएको साधक दिव्यकौल, मध्यम सिद्धि पाएको दिव्यकौल अथवा कौलावधूत अनि उत्तम सिद्धि पाएको कौलावधूत वन्दछन्।

अधम सिद्धिको लक्षण "श्रीकुलक्रम चिन्तामणि-तन्त्र मा यस्तो वताउं छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"ख्यातिर्वाहन भूषादिलाभः सुचिरजीवनम् ।
नृपाणामङ्गनानां च वात्सल्यं लोकवश्यता ॥
महैश्वर्यं धनित्वञ्च पुत्रादि धनसंपदः ।
अधमाः सिद्धयः प्रोक्ता मन्त्रिप्रथम भूमिकाः ॥"

अर्थात्—"ख्याति, सवारीहरू र गहनागुरुवाहरू हातपर्ने, धेरै वाँच्ने, राजाहरू र स्त्रीहरूको प्यारोहुने, लोकवश्य हुने, वहुतै धनी हुने र सन्तान फैलिने हुन्छ । यो मन्त्रको प्रथम भूमिकाको अधम सिद्धि हो ।"

मध्यम सिद्धिको लक्षण सोही तन्त्रमा यस्तो छ।

"ख्यातिर्वाहन भूषादिलाभः सुचिरजीवनम् ।
नृपाणां तद्गतानाञ्च वशीकरणमुत्तम् ॥
सवत्र सर्वलोकेषु चमत्कारकरः शुचिः ।
रोगापहरणं दृष्ट्या विषापहरणं तथा ॥
पाण्डित्यं लभते मन्त्री चतुर्विधमयत्नतः ।
वैराग्यं च मुमुक्षुत्वं त्यागिता सर्व वश्यता ॥
अष्टाङ्ग योगाभ्यसनं भोगेच्छा परिवर्जितम् ।
सर्वभूतेष्वनुकम्पा सर्वज्ञादि गुणोदयः ।
इत्यादिगुणसंपत्ति र्मध्यसिद्धेस्तु लक्षणम् ॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्–"ख्याति, सवारीहरू र गहनाहरूख्वा-हरू हातपर्ने, धेरै कालसम्म बाँच्ने, राजाहरू, र उनका पार्श्वगणहरूलाई उत्तम वशीकरण हुने, जताततै चमत्कार गर्ने, पवित्र, रोगहरू र विषहरू हेर्दैमा हटाइदिने, चारै किसिमको प्रयत्नले पाण्डित्य हातपारेर विद्वान् बन्ने, वैराग्य हुने, मोक्षपाउने इच्छा गर्ने, त्यागीहुने, सबै आफ्नो वशमा पर्ने, अष्टाङ्गयोगको अभ्यास गर्ने, सर्व प्राणीमा दयागर्ने र सबैकुरा थाहा पाउने इत्यादि गुणले सम्पन्न भएको मध्यमसिद्धिको लक्षणहो।"

फेरि सोही तन्त्रले उत्तम सिद्धिको लक्षण यस्तो भन्दछ।

"परकायप्रवेशञ्च पुरप्रवेशनं तथा।
उर्ध्वोत्क्रमणमेवं हि चराचर पुरे गतिः॥
खेचरीमेलनं चैव तत्कथाश्रवणादिकम्।
नागानां देवतानाञ्च क्षणादाकर्षणं भवेत्॥
शीतलीकरणं वन्हेः सर्पाणां निर्विषीक्रिया।
शोषणं सागरस्यापि त्रैलोक्यस्य वशीकृतिः॥
शिवत्वं लभते मन्त्री साधनेन महेश्वरि।
देवानामपि दुष्प्राप्ताः सिद्धयस्तत्करे स्थिताः॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनाहतस्य शब्दस्य भवेदा कास्मिकी श्रुतिः ।
विनापि योगाभ्यसनं चैतदुत्तमलक्षणम् ॥"

अर्थात्–"अर्कोकोदेहमा घुस्न सक्ने, पुरहरूमा पस्न सक्ने, उडेर जतातै पुग्न सक्ने, उड्नेहरूसित मेल-मिलाप गरेर उनीहरूको कुरा सुन्न सक्ने, नाग र देवता-हरूलाई क्षणैमा आकर्षण गर्ने अर्थात् खिचेर ल्याउने, आगोलाई शीतल पार्ने, सर्पको विष झार्ने, समुद्र सुखा उने, त्रैलोक्यलाई वश पार्ने, साधनाबाट शिवत्व पाँउने । देवताहरूलाई पनि दुर्लभहुने सिद्धि हातपार्ने अनि योगा-भ्यास न गरेरै पनि अकस्मात् नादहरू सुन्ने इत्यादि गुण उत्तम सिद्धिको लक्षण हो ।"

पूर्वोक्त गुणहरू झट्टै आउदैन । आफूले पूर्वजन्ममा हातपारेको जति थोरै प्रयासले हात पार्छ, त्यसदेखि बढीलाई समय निकै लाग्छ ।

वैदिककाल देखि नै तन्त्र निक्लन थालेर पछि पौराणिककाल सम्म पनि यो निक्लदै गएको कुरा मद्र-चित "तान्त्रिकविज्ञान दर्पण"को प्रथम पटलमा चर्चा भएकै छ । तिनमध्ये वैदिकालमा निक्लेका तन्त्रहरूमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वेदकै धाँचाको रूप र विषेष वैज्ञानिक चर्चा, मध्यकालमा निक्लेकाहरूमा आफ्नै छांटको रूप र विशेष उपासनाको चर्चा अनि पौराणिककालमा र त्यसपछि निक्लेकाहरूमा पुराणकै धाचाको विचविचमा कथाहरू भरिएको रूप र विशेष नियम र उपचारको पाइन्छ। "वडवानलतन्त्र" र "अरुपुराणहरू" देखिन्छन् तर "देवीपुराण" र "वृहद्-वडवानलतन्त्रको" उक्तिहरू भने "उपतन्त्रहरूमा" धेरै पाइन्छन्, ग्रन्थ भने फेला पार्दैन।

अब यत्तिकैमा यो पटल टुङ्ग्याउंछु अब अर्को पटलमा पाशवकल्पबाट हुने उपासनाको मतभेद दर्शाउने यथाज्ञान चेष्टा गर्नें छु।

॥ इति श्रीभावनिर्णयनाम प्रथमः पटलः॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

॥अथ॥

॥द्वितीयः पटलः॥

नर-देहपनि अरू पशुकै जस्तो पञ्चमहाभूतमय नै हुने हुनाले मानिसलाई 'विवेकी[1]-पशु, अरुलाई 'अनविवेकी-पशु'[2] भनेर शास्त्रले निर्णय गरेको छ। उपासनाको लागि 'कुन कुन तत्व प्रधान हुदा शरीरको लक्षण कस्तो कस्तो हुन्छ' सो कुरा जानेर त्यसलाई योग्यमात्राको[3] गराउने उपाय नियमादि गरेर गर्न पर्दछ। सो सबै कुरा मैले अघिलेखेको "निगमागमवैज्ञानिकसारले" केही झल्काएको छ। यस पुस्तमा र यसपछि लेख्ने अरुलेखहरूमा क्रमशः दर्शाउने चेष्टा गर्नें छु। ऐले यहा पञ्चमहाभूतहरूमध्ये कस कसवाट के के कुरा शरीरमा वन्द छ भन्ने कुरा यथा ज्ञान दर्शाउदछु।

पृथ्वी तत्व मुख्य हुदा हाड[4] वन्दछ। त्यसमा

---

1. विवेकी पशु = Rationalamimal. 2. अनवेकीपशु = Irrationalamimal. 3. योगमात्राको गराउने = To regulate. 4. हाड = Bone.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तेजस्तत्वको आभासले नाडी,[1] वायुतत्वकोले छाला,[2] आकाशकोले रौं[3] अनि जलतत्वकोले मासु[4] वन्दछ ।

जलतत्व मुख्य हुदा शुक्र[5] वन्दछ । अनि त्यसमा तेजस्तत्वको आभासले मूत्र,[6] वायुतत्त्वकोले मल,[7] आकाशतत्वकोले न्याल[8] अनि पृथ्वीतत्वकोले रगत[9] वन्दछन् ।

तेजस्तत्व मुख्य हुदा भोक[10] हुन्छ । त्यसमा जलतत्वको अभासले कान्ति,[11] वायुतत्वकोले प्यास,[12] आकाशतत्वकोले निद्रा[13] अनि आलस्य[14] पृथ्वीतत्वकोले व-दछन् ।

वायुतत्व मुख्य हुदा सासफेर्नें[15] हुन्छ। त्मसमा आकाशतत्वको अभासले शारीरिकप्रशारण[16] (पमाराई),

1. नाडी = Nerve. 2. छला = Skin. 3. रौं = Hair. 4 मासु = Flesh. 5. शुक्र = Semen. 6. मूत्र Urine. 7. मल = Filth. 8. न्याल = Saliva. 9. Blood. 10. भोक = Hunger. 11. कान्ति Brilliancy. 12. प्यास = Thirst. 13. निद्रा = S'eep. 14. आलस्य = Idleness. 15. सासफेर्नें = Resperation. 16. शारीरिक प्रसारण = Bodily spreading abroad.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पृथ्वीतत्वले शारीरिक संकोचन[1](खुंचाई), तेजस्तत्वकोले चेष्टा[2] अनि जलतत्वकोले हिंडाईचलाई[3] बन्दछन्।

आकाशतत्व मुख्य हुदा शोक[4] हुन्छ। त्यसमा तेजस्तत्वको अभासले क्रोध[5] वायुतत्वकोले काम[6] (कामना), पृथ्वीतत्वकोले भय[7] अनि जलतत्वले मोह[8] बन्दछन्।

आकाशतत्वको सूक्ष्मदेहसित पनि सम्बन्ध हुन्छ। अब त्यस विषयमा विचार गरौं। यो आकाशतत्व हृदयस्थानमा मुख्य वस्तु भई बसेको हुन्छ। यसैलाई 'अन्तस्करण'[9] भन्दछन्। सोही अन्तस्करणमा वायुतत्व मिले पछि मन[10] बन्दछ र यसले संकल्प-विकल्प गाराउंदछ।

---

1. शारीरिक संकोचन = Bodily Contraction. 2. चेष्टा = Jesture. 3. हिंडाईचलाई = Motion. 4. शोक = Sorrow. 5. क्रोध = Arger. 6. काम = Desire. 7. भय = Fear, fright. 8. मोह = Delusion. 9. अन्तस्करण = The seat of thought and fellings.

10. मन = The connecting link between Indriyas and bddhi.

11. संकल्प-विकल्प = Solemn Vow and alternative.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनि उही अन्तस्करणमा तेजस्तत्व मिलेर बुद्धि[1] वन्दछ र यसले सो संकल्प-विकल्पलाई निश्चय[2] गराउंछ। उही अन्तस्करणमा जत्र जलातत्व मिल्दछ अनि चित्त[3] वन्दछ र यसले निश्चय भएकोलाई चिन्तन र स्मरण[4] गर्दछ। फेरि उही अन्तस्करणम पृथ्वीतत्व मिलेपछि अहङ्कार[5] वन्दछ र यसले ममता[6] वढाउंदछ। यी सबै कर्महरु हद-सेंहद छिटो एकै साथ जस्तो भएर संधै चलिरहन्छ। मनको चाल छिटो र चञ्चल हुनाले यो चाल कहिले पनि रोकिंदैन।

पाठकवर्गले उपासनाको नियमहरूको चर्चा पढ्दा पूर्वोक्त सबै कुराको पनि याद राख्नु हुने नै छ।

अव यथाज्ञान पाशवलल्पको उपासना-भेद दर्शाउंन कलम चलाउंदछु। साधकको मनोवृत्ति अनुसारको साधनाले मात्र श्रेय हुने हुनाले साधकमा अष्टपाशको

1. बुद्धि = Inlellect. 2. निश्चय = Certainty.
3. चित्त = Mind, 4. चिन्मन र स्मउण = Thinking and remembrance.
5. अहङ्कार Egotism. 6. ममता Selfihnsess.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रभाव न हटेसम्म त्यस्ता व्यक्तिलाई सर्वदा सबै अवस्थामा साधना गर्न असंभव हुने हुन्छ; किनकि उसको मन सांसारिक पार्थिव प्रवृत्तिहरूको वशमा फसेको हुन्छ र अध्यात्म तिर झुक्न सक्तैन। तसर्थ उसको पशुभाव हुनाले उसलाई पाशवकल्पबाट उपासनागर्नु नैं श्रेय हुन्छ। यसो नगरे चित्त निर्मल नभएकोले मनोवृत्तिहरूमा विजय प्राप्त हुन सक्तैन। पशुभावले उपासना गर्ने नियमको विषयमा "भावचूडामणितन्त्र"मा देवीले भैरवलाई बताएको उक्ति यस्तो छ।

"पशु भावं प्रवक्षामि शृणु वत्स समाहितः।
यथावधि पशोर्विद्यां गृहीत्वा भावतत्परः॥
प्रथमं पूर्वसेवार्थं यत्नतः शुद्धिमाचरेत्।
न मत्स्यभोजनं कुर्यान्न स्त्रियं मनसा स्मरेत्॥
न परद्रव्यलोभीं स्यान्न भोगे मानसं भजेत्।
सिन्धुतीरे पर्वते वा कानने च सुरालये॥
विल्वमूले विविक्ते च पुण्यक्षेत्रे च शोभने।
न शूद्र दर्शनं कुर्यात् कौटिल्यं यत्नतः त्यजेत्॥
देवताशुभवर्णा तु ध्यातव्या सुसमाहितैः।
त्रिसन्ध्यं देवपूजा तु त्रिसन्ध्यं जपमाचरेत्॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रात्रौ मंत्रञ्च मालाञ्चा स्पृशेन्नैव कदाचन ।
न मन्त्रमुच्चेरेद् भुक्त्वा मौनी स्यात् सर्वकर्मषु ॥
पर्वकाले स्त्रियंनैव गच्छेत् साधकसत्तमः ।
पुष्पं गन्धं जलञ्चैव स्वयमानीय पूजयेत् ॥
मैथुनं तत्काथालापं तद्गोष्ठीं परिवर्जयेत् ।
ऋतुकालं विना चापि न गच्छेत् स्त्रियमादरात् ॥
पुराणश्रवणे श्रद्धा वेदवेदार्थतत्परः ॥
न रात्रौ भोजयेद्विद्वान् ताम्बूलं परमेश्वर ॥
गुरुणा यद्यदादिष्टं तत्सर्वं यत्नतश्चरेत् ।
स्वजातकुशुमं चैव हेतुद्रव्यं च भैरव ॥
स्पृष्ट्वा तथा समाघ्राय पञ्चगव्येन शुद्धाति ।
रक्तवस्त्रं न गह्णीयाद्देवीभक्तिपरायणः ॥
बिष्णुतन्त्रेषु कल्याणि तदनुष्ठानमेवच ।
का॑ वीरकथालापं न कुर्याद्विरवन्दिते ॥
नित्यश्राद्धं गयाश्राद्धं सन्ध्यावन्दनमेव च ।
तिर्थस्नानं पीठदेशगमनं धर्मतप्परः ॥"

भावर्थ—"विधिपूर्वक पशुदीक्षा ग्रहण गरी भावमा तत्पर भएर मत्स्वभोजन अर्थात् आमिष-भोजन नगर्नु; मनले पनि आइमाईको संझना न गर्नु; अर्काको मालमा लोभ र भोग गर्ने इच्छा न गर्नु । समुद्रको तीरमा,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पर्वतमा, जङ्गलमा, देवस्थलमा, पुण्यक्षेत्रमा अथवा वेल-कोरूखमुनि शूद्रलाई न हेरी कौटिल्य छाडी सेतोवर्णको देवताको ध्यान गर्दै त्रिकाल पूजागरी त्रिसन्ध्यादिजप गर्ने गर्नु; रातमा मन्त्रोच्चारण गर्नु र जपमाला छुनु पनि हुदैन; पर्वकालमा स्त्रीसंगम न गर्नु। फूल, चन्दन र जल आफैले ल्याएर पूजा गर्ने गर्नु; मैथुन वारेको कुराकानी कसैपनि न गर्नु; ऋतुकाल वाहेक आफ्नी स्वास्नी सित पनि संभोग न गर्नु; पुराण सुन्ने श्रद्धा गर्नु; वेदवेदान्तको चर्चामा तत्पर हुनु; रातमा पान खानु हुदैन; पञ्चमकार छोएमा र त्यसको गन्ध नाकमा पर्न गएमा पञ्चगव्यले अर्थात् गाईको गोवर, गहुत, दूध, दहि र घिउ घसेर नुहाई सो अलिकति खानेगरे शुद्ध हुन्छ। देवीको आराधना गर्दा पनि रातो लुगा पैरनु हुदैन; विष्णुतन्त्रमा भने झैं अनुष्ठान गर्नु पर्छ। वीरहरूले मान्य गरेको वीरकल्पको कुरै गर्नु हुदैन। नित्य श्राद्ध, गयाश्राद्ध, सन्ध्यावन्दन, तीर्थ-स्नान र पीठ घुम्ने कर्महरू गरी धर्ममा तत्पर हुनु पर्छ।"

यो उक्ति पाशवकल्पका द्विजहरूको लागि हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सबै पाशवकल्पका उपासकहरूको लागि "मेरुतन्त्र"मा यस्तो वचन छ ।

"देवस्थाने गुरुस्थाने श्मशाने च चतुष्पथे ।
पादुकासनविण्मुत्रमैथुनानि विवर्जयोत् ॥
प्रमत्तामन्त्यजां कन्यां पुष्पितां पतितस्तनीम् ।
विरूपां वा मुक्तकेशीं कामार्तां च ननिन्दयेत् ॥
कन्यायोनौ पशुक्रीडां दिग्वस्त्रां प्रकटस्तनीम् ।
नालोकयेत् परद्रव्यं परदारांश्च वर्जयेत् ॥
ध्यान्यगोगुरुदेवाग्निकुशपुस्तकसंमुखम् ।
नैव प्रसारयेत् पादौ न चैतानि विलङ्घयेत् ॥
आलस्यमदसंमोहशापपैशून्यविग्रहान् ।
असूयामात्मसन्मानं परनिन्दांश्चवर्जयोत् ॥

भावार्थ–"देवस्थलमा, गुरुको घरडेरामा, श्मशानमा, चतुष्पथमा (चारतिरजानेबाटोमा), जुत्ता राख्नु, झाडापिसाप गर्नु र मैथुन गर्नु हुदैंन; अन्त्य-जातकी, प्रमत्तभएकी, लत्रिएको स्तनभएकी, कुरूपा, झाँक्रो फिजाएकी अथवा कामर्ता जस्तो सुकै भए पनि आइमाईलाई निन्दानगर्नु । कन्यालाई हातपात गर्नु, नाङ्गी र स्तनदेखाएकी स्त्रीलाई हेर्नु अनि अर्काको माल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

र अर्काकी स्वास्नीमा आंखा लाउनु हुदैन; अन्न, गाई, गुरु, देवता, आगो, कुश र पुस्तकको सांमुमा गोडा पसार्ने र नाघने काम नगर्नु। आलस्य गर्नु हुदैन। आंत्तिनु र मात्तिनु फेरि आफ्नो तारिफ र अर्काको निन्दा गर्नु सर्वथा हुदैन।"

अघि चर्चा भएको "सर्वोल्लासतन्त्र"को उक्तिमा वताए वमोजिम तीन थरीका पशुकौल "वैद्यवैष्णवशैवकाः" अर्थात् वैदिक, वैष्णव र शैव हुन्। तिन मध्ये वैदिकको नियम यो माथि वताएकै कायम हुन्छ। किनकि वैदिक उपासनामा मतभेद हुदैन।

अब वैष्णवको वारेमा यथाज्ञान चर्चा गर्दछु। यस मतमा दश प्रकारका भेद हुन्छन्। यस विषयमा "शक्तिसंगमतन्त्रको" यस्तो उक्ति छ।

"वैखानसो भवेदादौ श्रीराधावल्लभस्तथा।
गौकुलेशो महेशानि तथा वृन्दावनी भवेत्॥
पञ्चरात्रः पञ्चमः स्यात् षष्ठः श्रीवीरवैष्णावः।
रामानन्दी हरिव्यासी निम्बार्कश्च महेश्वरी॥
ततो भागवतो देवि दशभेदाः प्रकीर्तिताः॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भावार्थ—"वैखानस, श्रीराधावल्लभ, गौकुलेश, वृन्दावनी, पञ्चरात्र, श्रीवीरवैष्णाव' रामानन्दी, हरि-व्यासी, निम्बार्क अनि भागवत यति दश थरीका वैष्णव हुन्छन् ।"

सोही तन्त्रमा यी दश थरीका वैष्णवहरूको ल-क्षण यसप्रकारको वताएको छ ।

"वैखानसादि दीक्षाद्यैर्भूषितः स्मार्तवैष्णवः ।
वैष्णवचारनिरतो विष्णुमन्त्रैकपारगः ॥
अनन्यचेताः शान्तात्मा विष्णुचिह्नपरावणः ।
श्रीराधावल्लभो देवि गोकुलेशं शृणु प्रिये ॥
नानाभरणसंपन्नो नानासौगन्ध्य भूषितः ।
गवां कुलं प्रीणयतः कलिक्कृष्णस्वरूपधृक् ॥
गन्धर्वाचारनिरतो लतावेष्टितततत्परः ।
संप्रदायो गौकुलेशः सर्वसिद्धिकरो भुवि ॥
विगताशः प्रसन्नात्मा विष्णुभक्तिपरायणः ।
कमिनीसङ्गचपलो वनक्रीडाविनोदधृक् ॥
सौगन्ध्यभूषिततनुः स्त्रीध्यानैकपरायणः ।
विष्णुसारूप्यतत्वज्ञः प्रोक्तो वृन्दावनी शिवे ॥
प्रञ्चरात्रव्रतं प्राप्ताः पञ्चरात्राः प्रकीर्तिताः ।
दिनपञ्चकपर्यन्तं शैवानां न विलोकयेत् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विष्णुभक्तपरो भूत्वा देवतान्तरनिन्दकः ।
स बो(वै)वैष्णवोज्ञेयः श्रीरामानन्दिनं शृणु ॥
'रा' शक्तिरिति विख्यात 'म' शिवः परिकीर्तितः ।
तदानन्दी शान्तचित्तः प्रसन्नात्मा विचारधृक् ॥
सर्वत्र समरूपश्च रामानन्दी प्रकीर्तितः ।
हरिव्यासं महेशानि यथावदवधारय ॥
पापसंहारणे शक्तो विष्णुभक्तो जितेन्द्रियः ।
यमादिनीमैर्युक्तमुक्ताचारपरायणः ॥
वाह्यपूजादिनिरतो नान्यभक्तः प्रशन्नधीः ।
आर्यपक्षान्वितः स्वच्छ स्वच्छन्दाचारतत्परः ॥
स्वतन्त्रः स्मातविद्वेषी निम्वार्को भगवान् हरिः ।
अथ भागवतं देवि कथ्यते शृणु साम्प्रतम् ॥
विष्णुभक्तौ च निपुणो विजितात्मा प्रसन्नधीः ।
स्मार्तकर्मान्वितो देवि तदन्याचारतत्परः ॥
आर्यपक्षान्वितो देवि तथा चारुणवेषधृक् ।
शंवद्वेषी तस्य सङ्गात् पुनः स्नानपरायणः ॥
केवलं विष्णुतत्वज्ञः प्रोक्तो भागवतः शिवे ॥

हुनत मेरो वैष्णव परम्परा होइन, तैपनि यस उक्तिको आधारमा आफ्नो बुद्धिले भेटेसम्मको चर्चा गर्दछु; त्यसमा केही उचनीच हुन गएमा वैष्णवपरम्पराका साधकहरूले मेरो भूल सुधारि दिने कृपा गर्नुहुने छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भन्ने आशागर्दछु। पूर्वोक्त उक्तिको अभिप्राय यस्तो छ।

१. वैखानस– यिनीहरू वैखानसमतले विष्णु-मन्त्रको दीक्षा ग्रहण गरेर वेदको भन्दा स्मृतिको प्रमाण विशेषरूपले मान्दछन्। यिनीमध्येका कुनै कुनै परम्परामा त वेदनै नमानेर वेदमाता गायत्रीको जप सम्म पनि गर्दैनन् रे भन्ने सुनिन्छ। यस मतमा सभावपश्चाचारले[1] उपासना हुन्छ।

२. राधावल्लभ– यिनीहरू वैष्णवाचारमा रत हुन्छन् र विशेष गरेर वैष्णव मन्त्रमा पारंगत हुन्छन् र चित्त स्थिर, शान्तआत्मा र वैष्णव चिह्नले युक्त भएर श्रीराधावल्लभरूप श्रीकृष्णको विभावपश्चाचारबाट उपासना गर्दछन्।

३. गोकुलेश– यस मतमा चाहिं वाहिरी शृङ्गारपटार गरेर श्रीकृष्णकै सकल बनेर गाईको स्याहार-सुसार वैष्णचार पशुभाव र पाशवकल्प जस्तो देखाएर भित्र-भित्र वीरभाव वीरकल्पबाट पूरा गन्धर्वक्रम[2]को

1. सभावपश्चाचार र विभायपश्चाचारको नियम पछि दर्शाइनेछ।

2. गन्धर्वक्रमको नियमको पछिको पटलमा चर्चा हुनेछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विधान र नियमानुसारले 'गोपालसुन्दरी'[1]को उपासना हुन्छ । यसैकारणले "अन्तःशक्तिपरो देवि वहिर्वैष्णवरूपधृक्" भन्ने वचन भएको हो ।

४. बृन्दावनी– यसमतका साधक भोगेच्छा देखि रहित, सदा प्रशन्नचित्त र विष्णुभक्तिमा पोक्त हुन्छन् । "कामिनीसङ्गचपलो वनक्रीडाविनोदधृक्" अर्थात् "तरुणीहरूसाथमा लिएर वनक्रीडागर्ने" भन्ने उक्ति भएकोले यसमतमा सभावपश्वाचारबाट उपासना न हुने जस्तो बुझिन्छ । "स्त्री ध्यनैकपरायणः" भन्ने उक्तिबाट 'वीराचार' जस्तो र "विष्णुसारूप्यतत्वज्ञः" भन्ने उक्तिबाट 'पश्वाचार' जस्तो पनि बुझिन्छ । फेरि प्रकृतिर्विष्णुको,[2]उपासना हुने हुनाले' कालीकृष्ण[3]'को उपा-

1. गोपालसुन्दरी = यिनलाई 'सुन्दरीगोपाल' पनि भन्दछन् यी महात्रिपुरसुन्दरी र श्रीकृष्णको ऐक्य पुंरूपहुन् ।

2. प्रकृतिर्विष्णु = यिनलाई 'महाकालसंहिता'ले यसो भन्छ;

3. कालीकृष्ण = काली र कृष्णको ऐक्य पुंरूप ।

"स्त्रीणांत्रैलोक्यजातानां कामोन्मादैकहेतवे ।
वंशीधरः कृष्णदेवः प्रकृतिर्विष्णुरुच्यते ॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सना हुने जस्तो वुझियो। पूर्वोक्त 'गौकुलेश', 'राधावल्लभ' र यो 'वृन्दावनी' यति तीन मतको मिश्रणबाट राधा-कृष्णमत" भन्ने "झण्डापण्डा" मत निक्लेको हो भनि भन्दछन् ।

५. पञ्चरात्र– यो मत पञ्चरात्रव्रत अर्थात् कार्तिक शुक्ल एकादशी देखि पूर्णिमा सम्मलाई 'विष्णु-पञ्चक' भन्दछन् । सोही पांच दिन व्रतवसी वर, तुलसी र पिपलको पूजागरी विवाहादि उत्सव मनाई शैवहरूको संगत र देखा-भेट सम्म पनि न गरी सभावपश्वाचारबाट उपासना हुने यो मत हो ।

६. बीरवैष्णव–यसमतका साधकहरु विष्णुक परम भक्त हुन्छन्; तर अरू सबै देवताहरूका भने निन्दक हुन्छन् । यस मतमा पनि सभावबश्वाचारबाट उपासना हुन्छ ।

७. रामान्दी– 'रा' अक्षरले 'शक्ति' र 'म' अक्षरले 'शिव' वुझाउने हुनाले यस मतबाट शिवशक्तया-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्मक मन्त्र "राम" सभावपश्वाचारले कट्टरवनेर[1] दशरथ-पुत्र रामलाई सगुणब्रह्मरूप मानेर उपासना हुन्छ। भाषामा यस मतमा साधना गर्नेहरूलाई "वैरागी" भन्दछन्। यिनमध्ये धेरै जसोले घरवार त्यागेका हुन्छन्। अर्कोथरी रामानन्दी गन्धर्वक्रमले कुलकल्पबाट 'रमसुन्दरी'[2]को उपासना गर्छन्।

८. हरिव्यासी– यस मतका साधक परोपकारी र अष्टाङ्गयोगाभ्यास गर्ने भई विष्णुमा पूर्ण भक्ति राखेर सभावपश्वाचारबाट उपासना गर्दछन्।

९. निम्बार्क– यस मतमा नित्य पुरुषसूक्तले विष्णुको शालिग्रामदिमा नित्यपूजा र "इदं विष्णुर्विचक्रमे" इत्यादि वैदिक मन्त्रको जप भई केवल वेदकै प्रमाण मानि स्मृतिलाई न गनी विष्णुमा अनन्य भक्ति राखी वहियांग पाशवकल्पबाट अन्तर्याग दिव्यकल्पबाट हुन्छ।

१०. भागवत-- यस मतका साधकहरू विष्णु

---

1. 'कट्टरवनेर' भन्नाले यिनले प्रञ्चमकारलाई यति घृणा गर्छन् कि 'तर्कारी' समेत न भनि 'साक' भन्दछन्।
2. रामसुन्दरी = त्रिपुरसुन्दरी र रामको ऐक्यपुंरूप।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भक्तिमा निपुण हुन्छन्; रातो लुगा पहिरने, शैवको द्वेष-गर्ने र तिनको संसर्ग मात्रै हुदा पनि स्नान गर्ने अनि विष्णुतत्वमात्रै जान्ने हुन्छन् । यस मतमा सभाव पश्वाचारबाट उपासना हुन्छ ।

"श्रीमद्भागवत"को एकादशस्कन्धमा भागवत-हरूमा "उत्तम भागवत" र "प्राकृत भागवत" भन्ने दुई भेद दर्शाएको छ । तिन मध्ये 'उत्तम भागवत"को लक्षण यस्तो बताएको छ ।

"गृहीत्वापीन्द्रियैरर्थान् यो नद्वेष्टि न हृष्यति ।
विष्णोर्मायामिदं पश्येत् सवै भागवतोत्तमः ॥"

भावार्थ– "इन्द्रियको प्रेरणाबाट भएको सबै कुरादेखि हर्ष र विस्मात् नमानेर 'सबै विष्णुकै माया हो' भन्ने संझेर उपासनागर्ने साधक उत्तम वैष्णव हुन् ।"

फेरि 'प्राकृश भागवतको' लक्षण यस्तो बताएको छ ।

"आचार्यामिव हरये पूजां यः श्रद्धयेहते ।
नतद्भक्तेषु चान्येषु स भक्तः प्राकृतः स्मृतः ॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भावार्थ—"श्रद्धापूर्वक विष्णुको पूजा आचार्य-द्वारा गराउने र अरुमा भक्ति नगर्ने प्राकृत भागवत हुन् ।"

अब वैष्णवहरूको निर्णय बारेमा "शक्तिसंगमतन्त्र"मा यस्तो उक्ति छ ।

"तेषां व्रतादिकानां तु निर्णयः कथ्येते क्रमात् ।
एकादशी सदोपोष्या भक्तियुक्तेन चेतसा ॥
एकादश्यामहोरात्रं न भोक्तव्यं कदाचन ।
मुहूर्तंविद्धादशमी ततोरौद्रींसमागमः ॥
तस्यां तिथौ न भोक्तव्यं दशम्यां भोजनं चरेत् ।
आद्या शैवेति विख्याता द्वितीया मोहिनी भवेत् ॥
द्वाभ्यां त्वित्थमुपोष्यैव सर्वैः पापैः प्रमुच्यते ।
द्विधा तिथिर्यदा देवि तदेवं परिकीर्त्तितम् ॥
यद्यप्येकादशी पूर्ण द्वितीयेह्नि न विद्यते ।
द्वितीये वृद्धिदा देवि द्वादशी यदि दृश्यते ॥
द्वितीये समुपोष्यैव सर्व पापैः प्रमुच्यते ।
स्मार्तानां मतमाख्यातं वैखानसमतं शृणु ॥
एकादश्यांतुयः कश्चित् प्रमादाद्भोजनं चरेत् ।
चत्वारि तस्य नस्यन्ति आयुर्विद्यायशोबलम् ॥
कोद्यर्वुदं सन्निवसेत् रौरवे नरके प्रिये ।
गौगुलेशमतं देवि कथ्यते शृणु साम्प्रतम् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्मार्तवैष्णवयो र्मध्ये विवादो हि महानयम् ।
परस्परं प्रशंसन्ति निन्दन्ति च परस्परम् ॥
ते मूढा नैव जानन्ति पाखण्डशास्त्रमोहिताः ।
विष्णुरूपधरः शम्भुः शम्भुरूपधरो हरिः ॥
अत्रार्थे प्रत्ययो देवि रुद्रा एकादशास्मृताः ।
विष्णुं मिलित्वा देवेशि द्वादशी परिकीर्तिता ॥
एकादशी तु रुद्रस्य द्वादशी श्रींपतेः स्मृता ।
कलामस्त्रान्विता वृद्धा मुहूर्तसंयुतापि चेत् ॥
गौकुलेशमतं प्रोक्तं गोपालसुन्दरी परः ।
पूणमेकादशीं प्राप्य द्वादश्यां समुपोषणम् ॥
स्मार्तद्वेषपरो भूत्वा प्रमादाद्यः समाचरेत् ।
एकादशी हानिदा स्यात् पुत्रायुर्धननाशिनी ॥
स्मातद्वेषपरो भूत्वा एकादश्यां तु भोजनम् ।
पाखण्डमतमाश्रित्य सूर्यारुणकलाधंतः ॥
पक्षमाश्रित्य देवेशि यः करोति नराधमः ।
कोघर्बुदयुगं देवि नरके निवसेद्ध्रुवम् ॥
विष्णुद्वेषपरो भूत्वा रोहिण्यां भोजनं चरेत् ।
स दारिद्री महापापी तस्य पातो भविष्यति ॥
अरुणोदयवेधस्तु श्रीनिम्वार्कमतं मतम् ।
सूर्योदयाख्यवेधो हि श्रीवैखानस सम्मतम् ॥
कालबोधो महेशानि वैष्णवानां प्रकीर्तितः ।
मुहूर्तवेधो देवेशि स्मार्तानां परिकीर्तितः ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अथात्र पञ्चरात्राणां आद्यपक्ष प्रकीर्तितः ।
कल्पितं वैधमाश्रित्य द्वादशीं कल्पयन्ति च ॥
नलज्जन्ति च ते मूढाः प्रोक्तास्ते यमकिंकराः ॥"

भावार्थ–"एकादशीमा सधैं व्रत वसी भोकै रहने गर्नु, मुहुर्तविद्धा दशमी पछि एकादशी परेमा त्यस दिनमा खानु हुदैन दशमीमा खानु हुन्छ । त्यस्तो परे अघिल्लो तिथिलाई 'शैवा' र पछिल्लोलाई 'मोहिनी' भन्दछन् । यी दुई मिलेको दिनमा उपवास गरे सबै पाप नाशिन्छ । अघिल्लो दिन एकादशी मात्रै परी भोलिपल्ट द्वादशी पऱ्यो भने भोलिपल्ट नैं उपवास गर्दा सबै पाप नाशिन्छ । यो चाहिं स्मार्तवैष्णवको मत हो । अब वैखानसको मत यस्तो हुन्छ । एकादशीमा कसैले जवर्जस्ती गरी कुनै वस्तु खाए त्यसको आयु, विद्या, यश र बल हराउंछन् र सो व्यक्ति कोटि अर्बुद बर्ष सम्म रौरव नरक मा जाकिन्छ । फेरि गौकुलेशको मतले भने स्मार्त र वैष्णवहरूको विचमा वाद–विवाद उठाएर परस्परमा निन्दा र तारिफ चलाउने गर्छन् । 'कहिले शिवले विष्णुरूप र कहिले विष्णुले शिवरूप धारण गर्ने गर्छन्'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भन्ने कुरा ती पाखण्डशास्त्रको मोहले लठ्ठिएका मूर्खहरूले चालै पाउंदैनन्। एकादश रुद्रमा विष्णु बाह्रौं हुन जांदा, एकादशी रुद्रको र द्वादशी विष्णुको तिथि हुन गयो। कलामात्रै अर्थात् मुहूर्त मात्रै पनि द्वादशीमा एकादशी पर्ने आए सो दिन उपवास गरेर गोपालसुन्दरीको उपासना गर्नु पर्छ। स्मार्तको द्वेष गर्नु, पाखण्डमतमा लाग्नु, गोपालसुन्दरीको उपासक बन्दैमा विष्णुको द्वेष गर्नु अनि रोहिणी नक्षत्र परेको दिनमा खानु हुदैन, त्यसो गरे महापातकी ठहरिएर धेरै कालसम्म नरकमा जकडिनु पर्छ। निम्बार्कको मतले अरुणोदय भेद अर्थात् द्वादशीको दिनमा अरुणोदय सम्म मात्रै एकादशीले भेटेको, वैखानसको मतले सुर्योदय भेटेको, वैष्णवको मतले एक कला मात्रै भेटेको अनि स्मार्तको मतले मुहूर्तमात्र भेटेको द्वादशीलाई नै एकादशी मानेर उपवास गर्नै गर्नु पर्दछ। पञ्चरात्रको मतले आद्यपक्ष अर्थात् अरुणोदय भेद मान्नु पर्छ। यसलाई द्वादशी संज्ञीए यमराजको कमारो बन्नु पर्दछ।"

यसमा पनि वैज्ञानिक रहस्य हुदोहो, तर मेरो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यो परम्परा न हुनाले केवल दिग्दर्शनरूप शास्त्रोक्तिसम्म दर्शाएको हुँ। अरू अरू मतको पनि यस्तै गर्ने छु। मलाई त केवल आफ्नै परम्पराको गन्धर्वक्रमबाट हुने श्रीविद्योपासना विषयमा अलिअलि वैज्ञानिक रहस्यको झलक सम्मको ज्ञान हुनाले सो विषयको चर्चा हुने पालोमा यथाज्ञान त्यसको वर्णन गर्ने छु।

अब शैव भेदको वर्णन गर्दछु। "शक्तिसंगम-तन्त्र"ले शैवको सात थरी नाम–भेद यस्तो बताउंछ।

"शिखी मुण्डी जटी चैव द्वित्रिदण्डी क्रमेण च।
एकदण्डी महेशानि बीरशैव स्तथैव च॥
सप्तपाशुपताः प्रोक्ताः शैवमार्गप्रवर्तकाः॥"

भावार्थ–"शिखी, मुण्डी, जटी, द्विदण्डी, त्रिदण्डी, एकदण्डी, अनि बीरशैव यति सातथरी पाशुपत अर्थात् शैव हुन्।"

'शैव'को पर्याय वाचक शब्द 'पाशुपत' पनि हो। सोही तन्त्रले थरीथरीका शैवहरूका लक्षण यस्तो बताउंछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"अथ पाशुपतानाञ्च वासनां शृणु पार्वति ।
शिखी पाशुपतो देवि शिखासूत्रधरः शुभः ॥
समाधितत्परो देवि समाधौ शिवपीठ धृक् ।
रुद्राक्षं च तथा भस्म लिंगं शैवाभिदं शिवे ॥
प्रसन्नात्मा शान्तचित्तो ब्रह्मचारी प्रकीर्तितः ।
मतं श्रीबिन्दुमालिन्याः समाश्रित्य प्रतिष्ठति ॥
मुण्डी त्रिंशद्विधो देवि तारासूक्ते प्रकाशितः ।
तत्र पाशुपताचार सम्पन्नो मुण्डितो भवेत् ॥
जठी पाशुपतो देवि सोऽपि दशविधः स्फुटम् ।
त्रिजटैकजटाधारी तथा वहुजटाधरः ॥
नग्नस्तपस्वी शान्तात्मा देहक्लेशपरायणः ।
क्रमत्रितयसम्पन्नो जटी पाशुपतः स्मृतः ॥
द्विदण्डी तु महेशानि वाङ्मनोदण्डसंयुतः ।
कायवाङ्मनसोदण्डस्त्रिदण्डी परिकीर्तितः ॥
बीरशैवः प्रसिद्धोऽत्र पूर्वमेव प्रकाशितः ॥"

यस वचनको आधारमा आफूले जाने बुझे सम्मको चर्चा गर्छु ।

१. शिखी—यस मतमा शिखासूत्र कायम राखेर द्विजत्वमै रही योगाभ्यासादिद्वारा समाधिगर्ने, खरानी घस्ने, रुद्राक्ष धारण गर्ने र ब्रह्मचर्यमा रहने गरी सभा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वपाशवकल्पबाट उपासना हुने हुन्छ । कुनै कुनै गृहस्थी-हरूबाट पनि एकपत्नीव्रतमा रही 'बिन्दुभालिनीको' मतले सभावपाशवकल्प द्वारा उपासना हुन्छ ।

२. **मुण्डी**—'यस मतमा "तारासूक्ततन्त्र" मा वर्णन भए झैं तीस भेद हुन्छ, अर्थात् तीस थरीका मुण्डीशैवहरू हुन्छन् । शिखासूत्र त्यागेर सन्यासी हुनेहरू मध्ये शवाचार गर्नेहरूको यो मत हुन्छ । यिनमा कसैको पाशवकल्प र कसैको वीरकल्पबाट उपासना हुने प्रथा हुन्छ ।

३. **जटी**—यस मतमा एक जटा राख्नेवा बाङ्गो जुरो बांधने, नाङ्गो रहने र तपस्वी हुने भएर शारीरिक क्लेश गरेर सभावपश्वाचारबाट उपासना हुन्छ । यस मतमा बत्तीस भेद हुन्छ । यस मतका उपाशकलाई भाषामा 'नङ्गाबाबा' भन्दछन् । यिनमा कसैको तीन जटा, कसैको एक जटा र कसैको धेरै जटा हुन्छ ।

४. **द्विदण्डी**—यस मतमा अन्तर्यागबाट पाश-वकल्पबाट उपासना हुन्छ । मनले र वचनले दण्डवत् हुने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुनाले यस मतलाई 'द्विदण्डी' भन्दछन् ।

५. त्रिदण्डी–यस मतमा पनि उस्तै हो, तर देह, मन र वचनले दण्डवत् गर्ने हुनाले 'त्रिदण्डी' भयो ।

६. एकदण्डी–यसमा पनि सबै उस्तै भई केवल मनले मात्रै दण्डवत् हुने हुनाले एक दण्डी भयो ।

७. बीरशैव–यस मतमा अरूदेवताको निन्दा र एक शिवको मात्रै परम भक्तिले पाशवकल्पबाट उपासना हुन्छ ।

'शक्तिसंगमतन्त्रमा' शैवव्रतादिनिर्णय यस्तो छ

"चतुर्दशीव्रतासक्तः प्रदोषव्रततत्परः ।
शनिप्रदोषे देवेशि महाव्रतपरायणः ॥
दारिद्र्यदहनं नाम व्रतमेतत्प्रकीर्तितम् ।
कृष्णपक्षे विशेषेण शुक्लपक्षेऽपि पार्वति ॥
अष्टमी सप्तमी सन्धौ प्रदोषव्रतमीरितम् ।
सायंकाले त्रयोदशीं संप्राप्य शनिवासरे ॥
विशेषेण शाम्भवानां प्रदोषव्रतमीरितम् ।
एतद्व्रतसमायुक्तः शिवपूजापरायणः ॥
शनिप्रदोषे संप्राप्ते शकुनं संश्रृणु प्रिये ।
शनिवारे सोमवारे पुस्तकं चाभिमन्त्रयेत् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आदित्यवासरे देवि कुमारीं च प्रपूजयेत् ।
शनिप्रदोषमाश्रित्य स्थाने शैवविभूषिते ॥
पश्चिमाभिमुखं लिङ्गं नन्दिहीनं पुरातनम् ।
चतुरः पञ्चक्रोशान्ते न लिङ्गं दृश्यते शिवे ॥
तदेकलिङ्गमाख्यातं तत्र सिद्धिरनुत्तमा ।
ऊर्ध्वपुण्ड्रं त्रिपुण्ड्रं वा पट्टबन्धनमेवच ॥
अगस्तिपत्राकारं वा स्त्रीणां सुप्तकरेण च ।
द्वादशाष्टचतुर्योगात् ऊर्ध्वपुण्ड्रं प्रकीर्तितम् ॥
शिवविष्णुशिवायुक्तं त्रिपुण्ड्रं परमेश्वरि ।
शनिप्रदोषे ध्टत्वा तु शिवं पूज्य प्रयत्नतः ॥
भोजयेद्ब्राह्मणान् देवि अकाण्डादिदमीरितम् ॥"

भावार्थ–"चतुर्दशी र प्रदोषमा व्रतबस्ने अनि शनिप्रदोषमा त झन महा व्रत बस्ने गर्नु पर्दछ । यस व्रतलाई 'दारिन्द्यदहन' व्रत भन्दछन् । विशेष गरेर कृष्ण-पक्षमा र शुक्लपक्षमा पनि सप्तमी र अष्टमीको सन्धि पर्न गएको दिन 'प्रदोष' हुन्छ । शनिवार सायंकालमा त्रयोदशी पर्न गए त्यो दिन शाम्भवहरूको (शैव र शाक्तहरूको) 'शनिप्रदोषको' दिन हुन्छ । यी पर्वहरूमा व्रत बसेर शिवको पूजा गर्नु पर्छ । शनि प्रदोषको सकुन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तो हुन्छ। शनिवार र सोमवार पुस्तक अभिमन्त्रण गर्नु र आदित्यवार कुमारी–पूजा गर्नु। पुरानो, नन्दि आसपासमा न भएको र पश्चिमसुहुडा भएको एउटा मात्रै शिवलिङ्ग रहेको ठाउंलाई 'एकलिङ्ग क्षेत्र' भन्दछन्। सोही शिवलिङ्गको शनिप्रदोषमा पूजा गरे अनुत्तम सिद्धि हुन्छ। मर्दनाले उर्ध्वपुण्ड्र (ठाडो धर्के) वा त्रिपुण्ड्र (तेर्सो तीन धर्के) टिका[1] लगाएर र धोतिपाटा कसेर अनि जनानाले तेर्सो गरेर अगस्तिको पातको वान्कीको टिका लगाएर मारी पहिरिएर शनिप्रदोषमा शिवको पूजा गर्नु। बाह, आठ वा चार ठाडो टिकालाई 'उर्ध्व-पुण्ड्र' र शिव, विष्णु अनि देवीरूप तीनधर्के तेर्सो टिका-लाई 'त्रिपुण्ड्र' भन्दछन्। यस प्रकारले शिव पूजा गरेर ब्राह्मण–भोजन गराउनु पर्छ।"

'शाम्भवको' बारेमा 'शक्तिसंगमतन्त्र मा यस्तो उक्ति छ।

"सर्वोत्तमो भवेच्छैवः शाम्भवः परिकीर्तितः ॥"

---

1. टिकाको वैज्ञानिक रहस्य अतिगहन हुनाले पछि चर्चा हुनेछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्–"सबै भन्दा उत्तम शैवमार्गीहरूलाई 'शाम्भव' भन्दछन् ।"

यो 'शाम्भव' भनेको कोहो भने देवताको सगुणरूपको षडाधार अर्थात् मूलाधारादिचक्रको अधिष्ठाता देवताको चिन्तनगरेर धारणायोगाभ्यास द्वारा साधनागर्ने साधक हो । "शं (सुखं) भवतीति शंभुः" अर्थात् "सुख हुने शम्भुः" फेरि "शम्भोरयं शाम्भवः" अर्थात् "शम्भुको यो शाम्भव" भन्ने अर्थगरेर शाम्भवदीक्षा र पूर्वोक्त मतले "सर्वे जीवाः पशवः" अर्थात् "सबै जीव पशुहुन्", "(पा रक्षणे पातेर्डतिः) पालयतीति पतिः" अर्थात् "पालना गर्ने पति" फेरि "पशूनां (जीवानां) पतिः पशुपति" अर्थात् "सबै जीवलाई पालन वा रक्षागर्ने पशुपति" भन्ने संज्ञी "पशुपते रिदं पाशुपतम्" अर्थात् "पशुपतिको यो पाशुपत" भन्ने अर्थगरेर हाम्रो श्रीविद्याको मतमा श्रीविद्याको अङ्ग पूर्ण गराउनाको लागि "पाशुपतत्रयदीक्षा" को उपदेश पाएर पशुपतिको शिवलिङ्गमा पशुपतिको र सो लिङ्ग माथि राखिएको वा भावना गरिएको श्रीयन्त्रलाई ती पशु-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पतिको ज्योतिर्चक्र भित्र रहेको संझी पूजा हुन्छ र तिनलाई आफ्नो सूक्ष्मदेहमा ऐक्यको भावनाले षडन्वयशाम्भवको चिन्तन हुन्छ। यस प्रकारले अन्तर्याग र वहिर्याग दुवैको साधना गर्दै गरी सच्चा श्रीविद्योपासकले उपासना गर्ने गर्छन्। यो उपासना गन्धर्वक्रमबाट कुलकल्पद्वारा हुन्छ। यस्ता उपासक उत्तम शैव भए पनि 'श्रीविद्योपासक' नै कहलिन्छन्।

'शाम्भवको' विषयमा पछिको पटलमा "राजाधिराजयोग" को वर्णन हुदा यथा ज्ञान चर्चा गर्ने छु। ऐले यहा 'पाशुपत' को वर्णन यथाज्ञान गर्छु।

पाशुपतदीक्षाको तीन क्रम अथवा सिंढी हुन्छन्। तिनमध्ये सर्बप्रथम 'लघुपाशुपतदीक्षा' षडक्षरमन्त्रको (यसलाई 'पाशुपतास्त्र' पनि भन्दछन्), अनि 'मध्यमपाशुपतदीक्षा' एकादशाक्षरी विद्याको त्यस पछि "महापाशुपतदीक्षा" ब्रह्मगायत्री मिश्रित र व्याहृतिपुटित एकोनचत्वारिंशदक्षरी (उनन्चालीस अक्षरको) विद्याको हुन्छन्। यिनमा मन्त्रकै अनुसार ध्यान वा रूप पनि फरक फरक तीनै थरीका हुन्छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तिन मध्ये लघुपाशुपतरूप पशुपतिको ध्यान यो हो।

"मध्याह्नार्कसमप्रभं शशिधरं भीमाट्टहासोज्ज्वलम् ।
त्र्यक्षं पन्नगभूषणं शिखिसरखाश्मश्रुस्फुरन्मूर्धजम् ॥
हस्ताब्जै स्त्रिशिखं समुद्मरमसिं शक्तिंदधानं विभुम् ।
दंष्ट्रा भीमचतुर्मुखं पशुपतिं दिव्यास्त्ररूपं स्मरेत् ॥"

अन्वयः–"मध्याह्नार्कसमप्रभम् शशिधरं भिमाट्टहासोज्वलम् त्र्यक्षं पन्नग भूषणं शिखिसखाश्मश्रुस्फुरन्मुर्धजम् त्रिशिखं समुद्गरं असिं शक्ति हस्तैः दधानं दंष्ट्रा भीमचतुर्मुखं विभुं दिव्यास्त्ररूपं पशुपतिं स्मरेत् ।"

व्याख्यार्थ–(मध्याह्नार्क समप्रभम्) मध्याह्नकालका सूर्य झैं कान्ति भएका; निर्गुणार्थमा, सूर्य मध्याह्नकालमा अति प्रचण्ड हुनाले यस पदबाट अति प्रचण्ड र यो संहार मूर्ति हुनाले संहार गर्नमा तत्पर भन्ने पनि बुझिन्छ; किनभने यो मन्त्र 'नाशसूचक' 'फडन्त' छ। (शशिधरं) चन्द्रमा पहिरिएका; निर्गुणार्थमा, यो संहार मूर्त्ति हुदा यहा 'चन्द्रमा' भन्नाले 'अमृत' न संझी 'नाद' भन्ने संझन पर्दा यस पदबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'शवस्वरूपी' भन्ने संझनु पर्छ। (भीमाट्टहासोज्वलम्) डरलाग्दो गरी खित्काछोडेर हांसीरहेका; निर्गुणार्थमा, परमानन्दरूपी। (त्र्यक्षं) तीन नेत्र भएका; निर्गुणार्थमा, तीनबिन्दुसमष्टिरूपी। (पन्नगभूषणं) सर्पको गहना पैरिएका; निर्गुणार्थमा, विषरूप नै सर्प हुनाले यस पदबाट "सबै किसिमका विषहरूलाई कब्जामा राखेका" भन्ने बुझिन्छ। (शिखिसखाश्मश्रुस्फूरन्मूर्धजम्) माथभाथि शिखारूप जुरो र ओंठमाथि जुंघा भएका; निर्गुणार्थमा 'जुरो स्त्रीसूचक र 'जुंघा पुंसूचक' हुनाले यस पदबाट 'प्रकृतिपुरुषात्मकरूप' भन्ने बुझिन्छ। (त्रिशिखं, समुद्गरं; असिं, शक्तिं हस्तैः दधानं) त्रिशिख, मुंग्रो, तरवार र शक्ति चार बाहुमा धारण गरेका; निर्गुणार्थमा, त्रिविधोत्पातनाशक सूचक त्रिशिख, संकल्पविकल्पात्मक सूचक मुद्गर, विजयसूचक तरवार अनि बलसूचक शक्ति चार आत्मासूचक चार बाहुमा धारण भएबाट ती' सबैलाई आफ्नै आत्मामा बिलीन गराएर तद्रुप भएका' भन्ने बुझिन्छ। (दंष्टानभीमचतुर्मुखं) दाहानिक्लेको भयङ्कर चारमुख भएका; निर्गुणार्थमा सत्वगुणसूचक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दाहा, ब्रह्मसूचक भयङ्कर अनि परा, पश्यन्ती, मध्यमा र वैखरी यति चार नाडीसूचक चारमुखलेयुक्त भएको हुनाले यस पदबाट 'सत्वगुणात्मक ब्रह्मनाडीरूप, भन्ने बुझिन्छ। (विभुं) सर्वव्यापि। (दिव्यास्त्ररूपं) दिव्य अस्त्ररूप भएका। (पशुपतिं भजे) पशुपतिलाई भज्दछु। यो पशुपतिको तामसी ध्यान अर्थात् रूपहो।

अब मध्यपाशुपतरूप पशुपतिको ध्यान यो हो।

"ध्यायेत् पशुपतिं सम्यङ् मन्त्री चैकाग्र मानसः।
पञ्चवक्त्रं दशभुजं प्रतिवक्त्रत्रिलोचनम्॥
अग्निज्वालानिभं श्मश्रुसंयुतं भीमदंष्ट्रकम्।
खड्गं वाणानक्षशूलं शक्तिं परशुमेवच॥
दधानं दक्षिणैर्हस्तैरूर्ध्वादिक्रमतो गुरुम्।
खेतचापौ कुण्डिकाञ्च त्रिशूलं ब्रह्मदण्डयुक्॥
वामहस्तैश्च बिभ्राणं मध्यान्हार्कसमप्रभम्।
नानाभरणसंदीप्तं पन्नगेन्द्रै रलंकृतम्॥
स्फटिकौघनिभं शान्तं सर्वरक्षाकरं स्मरेत्॥"

अन्वयः—"पञ्चवक्त्रं दशभुजं प्रतिवक्त्रत्रिलोचनं अग्निज्वालानिभं मश्रुसंयुतं भीमदंष्ट्र खड्गं बाणान्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अक्षशूलं शक्ति परशुं एव च दक्षिणैः हस्तैः ऊर्ध्वादिक्रमतः दधानं खेटचापौ कुण्डिकां च त्रिशूलं ब्रह्मदण्डयुक् वामहस्तैः च बिभ्राणं मध्याह्नार्क समप्रभम् नानाभरणसंदीप्तं पन्नगेन्द्रैः अलंकृतं पशुपतिं मन्त्री सम्यक् एकाग्रमानसः ध्यायेत् । सर्वरक्षाकरं (तं) स्फटिकौघनिभं शान्तं स्मरेत् ।"

व्याख्यार्थ–(पञ्चवक्रं) पांच मुख भएका; निर्गुणार्थमा, पञ्चतत्वात्मक । (दशभुजं) दशबाहु भएका; निर्गुणार्थमा, दशै दिशामा व्याप्तभएको आत्मारूपी । (प्रतिवक्त्रत्रिलोचनं) हरेक मुखमा तीन तीन नेत्र भएका; निर्गुणार्थमा, मद्रचित "निगमागमवैज्ञानिकसार" को षष्ठ पटलमा चर्चा भए झैं पांचै प्रकारको 'बिन्दुत्रयसमष्टिरूपी' र कसैको मतमा पन्द्र नेत्र हुनाले र पञ्चतन्मात्राको पन्द्र गुण हुदा 'तन्मात्रारूपी' पनि भन्दछन् । (अग्निज्वालनिभं) आगोकोज्वाला झैं लालवर्ण भएका; निर्गुणार्थमा, प्रकाशरूपी । (श्मश्रुसंयुतं) जुंघा भएका; निर्गुणार्थमा, पुं अर्थात् विकर्षणात्मकरूपी । (भीमदंष्ट्रयुक्) भयङ्कर दाह्रा भएका; निर्गुणार्थमा सत्व-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गुणात्मक। (खड्गं, वाणान् अक्षशूलं शक्तिं परशुं एवच दक्षिणैः हस्तैः ऊर्ध्वादि क्रमतः दधानं) खड्ग, पञ्चवाण, नन्ग्रिने भाला, शक्ति अनि वञ्चरो दाहिने पट्टिको माथिल्लो वाहुदेखि क्रमैले धारणा गरेका; निर्गुणार्थमा, सिद्धि सूचक खड्ग, जृम्भणसूचक पञ्चवाण, वायव्यपात अर्थात् हवाकोवेगसूचक भाला, वलसूचक शक्ति अनि आग्नेयताप अर्थात् तातोरापसूचक वञ्चरो आत्माको प्रकाशांश सूचक दक्षवाहुमा धारण भएबाट पूर्वोक्त पांच प्रकारका प्रकाशात्मकरूपी। (खेटचापौ, कुण्डिकां च त्रिशूलं ब्रह्मदण्डयुक् वामहस्तैः च विभ्राणं) ढाल, धनुः, कमण्डलु, त्रिशूल अनि ब्रह्मदण्ड वामवाहुमा धारण गरेका; निर्गुणार्थमा, रक्षासूचक ढाल, मोहनसूचक धनुः, तृप्तिसूचक कमण्डलु, त्रिविधोत्पातकनाशकसूचक त्रिशूल अनि ब्रह्माण्डको परिवर्तनसूचक ब्रह्मदण्ड आत्माको विमर्शांशसूचक वामवाहुमा धारण भएबाट पूर्वोक्त पांच-प्रकारका विमर्शात्मकरूपी। (मध्याह्नार्कसमप्रभं) मध्याह्न कालका सूर्य झै कान्ति भएका; निर्गुणार्थमा माथिवताए झैं संहारात्मक हुदा "तमो गुणात्मक"। (नानाभरण-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संदीप्तं) नानातरहको गहनागुरुवा पहिरिएर उज्यालो भएका; निर्गुणार्थमा, "रजोगुणात्मक"। अतः सेतो दाँत 'सत्व', सूर्यकिरण 'तम' र गहना 'रज' हुनाले 'त्रिगुणात्मक' भन्ने बुझीन्छ। (पन्नगेन्द्रैरलंकृतं) नाग-हरूका गहना पहिरिएका; निर्गुणार्थमा, विषलाई कब्जामा राखेका। (पशुपतिं मन्त्री सम्यक् एकाग्रमानसः ध्यायेत्) मन्त्रजापकले एकाग्रचित्त भएर पशुपतिलाई ध्यान गरोस्। (सर्वरक्षाकरं) सबैलाई रक्षागर्ने। (शान्तं) शान्तरूपी। (स्फटिकौघनिभं) स्फटिक झैं काञ्चन अर्थात् सेतोवर्ण भएका। (स्मरेत्) संझनु।

यो पशुपतिको त्रिगुणात्मक ध्यान हो। पछिल्लो पादको मतलव "दुःखदारिद्र्यादि र ग्रहपीडादि नाशको लागि मध्यान्हार्क झैं गाढारातो वर्णका तमोगुणी, वैभव, ऐश्वर्य र ख्याति इत्यादिको लागि अग्निज्वाला झैं सुनौला वर्णका रजोगुणी अनि सर्वरक्षा र शान्त्यादि कर्मको लागि स्फटिक झैं सेतोवर्णका सत्वगुणी पूर्वोक्त रूपको ध्यान हुन्छ" भन्ने हो।

अब महापाशुपतरूप पशुपतिको ध्यान यस्तो हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"सूर्यकोटिप्रतीकाशं चन्द्रकोटिसुशीतलम् ।
उत्तमप्तहेमसंकाशं त्रिकोणोपरिसंस्थितम् ॥
पूर्वे तप्तसुवर्णाभं शान्तं विष्णात्मकास्यकम् ।
दक्षिणे भैरवास्यञ्च श्यामंदंष्ट्रांकुरान्वितम् ॥
क्षीरकुन्देन्दु धवलं कात्मकं पश्चिमाननम् ।
उत्तरे बदनं गौरं गौरीशङ्कररूपतम् ॥
जटाजूटं चन्द्रचूडं प्रतिवक्त्रत्रिलीचनम् ।
ऊर्ध्वे ज्योतिर्मयं वक्रं शिखाकारं तदन्तरे ॥
श्रीचक्रराजचिह्नन्तु परब्रह्मात्मकं विभुम् ।
नाभौ कालाग्निरुद्राख्यबदनं प्रोज्वलाननम् ॥
पन्नगाभरणोपेतं रुद्राक्षैः समलङ्कृतम् ।
नानारत्नोज्वलाङ्गञ्च मुण्डमालाविभूषणम् ॥
विल्वपत्रमयीमालामापादान्तावलम्बितम् ।
दक्षिणैर्वेददोर्दण्डैरभीतिदानमुत्तमम् ॥
वरदं वामहस्तैश्च चतुर्भिर्दधतं शिवम् ।
एवमष्ट भुजं देवं सदा षोडशवार्षिकम् ॥
खगान्तरे शून्यमध्ये शून्यपद्मोपरिस्थितम् ।
श्रीमत्पशुपतिं ध्यायेत् सच्चिदानन्दलक्षणम् ॥"

अन्वय—"सूर्यकोटिप्रतीकाशं चन्द्रकोटिसुशीतलं उत्तमप्तहेमसंकाशं त्रिकोणोपरिसंस्थितं पूर्वे तप्तसुवर्णाभं

228
Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शान्तं विष्ण्वात्मकास्यं, दक्षिणे श्यामं दन्ष्टांकुरान्वितं भैरवास्यं, पश्चिमाननं क्षीरकुन्देन्दुधवलं कात्मकं, उत्तरे गौरीशङ्कररूपकं गौरं वदनं जटाजूटं, चन्द्रचूडं, प्रतिवक्त्रं-त्रिलोचनम्, ऊर्ध्वे ज्योतिर्मयं वक्त्रं शिखाकारं तदन्तरे विभुं परब्रह्मात्मकं श्रीचक्रराजचिह्नं, नाभौ प्रोज्वलाननं कालाग्निरुद्राख्यवदनं पन्नगाभरणोपेतं रुद्राक्षैः समलङ्कृतं नानारत्नोज्वलाङ्गं च मुण्डमालाविभूषणम् विल्व-पत्रमयीमालां आपादान्तावलम्बितम् दक्षिणैः वेददोर्दण्डैः अभीतिदानं उत्तमम् चतुर्भिः वामहस्तैः वरदं दधतं शिवं एवं अष्टभुजं सदा षोडशवार्षिकं देवं खगान्तरे शून्यमध्ये शून्यपद्मोपरिस्थितं सच्चिदानन्दलक्षणम् पशुपतिं ध्यायेत्।"

व्याख्यार्थ–(सूर्यकोटिप्रतिकाशं चन्द्रकोटि-सुशीतलं) कोटिसूर्य झैं प्रकाशमान् र कोटिचन्द्र झैं शीतल, निर्गुणार्थमा, 'अग्नीषोमात्मकं जगत्' भन्ने वचनानुसार 'जगत्स्वरूपी' भन्ने बुझिन्छ। (उत्तप्तहेम-संकाशं) तताएको सुन झैं वर्णभएका, निर्गुणार्थमा, 'तप्त' भन्दा 'मूलप्रकृति' सूचक हुनाले यस पदबाट 'ह्रीं' भन्ने र 'हेम' अर्थात् सुन 'ऐश्वर्य' सूचक हुदा यस पदबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'श्री' भन्ने बुझिएकोले 'ह्रीश्री' अर्थात् 'ह्रीस्सी' रूप भन्ने बुझिन्छ। (त्रिकोणोपरि संस्थितं) त्रिकोणाकारयन्त्र-माथि बसेका, निर्गुणार्थमा सम्वित् सूचक त्रिकोणमाथि बसेका हुनाले मद्रचित 'निगमागमवैज्ञानिकसार' को पष्ठ पटलमा वर्णित झैं कामकलाको बिन्दवावस्था सम्वित् रूप त्रिकोणको माझमा मिश्रबिन्दु रहने हुनाले यस पदबाट 'मिश्रबिन्दु' भन्ने बुझिन आयो, फेरि मद्रचित 'तान्त्रिक-विज्ञानदर्पण' मा वर्णित झैं मिश्रबिन्दु सूर्यरूप हुनाले र 'कालात्मा दिनकृत्' भन्ने शास्त्रोक्ति हुनाले यस पदबाट 'कालात्मारूपी' भन्ने बुझिन्छ। (पूर्वे तप्तसुवर्णाभं शान्तं विष्ण्वात्मकास्यकम्) पूर्वतिर तताएको सुन झैं वर्णभएको शान्त विष्णुरूपी मुहार, निर्गुणार्थमा, ह्रीस्सीरूप सत्व-गुणात्मक मुख। (दक्षिणे श्यामं दंष्ट्राङ्कुरान्वितम् भैर-वास्यं) श्यामवर्ण भएको दाह्रानिस्किएको भैरवरूपी मुहार, निर्गुणार्थमा, अन्धकाररूप तमोगुणी मुहार। (पश्चिमाननं क्षीरकुन्देन्दुधवलं) पश्चिममा दुध, चन्द्र र कुन्दपुष्प झैं सेतो ब्रह्माको रूप भएको मुहार, निर्गुणार्थमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

क्षीरकुन्देन्दुरूपी प्रकाशात्मक रजोगुणी मुहार। (उत्तरे गौरीशङ्कररूपकं गौर वदनम्) उत्तरमा शिवशक्तात्मक गोरो मुहार, निर्गुणार्थ चणकाकार 'तान्त्रिकविज्ञान दर्पणमा" वर्णित झैं गुणातीत मुहार। (जटाजूटं) माथमा जुरोबाँधेका, निर्गुणार्थमा सबै प्रपञ्चलाई बाँधेर आफ्नो अधिनमा राखेका। (चन्द्रचूडं) माथमा चन्द्रमा पहिरिएका, निर्गुणार्थमा अमृतरूपी। (प्रतिवक्त्र त्रिलोचनं) हरेक मुखमा तीन तीन आँखा भएका, निर्गुणार्थमा बिन्दुत्रयसमष्टिरूपी। ऊर्ध्वे ज्योतिर्मयं वक्त्रं शिखाकारं तदन्तरे विभुं परब्रह्मात्मकं श्रीचक्रराजचिह्नं) माथितिर वत्तिको शिखा झैं ज्योतिर्मय मुहार र त्यस भित्र श्रीयन्त्रको चिह्न भएको, निर्गुणार्थमा, अनन्त ब्रह्माण्डरूप श्रीयन्त्रलाई आफ्नो भित्र राखेर सर्व साक्षी भई रहेका। (नाभौ प्रोज्वलाननं कालाग्निरुद्राख्यवदनं) नाभिस्थानमा बलिरहेको कालाग्निरुद्रात्मक मुहार, निर्गुणार्थमा पनि सोही बुझिन्छ। (पन्नगाभरणोपेतं)

"क्षीरकुन्देन्दु" को निर्गुणार्थ को वर्णन "निगममवैज्ञानिकसार" को पंचम टपलमा छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नागको गहना पैरिएका, निर्गुणार्थमा, चिपलाई आफ्नो कन्जामा राखेका। (रुद्राक्षैः समलङ्कृतं) रुद्राक्षको गहना पहिरिएका निर्गुणार्थमा, पापनाशक सूचक रुद्राक्षको गहना पैरिएकोले सबै पापनाशकरूपी। (नानारत्नोज्वलाङ्गं) अनेक तरहका गहनागुरुवा पहिरिएका, निगुणार्थमा रत्नको गहना राजाकोचिह्न हुनाले जगत्को मालिक। (मुण्डमालाविभूषणं) मुण्डमाला पहिरिएको, निर्गुणार्थमा विचारविवेकरूपी। (विल्वपत्रमयीमालां आपादान्तावलम्बितम्) वेलपत्रकोमाला पाउसम्म पहिरिएको, निर्गुणार्थमा, रोगनाशक सूचक वेलपत्र धारण भएकोले सकलरोगनाशक। (दक्षिणैः वेददोर्दण्डैः अभीतिदानमुचमं) दाहिने चार बाहुमा अभयमुद्रा धारण गरेका, निर्गुणार्थमा, चार आत्माको प्रकाशांशबाट अभय दिने। (वाम हस्तैः वरदं दधतं) बाया चार बहुमा वरदमुद्रा धारण गरेका, निगुणार्थमा चार आत्माको विमर्शांशबाट वरदानदिने। (शिवं) शिवरूप, निर्गुणार्थमा, कल्याणरूपी। (एवं अष्ठभुजं) यसप्रकारका आठबाहु भएका निर्गुणार्थमा चारै आत्माका 'अ' र 'ह'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लेयुक्त भएका अर्थात् "अहं" याने "म" भन्ने स्मरण गराउने। (सदा षोडशवार्षिकं) सधैंका षोडशा पट्ठा; निर्गुणार्थमा, युवावस्थामा सन्तानोत्पत्ति हुने हुनाले अनुग्रहरूपी। (खगान्तरे शून्यमध्ये शून्यपद्मो परिस्थितम्) अर्को आकाशमा अर्थात् शून्याकाशमा शून्यपद्मसा वसेका; निर्गुणार्थमा विकर्षणरूप '+१' र आकर्षणरूप '–१' मिल्दा शून्य '०' हुने हुदा आकर्षणविकर्षणात्मक। यस पंक्तिको यथार्थ व्याख्या गर्दा बीजगणित फेरि विद्युत आकर्षण र निराकरण अनि चुम्बकत्वको नियम समेत झल्काउन पर्ने हुनाले ऐले यत्ति मात्रै लेखेको हुं, पछि पछि अरुपुस्तक लेखने मौका मिल्यो भने कुनैं न कुनै लेखमा यो दर्शाउन पर्ने आवश्यक हुन आउने नैं छ। (सच्चिदानन्दलक्षणं पशुपतिं ध्यायेत्) सच्चिदानन्द-लक्षण भएका पशुपतिलाई ध्यान गर्नु।

यहा नेपालका श्रीपशुपतिको प्रतिमामा पूर्वोक्त तीनैं प्रकारको ध्यान घट्दछ। यो मूर्त्ति जलहरी माथि स्थापित भएकोछ; यसमा चारतिर चार मुख र प्रत्येक मुखमा दुई दुई बाहु देखिन्छन्। अब यस मूर्तिलाई पहिलो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ध्यानमा घटाउंदा चार मुख त स्पष्टै भयो, प्रत्येक मुखको दुई दुई बाहुलाई ध्यानोक्त हतियारयुक्त एक एक बाहु मात्रै कल्पना हुदा चार बाहु हुन्छ। अनि दोस्रो ध्यानमा घटाउँदा जलहरीलाई आसनरूपपद्म फेरि चार मुख र आठ बाहु छदै छ त्यसमा थप लिङ्गमाथि अंकित भएको श्रीयन्त्रलाई एक मुख र दुईबाहु कल्पना हुन्छ र पांचवक्त्र र दशभुजा भएका टहरिन्छन्। फेरि तेस्रो ध्यानमा घटाउंदा चारमुख र आठबाहु स्पष्ट भयो, लिङ्गको शिर ज्योतिर्मयचक्र अनि त्यसमा अंकित श्रीयन्त्र र जलहरीमाथि लिंगको जरालाई नाभिस्थानको चक्र अनि जलहरीलाई त्रिकोणासन भन्ने कल्पना हुदा ध्यानोक्त छ मुख आठबाहु र त्रिकोणासन सिद्ध हुन्छ।

धेरै प्रकारको रूपको कल्पना भई उपासना हुने देवताहरूको ठूल-ठूला पीठहरूमा यस्तै सांकेतिकमूर्त्ति अथवा केवल अरूप शिला, कुण्ड, यन्त्र वा कलश इत्यादि स्थापित हुन्छन्। यस विषयमा मद्रचित निगमागम-वैज्ञानिकसार' को षष्ठपटल मा विशेष चर्चा छ।

पूर्वोक्त पशुपति पनि शिवनै भए पनि यिनको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपासना केवल शैवमार्गबाट न भई शैव र शाक्त मार्ग मिश्रित भएर हुन्छ। किन भने यी श्रीविद्याङ्गका देवता हुन्। अतः यिनको पीठनै श्रीविद्यापीठ हो। त्यसउसले श्रीविद्योपासकबाट मात्रै यिनको उपासना हुन्छ। हाम्रो यहा नेपालमा सवै देवब्राह्मण र आचार्यहरूको परम्परामा कर्मयोगबाट उपासनाहुनाले अरू सवै आगम र पीठहरूमा कर्मयोगबाट सपर्या हुन्छ। तर श्रीपशुपतिमा राजाधिराजयोगबाट श्रीविद्याक्रमले सपर्या गर्नुपर्ने हुनाले दक्षिणी भट्टद्वारा सपर्या गराइयेको हो।

गाणपत्यहरूमा गणेशलाई दुई नेत्र भएको ध्यानगर्नेहरूले पाशवकल्पवाट र तीन आँखा भएको ध्यानगर्नेहरूले वीरकल्प वा कुलकल्पवाट उपासना गर्दछन्। सौरहरूमा भने सधैं पाशवकल्पवाटै उपासना हुन्छ; तर श्रीसूर्यलाई मार्तण्ड भैरवरूप मान्दा वीरकल्प वा कुलकल्पबाट उपासना हुन्छ। अरू नवग्रह र ग्रहमातृकाहरूको पाशवकल्पवाटै उपासना भएको देखिन्छ; तर वीर र कौलहरुले भने आआफ्ना इष्टदेवताको सपर्या गर्दा आफ्नै कल्पबाट यिनीहरूको पनि पूजाहुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गाणपत्यहरूको मुख्य पर्व भाद्रशुक्ल चौथी हो; यसलाई 'गणेशचौथी' भन्दछन्। मङ्गलवार चौथी पर्न गयो भने सो दिनलाई 'मङ्गलचौथी' भन्ने पर्व मानेर व्रत र पूजादि हुन्छ। गणेशको नाम, मन्त्र र ध्यानको भेदले आम्नाय फरक हुन्छ। यस विषय मा "मेरुतन्त्रमा" ध्यान, मन्त्र र पूजाको यथार्थ विधान वर्णित छ; तर यहा लेखविस्तार भयले सो तन्त्रको प्रकाशको संकेत र गणेशको आम्नाय तथा नाम मात्रै दर्शाउंद छु। सो यस प्रकारको हुन्छ। 'मेरुतन्त्रको' षोडश प्रकाशमा दक्षिणाम्नायात्मक 'लक्ष्मीगणपति तथा 'हरिद्रागणपति'; सप्तदश प्रकाशमा ऊर्ध्वाम्नायात्मक 'महागणपति'; अष्टादश प्रकाशमा पूर्वान्मायात्मक 'विरिविघ्नेशगणपति', 'शक्तिविनायक' तथा 'वक्रतुण्ड', एकोनविंशति प्रकाशमा पश्चिमाम्नायात्मक 'पञ्चास्यगजानन', 'विघ्नराज', 'मोदकप्रियगणेश', तथा 'स्थूलदन्ताद्यष्टविनायक', अनि उत्तराम्नायात्मक 'उच्छिष्टगणेश' विंशति प्रकाशमा वर्णित छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अब सौरको बारेमा सूर्यको सबै भेद दक्षिणाम्नाय मा नै हुन्छ। यी सूर्यका सबै भेद र पूजादि-प्रयोगको समेत पनि सोही 'मेरुतन्त्रको' एकविंशति प्रकाशमा राम्ररी वर्णन भएको छ। आदित्यवार सूर्यको पर्वदिन मानेर सूर्यको उपासना हुन्छ। पौषको आदित्य-वार र झन सो महिना भित्र पाँच आदित्यवार पर्नगए ठूलो पर्व मानिन्छ। आदित्यवारमा सप्तमी पर्नगए सो दिन 'रविसप्तमी' धुमधामले मनाइन्छ। सूर्यका व्रतमा आमिष र नुन खानु हुदैन। सूर्योपासकहरू बदली भएर सूर्यको दर्शन भएन भने कैयौं दिन सम्म पानि पनि न पिएर निर्लाम बस्दछन्।

गाणपत्य र सौर को बारेमा मैले जानेको यत्तिकै हो। अब विभाव र सभाव पाशवकल्प को भेद दर्शाउंछु।

"कुलार्णवतन्त्र" मा यस्तो वचन छ।

"अनाघ्रेयमनालोक्यमस्पृश्य ञ्चाप्यपेयकम्।
मद्यं मांसं पशूनां तु कौलिकानां महाफलम्॥
सुरा वै मलमन्नानां पाप्मा तु मलमुच्यते।
तस्माद्ब्राह्मणराजन्यो वैश्यश्च न सुरां पिवत्॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुरादर्शनमात्रेण कुर्यात्सूर्यावलोकनम् ।
तत्समाघ्राणमात्रेण प्राणायामत्रयं चरेत् ॥
आजानुभ्यां भवेन्मग्नो जले चोपवसेदहः ।
ऊर्ध्वं नाभेस्त्रिरात्रन्तु मद्यस्य स्पर्शने विधिः ॥
सुरापाने कामकृते ज्वलन्तीं तां विनिक्षिपेत् ।
मुखे तया विनिर्दग्धे ततः शुद्धिमवाप्नुयात् ॥"

अर्थात्–"पशुहरूको लागि मद्यमांस-सेवनको कुरा त परै रहोस् छुनु र देख्नु सम्म पनि हुदैन । कौलिकहरूको लागि भने यसको ठूलो फल हुन्छ । सुरा अन्नको मल र मल पापबढाउने फोहोर पदार्थ हुनाले ब्राह्मण, क्षत्रिय र वैश्यले सुरा पानगर्नु हुदैन । मद्य देखिये मात्रै पनि सूर्यको दर्शन गरिहाल्नु पर्छ; त्यसको गन्ध नाकमा पर्नगयो भने तीन पल्ट प्राणायोम गरि एक दिनभर घुँडासम्म पानीमा चोपेर खडारहनु पर्छ; सो छोइयो भने उपवास गरेर तीनरात सम्म नाभिसम्मको जलमाउभिरहनु पर्छ, झन सो पान भयो भने त त्यसलाई भकभकी उमालेर कुनै पदार्थ मुखमा कोचेर दढाई दिनु पर्छ, यस्तो गर्नाले मात्रै शुद्धहुन्छ ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस उक्तिको आधारमा 'मद्यमांसको नाम समेत न संझिएर कट्टर भएर "सभावपाशवकल्प" बाट उपासना हुन्छ। तर द्विजहरू ब्रह्मचर्याश्रममा रहेसम्म मात्रै यसभावका हुन्छन्, गृहस्थाश्रम ग्रहण गरेर दीक्षा लिए पछि "विभावपाशवकल्प" तिर लाग्नु पर्दछ। दीक्षा ग्रहण न गरेसम्म कुनै कर्म्म गर्न पनि अधिकार हुदैन। अतः गृहस्थाश्रमी भए पछि दीक्षा लिनै पर्दछ, यस बारेमा "आगमकल्पद्रुम" मा यस्तो वचन छ।

"उपचार सहस्रैस्तु योजितां भक्तिसंयुताम्।
अदीक्षितार्च्चनां देवा न गृह्णन्ति कदाचन॥"

भावार्थ—"भक्तिपूर्वक हजारौंउपचारको भए-पनि अदिक्षितद्वारा भएको पूजा देवताहरूले लिदैनन्।"

फेरि "मत्स्यसूत्रमा" यस्तो वचन छ।

"अदीक्षितानां मर्त्यानां शृणु देवि महेश्वरि।
अन्नं विष्ठासमं तस्य जलं मुत्रसमं स्मृतम्॥
तत्कृतं तस्य वा श्राद्धं सर्वं संयात्यधोगतिम्॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भावार्थ–"अदीक्षित मानिसको लागि अन्न विष्ठा झैं जल पिसाब झैं हुने हुनाले त्यसको सबै कर्म अथवा श्राद्ध अधोगति हुन्छ।"

'विभावपशु' को लक्षणको बारेमा "सर्वोल्लास-तन्त्र" मा यस्तो वचन छ।

"अनुकल्पै यजेद्देवीं वेदमार्गेण साधकः।
पश्वाचारमिदं प्रोक्तं विभावस्य मतं शिवे ॥"

भावार्थ–"वेदमार्गद्वारा मद्यमांसादिको अनुकल्पले अर्थात् मद्यमांसादिको सट्टामा शास्त्रोक्त अरू पदार्थनै राखेर सपर्या गर्नु नै विभावपशुको आचार हो।"

कुन कुन मकारको के के अनुकल्प हुन्छ भन्ने विषयमा "भावचूडामणितन्त्रले" यस्तो बताएको छ।

"गोक्षीरं वह्निना पाच्यं खर्जूरस्यरसं प्रिये।
गुडं तस्य मद्यतुल्यं ताम्बूलं चूर्णसंयुतम् ॥
व्यञ्जनं लवणै र्युक्तं आमान्नं घृतसंयुतम्।
खर्जूरस्य रसञ्चैव शर्करं गव्यसंयुतम् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

महिषोद्भवं मद्यतुल्यं विभावस्य मतं पशोः ।
गोधूमं लोहितं चार्द्रं तिलं श्वेतं महेश्वरि ॥
शरत्पक्वं व्रीहिणञ्च लोहितं व्रीहिणं शिवे ।
कूष्माण्डं मांसवज्ज्ञेयं विभावस्य मतं पशोः ॥
नारिकेलं श्रीफलञ्च धात्रीफल-हरीतकीम् ।
दग्धञ्चेत् परमेशानि पशोर्मत्स्यं हि कल्पनम् ॥
विना लवणतोयाभ्यां भर्जितं व्रीहिनं शिवे ।
मुद्रानुकल्पं परमे विभावस्य मतं पशोः ॥
पशूनां मैथुनं नास्ति चिन्तनं परिकल्पितम् ।
सहस्रारे महापद्मे शिवशक्तिसमन्वितम् ॥
तेनामृतेन परमे तर्पयेत् परदेवताम् ।
वेदोक्तेन यजेद्देवं विभावस्य मतं पशोः ॥

भावार्थ–"विभावपशुको मतमा खजुरीको रस, गाईको दूध, चाकु र पानको पातको धुलो पकाएको घिउमा नुनहालेर पकाएको आमान्नको तर्कारी, खजुरी को रसमा सख्खर मीलाएको अथवा गाई र भैंसीको दूध मिसाएको मद्यको अनुकल्प हुन्छ ॥ १ ॥ गहुं, हलेदो, अदुवा, सेतो तिल, शरत् कालमा पाक्ने अनाजको वीउ, राती अनाजको वीउ अथवा कुविण्डो मांसको अनुकल्प

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ ॥ २ ॥ नरिवल, वेल, अमला वा हर्रो पोलेपछि मत्स्यको अनुकल्प हुन्छ ॥ ३ ॥ नुन र पानी न हालेर भुटेको अन्नको वीउ मुद्राको अनुकल्प हुन्छ ॥ ४ ॥ पशुहरूमा मैथुनको अनुकल्प बाह्यमा कुनै वस्तु न हुदा आफ्नो सहस्रारमा शिवशक्तिको समन्वय संझिएर सोही अमृतले मनैले परदेवतालाई तर्पण गर्नु ॥ ५ ॥ विभावपशुले वैदिक विधिले देवताको पूजागर्नु पर्छ।"

मांसाहरी विभावपशुहरूले मांस र मत्स्यको अनुकल्प न गरी प्रत्यक्ष प्रयोग र अरूको अनुकल्प गरी पूजा गर्ने प्रथा छ। यसको प्रमाण पनि कुनै न कुनै तन्त्रान्तरमा अवश्यमेव होला; त्यो मैले फेला पार्न सकेको छैन। यो वेप्रमाणको भए आर्यगुरुहरूले कदापि गराउने थियेनन्।

एवं प्रकारले पाशवकल्पबाट उपासना गर्दा गर्दै इष्टदेवताको चरणमा पूर्णतया भक्तिभाव भएपछि कठिन कठिन व्रत गर्ने पनि अभ्यास वस्नजान्छ; तर पूर्वोक्त अष्टपाशको वन्धनले गर्दा देवता साक्षात्कार हुन शक्तैन। अनि यी अष्टपाशबाट मुक्तहुने उपाय खोज्नु पर्ने हुंदा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बीर भावतिर लाग्नुपर्ने हुन्छ। यस विषयमा "रुद्रयामलतन्त्रको" सप्तदश पटलमा यस्तो कथाको उल्लेख छ।

"ब्रह्माजीका छोरा वशिष्ठजीले छ हजार वर्षसम्म श्रीमत्तारा महाविद्याको तपस्या गर्दा पनि महाविद्या साक्षात्कार न हुंदा खिन्न भएर आफ्ना पिता ब्रह्माजीका हजुरमा "यस विद्याबाट मलाई सिद्धिहुने छांट छैन, मलाई अर्कै मन्त्रको उपदेश निगाह हवस्; सो हुदैन भने, हजुरकै सामने म यस विद्यालाई कडा शराप दिने छु।" भनी बिन्ति गर्दा; ब्रह्माजीले "हेर नानि! यस्तो काम गर्नु ठिक पर्दैन; तिमी फेरि मनोयोगद्वारा[1] उनै जगदम्बाको पूजन गर्ने गर, अनि पछि उनी प्रत्यक्ष भएर तीमीलाई वर देलिन्। उनी सबै दुःखदेखि बचाउंने, कालकामिनी, सबैकी आदि तथा सर्वरूपिणी हुनाले उनमा धर्माधर्मको कुनै असर पर्दैन। उनमा शुद्ध

---

1. मनोयोगद्वारा = Pchychically.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चिनाचार[1] प्रिय छ। उनी नै शक्तिचक्रकी[2] प्रवर्तिका हून्। उनको महात्म्य अनन्त हुनाले संसारसागरकी तारिणी, वुद्धीश्वरी, स्वयं वुद्धिरूपा र अथर्ववेदसाक्षिणी हुनगइन्। तिमी किन उसै हडवडाएर शराप दिनु तंसन्छौ ? उनै महाशक्तिको अनन्यचेता भएर उपासना गर, अवश्यमेव तिमीलाई दर्शन मिल्ने छ।" भन्ने आज्ञा गरे। त्यस पछि वशिष्ठजी समुद्रतटमा गएर फेरि एक हजार वर्ष सम्म मन्त्र जप्ता पनि कुनै तार न लाग्दा सो महा विद्यालाई कडा शराप दिए। अनि त उत्तिनखेरि योगीहरूको भय नाशगर्नें महाविद्या कुलेश्वरी प्रकट भइन् र "हे विप्र ! विनाकारण उसै किन शराप दियौ ? तिमीले न त मेरो कुलागम वुझेका छौ, न त पूजा पद्धति नै जानेका छौ। मेरो कुलागमको उपासना पुण्यहरू र वेदहरू भन्दा पनि माथिल्लो कक्षाको छ।

1. चीनाचार = 'चीनक्रम' र 'महाचिन क्रम' को आचार, सो पछि चर्चा हुने छ।
2. शक्तिचक्रकी प्रवर्तिक = चराचर स्थावरजंगममा शक्तिको चाल चलाउने।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तसर्थ केवल योगाभ्यासले मात्रै देव अथवा मानिसले कसरी मेरो दर्शन पाउन सक्छान् ? मेरो उपासना कठोर तप र कायाकष्टद्वारा हुनै सक्तैन। त्यसउसले महाचीनमा गएर अथर्ववेदानुसार चल्ने गर। त्यहा गएर चीनाचार-बाट उपासना गरेपछि तीमीलाई मेरो पादपद्मको साक्षात्कार हुने छ; अनि तिमी कुलज्ञानी र महासिद्ध बन्न सक्ने छौ।" भन्ने आज्ञा गरेर अन्तर्ध्यान भइन् अर्थात् अलप भइन्। भगवतीको यस्तो वचन सुनेर वशिष्ठमुनि बुद्ध भगवान् प्रतिष्ठित भएको महाचीन देशमा पुगेर बुद्ध भगवान्लाई वारम्बार प्रणाम गरेर बिन्ति गर्न थाले। "हे बुद्धरूपी शङ्कर ! म ब्रह्माजीको छोरो वशिष्ठ हजुरको शरणमा आएको छु। मेरो मन भ्रमपूर्ण हुनाले यहा म महादेवीको साधना गर्न हाजिर भएको हूं। सिद्धिप्राप्तिको मार्ग भने मलाई कत्ति पनि थाह छैन। हजुर दिव्याचारको ज्ञाता हुनुहुन्छ; तर हजुरको आचार देखदात मेरो मनमा अनेक तरहको त्रास उत्पन्न भइरहेछ। वैदिकाचार तिर ढल्किएको मेरो यस मनबाट या त्रास हटाइपाऊँ। हजुरको यस ठाउंमा त वेद

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वहिष्कृत आचारको नै प्रधान देखिरहे छु; श्रेष्ठ सिद्धगण भएर दिगम्बर र रक्तपानोद्यत हुदै मांसको सेवन गर्दै राम्रा राम्रा पट्टीहरूसित खेलवाड गरी रहनु कस्तो कुरा हो ? फेरि हरहमेसा मद्यमांसको नस्सामा चूर भएर उंहाहरूका नजरमा लाली चढीरहेका छन् । झन यस्तै महासिद्धहरू खुशाउंदा वर दिने र रिसाउंदा रिसाउंदा विनाश गर्ने समर्थ भएका छन् । यस्तो वेदविरुद्ध आचारमा कसरी श्रद्धा लाग्नसक्ला ? यस छाँटको प्रवृत्तिद्वारा मनको शुद्धिहुने कसरी संभव होला ? वेदकार्य विना कसरी सिद्धि हुन सक्ला ?" अनि बुद्ध भगवान्‌ले भन्नु भयो । "हे वशिष्ठ ! जसको विज्ञानले मात्रै पनि अल्पकालमैं मानिस रुद्रवत् वन्दछ, त्यो कौलमार्ग सुन । सोही कुलसिद्धि दिने आगमको सार म तिमीलाई वताउंछु । वीराचारीलाई सर्वप्रथम शुद्ध, विवेकयुक्त र सबै किसिमको पशुभावरहित हुनु पर्छ । पशु–सङ्गलाई सर्वथा परित्याग गरेर एकान्तवास गर्नु, कामक्रोधादि षड्रिपुलाई हटाउंनलाई हठयोगको अभ्यासगर्नु, वेदाध्यायन गरेर वेदको तत्त्वार्थ राम्ररी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वुझ्नु, आफ्नो मनलाई सधैं औदार्यादि उन्नतवृत्ति तिर लगाउनु अनि प्राणायामको अभ्यास गरेर क्रमशः आफ्नो मनो वृत्तिलाई विनष्ट पारीदिनु पर्दछ। प्राणायामको अभ्यास वढाउंदै जांदा शरीरबाट पसिना ग्ग्नथाले पछि अधम अवस्था र शरीर काँप्न लागे पछि मध्यम अवस्था हुन्छ। सर्वोच्च्व अवस्थामा आसन उठ्ने हुन्छ। यो भूमित्यागको अवस्था परा हो। यस प्रकारले प्राणायाम सिद्ध भए पछि साधक योगी वन्दछ। अनि शिव, कृष्ण र ब्रह्माप्रभृतिको एकान्त भक्ति गर्नु र 'ती सबै ब्रह्मा, विष्णु र शिवहरू हावा झै चञ्चल हुन्' भन्ने मनमा राख्नु पर्छ। त्यस पछि महावीरभावले कुलाचार वमोजिम शक्तिचक्र, वैष्णवतत्वचक्र तथा नवविग्रह र सकलदुःखनिवारिणी सकल सुखदायिनी सर्वोत्तमा प्रत्यक्षदेवता कुलकात्यायनीको अर्चन गर्नु पर्दछ। यिनै कुलकात्यायनी जगज्जननी चिद्रूपा, ज्ञानको आधार र आनन्दको आधार हून्। कोटि विद्युत्प्रतीकाशा यिनै महाशक्तिबाट सबै तत्व वनेका हून्। यिनी मद्यमांसको थुप्रो रुचाउने अष्टादशभुजी रौद्री शक्ति हुनाले यिनकै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शरण परेर कुलमार्गले यिनको मन्त्रको साधना गर्नु पर्छ। त्रैलोक्यमा यस भन्दा उत्तम अर्को मार्ग बताउन सक्ने को होला ? यही मार्गले उपासना गरेर जगदम्बाको कृपाले ब्रह्मा सृष्टिगर्न सक्ने, विष्णु स्थितिगर्न सक्ने र शिव संहारगर्न सक्ने भएका हून्। यसै वीराचारको प्रतापले दिक्पालहरू पनि रुद्रोपम (झण्डै रुद्रजस्ता) बनेका हून्। वीरभावबाट साधन गर्दा एकै महिनामा आकर्षिणी सिद्धि मिल्दछ; दुई महिनाको अभ्यासले बृहस्पति समान विद्वत्ताको प्राप्ति हुन्छ; चार महिनाको अभ्यासले दिक्पालोपम, पाँच महिनाकोले कामदेव समान अनि छ महिनाकोले रुद्रसमान बन्ने हुन्छ। यो आचारको फल अरू सबै आचारको भन्दा उत्कृष्टतम हुन्छ। शक्ति साथमा लिएर यो आचार गरे ब्राह्मण छ महिनामै पूर्ण योगी बन्दछ। विना शक्ति शिवैले त केही गर्न सक्दैनन् भने, बहुतै थोरै बुद्धि भएको मानिसको बारेमा भन्ने कुरा के होला ?" यति भनेर बुद्धरूपी शङ्करले वशिष्ठ मुनिलाई वीराचारद्वारा साधना गराए। अनि मद्य, मांस, मत्स्य, मुद्रा र मैथुन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यति पञ्चमकार प्रयोग गरेर जगदम्बाको अर्चन गर्ने गर्दा उनी (वशिष्ठ) पूर्ण योगी बने ।

"रुद्रयामलतन्त्रको" सप्तदश पटलमा वर्णित कथा यस्तो छ; फेरि "ब्रह्मयामलतन्त्रको" प्रथम पटलमा पनि यो कथा उस्तै छ; तर "रुद्रयामलमा" "रुद्ररूपी शङ्कार" भन्ने ठाउंमा "ब्रह्मयामलमा" "रुद्ररूपी विष्णु" भन्ने र "रुद्रयामलमा" "समुद्रतट" भन्ने ठाउंमा "ब्रह्मयामलमा" "नीलाञ्चल" भन्ने लेखिएको छ ।

यी यामलहरू मूल ६४ तन्त्रहरू मध्यकै प्राचीन आगमशास्त्र हून् । यसबाट स्पष्टै अनुमान हुन्छ कि यो बीराचारी बुद्धमार्ग गौतम बुद्ध भन्दा धेरै अगि अथर्व-वेदको उत्पत्ति भन्दा केही पछि भएता पनि उही शता-ब्दिमा बुद्धमतको महायान को उत्पत्ति भएको रहे छ । फेरि अथर्ववेदमा श्रीयन्त्रको वर्णन पाइन्छ र सोही श्रीयन्त्रको षोडशदलचक्रमा बौद्धदर्शनको पूजा हुन्छ । यसबाट बौद्धदर्शन भन्दा अथर्ववेद पछि जन्मिए जस्तो पनि देखिन्छ । यी सबै कुरा विचार गर्दा अथर्ववेदको अङ्ग बौद्धतन्त्र निस्किए पछि मात्रै पूर्ण भएको रहेछ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भन्नु पर्ने देखिन्छ। "मम पञ्चमुखेभ्यश्च पञ्चाम्नायाः समुद्भवाः" अर्थात् "मेरा पांच मुखबाट पांच आम्नाय निस्किए" भनेर अनेक तन्त्रहरूमा शिवको उक्ति देखिएकोले अनुमान हुन्छ कि अधराम्नाय अरू आम्नाय भन्दा पछि अथर्वदे[illegible] सहाराले अरूतन्त्रबाट परम्पराको गठन गरेर महाचीन [1] तिर वस्ती गर्न जाँदा हाम्रा आर्यगुरुहरूबाटै यो बौद्धदर्शनको उत्पत्ति भएको बुझिन्छ। किनभने चीन [2] कै वाटो गरिमहाचीन जानु पर्ने हुदा र चीन हिमालको काखमा ज्यादा ठण्डा देश हुनाले अधराम्नायको चीनक्रम र महाचीनक्रम जाडो मुलुकलाई सुहाउदो अरूक्रम भन्दा वेग्लै छाँटको देखिन्छ; यो कुरा पछिल्लो पटलमा क्रमको चर्चा हुंदा पाठकवर्गमा स्वयं विदित हुने छ। आर्यताराको वारेमा "अधराम्नाय पीठस्था बौद्धमार्ग प्रपूजिता" भन्ने र यस्तै अरू अरू तन्त्रका उक्तिहरूबाट अधराम्नाय बौद्धमार्गीहरूको लागि मात्रै भन्ने बुझियो। अतः सुन्दरीको हादिमत र कालीको कादिमत यता रह्यो; अनि ताराको सम्बरौधि

---

1. महाचीन = China. 2. चीन = Tibet.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(सादि) मत उता गयो। अनि उताका सादिमतका आचार्यहरूले उता एकचित्त भई सबै व्यवहारलाई तिलाञ्जलि गरेर उपासना गर्नथाले, यताका हादि र कादि मतावलम्बीहरूले भने उपासनाको साथ साथै राज-काज तिर समेत चाख राख्न थाले। (हाम्रा अगिका ऋषि मुनिहरूको राज-काजमा सम्वन्ध भएको कुरा पुराणादिमा स्पष्टै देखिन्छ।) आखिर यसको नतिजामा यिनीहरूमा भन्दा उनीहरूमा ज्यादै वढी सिद्धि भएकोले यहाका वशिष्ठ जस्ता मुनिलाई पनि सिद्धिकोलागि महाचीन सम्म पनि पुग्नु परेको वुझियो। त्यस कालसम्म बौद्ध र वैदिक मा कत्ति पनि भेदभाव भएको वुझिदैन। कालान्तरमा आफूहरूमा भन्दा उनीहरूमा वढता सिद्धि देखिन आउंदा यताका साधकहरूको मनमा 'ईर्ष्याले' जरा हाल्न थाली। अनि यो हुर्किएपछि 'द्वेष' छोरो जन्माई। स्वभावैले ईर्ष्याको वानी अर्काको उन्नति देख्न न सक्ने हुनाले छोरो चांहि द्वेषले आफ्नी आँमालाई रिझाउन कसै लाग्ने भयो। अतः गौतम ऋषि वौद्धहुने शरापले समाज त्याग्नु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परेको कथा पुराणादिमा देखिखिएकोले त्यस वेला वैदिक र वौद्धहरूमा परस्पर विरोध देखिन्छ। यसबाट अनुमान हुन्छ कि पुराणको उत्पत्तिको केहिकाल पहिले करिव स्मृतिको उत्पत्तिकै शताब्दि तिर हाम्रो तन्त्रको पञ्चब्रह्म (ब्रह्मा, विष्णु, रुद्र, महेश्वर र सदाशिव) लाई नाम रूप फरक गराएर पञ्चबुद्ध (वैंरोचन, अक्षोभ्य, रत्नसंभव, अमृताम्भव र अमोघसिद्धि) भन्ने मानेर वुद्धतन्त्रहरू मूलतन्त्रबाट निस्कन थालेर 'महायानमतका' तन्त्रहरूको उत्पत्ति भयो। पछि हाम्रा निंबार्कादि गुरुले जस्तै गरी वुद्ध तन्त्रको आधारले 'शीलहरूको' नियम बांधेर गौतम वुद्धले 'हीनयानमतको' वौद्धतन्त्र निकाले। अनि हाम्रो मतमा 'पाशवकल्प' र 'बीरकल्प' भएझैं। वौद्धहरूको पनि 'हीनयान' र 'महायान भन्ने दुई मत हुन गयो। हाम्रो 'त्रिमूर्त्ति (ब्रह्मा, विष्णु र महेश्वर)' भने झैं वौद्धहरूको 'त्रिरत्न (वुद्ध, धर्म र सङ्घ)'; फेरि हाम्रो 'पञ्च ब्रह्म (ब्रह्मा, बिष्णु, रुद्र, महेश्वर र शदाशिव)' भने झैं वौद्धहरूको 'पञ्चरत्न (वैंरोचन, अक्षोभ्य, रत्नसंभव, अमृताम्भव र अमोघसिद्धि)' हुन गए। अनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हाम्रो पाशवकल्पमा जस्तै पञ्चमकार र पशुयाग को घोर विरोध 'हीनयानको' बौद्धमतमा पनि हुनगयो।

हाम्रो नेपाल चीन र भारतवर्षको बीचमा हुदा र मद्रचित 'निगमागमवैज्ञानिकसार' मा चर्चा भए झैं तन्त्रको जन्मस्थान हुदा 'हादि' र 'कादि' मत भारत-तिर र 'सादि' मत चीन तिर प्रचार भएको हो। अतः हाम्रो यहा नेपालमा 'कादि', 'हादि' र 'सादि' तीनै मतको प्रचार छ। 'कादि' र 'हादि' मतका गुरु ब्राह्मणहरू तथा 'सादि' मतका गुरु वज्राचार्यहरू (गुभाजुहरू) अद्यापि यहा छदै छन्; यहाका आगम र पीठहरूमा पनि तीनै क्रमबाट आज्ञापूजा चल्दैछ। त्यस उसले गौतम बुद्ध हाम्रै नेपालमा जन्मिएका हुनाले उनलाई बौद्धतन्त्र तिर चाख भएको होला। सर्व प्रथम आफ्नो पितृ परम्परानुसार शैवमार्ग बाटै पाशवकल्पले उपासना गरेको बुझिन्छ; तर 'जस्तोगुरु उस्तै शिष्य' भने झैं त्यस बेलाका गुरुहरू सांसारिक झमेलाको फन्दामा हुदा तिनका शिष्य गौतम बुद्धलाई सिद्धिको केही पनि अनुभव न हुदा उनको ध्यान बौद्धतन्त्र तिर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ढल्किएको बुझिन्छ। यही बुद्धतन्त्रको अनुयायी भएर महावीरले पनि जैनमार्गको उत्पत्ति गराये; तर सो मार्ग ज्यादा कट्टर हुनाले उस्तो प्रचार हुन सकेन केवल भारतमा मात्रै यो मत देखिन्छ; तर गौतम बुद्धको 'हीनयान' बौद्ध मत भने संसारव्यापी हुनगयो। बौद्ध भिक्षुकहरू हाम्रा वैष्णवादिहरू जस्तै अहिंसावादी हून्। चीनका गुम्बामा बसेर तपस्यागर्ने लामाहरू र यहाका वज्राचार्यहरू (गुभाजु) पञ्चमकारको प्रयोगगर्ने 'महायान' बौद्धमतानुयायी हाम्रा कौलादि जस्ता हून्। हाम्रा गुभाजुहरूमा भन्दा लामाहरूमा यो मत ज्यादा गुप्त गर्ने प्रथाछ।

अनि धेरै काल पछि मुसल्मान् बादशाहहरूको हिन्दूमा ज्यादा क्रूर दृष्टि पर्दा गुरु नानकले हाम्रो 'कादि' मतको आधारबाट 'उदासी' भन्ने सिख मत निकाले। फेरि त्यस पछि अंग्रेजको शासनकालमा 'जातिपाति' को भेद भावले हिन्दूसमाजमा बाधा पर्न आएको देखि बचाउनलाई ब्रह्मगायत्रीको मन्त्र प्रयोग-गरी केवल निर्गुण ब्रह्म मान्ने 'आर्यसमाज' भन्नेमत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हाम्रो वेदान्तको आधारले गुरु श्रीदयानन्दले निकाले ।

अब अन्तिकैमा यो पटल समाप्त गर्छु । अर्को पटलमा बीराचार, सिद्धान्ताचार र कौलाचारको वर्णन गर्ने चेष्टा गर्दछु ॥

॥ इति श्रीपश्चाचारवर्णनन्नम द्वितीयः पटलः ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

॥ अथ ॥

॥ तृतीयः पटलः ॥

शंभुजीले गर्दा साधकको मनको भाव बमोजिम उपासना गर्दा गर्दै उनको मनले यस संसारलाई झूटा संझन लागे पछि स्वयं नै अष्टपाशबाट उम्कने उपाय साधक छटपटाएर खोजी गर्नेलाग्दछ। त्यस अवस्थामा बीरकल्प अपनाउंनु पर्दछ। तर पाशवकल्पको भने तरबारको जस्तो दुई तिर धार हुन्छ। ममता बढाएर पाशवकल्पबाट उपासना गर्दा चोखी-नितिमा ज्यादा ध्यान दिएर टिकटिके भई साधकले आफूलाई मात्रै पवित्र संझिएर अरू सबैमा अपवित्रको भाव मनमा घुस्न जान्छ र झन झन उसमा अष्टपाशको गाँठो कस्सिइदै जान्छ र उ जिउताभर बोका झैं झारपात मात्रै खाने, भैसी झैं बराबर पानीमा चोबलिने अनि जङ्गली जन्तु झैं मानिसले छोला भनेर बिचकिदै हिड्ने शुद्ध पशु बन्दछ। उता सोही पाशवकल्पबाट विवेक विचारसाथ उपासना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गर्दा सबैलाई उनै एक पिताका सन्तान भन्ने समजले समताको भाव मनमा झल्कनगई बीरकल्पको खोजीको तर्खर तिर साधक लाग्ने हुन्छ। धेरै जसा गुरुहरूको मतमा पाशवकल्पबाट उपासना गर्दा सबैलाई 'श्रीमद्भागवत एकादशस्कन्ध', श्रीमद्भगवद्गीता' र 'रामचरितमानस' मध्ये कुनै एकको गंभीर अध्ययनले ममता हटाउंदछ र विवेक र विचारको बृद्धि हुन्छ अनि बीरकल्पको खोजी तिर मन ढल्कन्छ।

अब बीराचारको वारेमा चर्चा गरौं। "सर्वोल्लासतन्त्रमा" यस्तो उक्ति छ।

"मद्यं मांसञ्च मत्स्यञ्च मुद्राञ्च मैथुनं शिवे।
बीराचारमिदं प्रोक्तं साधकस्यापि बीजकम् ॥"

अर्थात्–"मद्य, मांस, मत्स्य, मुद्रा र मैथुन बीराचारमा साधकको लागि बीउ नै हो।"

यहा "यस्तो लोकनिन्दित पदार्थद्वारा देवताको पूजा किन हुन्छ?" भन्ने प्रश्न उठ्न सक्छ। यसको समाधान यस प्रकारको हुन्छ। भर संसारमा ज़ताततै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मैथुन, मत्स्य, मांस र मद्य यति चार मकारको प्रायः निन्दानै सुनिन्छ; अझ धार्मिकप्रवृत्तिका सबै धर्मका समाजले त झन विरोध गरे झैं देखिन्छ। तर विद्वत्समाजले केही गौड गरेर धर्मशास्त्रको अध्ययन र मानवको सधैंको सामाजिक जीवनको मनोवैज्ञानिक विश्लेषण गर्नें गरे यी पांचैं मकार मानवको भौतिक तथा आध्यात्मिक उन्नतिको लागि अत्यावश्यक सावित हुन आउंछ; फेरि सबै धर्मले प्रत्यक्ष वा अप्रत्यक्षै रूपले भए पनि यसको प्रतिपादन गरेका छन्। किन भने सबै धर्मसा विवाहकर्म धुमधामको विधानले मनाइन्छ; अझ हाम्रो वैदिक धर्ममा त झन् गर्भाधानकर्मको समेत उल्लेख पाइन्छ। यो कर्म मैथुनकै लागि हो। फेरि संसारका सबै व्यक्तिहरू मैथुनकै फलस्वरूप हून् भन्ने कुरा लोकप्रसिद्धै छ। अतः मैथुनविना संसारको अस्तित्व नै रहन सक्तैन। देखादेखी हुदा पनि मैथुनलाई लोक निन्दित कर्महो भन्नु कसरी ? अरू इशाई आदि धर्मको कुरा मलाई थाह छैन। हाम्रो आर्य धर्मको बारेमा यसको प्रयोग कस्तो कस्तो ठाउंमा हुन्छ भन्ने कुराको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चर्चा गर्दछु। त्यसको वैज्ञानिक रहस्यहरू पनि मेरो पछि पछिका लेखहरूबाट खुल्दै जानेछ।

मैथुन बीराचारको लागि आवश्यक छ; तर आफ्नै शक्ति सित मात्रै। उस्तै मद्यमांसको पनि सेवन गर्नु पर्छ; तर आफ्नो जिह्वातृप्तिको लागि न भई, केवल देवपितृतृप्तिको शास्त्रोक्त मात्रामा मात्रै। यसै हेतुले विवाह, सोमयाग, सौत्रामणियज्ञ र भैरवीचक्रादि महायाग–यागादिको विधान शास्त्रले वताएको हो। आजकाल हाम्रो समाजमा श्रौत्र–स्मार्त आर्य अग्नि-होत्रीहरूको प्रचलित कर्मकाण्डमा पनि यज्ञगर्दा आफ्नो इष्टदेवतालाई कामोन्मत्त र उनकीशक्तिलाई ऋतुमती भएको कल्पना हुन्छ र यज्ञको वेदी वा कुण्डलाई देवीको योनि र अग्निलाई देवको वीर्य संझिएर अग्निस्थापन हुन्छ। यसैलाई गर्भाधान-संस्कार भन्दछन्। "नारद-पञ्चरात्र" को होमगर्ने विधानमा यस्तो लेखिएको छ।

"ऋतुस्नातां महालक्ष्मीमानयेत् कुशविष्टरे।
संपूज्य लक्ष्मीमनुना पद्माक्षीं पद्मसम्भवाम्॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

क्षीरोदारादिसंभूतां विष्णोरनुपगामिनीम् ।
मातरं सर्वजगतो रिरिशु विष्णुमानयेत् ॥
संस्थितं ऋतुदानाय कृतांत्रमखिले श्वरम् ।
रेतोरूपसमानीय वह्निचारिणि सम्भवम् ॥
आत्मनो ऽभिमुखं वह्निं जानुभ्यामवनीगतः ।
विष्णुवीर्यधिया देव्या योनावेनं विनिक्षिपेत् ॥"

भावार्थ–"लक्ष्मीलाई ऋतुमती कल्पना गरी विष्णुलाई संभोगोद्यत संझिएर अरण्यजन्य अग्निलाई विष्णुवीर्य अनि यज्ञकुण्डलाई लक्ष्मीको योनि मानेर जमीनमा घुँडाटेकेर अग्निकुण्डमा हाल्नु ।"

वैदिककालमा पनि मद्य मांसको प्रयोग गरेर आर्यहरू वीरभावले उपासना गर्दथे । मैथुनको बारेमा विवाहकर्मको र गर्भाधानकर्मको विधान त वेदले बताएको कुरा सर्वविदितै छ । मद्यमांसहरू पनि उस कालका आर्यहरूको सधैंको खाना थियो भन्नामा अत्युक्ति हुने छैन; किनकि मद्यमांसको तारिफ र यसको प्रयोगविधि वैदिकसाहित्यमा प्रायः भरिभराउ देखिन्छ। वैदिक आर्यहरू सोमयज्ञ र अश्वमेधादि यज्ञहरू गर्दथें ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यी यज्ञहरूमध्ये सौत्रामणि नामक यज्ञ खासगरेर मद्यपानकै लागि लागु हुन्थ्यो। 'शतपथ ब्राह्मणको' ५,१,१३ श्रौतसूत्र हेर्दा यस यज्ञको वारेमा विशेष ज्ञान हुन्छ। शतपथ ब्राह्मणमा "मद्यले यजमानलाई पवित्र गराउँदछ र स्वयं आफै पनि पवित्र छ।" भनि लेखेको छ। 'ऋग्वेदको' पाचौं मण्डलमा काक्षिवान् ऋषिले मद्यको वहुतै तारिफ गरेका छन्। धर्मशास्त्रले संस्कार न भएको मद्यको मात्रै निन्दा गरेको हो; मद्रचित "निगमागमवैज्ञानिकसार" को तृतीय पटलमा वर्णित झैं मन्त्र र मुद्राद्वारा वैज्ञानिक तरिकाबाट संशोधन भए पछि सो 'सुरा' को सबै विकार हटेर 'सुधा' वन्दछ। अनि आर्यहरूले वैदिककर्ममा यसको प्रयोग गर्नें गर्दथे। आजकाल पनि बीरहरूले 'सौत्रामणियज्ञ' र 'सोमयज्ञ' मा सोमरसको प्रयोग र 'कुलश्राद्ध' र 'कौलरुद्रीयज्ञ' मा "रुद्रयामलतन्त्र" ले वताएको विधानले वनेको मद्यको प्रयोग गर्दछन्। 'ऋग्वेदसंहिता ५–२–२२' मा पशुको-बोसोले अग्निमा हवन गर्ने विधान वताएको छ। 'कात्यायन श्राद्धकल्प-सूत्र ६–७' मा "बोका, ऊंट र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भडाको मासु आफैले मारेर, किनेर अथवा अरूकुनै प्रकारले हातपारेर पितृको लागि पकाउनु" भन्ने छ। फेरि यसैमा "बोका, ऊंट, भेंडा, माछा, मृग, शकुनि, जङ्गलीभेंडा, कछुवा वदेल तथा राडो इत्यादि भूचर (हिड्ने), खेचर (उड्ने) तथा जलचा (बुड्ने) प्राणीको मासु (श्राद्धको) हवि हुन्" भन्ने र "गैडा, लोहितछाग (राते) तथा महाशल्क (सहरमाछा) को मासुले पितृको अक्षय तृप्ति हुन्छ" भन्ने वताएको छ। 'मनु स्मृति अ० ३ मा' (श्लोक २०८ देखि श्लोक २७२ सम्म) "पितृलाई अनेक प्रकारको भक्ष, भोज्य, धेरै किसिमको फलमूलादि तथा स्वादिला मासुहरू अनि वास्नाआउने जलहरू प्रदान गर्नु पर्छ" भन्ने वयान छ। अरू स्मृतिहरूमा पनि यस्तै उक्तिहरू पाइन्छन्; तर एउटा "पराशरस्मृति" मा भने "कलियुगमा पलपैत्रिक अर्थात् श्राद्धमा मासुको प्रयोग गर्नु हुदैन" भन्ने उक्ति छ। यसै उक्तिबाट पनि अगि तीन युगहरूमा मांसको प्रयोगहुने सावित हुन्छ। तर 'मनुस्मृति' र 'याज्ञवल्क्य-स्मृति' जस्तो 'पराशरस्मृति' मा सर्वमान्यता छैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'पराशरस्मृति' को चलन त भारतवर्षमा केवल मद्रास प्रान्तमा मात्रै छ। हाम्रो नेपालमा भने पर्वतेहरू मध्ये कुनै कुनैको परम्परामा र आफ्ना बाबुबाजेलाई बेवकुफ बनाउने अहिंसावादिहरूको मतमा श्राद्धमा मांसको प्रयोग न भए जस्तो देखिन्छ; गैंडाको खगौतोले पितृ-तर्पण गर्ने गर्दछन्; पाएमा मारिएको गैंडाको पेट भित्र बसी पितृतर्पण त्यसको (गैंडाको) रगतले गर्न पनि तंसिन्छन्। राजसी सिकारमा कतै गैंडा मारियो भने त्यसको पेट भित्र बसेर त्यस्को रगतले पितृ–तर्पणको लागि हाम्रा नेपाली भाइहरूले तछाड्मछाड् गरेको देखिन्छ।

अब मद्यको बारेमा पनि केहि वेदको प्रमाणको चर्चा गर्दछु। 'यजुर्वेदसंहिता' २।३४।१ मा यस्तो कण्डिका छ।

"उर्जं वहन्तीरमृतं घृतं पयः कीलालं परिस्रुतं स्वधास्तर्पयंत मे पितॄन् ॥"

भावार्थ–"घृतं (घिउ), पयः (दूध) र परिस्रुतं (मद्य) यति अमृतोपम पदार्थले मेरा पितृ तृप्त होऊन्।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फेरि यही 'यजुर्वेदमा' श्राद्धको ब्राह्मणको विसर्जन मन्त्र यस्तो छ ।

"वाजे वाजे ऽवत वाजिनो नो धनेषु विप्रा अमृता ऋतज्ञाः ।
अस्य मध्वः पिवत मादयध्वं तृप्ता यात पथिभिर्देवयानैः ॥"

भावार्थ—"हे विप्रहो ! हात्ती-घोडा, धन-दौलत र अन्न-पात इत्यादिले तृप्त भएर मधु (मद्य) पिएर नस्साले चूर भएर देवयानद्वारा जानु होओस् !"

'मधु' भन्नाले खासगरेर 'मह' नै संझिन्छ; तर 'मह' पेय (पिउने) पदार्थ न भई लेह्य (चाट्ने) पदार्थ हुनाले र वेद र तन्त्रको उक्तिहरूको ठाउँ ठाउँमा 'मद्य' को पर्यायमा 'मधु' भन्ने शब्दको प्रयोग देखिने हुदा, यहा 'पिवत' भन्ने देखिएबाट यस मन्त्रमा 'मधु' भनेर 'मद्यलाई' नै संकेत गरेको बुझिन्छ। फेरि महमा चूर हुने नस्सा हुदैन; तर मद्यमा सो हुन्छ ।

वैदिककालमा यस्तै चालले वीरभावबाट उपासना हुन्थ्यो भन्ने धेरै प्रमाण वेद, तन्त्र र पुराणादिमा पाइन्छ; तर परम्परा—भेदको प्रमाण भने कतै पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देखिन्न । अतः वैदिक मार्गमा एकै परम्परा हुन्छ । अनि तान्त्रिककालमा मानवसमाज वढ्दै गएकोले धेरै थरीका गुरुहरू वन्न जांदा थरी थरीका परम्परा खडाभई अनन्त संख्याका हुन गए र स्वयं शिवले पनि "अत्रापि मतत्रा-हुल्यं मया वक्तुं न शक्यते" अर्थात् "यसको वहुमतको मबाट पनि बताउन सकिइन्न" भनेर "शक्तिसंगमतन्त्रमा" वचन दिनु भयो । अब परम्परा-भेद कसरी बन्यो भने बारेमा कुरा केही भन्नु छ; त्यो के भने जुन आदि महा-शक्ति कालिका[1] हुन् उनैलाई 'रक्ताकाली' (श्रीविद्या महात्रिपुरसुन्दरी) तथा 'श्यामाकाली' (दक्षिणकाली) नामरूपको दुई भेद कल्पना भई 'कालीकल्प' र 'श्रीकल्प' मा तन्त्रशास्त्रको विभाजन भई दुई प्रकारवाट उपासना हुने परम्परा भयो । अनि सोही दुईमा पनि प्रत्येकको पांच पाँच भिन्नाभिन्नै रूपको कल्पना भई दशमहाविद्या बनी दशप्रकारका उपासनाक्रम (उपासनाको नियम) वन्न गए । फेरि श्रीबाट अनेक कुब्जिकादि सिद्धविद्याहरू

1. कालिका=यस पदको विवरण मद्रचित 'तान्त्रिक विज्ञानदर्पण' मा र 'निगमागम वैज्ञानिकसार' मां छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

र कालीबाट नवकालीहरू बन्न गए। अनि प्रत्येक विद्यालाई अष्टभैरव, नवनाथ, सप्तर्षि र अरू धेरै सिद्ध-गुरुहरूले सिद्धगराएको आआफ्नो भिन्न भिन्न परम्परा निस्किएर अनन्त संख्याका हुन गए। अधराम्नायको उत्पत्ति भएपछि ताराविद्यालाई "महोग्रतारा" र "आर्यतारा" भन्ने दुई भेद गराएर ब्राह्मणहरूले "महोग्रताराको" दक्षिणाम्नाय वा उत्तराम्नायबाट उपासना हुने, अनि बौद्धहरूले "आर्यताराको" अधराम्नाय-बाट उपासना हुने अनेक परम्पराहरू बन्न गए। त्यस पछि अधराम्नायकै परम्पराबाट 'क्षुद्रविद्याहरू निक्लिए।

दशमहाविद्याको नाम 'आगममा' यस्तो छ।

"काली तारा महाविद्या षोडशी भुवनेश्वरी।
भैरवी छिन्नमस्ता च विद्या धूमावती तथा॥
बगला सिद्धिविद्या च मातङ्गी कमलात्मिका॥"

भावार्थ—"काली, तारा, महाविद्या षोडशी (श्रीविद्या महात्रिपुरसुन्दरी), भुवनेश्वरी, भैरवी, छिन्न-मस्ता, धूमावती, बगला, मातङ्गी र कमलात्मिका (लक्ष्मी)।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'महाकालसंहिता' मा नव कालीको नाम यस्तो छ ।

*"काली नवविधा प्रोक्ता सर्वं तन्त्रेषु गोपिता ।
आद्या दक्षिणकाली च भद्रकाली तथापरा ॥
अन्या श्मशानकाली च कालकाली चतुर्थिका ।
पञ्चमी गुह्यकाली च पूर्वं या कथिता मया ॥
षष्ठी कामकलाकाली सप्तमी धनकालिका ।
अष्टमी सिद्धिकाली च नवमी चण्डिकालिका ॥"*

भावार्थ–"आद्याकाली, दक्षिणकाली, भद्रकाली, श्मशानकाली, गुह्यकाली, कामकलाकाली, धनकाली, सिद्धिकाली अनि (सप्तशतीवर्णित महाकाली) चण्डिकालिका ।"

यी पूर्वोक्त दश महाविद्याहरू मध्ये काली, तारा, छिन्नमस्ता, धूमावती र भैरवी यति पांच कालीकल्पमा, अनि श्रीविद्या महात्रिपुरसुन्दरी, भुवनेश्वरी, मरतङ्गी, बगला र लक्ष्मी श्रीकल्पमा निहित छन् ।

अब "शक्तिसंगमतन्त्रले" बताए बमोजिम यिनका दशै प्रकारका क्रम र नाम दर्शाउंदछु; तर मेरो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीविद्याको 'गन्धर्वक्रम' हुनाले सो वाहेक अरू नौ क्रमको केवल शास्त्रोक्ति मात्रै दिग्दर्शनरूपले दर्शाएर आफूले न बुझेकोले तिनको वैज्ञानिक रहस्य नवताई टुङ्ग्याउने छु। गन्धर्वक्रमको भने यथाज्ञान वैज्ञानिक रहस्यको उद्घाटन गर्ने चेष्टा गर्ने छु। यी सबै क्रम शिवले भैरवी यानि पार्वतीलाई वताएका हुन्।

१—कालीको 'नीलक्रम' यस्तो हुन्छ।

"रहस्यातिरहस्यं च कथ्यते तव भक्तितः।
महानीलक्रमेणैव कालिका सिद्धिदायिनी॥
महानीलक्रमो देवि द्विविधः परिकीर्त्तितः।
सकलो निस्कलश्चेति तं क्रमं शृणु पार्वति॥
खड्गहस्तः शिरोन्यस्तः सर्वदा मुक्तकुन्तलः।
सदा मांससवोल्लासी विजया घूर्णलोचनः॥
सिन्दूरतिलकं भाले पाणौ तु मदिरारसम्।
रात्रौ पर्यटनं चैव रात्रौ शक्तेः प्रपूजनम्॥
योनिचुम्वनकं कर्म शक्तेरालिङ्गनं तथा।
न करोति नरो यस्तु स कथं मम पूजकः॥
ताम्बूलयोनिचक्रं च मुण्डमालां शवासनम्।
सिन्दूरं खड्गकं चैव सम्विदासवयो रसम्॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एतान् विहाय यः कश्चित् कालीं साधितुमुद्यतः ।
इह क्षोभमवाप्नोति परत्रे नरकं व्रजेत् ॥
कोटयर्बुदयुगै र्देवि न हि सिध्यति कालिका ।
सिंदूरबिन्दु भ्रूमध्ये स्वयंभूमुनिपत्रकम् ॥
रक्तचन्दनकं वापि त्रिपुण्ड्रं च ततोपरि ।
कुर्वन् दले कज्जलस्य बिन्दुर्देयो महेश्वरि ॥
महानीलक्रमे देवि तिलकः परिकीर्तितः ।
श्मशानशायी मांसाशी संविदानन्दमानसः ॥
स्त्रियं पश्यन् स्पृशन् गच्छन् सर्वकालं जपं चरेत् ।
वेश्यारतः श्मशानस्थो मृडुचूडकसंयुतः ॥
दन्ताक्षमालया देवि गजदन्तेन मेरुणा ।
मालां कृत्वा जपेद्देवि सदा ताम्बूलचर्वकः ॥
कपालमाला भरणो रामाचुम्बनतत्परः ।
शक्त्यानन्दो नेत्रयुग्मे मुखे हाला गृहाङ्गणे ॥
वेश्याबालाकरे माला शक्तिलीला भगाम्बुजे ।
योनि सञ्चुम्बनं कृत्वा सर्वकाले जपं चरेत् ॥
शक्तेर्भगं नमस्कार्यं सर्वमेतच्चराचरम् ।
अधिकारी प्रहृष्टात्मा स्त्रीभक्तो विजितेन्द्रियः ॥
इदृग्विधो नरो देवि महानीलक्रमो मतः ।
राजदन्तमयीमाला द्विरदोष्ट्राश्वसम्भवा ॥
अशक्तानां ष्किलः स्यात् तं क्रमं शृणु पार्वती ।
पीताया दुग्धकं पीत्वा सच्चिदानन्दमानसः ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्फाटिकीं मालिकां कृत्वा विहारे जपमाचरेत् ।
दिक्कालनियमो नास्ति स्थित्यादिनियमो नहि ॥
न जपे कालनियमो महामन्त्रस्य साधने ।
यस्मिन् मन्त्रे य आचारस्तत्र धर्मस्तु तादृशः ॥
भ्रान्तिस्तत्र नकर्तव्या स्वर्गे वा मोक्ष एव वा ।
मृदुकोमलकं देवि चूडकं वाप्यचूडकम् ॥
शवं वीरासनं कृत्वा योनित्वगासनं चवा ।
कामरूपासनं देवि पर्वतासनमेव च ॥
प्रयोगासनकं देवि महायोगासनं तथा ।
श्रीमुण्डसुरतं वापि श्रीवीरसुरतं च वा ॥
पञ्चवीरासनं देवि सुरेद्रादिदिशां क्रमात् ॥"

भावार्थ–"महानीलक्रमबाट काली सिद्धिदिने हुंछिन् । यो महानीलक्रम 'सकल' र 'निष्कल' भन्ने दुई प्रकारमा विभाजित भएको हुन्छ । तिन मध्ये 'सकल' को नियम यस्तो हुन्छ । खड्ग हातमा लिएर कपालको जुल्फी पालेर र फिजारेर सधैं मद्यमांस चाखेर मस्त भयी साधक गाँजाको नस्साले आंखा घुमाईरहेको हुनु पर्छ । निधारमा सिंदूरको टिको र हातमा मदिराको रसले युक्त भई राति राति चाहानें र रातमा शक्तिको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पूजागर्नै गर्दै योनिचुम्वनकर्म गरेर शक्तिलाई अंकमाल न गर्नै कसरी मेरो पूजक वनला ? (यहा "मेरो" भन्नाले 'अहं' अर्थात् "कामकला" को भन्ने वुझिन्छ; किन भने यो शिवले कालीको उपासनावारेमा वताएको उक्ति हुंदा आफ्नो पूजक भन्नु न पर्नै र 'अस्मद् + सु=अहं' अनि 'अस्मद् + ङस्=मम' हुने हुन्छ)। रजस्वला भएको योनिचक्र, मुण्डमाला, मुर्दाको आसन, सिंदूर, खड्ग, गाँजा, भाङ अनि रक्सीको प्रयोग न गरीकन कालीका साधना गर्न खोज्ने व्यक्तिलाई यसलोकमा क्षोभ हुन्छ, परलोकमा नर्क पर्नै हुन्छ र कोटि अर्वुद युगसम्म पनि कालीका सिद्ध हुन्नन्। श्मशामको खरानी वा रक्त-चन्दनको त्रिपुण्ड्र, त्यसको माथिल्लो धर्को माथि कज्जल अर्थात् मोहनी थापेर वनाएको कालो टिकाको विन्दु अनि भ्रूमध्यमा अर्थात् आँखिभौंको जोर्नीमा सिंदूरको विन्दु लगाउँदा महानीलक्रमको टिका हुन्छ। श्मशानमा सुत्नु, मासु खानु, घोट्टा र रक्सी पिएर मस्त भई रहनु पर्दछ। आइमाईलाई हेर्दै, छुंदै र जांदै संधै जप गर्नु पर्छ। वेश्यामा रत भएर श्मशानमा वसी झाँक्रो फिजाएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हस्तीहाडको सुमेरु भएको दन्तमालाले पान चबाउँदै जप गर्नु पर्छ। कपालमालाको गहना पहिरिएर स्त्रीचुम्बन गर्दै उनीलाई मजासित हेर्दै मुखमा मद्य हालेर हातले वेश्यालाई अंगालेर भगमा शक्तिलीला गर्दै योनि चुम्बन गरेर सधैं जप गर्ने गर्नु पर्छ। योनिलाई नै सबै चराचर जगत् संझी नमस्कार गर्नु पर्छ। यस्ता संधै खुशीराजी स्त्रीलंपट र जितेन्द्रिय महानीलक्रमका साधक हुन्छन्। वीर, ऊंट वा घोडाको दाँतको दन्तमाला हुन्छ। यो 'सकल' मत का साधकको लागि हो। अशक्तहरूको लागि 'निष्कलक्रम' यस्तो हुन्छ। गाईको दूध पिएर सच्चिदानन्दमा मन लागएर स्फटिकको मालाले विहारमा जप गर्ने गर्नु पर्छ। महामन्त्रको जपको लागि देश (ठाउं), काल (वेला) र दिशा (यतातिर फर्कने) को कुनै नियम हुदैन। जुन मन्त्रको जस्तो आचार हुन्छ त्यसको धर्म उस्तै हुन्छ; अर्थात् जस्तो अचार उस्तै धर्म ठहरिन्छ। स्वर्गै मिलोस् अथवा मुक्ति नै त्यसमा भ्रान्ति गर्नु हुदैन। कोमल कपालको होओस् वा खौरिएकै होओस् शवासन, वीरासन, योनित्वगासन अथवा काम-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रूपासन, पर्वतासन, प्रयोगासन, महायोगासन, श्रीमुण्डरतासन, श्रीवीररतासन अनि पञ्चवीरासन पूर्वादि दिशाको क्रमले गर्नु पर्छ।

कालीकल्पको कादि (कुण्डली) क्रमको मुख्य क्रम वा नियम यही हो। अरू पांच क्रम वा नियम यही क्रमका शाखा हुन्। यसको पूर्वोक्त नियम साधारण व्यवहारिक नियमसित धेरैं कुरामा उल्टा जस्तो देखिन्छ; तर यसमा अवश्यमेव गहन रहस्यहरू होलान्। यो आफ्नो क्रम न हुनाले यसमा अनभिज्ञता प्रकट गरी तन्त्रमा लेखेबमोजिम जस्ताको तस्तै मात्र दर्शाई भावार्थ सम्म लेखी कुनै पनि रहस्योद्घाटन गर्न न सकेकोमा क्षमा प्रार्थी छु।

२—ताराको '**महाचीनक्रम**' यस्तो हुन्छ।

"महाचीनक्रमो देवि कथ्यते सांप्रतं मया।
महाचीनक्रमेणैव तारा शीघ्रफलप्रदा॥
ब्रह्मचीनो वीरचीनो दिव्यचीन स्तृतीयकः।
महाचीनो निष्कलश्च चीन पञ्चविधो मतः॥
महाचीनक्रमो देवि द्विविधः परिकीर्तितः।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सकलो निष्कलश्चेति सकलो बौद्धगोचरः ॥
निष्कलो ब्राह्मणानाञ्च द्वितीयः परिकीर्तितः ॥"

भावार्थ–"महाचीनक्रमबाट तारा चांडो सिद्धि दिने हुन्छिन् । चीनक्रममा 'ब्रह्मचीन', 'वीरचीन' र 'दिव्यचीन' भन्ने तीन थरीका हुन्छन् । महाचीनक्रम चाहिं 'सकल' र 'निष्कल' भन्ने दुई प्रकारका हुन्छन् । यस प्रकारले चीनक्रम पांच थरीका हुन गए । महाचीन-क्रमको 'सकल' चाहिं बौद्धमार्गीको लागि र 'निष्कल' ब्राह्मणको लागि लागु हुन्छ । 'सकल' को नियम यस्तो हुन्छ ।

"स्नानादि मानसं शौचं मानसः प्रवरो जपः ।
पूजनं मानसं दिव्यं मानसं तर्पणादिकम् ॥
मानसो नियमः प्रोक्तो मानसं दन्तधावनम् ।
सर्व एव शुभः कालो नाशुभो विद्यते क्वचित् ॥
न विशेषो दिवा रात्रौ न सन्ध्यायां महानिशि ।
शुद्धिं न कारयेदत्र निर्विकल्पं मनश्चरेत् ॥
नात्र शुद्धेरपेक्षास्थि न च मेध्यादि दूषणम् ।
य एवं चिन्तयेन्मन्त्रं सर्वकामसमृद्धिदम् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गद्यपद्यमयी वाणी सभायां तस्य जायते ।
तस्यदर्शन मात्रेण वादिनो निष्प्रभा मताः ॥
राजानोऽपि च दासत्वं भजन्ते किं परे जनाः ।
सर्वदा पूजयेद्देवीमस्नातः कृतभोजनः ॥
महानिश्यशुचौ देशे वलिं मन्त्रेण दापयेत् ।
स्त्रीद्वेषो नैव कर्तव्यो विशेषात् पूजनं स्त्रियः ॥
जपस्थाने महाशंखं निवेश्योर्ध्वे जपं चरेत् ।
स्त्रियं गच्छन् स्पृशन् पश्यन् यत्र कुत्राप्यचूडके ॥
भुक्त्वा ताम्बूलमन्यांश्च भक्ष्यद्रव्यान् यथा रुचि ।
मांसं मत्स्यं दधिं क्षौद्रं संविदासवयो रसम् ॥
भोज्यान्यशेष भक्षाणि दत्वा भुक्त्वाचरेज्जपम् ।
दिक्कालनियमो नास्ति स्थित्यादिनियमो न च ॥
न जपे कालनियमो नार्चादिषु वलिष्वपि ।
स्वेच्छानियम उक्तोऽत्र महामन्त्रस्य साधने ॥
वस्त्रासनं गेहदेहस्पर्शास्पर्शादिवारिणा ।
तैलं संलाप्य देवेशि ताम्बूलं भक्षयन् सदा ॥
नानाम्बराणि सन्धार्य देहं वस्त्रेण मार्जयेत् ।
एवं स्नानं चरेद्देवि सवर्दा तद्गताशयः ॥
केशान् संवर्द्धयेद्देवि सर्वदा तैलभूषितः ।
नाधर्मो विद्यते सुभ्रु किं तु धर्मो महान् भवेत् ॥
स्वेच्छाचारोऽत्र कथितः प्रचरेद्धृष्टमानसः ।
कृतार्थंमन्यमानस्तु सन्तोष्य निजमानसम् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हरेर्नाम न गृह्णीयान् न स्पृशेत् तुलसीदलम् ।
वर्जयेद्बिल्वपत्रञ्च मरूं यत्नेन वर्जयेत् ॥
नान्यचिंन्ता प्रकर्तव्या नान्यनिन्दा कदाचन ।
नान्यमन्त्रं जपेद्देवि निर्विकल्पं सदा भवेत् ॥
सद्यो मद्यं पिवेद्देवि मातङ्गी भिर्विहारवान् ।
योनिचुम्वँल्लिहन् पश्यन् जपंकुर्यादनन्यधीः ॥
योनौ विचिन्त्य जप्तव्यं सिद्धिर्वत्सरमात्रतः ।
अन्यथा नैव सिद्धिः स्यात् प्रजप्तैरपि कोटिभिः ॥
पुरश्चरणलक्षेश्च होमादीनाञ्च कोटिभिः ।
भ्रूयुग्मे कुन्तले देवि सिन्दूरं तदनन्तरम् ॥
कुचन्दनं त्रिपुण्ड्रञ्च पंकजं वा सकेशरम् ।
मुण्डमाला गले धार्या कपालं पाणिसङ्गतम् ॥
इत्याचारपरो नित्यं महाचीनक्रमी भवेत् ।
कर्णनेत्रान्तरस्थो यो महाशङ्ख प्रकीर्तितः ॥
पञ्चाशन्मणिभिर्माला गोनरेभास्थिसम्भवा ।
मालां कुर्यान् महेशानि चाष्टसिद्धीश्वरो भवेत् ॥
सैव तारा महेशानि नात्र कार्या विचारणा ।
यस्मिन्मन्त्रे य आचारस्तत्र धर्मस्तु तादृशः ॥
कृतार्थस्तेन जायेत स्वर्गे वा मोक्ष एव वा ॥"

भावार्थ—"स्नान, शौच, जप, पूजा, तर्पण तथा दन्तधावन (दांत माझनेकाम) इत्यादि सबै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मनकै नियमले गर्नु, अर्थात् जुन वेला जसरी गर्न मन लाग्छ उसै गरी गर्नु। खासगरेर दिनमा, रातमा, सांझमा वा महानिशामा (आधारातमा) केहि शुद्धि न गर्नु केवल मनमा कुनै पनि विकार न राख्नु। 'म विटुलिएँ वा मेरो वुद्धिविग्रियो' भन्ने कत्ति पनि फिक्री न गरी मन्त्रको चिन्तन गर्नाले सबै कामनाको उन्नति र फलिफाप हुनेछ। त्यस्ता साधकको सभामा गद्यपद्यले शृङ्गारिएको बोली हुन्छ, तिनलाई देख्ना साथ विपक्षीहरू वोल्नै सक्ने छैनन्, फेरि राजाहरू त तिनको दास झैं हुनेछन् भने अरूको कुरै भएन। संधै ननुहाएरै खाना खाएर देवीको पूजा गर्नु, आधारातमा विटुलो ठाउंमा मन्त्र पढेर वलि दिनु, स्त्रीको द्वेष न गर्नु, वरु विशेष गरेर स्त्रीलाई पूजनु पर्छ। जप गर्ने ठाउंमा महाशंख राखेर त्यसमाथि जप गर्नु पर्छ। आइमाईकाहां गएर उनलाई छुंदै र हेर्दै माछा, मासु, दही अनि पान इत्यादि अनेक प्रकारका परिकारहरू ज्यूनार गराउंदै आफूले समेत खांदै जप गर्नु पर्छ। यस दिशातिर फर्किएर यस छांटमा वसेर यस वेला जप पूजाहरू गर्नु पर्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भन्ने कुनै पनि नियम हुदैन; महामन्त्रको साधन आफ्नो मनमोजी नियमको हुन्छ। कपडाको आसनमा बसेर आँगमा तेल घसेर पान चपाउँदै घर र देहको छुत-अछुत-को परवा नराखी नानाप्रकारको लुगा पहिरिएर अलि अलि कपडा भिजाएर पानी आफ्नो देहमा छर्कनु, उनै देवीमा मन लगाएर यसो गर्दा स्नानकर्म भई हाल्छ। अनि केशपालेर तेल लगाउनु। यस्तो गर्नाले अधर्म हुदैन, झन महा धर्म हुन्छ। यी सबै खुशी मनले स्वेच्छा-चार गर्ने कुरा बताइयो। अब नियम बताइन्छ। कृतार्थ भएर आफ्नो मनलाई सन्तोष गराई हरिको (विष्णुको) नामै न लिई तुलसीपत्र न छोई वेलपत्र समेत वर्जित गर्नु पर्छ। टोपी लगाउनु, अरूको चिन्ता र निन्दा गर्नु अनि अरूको मन्त्र जप्नु हुदैन। संधै निर्विकल्प भएर मद्य पिएर षोडिनीहरूसित विहार गर्नु; योनिमा चुम्बन गर्दै चाट्दै एकटिठ भएर त्यसमा (योनिमा) चिन्तन गर्दै जप्नु पर्दछ। यसो गर्नाले एकै वर्षमा सिद्ध हुन्छ। नत्र भने करोडौं जप, लाखौं पुरश्चरण र करोडौं होमादि गरे पनि सिद्ध हुदैन। दुई आँखिभौंमा र कपालको रउंमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सिंदुर अनि त्यसको माझमा रक्तचन्दनको त्रिपुण्ड्र लगाउनु पर्छ। केशर सहितको कमल वा मुण्डको माला आफ्नो घाँटीमा पहिरो हातमा कपाल पात्र लिने गर्नु। यस्तो आचारमा रही महाचीनक्रमी वन्नु पर्छ। कान र आँखाको जोर्नीको हाडलाई 'महाशंख' भन्दछन्। यस्ता गोरू, मान्छे वा हात्तीका महाशंखको पचास दानाको जपमाला वनाए अष्टसिद्धि हुन्छ। यस्ता साधक तारा नै हुन्, त्यसमा कत्ति पनि शंका छैन। मन्त्रको आचार वमोजिमको धर्म हुन्छ र त्यसैवाट स्वर्ग वा मोक्ष हात पारेर कृतार्थ होइन्छ। 'निष्कल' को नियम यस्तो हुन्छ।

"सकलस्तुमया प्रोक्तो निस्कलं श्रृणु पार्वति।
मणिवन्धादधः पाणिं पादौ गुल्फादधः शिवे॥
मुखं प्राक्षालयेद् देवि चीनस्नानमिदं भवेत्।
जानुभ्यामवनीं गत्वा भूमौ मस्तकमानयेत्॥
चीनमार्गनमस्कारः कीर्तितस्तु मया तव।
पूर्वक्रमस्य देवेशिक्रमः प्रतिनिधिर्मया॥
स्नानदानदिकं कृत्वा तथा पूजादिकं प्रिये।
तथा म्लानो न मे देहो न च पापं ममास्ति वै॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

किं स्नानं कस्यचित्स्नानमस्नातः कृतभोजनः ।
सर्वमेव हृदम्भोजे मयि सर्वं प्रतिष्ठितम् ॥
मयि जाता मन्त्रसिद्धि र्मम देवा वरप्रदाः ।
तेजोरूपं जगत्सर्वं तारिणी तत्स्वरूपधृक् ॥
तत्तेजसा स्वस्थदेहं संभाव्य जपमाचरेत् ।
भावनावशमापन्नो भवेद्योगी महाकविः ॥
गुडार्द्र करसेनैव सुरा तु ब्राह्मणस्य च ।
तदभावे जलं देयं संभाव्य पूजनं चरेत् ।
तद्भावहृदयासन्नः सदा तद्गतमानसः ॥
द्वन्द्वभावं परित्यज्य सर्व सिद्धीश्वरो भवेत् ।
ब्रह्मा चैव वशिष्ठश्च तथान्ये च मुनीश्वराः ॥
निष्कलक्रममार्गेण भजन्ति सततं शिवे ।
ताराभक्ता महेशानि ब्राह्मणः परिकीर्तिताः ॥
ब्रह्मविद्या महाविद्या सर्वत्र दुर्लभा कलौ ।
रहस्यातिरहस्यं च गोप्तव्यं पशुसंकटे ॥"

भावार्थ–"सकलको वर्णन भयो, अब निष्कलको वर्णन हुन्छ । नारिदेखितल दुई हात, गोलीगाँठा देखि तल दुई खुट्टा अनि मुख धुनाले चीनस्नान हुन्छ । दुई घुँडा टेकेर टाउको भुईमा जोत्नाले चीनमार्गको नमस्कार हुन्छ । माथिवताएको क्रमको प्रतिनिधि क्रम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यही हो। स्नानदानादि गरेर पूजादि गर्नु अनि आफ्नो देह पवित्र र पापरहित संझिएर पखाल्नु पर्ने कुनै वस्तु पनि मनले न देखी, सबै आफ्नै हृदयकमलमैं भएको पक्का मानी, मन्त्रसिद्धि पनि आफैबाट निस्किएको ठानी, जगत् सबै तेजोमय तारिणीरूप आफैमा संझी, सोही तेजमा आफ्नो देहले डुबुल्की मारेको भावना गरी जप गर्नु। यसै भावनाको बसले गर्दा साधक छ महिनामैं महाकवि बन्दछ। ब्राह्मणको लागि खुँदोमा अदुवाको रस मिसाए पछि मद्य बन्छ। सो न मिले जलमा मात्रै भावना गरे पनि हुन्छ। तिनमा (तारामा) दृढ भक्तिले तन्मयमन गराएर द्वन्द्वभाव छाड्नाले साधक सर्वसिद्धीश्वर बन्दछ। ब्रह्मा, वशिष्ठ र अरूमुनीश्वरहरू यही निष्कल उपासना हमेशा गर्ने गर्दछन्। तारा भक्तहरू ब्राह्मण कहलिइन्छन्। (यहा 'ब्रह्म जानाति ब्राह्मण' भन्ने आसय हो।) कलिकालमा जतातते महाविद्या र ब्रह्मविद्याको दुर्लभ हुन्छ। यो रहस्यको पनि अतिरहस्य पशुसंकटबाट गुप्त राख्न पर्दछ।" यो क्रम पनि कालीकल्पान्तरगत नै हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

३—अत्र कालीकल्पान्तरगत छिन्नमस्ताको 'दिव्यचीनक्रम' यस्तो हुन्छ ।

"दिव्यचीनक्रमेणैव छिन्नमस्ता वरप्रदा ।
क्रमद्वयं महेशानि पूर्वमेव प्रकाशितम् ॥
एतस्य तिलको देवि भ्रूमध्ये च कुचन्दनम् ।
तदन्ते रोचनापत्रैस्त्रिपुण्ड्रं दिव्यवर्णकैः ॥
श्मशानभस्मविन्दुं तु सर्वं काले जपेच्छिवे ।
योनिचक्रं समालोक्य यत् किञ्चित् कुरुते नरः ॥
तत्तदक्षयमाप्नोति छिन्नमस्ताप्रशादतः ।
दिक्कालनियमो नास्ति स्थित्यादि नियमो न हि ॥
पाताले कुहरे दुर्गे पाताले तटिनीतटे ।
अन्तरीक्षे तथा भूमौ सर्वत्र जपमाचरेत् ॥
विशेषः कथिता देवि शक्तितत्वस्य पालकः ॥"

भावार्थ—"दिव्यचीनक्रमबाट छिन्नमस्ता वर दिने हुन्छिन् । दुईक्रम (सकल र निस्कल) अघिनै प्रकाश भायो । (यसको मतलब यो होकि, अरू सबै नियम पूर्वोक्त वत् र केवल निम्नलिखित नियमहरू मात्रै फरक हुन्छ) । यस क्रमको टिका यस छाँटको हुन्छ । भ्रूमध्यमा रक्तचन्दन, त्यसको विचमा रोचनापत्र अनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दिव्यवर्णको त्रिपुण्ड्र र त्यसको विचमा श्मशानको खरानीको बिन्दु लगाउनु। जुनसुकै वेलामा पनि (शक्तिको) मुखमा मुख जोडेर जप गर्नु पर्छ। योनिचक्र हेरेर जुन काम गरे पनि छिन्नमस्ताको प्रशादले सो सफल हुन्छ। यतातिर फर्केएर, यसवेला, यस छांटमा वसेर पाताल, दुलो, किल्ला, पर्वत, तटकोनजिक, अन्तरीक्ष वा भईमा वस्नु पर्छ भन्ने कुनै नियम हुन्न; जुनसुकै वेला जहां पनि जप्न हुन्छ। यो विशेष गरेर शक्तितत्त्वको पालकहरूको बारेमा वताइएको हो।"

४—कालीकल्पान्तरजत धूमावतीको 'धूमक्रम' यस्तो हुन्छ।

"धूमावत्या क्रमो देवि कथ्यते शृणु पार्वति।
भ्रूमध्ये कज्जलं देयं भस्मविन्दु स्तदन्तरे॥
त्रिपुण्ड्र च ललाटे स्याच्छवभस्म तदन्तरे।
कृष्णवस्त्राम्वरधरः कृष्णगन्धविभूषितः॥
गन्धपुष्पेण संयुक्तः श्मशानासनसंङ्गतः।
धूम्रवर्णं जगत्सर्वं मन्त्री धूम्रमयो भवेत्॥
काकपिच्छं चासनं स्यात् कृष्णद्रव्यं प्रधारयेत्।
ब्रह्मचारी मिताहारो निर्विकल्पो जितेन्द्रियः॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्नानं त्रिषवणं कुर्यादुच्च्चाटनपरायणः ।
स्वचित्तं काकवत् कृत्वा जगदुच्च्चाटयेध्दुवम् ॥
इत्याचारपरो भूयाद् धूम्रक्रमगतो भवेत् ॥"

भावार्थ—"धूमावतीको क्रम वताइन्छ । त्यस-क्रमको टिका यस्तो हुन्छ; भ्रूमध्यमा कज्जल, त्यसको अन्तरमा विभूत अनि निधारमा मूर्दाको खरानीको त्रिपुण्ड्र धारणगर्नु पर्छ । कालो लुगा लाएर कृष्णागरुको चन्दन आँगमा घसी चन्दन र फूल लिएर श्मशानमा वस्ने गर्नु पर्छ । सबै जगत् ध्वासेरङ्गको संझी कागको ध्वाँखको आसनमा वसेर काला द्रव्यहरु धारण गरेर मन्त्रको साधना गर्नु पर्छ । ब्रह्मचारी, थोरै खाने, जितेन्द्रिय र निर्विकल्प भएर त्रिकाल स्नान गर्ने गरी उच्च्चाटनपरायण भई आफ्नो चित्त काकको जस्तो गराएर जगतैलाई उच्च्चाटन गराउनु पर्छ । यस्तो आचार धूम्रक्रममा हुन्छ ।"

५—कालीकल्पान्तरगत भैखीको 'भैरवक्रम' यस्तो हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

इति संक्षेपतः प्रोक्तं भैरवाख्यं शृणुक्रमम् ।
स्वपुष्पक्रमयोगेन भैरवी भुवि दुर्लभा ॥
स्वपुष्पाख्यक्रमो देवि कथ्यते श्रृणु साम्प्रतम् ।
तरुणीं सुन्दरीं रम्यां तारुण्यामृत विग्रहाम् ॥
सदा रते साभिलाषां मैथुनोद्यतमानसाम् ।
मन्त्रयन्त्रसमायुक्तां समानीय महेश्वरि ॥
नग्नां तां च विधायादौ स्वयं नग्नो जपं चरेत् ।
परस्परालोकनं च कर्तव्यं च परस्परम् ॥
अविकारी यदा देवि साधनार्हो न चान्यथा ।
विकारे भावमाने च साधको नश्यति क्षणात् ॥
सापि चेद्देवदेवेशि सविकारा यदा भवेत् ।
पुष्पिणीमनुना देवि बलात् पुष्पं समानयेत् ॥
द्राविणीमनुना देवि बलाद्दृष्ट्या द्रवं नयेत् ।
केलिदोषवशा द्देवि नायं योग्यो भविष्यति ॥
तस्मात् पाशवकल्पेन बाला शस्ताधुना शिवे ।
वालायामुभयाचारो दक्षिणो मुख्य एव हि ॥
शीघ्रं च सिद्धिकामश्चेद् गवाक्षं योगमभ्यसेत् ।
यत्र स्त्रीणां समूहोऽस्ति नदीनदसमुद्रके ॥
यत्र स्नानं प्रकुर्वन्ति गवाक्षं तत्र कारयेत् ।
तमालोक्य प्रयत्नेन जपं कुर्यान्निरन्तरम् ॥
इति संक्षेपतः प्रोक्तं तिलकं श्रृणु पार्वति ।
वामहस्ततले यन्त्रं विलिख्य यत्नतः शिवे ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अवशिष्टेन तिलकं कारयेत् परमेश्वरि ।
भाले कस्तूरिकाबिन्दुं मुनिपत्रं कुचन्दनम् ॥
तन्मध्ये श्वेतबिन्दुं च केशादिपूर्ववद्भवेत् ।
दशविद्याविधौ देवि केशवर्धनमीरितम् ॥"

भावार्थ–"भैरवक्रममा स्वपुष्पक्रमको योगले पृथ्वीमा दुर्लभ भएकी भैरवी सिद्ध हुन्छिन् । स्वपुष्पक्रम योग यस्तो हुन्छ । एउटी कामातुरा सुन्दरी दीक्षित तरुणीलाई ल्याएर नाङ्गी बनाएर आफू पनि नाङ्गो भएर मुखामुख भएर बस्नु पर्दछ । यसो गर्दा अविकारी हुन सके मात्रै साधक साधना गर्न योग्य हुन्छ; नत्र भने सो हुन सक्तैन, विकारको भाव मात्रै रहन गए पनि साधक क्षणैमा नाश हुन्छ । ती तरुणी सविकारी भइन् भने पुष्पिणीमन्त्रद्वारा बलैले पुष्प[1] झिक्नु पर्छ, अनि द्राविणीमन्त्रद्वारा बलैं सित हेरेर त्यसलाई पगाली छ्यापछ्यापे झोल बनाउनु पर्छ। यो योग केलिदोषको[2] वशबाट हुन सक्तैन । त्यसउसले भैरवीहरू मध्ये बालाको

1. पुष्प = यो शांकेतिक लवज हो; यसको मतलब गुरुवक्रगम्य हुन्छ ।
2. केलिदोष = यसको रहस्य पनि गुरुसित बुझ्नु पर्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात् बालभैरवी (यिनको नामान्तर 'त्रिपुरभैरवी' पनि हो) को उपासना गर्नु नै वेश। किनभने बालाको वाम र दक्षिण दुवै आचारबाट उपासना हुन्छ। (यसको मतलव यो हो कि 'बाला' लाई 'बालभैरवी' संझिएर पश्चिमाम्नायमार्गले वामाचारबाट फेरि 'बालात्रिपुरा' वा 'बालासुन्दरी' श्रीविद्यारूप संझिएर ऊर्ध्वाम्नायमार्गले दक्षिणाचारबाट उपासना हुन्छ, कौलाचार त दुवै पक्षमा हुने नै भयो)। बालाको दक्षिणाचार अर्थात् श्रीविद्यारूप नै मुख्य हो। झट्टै सिद्धि पाउनको लागि गवाक्षयोग[1] गर्नु पर्छ। आइमाईहरूको नुहाउने घाट भएको नदी, खोला वा समुद्रको किनारमा वसेर गवाक्षयोग गरेर हेरी हेरी जप गर्नु पर्छ। अव टिकाको बारेमा चर्चा हुन्छ। बायाँ हत्केलामा यन्त्रलेखेर अवशिष्टले टिका लगाउनु, निधारमा कस्तूरीको विन्दु, रक्तचन्दनको त्रिपुण्ड्र अनि त्यसको विचमा सेतो विन्दु लगाउनु पर्छ।

1. गवाक्षयोग=A Kind yoga or practice for self hupnotised.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

माथिवताए झैं कपाल पाल्ने गर्नु पर्छ। दशै महाविद्याको विधानमा केश पाल्ने प्रथा हुन्छ।"

भैरवी विद्याको फरक फरक आम्नाय भेदले सप्तकोटि भेद हुन्छन्; तिनमध्ये ऊर्ध्वाम्नायात्मक पन्द्र भेद भने श्रीकल्पका हुन्छन्। यिनको यथाज्ञान मद्रचित हिन्दी भाषामा "तान्त्रिकोपासनादर्पण" नामक पुस्तकको द्वितीय खण्ड नवम पटलमा चर्चा गरेको छु।

यी पूर्वोक्त पांच क्रम कालीकल्पान्तरगत नील-क्रमकै शाखा हुन्। उपासनामा मन्त्र र योगको भेदले गर्दा विद्याकारूप भिन्न भिन्न आम्नायका बन्दछन्।

कालीकल्पको पर्वहरू "शक्तिसंगमतन्त्र"ले यस्तो भन्दछ।

"अष्टम्यां च चतुर्दश्यां पक्षयोरुभयो रपि।
नीलसाधनकं कर्म सर्वथा कारयेच्छिवे॥
प्रत्यहं क्रियतां देवि तदभावे महाष्टमी॥"

भावार्थ—"दुवै पक्षको अष्टमी र चतुर्दशीमा संधै साधन गर्नु पर्छ। सो न सके महाष्टमीमा त अवश्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नै गर्नु पर्छ । यो नीलसाधन कर्म हो ।" कालीकल्पको मान्य वार शनिवार हो । दशै महाविद्याहरूको र अरू सिद्धविद्याहरूको आ-आफ्ना जन्म–जयन्तीको दिनमा महापर्व मनाइन्छ । यी जन्मजयन्तीको वारेमा पछिल्लो पटलमा चर्चा गर्ने चेष्टा गर्ने छु ।

अब श्रीकल्पको अन्तर्गत पांच क्रमको चर्चा हुन्छ । यी सबै 'गन्धर्वक्रम' कै शाखा हुन् । मेरो गन्धर्वक्रम हुनाले त्यसमा विशेष वैज्ञानिक रहस्य समेत झल्काउंनु पर्ने हुंदा पहिले अरू चार क्रमको चर्चा गरीकन मात्रै यस क्रमको चर्चा गर्ने छु । भगवान् श्रीनारायण, श्रीराम र श्रीकृष्णादिले अपनाएको यही गन्धर्वक्रम हो ।

६–श्रीकल्पान्तर्गत भुवनेश्वरीको 'दिव्यभावक्रम' यस्तो हुन्छ ।

"दिव्यभाव क्रमेणैव भुवना शीघ्रसिद्धिदा ।
हकारः शिवरूपस्याद्रकारः पापनाशकः ॥
ईकारः कामरूपः स्यान्माया तेन प्रकीर्तिता ।
ब्रह्माण्डमेतद्देवेशि मायया वेष्टितं भवेत् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्या मायां विना देवि न किञ्चित् प्रति भासते ।
यद्भासारहितं किञ्चिन्न च तद्भासते क्वचित् ॥
यद्भासा सहितं देवि जगदेतत् प्रभासते ।
यां विना तु महेशानि जगज्जडसमं भवेत् ॥
एवं क्रमेण देवेशि सदा तद्गतमानसः ।
त्रैलोक्यविजयी भूयान्नात्र कार्या विचारणा ॥
एतस्य तिलकं देवि कथ्यते यत्नतः शृणु ।
श्वेतचन्दन विन्दुं तु भ्रूमध्ये तु प्रलापयेत् ॥
गन्धसारं तदन्ते स्यात् त्रिपुण्ड्र दिव्यवर्णकैः ।
रक्ता क्षतांश्च तन्मध्ये तेन सिद्धीश्वरो भवेत् ॥"

भावार्थ–"दिव्य भावक्रमबाट भुवना अर्थात् भुवनेश्वरी सिद्धिदिने हुन्छिन् । 'ह' कार शिवरूप (त्रिकर्षण), 'र' कार पापनाशक (न आकर्षण न विकर्षण), अनि 'ई' कार कामरूप (आकर्षण) यति तीन मिलेर माया वन्दछे । यसै मायाद्वारा ब्रह्माण्डनै वेष्टित छ; यसको चहक न भए कुनै वस्तुमा पनि हीस्सी हुदैंन । अतः यो सबै जगत्मा उही मायाकै चहकले हीस्सी आएको हो । त्यस उसले यी माया न भए जगतै उजाड

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वन्दछ। यी सबै कुरा मनमा राखेर उपासना गर्दा दिव्यभावक्रम हुन्छ र साधक त्रैलोक्यविजयी बन्दछ। (यसको मतलब 'मन्त्रयोगले उपासना गर्नु पर्छ' भन्ने हो)। यस क्रमको वारेमा श्रीखण्डचन्दनको बिदु भ्रूमध्यमा, त्यसको विचमा गन्धसार, ललाटमा दिव्य-वर्णको त्रिपुण्ड्र र त्यसको बीचमा रातो अक्षता लगाउनु पर्छ।"

७—श्रीकल्पान्तर्गत बगलाको **'सौभाग्यक्रम'** यस्तो हुन्छ।

"सौभाग्याचाक्रिमेणैव बगला शीघ्रसिद्धिदा।
पीताम्बरधरो मन्त्री पीतभूषण भूषितः॥
पीतमाल्याम्बरधरः पीतगेहे समास्थितः।
पीतद्रव्योपभोगी च पीतासन समन्वितः॥
पीतहोमो पीतपुष्पी पीतशक्तिसमन्वितः।
रोचनां भ्रुवि संदद्यात् कुंकुमं मुनिपत्रकम्॥
हरिद्राया त्रिपुण्ड्रं च तन्मध्ये खदिरं शिवे।
हरिचन्दन धूपेन धूपितः परमेश्वरि॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वाङ्गसुन्दरीं रम्यां सर्वावयवशोभिताम् ।
नवोढां पुष्पिणीं चैव प्रार्थयेद्विप्रकन्थकाम् ॥
अष्टम्यां च चतुश्यां पौर्णमास्यां कुमारिकाम् ।
अथवा भौमवारे वा निशायां भृगुवासरे ॥
सुवासितेन तैलेन कुर्यादभ्यञ्जनं तथा ।
तूलिकातल्पमानीय आस्तीर्योदङ्मुखस्तथा ॥
तस्योपरि समास्तीर्य समन्त्रैर्जातिचम्पकैः ।
कर्पूरं चैव कस्तूरीमिश्रितं चन्दनं तथा ॥
सर्वाङ्गे लेपनं कुर्याल्लिक्ष्मीसूक्तेन बुद्धिमान् ।
पर्यङ्कोपरि तां कन्यां चन्दनेन विलेपिताम् ॥
ध्रुवाद्यैरितिमन्त्रेण कन्यां दक्षिणतोमुखी ।
उन्मुखी शयने कुर्याच्छ्रीसूक्तेन कुमारिकाम् ॥
तस्या पादौ प्रसार्याथ गुप्तेनार्चनमाचरेत् ।
न्यस्त्वाषोढाद्वयं चैव मार्जयेन्मूलविद्यया ॥
गन्धद्वारेति मन्त्रेण कुर्यात् कस्तूरिलेपनम् ।
मूलमन्त्रेण चैतन्यपुष्पमालां समर्पयेत् ॥
निवेदयेद्द्रव्यशुदिं ततश्च जपमाचरेत् ।
प्रयोगः सिद्धिदः पुंसां मन्त्रसिद्धिकरः परः ॥
एतत् क्रमं विना देवि प्रयोगो न भवेत् क्वचित् ।
तस्मात् सर्वप्रयत्नेन सिध्यर्थी देवि भूतले ॥
अभिमानाष्टकं त्यक्त्वा त्यक्त्वा वै दूषणत्रयम् ।
त्यक्त्वा पञ्चेन्द्रियासक्तिं सौभाग्यक्रममाचरेत् ॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भावार्थ–"सौ भाग्यक्रमबाट बगला छिटै सिद्धिदिने हुन्छिन् । मन्त्रको साधना गर्ने साधकले पहेलोलुगा, पहेलोगहना र पहेलै माला लाउनु पर्छ । पहेलो घरमा बसेर पहेलोद्रव्यको उपभोग गरेर पहेलै आसनमा बसी पहेली अर्थात् पहेलै पोशाक र गहनागुरुवा पहिरिएकी शक्ति साथमा लिई पहेलो फूलले पूजन र पहेलै पदार्थले हवन गर्ने गर्नु पर्दछ । टिकाको बारेमा हलेदोको निधारमा त्रिपुण्ड्र त्यसको विचमा खयेरको टिका अनि भ्रूमध्यमा काश्मीरिकेशर लगाउनु पर्छ । हरिचन्दनको धूपले मग्मगाएर बस्नु पर्छ । अष्टमी, चतुर्दशी र पौर्णमासिमा अथवा मङ्गलवार र शुक्रवारमा एउटी राम्री विप्रकन्यालाई निमंत्री प्रार्थना गरेर बास्ना-आउने तेलले तेलारी गरी मन्त्रपूर्वक जाई र चाँपोको फूलहरूले सजाएको तूलिकामा ल्यायी कपूर र कस्तूरी मिशाएको श्रीखण्डचन्दन तिनको सर्वाङ्गमा श्रीसूक्त पढ्दै घसीदिई तिनलाई दक्षिणतिर फर्काएर 'ध्रुवाद्यैः' भन्ने वेदको कण्डिका पढेर पलङमा राखी, फेरी श्रीसूक्त-पढेर उत्तानो पारेर सुताई पाउ पासार्न लगाई सो पाउमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गुप्तविधानले पूजागर्नु पर्छ। अनि तिनको देहमा दुई-प्रकारको षोढान्यास गराएर मूलमन्त्रले मार्जन गर्नु र 'गन्धद्वारान्' भन्ने कण्डिका पढ्दै पाउमा कस्तूरी लेपन गर्दै मूलमन्त्रले चैतन्यपुष्पको माला पहिराउनु पर्छ। अनि शोधनभएको मद्यमांसादि नैवेद्य टक्राएर जप गर्नु पर्छ। साधकको लागि मन्त्रसिद्धि गर्ने प्रयोग यही हो; यो क्रम वाहेक अरू कुनै पनि प्रयोग छैन। त्यस कारणले वहुतै यत्नकासाथ अभिमानाष्टक [1] र दूषणत्रय [2] फेरि पांचै इन्द्रियको आसक्तिलाई त्यागेर सौभाग्यक्रम गर्नु पर्दछ।"

८—श्रीकल्पान्तर्गत लक्ष्मीको **'कमलाक्रम'** यस्तो हुन्छ।

"श्रु देविणु प्रवक्षामि कमलाक्रमनिर्णयम्।
भ्रूमध्ये घुसृणं देवि सिदूरं तदनन्तरम्॥
श्वेतं त्रिपुण्ड्रं देवेशि तन्मध्ये केशरं शिवे।
स्नातः शुल्काम्वरधरस्त्रिसन्ध्यं स्नानमा चरेत्॥

1. अभिमानाष्टक = घृणाशंकादि पूर्वोक्त अष्टपास = Contempt etc
2. दूषणत्रय = राग, द्वेष र ईर्ष्या =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हविष्याशी भूमिशायी मधुरान्नप्रियो नरः ।
भृगुवासरपर्यन्तं द्वितीयं भृगुवासरम् ॥
प्रत्यहं पूजयेद्देवि नाना वादित्रनिस्वनैः ।
दिन षोडशपर्यन्तं प्रत्यहं तु समाचरेत् ॥
पुनस्तद्दिनमारभ्य तद्दिनान्तं महेश्वरि ।
पूजयेत् प्रयतो नित्यं देवताभावतत्परः ॥
प्रदक्षिणा प्रकर्तव्या कलाभावक्रमेण च ।
दीपास्तत्र प्रकर्तव्याः कलावृद्धिक्रमेण च ॥
ब्राह्मणान् भोजयेन्नित्यं कलाभावक्रमेण च ।
इत्याचारपरः श्रीमान् विष्णुरूपो नरो भवेत् ॥
राज चिन्हानि सर्वाणि प्रयतः पूजयेत् सदा ।
सर्व साम्राज्यलक्ष्म्यास्तु नाथो भूयान्न संशयः ॥
धनदा तस्य गेहस्था राजा च किङ्करो भवेत् ॥"

भावार्थ—"कमलाक्रमको निर्णय यस्तो हुन्छ । भ्रूमध्यमा कश्मीरकेशर, त्यस्को विचमा सिंदूर, निधारमा सेतो त्रिपुण्ड्र अनि त्यसको विचमा कश्मीरकेशर मिलाएको केशरीको टिका लगाउनु । त्रिकाल स्नान गरेर सेतो लुगा पहिरी हविष्य खाएर भूईमा सुत्ने र गुलिया खाना रुचाउने भएर एक शुक्रवार देखि अर्को शुक्रवार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सम्म रोजिन्दा अनेक गानबजान सहित पूजा गर्ने गर्नु पर्छ। अथवा एकपक्षको कुनै एक तिथि देखि अर्कोपक्षको सोही तिथि सम्म सोह्र दिन संधै देवताको भावमा तत्पर भएर बिहानै पूजा गर्नु गर्नु, दिन दिनै एकेक बढाबर प्रदक्षिणा गर्नु गर्नु, यस्तै क्रमले दीप पनि थाप्दै गर्नु अनि उस्तै गरी ब्राह्मणहरू पनि बढाउंदै भोजन गराउनु पर्छ। (यसोगर्दा प्रदक्षिणा, दीप र ब्राह्मण भोजन एक देखि सोह्रौं दिनमा सोह्र हुन्छ)। यस्तो आचारमा बस्ने साधक विष्णुरूप नै बन्दछ। सबै राज-चिन्हहरू अर्थात् आफूसित भएको गहनागुरूवाहरूलाई प्रातः पूजागर्नाले निश्चयनै साधक सर्वसाम्राज्यलक्ष्मीको नाथ बन्दछन् र तिनको घरमा लक्ष्मीवास भई राजा समेत दास बन्दछन्।"

९—श्रीकल्पान्तर्गत राजमातङ्गीको **'महाराज-क्रम'** यस्तो हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"महाराजक्रमो देवि कथ्यते श्रृणु साम्प्रतम् ।
नानाविचित्रसोपानमण्डिते चित्रमण्डपे ॥
सौधाट्टाकलसंशोभिवितानध्वजशोभिते ।
नानाविचित्रशब्देन गजवाजिविराजिते ॥
सर्वतोभद्रसंयुक्ते नाना भूषण भूषिते ।
धूपमोदसमायुक्ते चित्रदीपैरलंकृते ॥
रत्नसिंहासने रम्ये रत्नाभरण भूषिते ।
जटामांस्यादिसौगन्धलेपनैः परिभूषितः ॥
घण्टादिनादसंयुक्तः सर्वदा शुद्धमानसः ।
आनन्दमग्नहृदयो दिव्यवस्त्रैरलंकृतः ॥
दिव्यमालाम्बरधरो दिव्यभूषादि भूषितः ।
ताम्बूलपूर्णवदनो देवेन्द्रइव राजितः ॥
वेदपात्रै नृत्यपात्रै र्भोगपात्रै र्निनादितः ।
नृत्यगीतैश्च वादित्रैश्चतुर्विंशतिवादकैः ॥
संगीतरागतालैश्च ध्वनिभिश्च निनादितः ।
नानादेशीय भाषाभिर्भूषितः साधकोत्तमः ॥
समस्तराजचर्याभिर्मोहयन्त्रजनायिकाः ।
श्रीमहाराजमातङ्गी सर्वदेवप्रमोदिनी ॥
तस्यास्तु तिलकं देवि कथ्यते श्रृणुपार्वति ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुचन्दनं च भ्रूमध्येऽगुरुसारतदन्तरे ॥
कस्तूरिका त्रिपुण्ड्रं च तन्मध्ये केशरं शिवे ।
महाराजक्रमो देवि कथितस्तु मया तव ॥
अथवा देवदेवेशि स्वयं गानपरो भवेत् ॥"

भावार्थ–"आफ्नो घरलाई अनेक प्रकारले मजेर, तरह तरहको वास्ना गम्काएर, घरको आसपासमा हात्ती-घोडा झुलाएर, आफू अनेक राजसी पैरनले झकिझकाउ भएर, वैठकमा सिंहासनमा वसेर गान-वजा ले मुग्धभई, मनशुद्धगराएर, राजचर्या गर्दै सर्वदेवलाई आनन्ददिने राजमातङ्गीको साधना गर्नु पर्छ। यस क्रमको टिकाको वारेमा भ्रूमध्यमा रक्तचन्दन र त्यसको विचमा अगरुचन्दन अनि निधारमा कस्तुरीको त्रिपुण्ड्र र त्यसको वीचमा काश्मीरी केशरमिलाएको टिका लगाउनु पर्छ। यो महाराजक्रम हो। अथवा आफै गायक वन्नु पर्दछ।" यो क्रम अमीरहरूको लागि मात्रै ठिक हुन्छ। यी मुख्य मातंगी हून्। अरू सर्व मातंगीहरू यिनकै भेद भए पनि कालीकल्पका हून्। कालीकल्पका मातङ्गीहरूको 'ब्रह्ममार्गक्रम' यस्तो हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

*"वेश्यायाः कज्जलं देयं सिन्दूरेण त्रिपुण्ड्रकम् ।
हरिद्रा भ्रू युगे देया श्वेतपत्रं समाचरेत् ॥
रक्तबिन्दुं च तन्मध्ये सर्वदा तद्गतो भवेत् ।
भोजने शयने रात्रौ मैथुनं सर्वदा भवेत् ॥
उच्छिष्टहस्तो देवेशि उच्छिष्टेन बलिं हरेत् ।
शक्त्युच्छिष्टं परोच्छिटं भोजनं सर्वकालिकम् ॥
जपं कुर्यान्महेशानि रात्रावेव जपं चरेत् ।
ताम्बूलभक्षी मांसाशी भुक्त्वा चार्चां च कारयेत् ॥
उच्छिष्टहस्तः प्रजपेद्ब्रह्ममार्गः प्रकीर्त्तितः ॥"*

अर्थात्—"वेश्याबाट बनेको गाजल, सिंदूरको त्रिपुण्ड्र लगाउनु, अनि भ्रू मध्यमा हलेदोमा सेतोपत्रवनाई विचमा रातो बिन्दु लगाउनु पर्छ । खांदा सुत्दा राति मैथुन गर्नु पर्छ । सबैंकालमा शक्तिकोर अर्काको उच्छिष्ट खाँदै जप गर्नु, रातमा जप गर्नु पान र मासु खाएर चर्चा गराउनु र जुठो हातले जप गर्नु पर्छ । यो ब्रह्ममार्ग अर्थात् ब्रह्ममार्ग क्रम हो ।"

यो क्रम द्विजले गर्दैन्, शूद्र र बौद्धको लागि हो ।

१०—अब श्रीकल्पको मुख्य आचाररूप **'गन्धर्वक्रम'** को यथा ज्ञान चर्चा गर्दछु । सर्व प्रथम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस क्रमको यस्तो नाम किन भएको हो भने, 'गन्धयति गन्ध्यतेवा' गन्धम् (गन्ध् + अच्) अर्थात् मग्मगाउने पदार्थ; 'गन्धं ब्रह्म अर्वति (अर्व गतौ + अच् वा घञ्) गन्धर्वः अर्थात् ब्रह्ममा मग्मग वासना वा गन्ध जाने वस्तु; स एव क्रमः अर्थात् सो ही क्रम भन्नाले ब्रह्ममा संबन्धगराउने क्रम 'गन्धर्वक्रम' हो। यस क्रममा वाहिरी र भित्री दुई किसिमको नियम हुन्छ। सो यथा-ज्ञान दर्शाउंदै जाने छु। त्यस विषयमा सर्व प्रथम ''शक्तिसंगमतन्त्र'' को उक्ति लेख्छु; सो यो हो।

"गन्धर्वाख्य क्रमेणैव सुन्दरी सिद्धिदा भवेत् ।
गन्धर्वाख्य क्रमो देवि कथ्यते श्रृणु साम्प्रतम् ॥
भ्रूमध्ये कुंकुमं देवि तन्मध्ये मलयागुरुम् ।
अष्ट गन्धत्रिपुण्ड्रञ्च मध्ये कस्तूरिकान्वितम् ॥
सुगन्धश्वेतलौहित्यपुष्पैः सम्भूषितो नरः ।
स्वस्तिकाङ्कितदेहस्थो रक्त प्राकारसंयुतः ॥
अष्ट गन्धस्य धूपेन नानासौगन्ध्यभूषितः ।
रक्तमाल्याम्वरधरो मुक्ताहारोपशोभितः ॥
पूर्णाभिषिक्ते शिरसि तेन तत्र न मुण्डनम् ।
केशान् संवर्द्धयेद्देवि सौगन्धतैलभूषितः ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नानासौगन्ध भोज्यैश्च राजयोग्यैर्महेश्वरि ।
आपो निसर्गतः पूताः किं पुन र्वह्नितापिताः ॥
सदा चोष्णोदकैः स्नायात्तदभावे यथोदकम् ।
गृहं चित्रंस्तु संचित्र्यं दर्पणोदकसन्निभम् ॥
वितानध्वजभूषाढ्यं घण्टानादोपशोभितम् ।
पञ्चवादित्रसंयुक्तं स्वर्णपात्रादिरञ्जितम् ॥
अतः सूक्ष्माम्बरैर्युक्तं नानाघोषैः समन्वितम् ।
ग्रैवेयवलयाङ्गुल्यभूषितैर्भूषितः सदा ॥
नाना मधुर भोज्यैश्च दुग्धपाकैरनेककैः ।
नाना भोगेन संयुक्तो गन्धर्वाख्यक्रमो भवेत् ॥"

भावार्थ–"गन्धर्वक्रमबाट सुन्दरी अर्थात् श्रीविद्यामहात्रिपुरसुन्दरी सिद्धिदिने हुन्छिन् । यस गन्धर्व क्रमभा यस्तो नियम हुन्छ । भ्रूमध्यमा कुंकुम [1], त्यसको माझमा श्रीखण्डचन्दन, निधारमा अष्टगन्धको [2] त्रिपुण्ड्र

---

1. कुंकुम=तन्त्र तीन पदार्थलाई प्रयोगभेदले 'कुंकुम' मानेको छ । 'कुंकुमधूप' एक प्रकारको बुटि, 'कुंकुम पुष्प वा लेपन' कश्मीरकेशर अनि 'कुंकुम तिलक' रोचना वा मिश्री र गुदमा घोटेको सिंग्रिफलाइ मान्दछन् ।

2. अष्टगन्ध=श्रीखण्ड, अगरू, कर्पूर, टिंबुर, कश्मीरकेशर, गोरोचन, जटामंसी र कस्तूरी मिलाएर घोटेको चन्दन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनि त्यसको बिचमा कस्तूरीको टिका लाउंनु पर्दछ। फेरि वास्ना आउने राता र सेता फूलहरूले श्रृङ्गारिएर राताभित्ता र सिलिङ्ग समेत रातै भएको कोठामा साधक पलेटीमारेर वसी अष्टगन्धधूप[1] र अनेक तरहका अत्तरद्वारा आफू मग्मगिएर रातोलुगा, रातोमाला र मोतीको हारले साधक श्रृगारिएर फेरि पूर्णाभिषेक पाएको भए कपाल समेत पालेर वास्नाआउने तेल हालेर कोरी छरितोभई अनेक थरीका सौगन्धित पारिकारले युक्त भएको खाना खाने गर्नु पर्दछ। निस्कनासाथैं पवित्र हुने पानीलाई फेरि किन तताउनु ? सधैं तातो पानीले नुहाउनु सो न मिले जस्तो पानी भए पनि हुन्छ। (यी दुई पक्तिको रहस्यार्थ अर्कै छ। सो के भने **'आपः'** भन्नाले आप्नुवन्ति, आप्यन्ते वा। 'आप्लृ व्याप्तौ'। 'आप्नोतेह स्वश्च' इति क्विप् ह्रस्वत्वं च। यस्तो हुनाले यस लवजले **'पानी'** र सहस्राखाट चुहिरकेको **'अमृत'** यी दुवैलाई वुझाउँ छ। यहा रहस्यार्थ गर्दा

1. अष्टाङ्गधूप=कस्तूरी, कुंकुमधूप, शीलधूप, टिम्बुर, जटामंसी, श्रीखण्ड, गोकुलधूप र कपिधूप मिलाएको धूप।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'आपः' भन्नाले 'अमृत' संझनु पर्छ। उस्तै 'वह्नि' भन्नाले 'वहति हव्यम्' अर्थात् हवनभएको पदार्थलाई वोक्ने भन्ने संझिए यस लवजको अर्थ 'आगो' र 'वहति जीवम्' अर्थात् जीवलाई वोक्ने भन्ने संझिए उही सूत्रको आधारले 'कुलकुण्डलिनी' भन्ने अर्थ हुन्छ। 'उदक' भन्नाले 'उन्दी क्लेदने' भिजाउने पदार्थ भन्ने वुझिनाले 'उष्णोदक' अर्थात् तातोभिजाउने पदार्थ भन्ने वुझिदा 'योगद्वारा सहस्रारमा कुलकुण्डलिनीलाई पुराई त्यसबाट चुहिएको अमृत' भन्ने वुझिन्छ। (अतः यी दुई पंक्तिवाट राजाधिराजयोगको प्रथम चरणको पवित्रीकरण-क्रियाको संकेत हुन्छ। यस क्रियाको वर्णन पछि गर्ने छु)। घरमा अनेक तरहका तस्विर, ऐना र ध्वजाहरूले सजी घण्टाको अवाज गुञ्जाई रहनु पर्छ। (यसको रहस्यार्थ क्रमदीक्षामा घट्छ। क्रमदीक्षाको वारेमा अर्कोलेख लेखदा चर्चा गर्ने छु।) पञ्चवाजाहरू अर्थात् पांचथरीका वाजाहरू वजाई अनेक नाचगान गर्गे गर्नु पर्छ। (रहस्यार्थमा 'पञ्चवादित्र' भन्नाले मद्रचित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'निगमागमवैज्ञानिकसारमा' चर्चा भएको पुच्छबीजोत्पन्न पाचनाद र 'नानाघोस' भन्नाले अनेक प्रकारको न्यासहरूको संकेत हुन्छ)। 'सूक्ष्मलुगा अर्थात् मिही लुगा पहिरी सुनको भांडाहरूमा व्यवहार गर्ने गर्नु पर्छ। ('सूच्माम्वर' भन्नाले 'सुषुम्णानाडी' अनि 'स्वर्ण-पात्र' भन्नाले 'स्वर्णवर्णात्मक मूलाधारचक्र' भन्ने वुझिने हुंदा फेरि 'आदि' भन्ने प्रयोग हुंदा 'मूलाधारादि चक्रहरू' भन्ने रहस्यार्थ हुन्छ। अतः यस पंक्तिले शम्भव-चिन्तनको संकेत गर्दछ। यो शाम्भवचिन्तनको चर्चा पछि षष्ठ पटलमा यथाज्ञान गर्नेछु।) घाँटीमा मालाहरू र औंलामा औंठीहरू साधकले संधै पहिरीरहनु पर्दछ। अनेक गुलिया गुलिया पदार्थ खाने र अनेक भोग विलास गर्ने यो गन्धर्वक्रम हो।"

यस क्रममा लाग्दा सुरुमा पूर्वोक्त उक्तिको वाहिरी अर्थको नियममा रहेर उपासना गर्दा गर्दै केही

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वर्ष पछि भित्री अर्थको नियम आफसें आफ स्फुरण भई कायम हुन आउदो रहेछ। यो मेरो अनुभवको कुरो हो। म पोखरामा वडाहाकिम हुंदा पूर्वोक्तिको दुरुस्तै नियम निर्धक्कसित पालनगर्ने मौका मिलेको हुंनाले दश वाह वर्ष सम्म वाहिरी नियममा कट्टर भई रहदा रहदै मलाई भित्री नियम स्वयमै स्फुरण भएर कायम भईरहेछ; तैपनि यथार्थ हुनसकेको छैन।

राजाधिराजयोगको प्रथम चरणको पवित्रीकरणको अभ्यासको वारेमा "कुलार्णवतन्त्र" मा यस्तो संकेत छ।

"सर्व कर्माणि कुर्वीत मन्त्री तत्तत्फलाप्तये।
मूले प्राशादवीजञ्च तरुणादित्यसन्निभम् ॥
उत्तमाङ्गे पराबीजं चन्द्रायुत समप्रभम्।
परस्परजनस्पर्शजनितानन्दनिर्भरः॥
मूलादिब्रह्मरन्ध्रान्तमनवच्छिन्नरूपभिः।
परमामृतसंसिक्तैः सिक्तमापादमस्तकम् ॥
आत्मानं भावयेन्नित्यं सभवेदजरामरः।
एवं ध्यात्वा महेशानि सर्वकर्माणि साधयेत् ॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्–"साधकले सबै कर्मगर्दा यथार्थ फलको लागि मूलाधारमा श्रीप्राशादबीज भर्खर उदाएको सूर्य झैं अनि सहस्रारमा कडोरौं चन्द्र झैं पराप्राशादबीजको भावना गरी राजाधिराजयोगद्वारा (यसको क्रिया गुरुवक्रबाट जानेर चक्रार्चनको तत्त्वशुद्धिको वेलामा गुरुको अथवा योग्य साधकको साथमा दश आठ पटक अभ्यास गरे पछि आफै एकान्तमा बसेर अभ्यास गर्न सक्ने हुन्छ) ती दुई बीजको परस्पर मेलबाट उब्जिएको आनन्दको जरियाबाट ब्रह्मरन्ध्रदेखि मूलाधारसम्म (लाहको रस झैं रछायांरङ्गको मह झैं लेसिलो) परमामृतको धारा एक व्याक भई चुहुईरहेको अनुभव गरी, सोही अमृतले आफ्नो खुट्टादेखि टाउको सम्म भिजाई- रहेको भावना गर्नाले अजरामर अर्थात् बुढो न हुने र न मर्ने होइन्छ।"

यो आत्युक्तिको रोचकवाक्यले साधकको यस कर्ममा श्रद्धा वढाउंदछ। वास्तवमा यस अभ्यासबाट मन सँभालिदै एक टक हुने वानी वस्दै गएर यसमा पूराएकत्व जमेपछि यस्तै अर्को किसिमको प्रयोग गरेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

साधक आफ्नो र अर्कोको थरी थरीका रोग हटाउन सक्ने हुन्छ । त्यस योगबाट अन्तर्ध्वनितरङ्ग[1] निस्की सो तरङ्गद्वारा काम बन्दछ । षष्ठपटलमा यो अन्तर्ध्वनि-तरङ्गको यथा ज्ञान चर्चा गर्ने छु ।

अब गन्धर्वक्रमको रङ्गभेद र गहनाको वैज्ञानिक रहस्यको बारेमा केही चर्चा गर्दछु । रातो रङ्गको प्रयोगबाट उत्साह बढ्दछ; मोतीमा सोमतत्व हुनाले यसबाट मननशक्ति बढ्दछ; फेरि औंलामा औंठीहरू लगाउनाले पृथ्व्यादि पञ्चमहाभूतको चावीहरू दरा हुन्छन्; तर तेजस्तत्वको चावी माझीऔंला शक्ति-तत्वात्मक र आकाशतत्वको चावी बुढ़ी औंला शिव-तत्वात्मक हुनाले यी दुई औंलामा औंठी लगाउनाले विद्युत्प्रभाको निस्कासनमा केही बाधापर्नजाने हुनाले यी दुई औंलामा भने औंठीलगाउनु हुदैन । यसकुराको यथार्थ रहस्य अनुभव सहित गुरुद्वारा जान्नु पर्दछ । सबै औंलामा औंठी लगाउने अनुकुल नपरे एउटा मात्रै

---

1. अन्तर्ध्वनितरङ्ग = Ultra-sonic sound-wave.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भए पनि साधकको कान्छी वा साँहिली औंलामा त हुनै पर्दछ। पितृहरूका दिवंगत आत्माको वायवीय शरीर हुनाले श्राद्धादि पितृकर्म गर्दा कुशकै मात्र भए पनि वायुतत्वात्मक चोर औंलामा औंठी लगाउनु पर्छ। मद्रचित 'निगमागमवैज्ञानिकसारमा' रङ्ग र पञ्चमहाभूतको चावीरूप औंलाहरूको यथा ज्ञान चर्चा गरेको छु। माणिक्यादिरत्नहरू, स्वर्णादिधातुहरू र औंठीहरूको भेद र वैज्ञानिक रहस्यको चर्चा यस पुस्तकमा होइन कि पछि पछिको लेखमा दर्शाउदै गर्नै छु।

गन्धर्वक्रमको साधनको नियम "कौलावलीनिर्णय" मा यस्तो वचन छ।

"इति गुप्ततरं ज्ञेयं गन्धर्वाख्यक्रमं शुभम्।
अत्यन्त गोपनाद्यस्तु पञ्चतत्वेन पूजयेत्॥
सर्वसिद्धिमवाप्नोति मन्दभाग्योऽपि पूजनात्।
तस्मात् पूजां सदा कुर्यात् सिद्ध्यर्थी सिद्धिसंग्रहः॥
पूजाफलेन दौर्भाग्यं दुःखदारिद्र्यनिग्रहम्।
सर्वप्रशमनं याति ईश्वरो जायते भुवि॥
अर्चनक्षणभङ्गेन विकला योगिनी भवेत्।
पूजाहीनोऽशुचिर्नित्यं गर्हितः सर्वकर्मसु॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पूजां विहाय यो मूढो मन्त्रं जपति नित्यशः ।
तज्जपं विफलं विद्यात् स मन्त्री पातकी भवेत् ॥
विद्यां संगृह्य पूजायां श्रद्धा यस्य न विद्यते ।
स महा पातकी भूत्वा पशुयोनिमवाप्नुयात् ॥
पूजाहीनस्य मांसेन रुधिरेण विशेषतः ।
पारणं योगिनीनाञ्च भैरवाणां भवेद्ध्रुवम् ॥
तस्मात् पूजां सदा कुर्यात् सिध्यर्थी मानसेऽथवा ।
यद्गेहे पूजयेद्देवीं सदैव तत्र पूजनम् ॥
अतिगुप्तेन तत् कार्यं दिवसे नैव सर्वथा ।
दिवसे पञ्चमैः पूजा राष्ट्रहानिं करोति हि ॥
साधकस्य महाक्षोभं प्रददाति सुनिश्चितम् ।
तस्मात् पञ्चमकारेण दिवसेनैव सर्वथा ॥
उत्तमा नित्यपूजा स्यात् पर्वपूजा च मध्यमा ।
मासपूजाधमा प्रोक्ता मासादूर्ध्वं पशुर्भवेत् ॥
पशोर्भूयः प्रवेशेच्छा यदि स्याद्दीक्षयेत् पुनः ।
विहितैर्मादिभिद्रव्यैर्मासादूर्ध्वं समाचरेत् ॥
कृष्णाष्टमी चतुर्दश्यमावस्याथ च पूर्णिमा ।
संक्रान्तिः पञ्चपर्वाणि पुण्यादि दिवसेषु च ॥
संपत्तौ च यजेल्लाभे तपो दीक्षाव्रतोत्सवे ।
पीठोपगमने वीरः कुलपीठस्य दर्शने ॥
देशिकागमने पुण्यतीर्थे दैवतदर्शने ।
एवमादिषु कालेषु विशेषाद्दिवसेषु च ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गुरुजन्मदिने प्राप्ते तद्गुरोस्तद्गुरोरपि ।
मानवौघादिपुंसाञ्च स्वजन्मदिवसेऽपिच ॥
एकादश्यां व्यतीपाते कर्मलोपं न कारयेत् ।
अष्टम्यां च चतुर्दश्यां पूजाकार्या प्रयत्नतः ॥
नलंघयेदष्टमीञ्च लंघनात् पातकी भवेत् ।
वहिः पूजाविधानेन गन्धर्वो वापि किन्नरः ॥
न देवी पर्वताग्रेषु न देशे विष्णुसद्मनि ।
देवी चिदानन्दमयी हृदि भावेन दृश्यते ॥
यत्र यत्र दृढा भक्तिर्यदा यस्य महात्मनः ।
तत्र तत्र महादेवी प्रकाशमनुगच्छति ॥"

भावार्थ–"यो शुभदायक गन्धर्वक्रम गुप्त भन्दा पनि गुप्त अर्थात् बहुतै गोप्य छ भन्ने जान्नु । यसक्रममा जसले अतिगुप्तगरेर पञ्चतत्त्वले[1] अर्थात्

---

1. पञ्चतत्त्व=यो लबज यहा सांकेतिक प्रयोग छ; यो के हो भने, पृथ्वीतत्त्वात्मक 'मांस', जल तत्त्वात्मक 'मत्स्य', तेजस्तत्वात्मक 'मद्य', वायुतत्त्वात्मक 'मुद्रा' अनि आकाशतत्त्वात्मक 'मैथुन' यी पाचको प्रयोग भनेको हो । यो श्रीकल्पको हो; कालीकल्पमा 'मुद्रा' लाई पार्थिव र 'मांस' लाई वायवीय भन्दछन् ।

मांस=Felesh. मत्स्य=Fish मद्य=Liquer. मुद्रा=Bread. मैथुन=Copulation.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पृथ्व्यादिपञ्चतत्वात्मक सूचक पञ्चमकारको प्रयोगले पूजागर्नाले अभागी पनि भाग्यमानी हुन्छ। तसर्थ सिद्धिचाहने साधकले संधै पूजा गर्नु पर्छ। पूजाको फलले दुर्भाग्य र दुःखदारिद्र्यादि सबै हटाएर ईश्वरत्वप्राप्ति गराउंछ। पूजाको क्षणभङ्गले अर्थात् मनमानीले योगिनीहरु विकल हुन्छन् र पूजागर्ने साधक भनाउंदो सबै कर्ममा अयोग्य हुन्छ। कुनै मूखले पूजान गरीकन नित्य नै जप गरे पनि सो जप विफल भई जापक पातकी वन्दछ। विद्या लिएर अर्थात् मन्त्र सुनेर जसको पूजामा श्रद्धा हुदैन त्यो महापातकी भएर देह छाडेपछि पशुयोनिमा फस्दछ, अनि पूजा न गर्ने दीक्षितको रगत-मासु योगिनी र भैरवहरूले खाईदिन्छन्। तसर्थ दीक्षितले सिद्धिकोलागि सधैं वाह्य अथवा मानसिक सहि पूजा गर्नु पर्छ। जुन घरको जुन कोठामा पूजागर्ने गरेको हुन्छ, उसै घरको उसैकोठामा अति गुप्तगरी रातमा पूजा गर्ने गर्नु पर्छ। (यो वाह्यपूजाको नियम हो, मानसिकपूजामा कुनै यस्तो नियम हुदैन जतातत्तै जुनसुकै वेलामा पनि गर्नुहुन्छ)। दिनमा पञ्चमकारप्रयोगको पूजाबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राष्ट्रहानि हुन्छ र साधकलाई पनि क्षोभ हुन्छ। अतः सर्वथा दिनमा पञ्चमकारप्रयोगको पूजा गर्नु हुदैन। नित्यपूजा उत्तम, पर्वपूजा (शास्त्रोक्त पर्वहरूमा हुने पूजा) मध्यम अनि मासपूजा (प्रत्येक महिनामा एक पटक हुने पूजा) अधम हुन्छन्। पूजागरेको एक महिना नाघ्यो भने साधक पशु बन्दछ, अनि वीरहुनलाई फेरि दीक्षाग्रहण गरी मपञ्चकको प्रयोग गरेर पूजा गर्नु पर्छ। कृष्णाअष्टमी, चतुर्दशी, औंसी, पूर्ण र संक्रान्ति यति पांच पर्वमा भने दिउसै पनि पञ्चमकारले पूजागर्नु हुन्छ। फेरि आफ्नो संपत्ति (हर्षको कुरा) भएमा र लाभ भएमा अनि दीक्षाको लेनदेन गर्दा, व्रतोत्सवमा, पुण्यतीर्थ मा र देवताको दर्शन पाउंदा दिउसो पनि मपञ्चकले पूजा गर्नु हुन्छ। आफ्नो, गुरुको, परमगुरुको, परापरगुरुको, परमेष्ठिगुरु तथा मानवौघगुरुहरूको जन्म-दिनमा पनि पूजा हुंदा पञ्चमकारको प्रयोग हुनसक्छ। एकादशी र व्यतिपातमा समेत (रातमा मपञ्चकको प्रयोग न गरेर पूजागरी) कर्मलोप गर्नु हुदैन। अष्टमी र चतुर्दशीमा यत्नपूर्वक पूजागर्नु पर्छ। अष्टमी नघाउनु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुदैन नत्र भने पातकी होइन्छ। यस्तो बाह्यपूजा गन्धर्व र किन्नरहरूले पनि गर्ने गर्छन्। न पर्वताग्रमा न त विष्णुको दरवारमा महादेवी रहन्छिन्, उनी त आफ्नै घटमा (हृदयकमलमा) भावले देखापर्दछिन्। जुन महात्माको जंहा जंहा दृढभक्ति हुन्छ, उंहा उंहा उन (महात्मा) मा महादेवीको प्रकाश मिल्दछ।"

यसक्रमको माथि चर्चा भएको टिकाको रहस्य यस्तो हो। "टिकालाउनु शृङ्गारको लागि हो।" भन्ने धेरंजनाको भावना छ। कसै कसैले "यो टिका हिन्दूत्वको चिह्न हो" भन्ने पनि ठान्दछन्। तर यी दुइटै कुरा अनुमान र भ्रममात्रै हुन्। हुन त मुखशिंगार्ने चलन पनि यो टिकामा केही कालसम्म लागु भयो; हालमा भने पाश्चात्य हावाको प्रभावले यो टिकाभा पुरानो असभ्यताको चिह्न भन्ने कलङ्क पर्न जांदा यो टिका सभ्यसमाजवाट वहिस्कार भयी रहेछ। तर टिकामा नै उपासनाको लागि विचारणीय वैज्ञानिक रहस्य निहित हुन्छ; अतः पूर्वोक्त दशओटै क्रमहरूको नियममा आ-आफ्ना क्रमानुसारको टिको द्रव्य, स्थान र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आकारको स्पष्टतया वर्णन भएको हो। अरू क्रमको टिकाको रहस्य भने मलाई थाह छैन; मेरो यो गन्धर्व-क्रमको टिकाको वारेमा यथाज्ञान चर्चा गर्दछु। सर्व प्रथम एउटा कुरा विचार गरौं, एउटा खुट्टामा रातो र अर्कोमा सेतो मोजा लगाएर विचार गर्दा रातो तिर गरम र सेतो तिर ठण्डाको अनुभव हुन्छ, यसो हुनाले रातोवाट गरम र सेतोवाट ठण्डा गराउने कुरा सावित हुन्छ। फेरि सुगन्धद्वारा मन खुशी र दिमाग चङ्गा गराउंने कुरा त स्वतः सिद्धै छ। अव टिकातिर विचार गरौं, भ्रूमध्यमा रातो टिका लगाउंदा भ्रूमध्यभित्र रहेको विद्युत्कोशको [1] विद्युत्प्रभालाई [2] रातोवाट उत्पादित तातोपनाले विशेष जोडदार [3] वनाउंछ। अनि त्यसको विचमा सेतो श्रीखण्डको विन्दु राखदा रातोको

1. विद्युत्कोश = Electic power-house.

2. विद्युत्प्रभा = Electric-current.

3. जोडदार बनाउंछ = Enforce.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उष्णता [1] सेतोको शीतलताले [2] ठिकमात्रामा [3] रहने हुन्छ र ओज [4] वढ्दछ। शास्त्रले "भ्रूमध्यमा रातो टिका र त्यस माथि श्रीखण्डको विन्दु" भन्ने सम्म संकेत गरी रातो टिकाको वान्की [5] न वताएको हुनाले सो कुरा गुरुवाट जानेर अनुभव गरी सिद्ध गर्नु पर्छ। सो कुरा यथाज्ञान वताउंछु, त्यसमा चाख [6] हुने पाठकवर्गले स्वयं अनुभव गर्नुभए केही दिनमा अनुभव सिद्ध होला जस्तो लाग्छ। "अग्नीषोमात्मकं जगत्" भन्ने कुरा सर्व विदितै छ। अर्थात् तातो मात्रै भए सबै जल्ने [7] र चिसो मात्रै भए सबै जम्ने [8] हुनाले नियमित मात्रामा तातो र चिसो रहेर जगत्को परिवर्तन भईरहेछ। हाम्रो यो स्थूलदेहमा यही तातो र चिसोको खेलाचीले गर्दा मनमा धैर्य [9] आउन सक्तैन। त्यसकारणले निधारमा त्रिपुण्ड्र

---

1. उष्णता = Heat.
2. शीतलता = Coolness.
3. ठिकमात्रामा = Correct form.
4. ओज = Energy.
5. वान्की = Formation.
6. चाख = Taste.
7. जल्ने = Burning.
8. जम्ने = Freezing
9. धैर्य = Patience

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धारण गर्नु पर्ने हुन्छ। त्रिपुण्ड्र धारणको लागि गुरुले-बताए झैं विभुतिधारणको विनियोग गरी आफ्नो बायां हत्केलामा विभुति राखी मद्रचित "निगमागमवैज्ञानिक-सार" को तृतीय पटलमा वर्णन भए झैं करकच्छपीमुद्रा बांधेर अभिमन्त्रण गरी, सो विभुति तेजस्तत्वात्मक माझीऔंलाले र जलतत्वात्मक साहिली औंलाले पहिलो र तेस्रो धर्का गराएर बायां कञ्चट देखि दाहिने कञ्चट सम्म धर्का तान्दा शीतोष्णको संतूलन [1] हुन्छ; अनि उस्तै गरी ती दुईको विचमा दाहिने कञ्चटदेखि बायां कञ्चटसम्म दोस्रो अर्थात् माझको धर्को, आकाशात्मक बुढी औंलाले तान्दा संतूलित शीतोष्णको ऐकीकरण [2] भएर त्रिपुण्ड्र वन्दछ। गायत्री जप भन्दा पहिले यो त्रिपुण्ड्र धारण गरी प्राणायाम [3] गर्नाले जपमा चित्त-निरोध [4] भई विचारशक्ति [5] वढ्दछ। यस्तो गरेर जप्दा

---

1. संतुलन = Ragulation. 2. ऐकीकरण = Mixture.
3. प्राणायाम = Breathing-exersise.
4. चित्तनिरोध = Concentration of mind.
5. विचारशक्ति = thinping copacity.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जप्दै आफ्नो निधार तिर बल्काईको[1] अनुभव हुन्छ, र सोहि बल्काईको विचारले भ्रूमध्यको रातो टिकाको आकार बनाउनु पर्छ। सो यस्तो हुन्छ, भ्रूमध्यको ठिकबिचमा बल्किए वर्तुलाकार, त्यसको केही माथि निदारमा ठिक बिचमा बल्किए त्रिकोणाकार, बाङ्गो भई दाहिनेतिर भए दाहिनेबाट र बायांतिर भए बायांबाट छट्के धर्को अनि अनियमित अर्थात् कहिले कतै कहिले कतै बल्किने भएमा प्रणवाकारको रातो टिका भ्रूमध्यमा लगाउनु पर्छ, प्रणवाकार लेख्न हातनपरे अर्द्ध चन्द्राकार मात्रै बनाए पनि हुन्छ, तर फल भने चार खण्डमा तीन खण्ड मात्रै मिल्द छ। अतः प्रातः सन्ध्याको बिचारबाट त्यस दिनको टिकाको आकार बन्दछ। पूर्वोक्तिमा "अष्टगन्ध त्रिपुण्ड्रञ्च मध्ये कस्तूरिकान्वितम्" अर्थात् "अष्ट गन्धको त्रिपुण्ड्र र विचमा कस्तूरीको चन्दन" भन्ने छ। तर मेरा पूज्य गुरुदेवले भने "प्रातः सन्ध्या भन्दा अघि खरानी पानीमा रगडेर अभिमन्त्रण गरी त्रिपुण्ड्र धाराण गर्नु अष्टगन्ध पर्दैन, त्रिकालस्नान गर्नेले र

1. बल्काई = Beatings of nerves.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मचारीले भने प्रातः स्नान पछि पानी मिलाएको खरानी, मध्याह्न स्नान पछि अष्टगन्ध अनि सायं स्नान पछि केवल खरानीको त्रिपुण्ड्र धारण गर्नु पर्छ" भन्ने आज्ञा दिनुभएको छ। यो कुन ग्रन्थको प्रमाण हो सो मलाई थाह छैन। फेरि त्यसमध्यमा 'कस्तूरीको टिका' भनेको ठाउंमा चतुष्मचन्दन [1] तेजस्तत्वात्मक रेखा (पहिलो) र वायुतत्वात्मक रेखा (दोस्रो) को बिचमा धारण गर्नाले मगज ठण्डा भई स्मरणशक्ति [2] बढ्दछ; अनि त्यसमाथि सिंग्रिपको विन्दु राख्दा त्यसको गुण वाहिर जानु पाउदैन। यसै गरी स्वयंभूचन्दन [3] तेजस्तत्वात्मकरेखा माथितिर धारण गरी, त्यसमाथि फुको सिन्दुर लगाउंदा विवेकशक्ति [4] बढ्दछ। फेरि भ्रूमध्य

---

1. चतुष्मचन्दन = श्रीखण्ड, कश्मीरकेशर, कर्पूर र कस्तूरी मिसेको चन्दन।
2. स्मरणशक्ति = Memory.
3. स्वयंभूचन्दन = यसको प्रतिनिधि श्रीखण्ड र रक्तचन्दन मिसेको।
4. विवेकशक्ति = Conscience.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मा धारण भएको रातो टिकाको माथितिर कज्जलको[1] विन्दु धारण गर्नाले मोहनशक्ति बढ्द छ। अतः यस प्रकारको टिका धारण गर्ने मेरो गुरुपरम्पराको प्रथा छ।

"श्रीविद्यानियमावलि" मा लम्वेचौडे गरी धेरै नियमहरू वताएको भए पनि सवैको सारांश पूर्वोक्त जस्तै हो, त्यसमा विशेष वढ़ी निम्नलिखित शिवोक्तिहरू दर्शाउदछु। गन्धर्वक्रमको स्नानको वारेमा यस्तो छ।

"श्रीविद्योपासकानां तु दिव्यस्नानविधिं शृणु।
उष्णोदकं समानीय तदभावे यथोदकम्॥
तीर्थान्यावाहयेन्मन्त्री ततः संकल्पमाचरेत्।
प्राणायामत्रयं कृत्वा मनः पूतं समाचरेत्॥
प्रक्षाल्यपादावाचम्य मन्त्रपूतेन वारिणा।
स्थानं दशदिशः प्राग्वत् संशोध्योपविशेत् ततः॥
अस्त्रं हस्ततले न्यस्य क्रमान्न्यासांस्ततस्तु वै।
मूलमन्त्रादितः कुर्यात् सर्व मन्त्रगणेन वै॥

---

1. कज्जल=पूजामा मोहिनीपूजागर्न गाजलथापिन्छ; सोही प्रशादपरू कज्जल।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मौनी भूत्वा ततो देवि सर्वाङ्गस्नानमाचरेत् ।
अशक्तानां तु गमने दुर्गे काले च शीतले ॥
मुण्डं प्रक्षाल्य मूलेन हस्तपादं च क्षालयेत् ।
तप्तकाले तथा देशे स्नानादौ तेलमर्दयेत् ॥
दिव्यस्नानमिदं प्रोक्तं सर्वस्नानोत्तमम् ।
प्रभासादिपु तीर्थेषु यत्फलं स्नातकस्यतु ॥
ज्ञेयं दशगुणं स्नानाद्दिव्यस्नानस्य पार्वति ॥"

भावार्थ–"श्रीविद्योपासकहरूको लागि दिव्य-स्नानको विधि यस्तो हुन्छ । पाएसम्म तातो न पाए साधारणै पानी ल्याएर यथोक्त विधिले त्यसमा तीर्थ आवाहन गरी स्नान-संकल्प गर्नु र प्राणायामत्रय गरेर, मन पवित्र गराएर हात धोई सो अभिमन्त्रित जलले आचमन र दिग्बन्धन गरी, न्यासादिले आफ्नो देह चोखो गराई, मौन भएर मूलमन्त्र पढ्दै सर्वाङ्ग स्नान गर्नु पर्छ । अशक्त भएमा, कतै बाटो लाग्दा, दुर्गमा अथवा जाडोको अवस्थामा भने सर्वाङ्ग स्नान न गरेर केवल टाउको समेत मुख र हातगोडा पूर्वोक्तवत् अभि-मन्त्रित जलले पखाल्नु पर्छ । (यसको मतलब देह

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रक्षागर्नु र ठण्डावाट वचनु हो)। गरम कालमा र गरम देशमा नुवाउनु भन्दा अघि देहमा तेल घस्नु पर्छ। (यसको मतलव गर्मीमा पसिना आउने हुनाले र हाम्रो पसिनामा 'कार्वोनेटसोडा' को भाग हुनाले, त्यसमा चिल्लो मिल्दा 'साबन' वन्दछ र नुहाउदा देह साफ पार्नु हो)। अतः सबै स्नानहरू मध्येमा उत्तम यो 'दिव्य-स्नान' हो। प्रभासादितीर्थस्नानको दशगुण फल यो दिव्यस्नानवाट मिल्छ।"

फेरि सोही ग्रन्थमा अरू नियमको वारेमा शिवोक्ति यस्तो छ।

"देहेनष्टे कुतो बुद्धिः बुद्धिहीने कुतो स्मृतिः।
स्मृतिहीने कुतो ज्ञानं ज्ञानहीने कुतो गतिः॥
तस्मात् सर्वप्रयत्नेन देहं संरक्षयेद्बुधः।
भक्ष्यं पेयं च प्राणीनां सर्वथा स्वात्मरक्षणम्॥
क्षुत्पिपासापरिम्लाने न मनः स्थिरतां व्रजेत्।
तस्मात्कुलपथाशक्तः दृढभक्तश्च साधकः॥
भुक्त्वा पीत्वा यजेद्देवं नाभुक्त्वा देवमर्चयेत्।
नाधिकं भोजनं कार्यं अतिपानं न चाचरेत्॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अतिना बुद्धिभ्रष्टः स्यादति सर्वत्र वर्जयेत् ।
वीराणां कौलिकानाञ्च निराहारं परित्यजेत् ॥"

भावार्थ–"देह नै नाश भए बुद्धि,[1] बुद्धि हराए स्मृति,[2] स्मृति विलाए ज्ञान[3] अनि ज्ञान न भए मुक्ति[4] कसरी होला ? तसर्थ बहुतै जतन गरेर बुद्धिमान्ले आफ्नो देह रक्षा गरोस् । खानापीनानै[5] प्राणीहरूको आत्मरक्षक[6] हो; अतः भोक[7] र प्यासबाट[8] आकुल-व्याकुलहुदा मन स्थीर हुन सक्तैन । त्यसउसले कुल-मार्गानुयायी अर्थात् कुलमार्गमालाग्ने दृढ भक्त साधकले खाईपीई गरेर मात्रै देवताको पूजा गर्नु पर्छ, खाली पेटले पूजा गर्नु हुदैन । धेरै खानु र धेरै पीउनु हुदैन, वढताले बुद्धि बिगार्छ, अतः सबै काम–कुरामा वढता गर्नु हुदैन । वीर र कौलहरू निराहार वस्नु हुदैन ।"

---

1. बुद्धि = Intellegence. 2. स्मृति = Memory.
3. ज्ञान = Knowledge. 4. मुक्ति = Salvation.
5. खानापीना = Food and drink.
6. आत्मरक्षक = Self-protector.
7. भोक = Hueger. 8. प्यास = Thirst.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भोक मारेर मात्रै यागादि गर्ने चलन पाशव-कल्पमा पनि देखिन्छ। तर यसको रहस्यको पत्ता न लागेर हो वा केले हो हालमा यो चलन विधि जस्तो मात्रै भईरहेछ। हालमा जस्तो चिया पिएर भोक मार्ने चलन अगि वैदिक तथा तान्त्रिक कालमा थियेन, किनकि उस कालमा चियाको पत्तै आर्यहरूमा न हुदो हो। त्यसो हुनाले उस कालका साधकहरूको भोक मार्ने पदार्थ मधुपर्क [1] थियो, यही चाटेर भोक टारिन्थ्यो। अतः हाम्रो वैदिक, तान्त्रिक र पौराणिक ठूला ठूला यागहरूको आरम्भमा मधुपर्क चाटने चलन राखिएको हो। हालमा भने मन्त्रपढेर मधुपर्क जिभ्रोमा छुवाउने मात्रै चलन भई रहेछ।

श्रीकल्पको मान्य दिन शुक्रवार, पूर्णे र उमा-माहेश्वरी तिथि हुन्। उमामाहेश्वरी तिथि यस्तो हुन्छ।

"उमयानवमीप्रोक्ता हरस्य तिथिरष्टमी।
द्वयोरैक्ये महापुण्या उमामाहेश्वरी तिथिः॥"

1. मधुपर्क = नौनी, चिनी र मह फिटेको अथवा घिउ चिनी, मह र दही फिटेको।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्–"उमाको तिथि नवमी र शिवको तिथि अष्टमी हुनाले यी दुईको मेल भएको बेलामा उमामाहेश्वरी तिथि पर्दछ।"

वीरहरू पनि **'सभाव'** र **'विभाव'** भन्ने भेदले दुई थरीका हुन्छन्। तिनमध्ये सभाववीरले मपञ्चक प्रत्यक्षरूपले प्रयोग गर्दछन्; तर कालीकल्पको कुरा भने मलाई थाह छैन श्रीकल्पका साधकहरूले पाचौं मकारको प्रयोगमा परस्त्री संगम गर्नु हुदैन, वज्रलौहीमुद्रा[1] सिद्ध भएपछि भने कुरा अर्कै हुन्छ। अतः श्रीकृष्णको यो सिद्ध भएको हुनाले त्यतीका स्वास्नीहरू हुंदा पनि बभ्रूवान्ले काटेको अर्जुनको टाउको वेपत्ता हुंदा "म ब्रह्मचारी रहेको भए अर्जुनको टाउको आओस्" भनी भन्दा टाउको आएको कथा "जयमिनिभारत" मा वर्णन छ।

---

1. वज्रलौहीमुद्रा = यो एक प्रकारको योगको क्रिया हो; यो सिद्ध भए पछि लिङ्गद्वारा दूध वा पानी चुसेर आफ्नो स्थूलदेहको नसाहरू साफ र दरो पार्नुसक्ने साधक बन्दछ र आफ्नो पतित वीर्यको साथै स्त्रीको मद समेत चुसेर आफ्नो मस्तकमाथि स्थापित गराई स्त्रीको सतीत्व र आफ्नो ब्रह्मचर्य पनि कायम राख्न सक्ने हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसकारण समर्थ न हुने सभाववीरले पनि मद्रचित "निगमागमवैज्ञानिकसार" मा चर्चा भए झैं गरी कुण्ड-गोलादिको प्रयोग गर्नु पर्छ।

श्रीकल्पको शक्तिपूजाको बारेमा "बृहद्योनि-तन्त्र" मा यस्तो वचन छ।

"सुन्दरीं प्रमदां कान्तां सुशीलाम् चारुहासिनीम्।
गुरुभक्तरतां देवि कुलसाधन तत्पराम्॥
दीक्षितां परकान्तां वा स्वकीयां वा महेश्वरि।
आनीय वहुयत्नेन जातिभेदं न चा चरेत्॥
विवर्जितघृणां लज्जां सर्वदानन्दसंयुताम्।
अथवा पानसंहृष्टां चक्रमध्ये समानयेत्॥
पूजयेच्च रमेच्छक्तिं स्वकीयामतिहर्षतः।
पूजयेत् परकान्तां च रमणं नैव कारयेत्॥
श्रीचक्रे स्थापयेद् भक्त्या स्वकीयां परमेश्वरि।
तदभावे महेशानि परशक्तिं प्रपूजयेत्॥
यदि दैव वशाद्देवि स्वस्त्री वन्ध्याभिचारिणी।
तथापि तस्याः संतोषं कारयेत् यत्नतो वुधः॥"

भावार्थ–"सुन्दरी, सुशीला, हँसिली, गुरु-भक्तिमा रत भएकी, कुलसाधनमा तत्पर भएकी,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(पूजाकालमा) घृणा र लज्जाले वर्जित भएकी अनि सदानन्दी अथवा पानोन्मत्ता आफ्नी अथवा अर्कोकी स्वास्नीलाई वहुतै यत्नपूर्वक ल्याई जाति–भेद न गरी चक्रपूजामा राख्नु पर्छ। आफ्नी कान्तालाई अतिहर्षले पूजा गरी रमण गर्नु पर्छ; उता परकान्तालाई भने पूजा-गर्नु पर्छ, तर रमण गर्नु हुदैन। चक्रपूजा मा पाएसम्म आफ्नै स्वास्नीकाई (शक्ति वनाएर) राख्नु पर्छ, सो गर्न अनुकुल न परे मात्रै परस्त्रीलाई (शक्ति वनाएर) राख्नु; केहीगरी अभागले गर्दा आफ्नी स्वास्नी वन्ध्या र व्यभिचारिणी हुन गए पनि साधलले हरजुक्ति गरेर उसैलाई खुशी-राजी गराउनु पर्द छ।"

"सर्वोल्लासतन्त्रमा" विभाववीरको वारेमा यस्तो उक्ति छ।

"मानसैकविभावेन पञ्चसत्वेन पूजयेत्।
अथवा चानुकल्पैर्वा पूजयेत् परमेश्वरीम् ॥
अनुकल्पै र्यजेद्देवीं तन्त्रमार्गानुसारतः।
वीराचारमिदं प्रोक्तं विभावस्य मतं शिवे ॥
मानसैः पञ्चतत्वैश्च पूजां कुर्याच्च मानसैः।
पञ्चतत्वस्यानुकल्पैर्वाह्ये देवीं प्रपूजयेत् ॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भावार्थ–"विभावबीरले मनकै भावनाले पञ्चतत्वले अथवा अनुकल्पले अर्थात् मकारको साटो अरु अरु नै वस्तुराखेर पूजागर्नु पर्छ। वाह्य पूजामा (मकारको) अनुकल्प राखेर तन्त्रोक्त विधानले पूजा गर्नु पर्छ; मानसिक चाहिं (मद्रचित 'निगमागमवैज्ञानिकसार' मा चर्चा भए झैं) पृथ्व्यादितत्वबाट गर्नु पर्छ।"

वाह्यपञ्चतत्वकोबारेमा "बृहद्बडवानलतन्त्रमा" यस्तो उक्ति छ।

"क्षित्यंशेन भवेन्मांसं तोयंशेनापि मीनकम् ।
वाय्वंशेन भवेन्मुद्रा तेजोंऽशेनापिकारणम् ॥
शून्यांशे मैथुनं प्रोक्तं पञ्चतत्व मयं शुभम् ।
स्वकीयां मैथुनं कार्यं परकीयां विवर्जयेत् ॥
पूजयेद्रमयेत्कान्तां स्वकीयां कौलिकोत्तमः ।
पूजयेत् परकान्तां च रमणं नैव कारयेत् ॥
निजकान्ता प्रसूतापि रम्यते कौलिकागमे ।
परकान्ता प्रमत्तापि गजतुण्डाख्यमुद्रया ॥
मन्थयित्वा च सन्तोषं तस्याः कार्यं प्रयत्नतः ॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भावार्थ– "पृथ्वीको अंश अर्थात् तद्रूप मांस, जलको मत्स्य, तेजको मद्य, वायुको मुद्रा र आकाशको मैथुन हुन्। मैथुन आफ्नै स्वास्नीको साथमा हुन्छ; अरू स्त्रीको साथमा हुदैन। आफ्नी शक्तिको पूजा गरी रमण पनि गर्नुपर्छ, तर परशक्तिको पूजा गर्नुपर्छ, रमण गर्नु हुदैन। आफ्नी कान्ता प्रसूता भए पनि कौलिकागममा रमणको योग्य हुन्छे, परकान्ता भने प्रमत्ता भए पनि यत्नपूर्वक गजतुण्डमुद्राद्वारा मन्थन भएर मात्रै संतोष पाउने हुन्छे।"

यो उक्ति श्रीकल्पको उपासकको लागि हो, कालीकल्पको उपासकको बारेमा कुरा अर्कै छ। किन-भने "न्यासप्रिया तु श्रीविद्या कालिका मैथुनप्रिया," अर्थात् "न्यास श्रीविद्याले रुचाउछिन्, कालिकाले भने मैथुन निकोमान्छिन्," भन्ने उक्तिहुनाले कालीकल्पको मैथुनको स्थान बहुतै गहन र रहस्यपूर्ण हुन्छ, त्यसमा स्वकान्ताको भन्दा परकान्ताको महत्व हुन्छ। तर यस-विषयको यथार्थ रहस्यको ज्ञान मलाई नहुनाले केवल ग्रन्थावलोकनको भरमा कुनै कुरा पनि दर्शाउन सकिन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कालीकल्पका साधकहरूमा यो कुद्रथ होला, यस कुरामा उंहाहरूको कृपाको दरकार छ।

विभावबीरको मकारको अनुकल्पबारेमा "सर्वोल्लासतन्त्र"मा यस्तो उक्ति छ।

"ब्राह्मणो वीरभावेन सुरांपीत्वा जपेन्मनुम्।
तदभावेऽपि गोक्षीरं द्विजोदद्याद् युगे युगे॥
ताम्बूलं ताम्रकूटञ्च त्वरिता ताडिता तथा।
अहिफेणः खजुरसः धूस्तूरं सम्विदा तथा॥
एतेचाष्टौ सुराः प्रोक्ताः साधकानन्ददायकाः॥ १॥
लवणार्दकपिन्नाकस्तिलगोधूममासकाः।
लसूनञ्च महेशानि मांसप्रतिनिधिस्मृतः॥ २॥
मत्स्याभावे दग्धद्रव्यं चानुकल्पं युगे युगे॥ ३॥
मुद्राभावेऽपि चणकं भर्जितं परमेश्वरि॥ ४॥"

अर्थात्–"ब्राह्मणले बीरभावद्वारा सुरा पीएर जप गर्नुपर्छ। त्यसको अभावमा युग युगमा द्विजले गाईको दूधको प्रयोग गर्नुपर्छ। पान, ताम्रकूट गांजा, ताड, अफिम, खजुरकोचोप, धतूर अनि घोट्टा (भाङ्) यति आठ थोक् साधकलाई आनन्द दिने सुरा हुन्॥१॥ नुनमिलाएको अदुवा, प्याज, तिल, गंहू, मास र लसुन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मांसका प्रतिनिधि हुन् ॥२॥ दढेका खानाहरू मत्स्यका प्रतिनिधि हुन् ॥३॥ भुटेको चना मुद्राको अनुकल्प हो ॥४॥

मैथुनको अनुकल्पको वारेमा अपराजितापुष्प र करविरपुष्पमा रक्तचन्दन र श्रीखण्ड मिलाएर वनाउने विधानको शास्त्रोक्ति र व्याख्या समेत "निगमागम वैज्ञानिकसार"को षष्ठपटलमा दर्शाएकै छु ।

"शाक्तक्रमचन्द्रिकामा" सिद्धान्ताचार को वारेमा यस्तो उक्ति छ ।

"मन्यन्ते ये स्वमात्मानं विभिन्नं परमेश्वरात् ।
न ते पश्यन्ति तं देवं वृथा तेषां परिश्रमः ॥

अर्थात्– "आफ्नो आत्मालाई परमेश्वरदेखि फरक संझिएर उनी देवतालाई नदेखने व्यक्तिको परिश्रम व्यर्थ हुन्छ ।"

"गौतमीयतन्त्रमा" यस्तो उक्ति छ ।

आत्मानं देवतां मत्वाऽप्यात्मानं तोषयेद्यदि ।
सिद्धान्ताचारो विज्ञेयस्तस्य जीवः शिवो भवेत् ॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्–"आफैलाई देवता मानेर आफूलाई संतुष्ट राख्नुनै सिद्धान्ताचार हो। त्यसको जीव शिवनै हुन्छ।"

फेरि "हंसमाहेश्वरतन्त्रमा" योउक्ति छ।

"यानि यानि च तीर्थानि ये ये देवा महेश्वरि।
शरीरं ज्ञापितं सर्वं जीवरूपं सनातनम्॥"

अर्थात्–"जति जति तीर्थहरू र जति जति देवताहरू छन्, ती सबै जीवरूपी सनातनको देहमा रहेका हुन्छन्।"

यस बारेमा मद्रचित "निगमागववैज्ञानिकसार" को चतुर्थ पटलमा यथाज्ञान चर्चा गरेको छु।

अब पूर्वोक्त उक्तिहरूवाट "वीरभावले उपासना गर्दा गर्दा अष्टपाश हटे पछि स्वयं नै वीराचारवाट सिद्धान्ताचारमा पुगिंदो रहेछ," भन्ने बुझिन्छ। त्यस-उसले सिद्धान्ताचारमा पूरा 'सोऽहं' भावले उपासना हुन्छ; अनि सोही भाववाट राजाधिराजयोगसमेत मिलाएर साधारण कौल बनेर उपासना गर्दा गर्दै "अहं,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्वम्, इदं" अर्थात् 'म, तिमि, यो' भन्ने भाव हटी 'नाहं' भाव स्वयं नै उब्जिएर ईश्वरको अनुभवगम्य किसिमको ध्यान गर्ने पूर्णकौलाचारमा आरुढ भई साधक दिव्य-कौल वा कौलावधूत बन्दछ।

तीन थरी ध्यानबारेमा 'नारायणीतन्त्रमा' यस्तो उक्ति छ।

"स्थूलध्यानं हंसबीजं भेदज्ञानञ्च लभ्यते।
सोऽहं ज्ञानाद् भवेल्लभ्यं ज्योतिर्ध्यानं सुनिर्मलम्॥
नाह ज्ञानाल्लभ्यते च वाचातीतं निरञ्जनम्।
स्थूलं तेजस्तथा सूक्ष्मंध्यानं त्रिविधलक्षणम्॥
स्थूलमिन्द्रियसंयुक्तं योनिलिङ्गादिसंयुतम्।
ज्योतिर्ध्यानमभेदं हि सोऽहं ज्ञानयुतो यदि॥
सूक्ष्मं नित्यं निराकारं गगनादपि निर्मलम्॥"

भावार्थ–"जीवमात्रले सासफेर्दा 'हंसः' भन्ने बीज शुद्धि नै न पाएर जपिरहन्छ; अतः त्यस अवस्थाको जीवमा भेद–भाव रहने हुनाले पाशवकल्पकासाधकहरूले ईश्वरलाई आफू भन्दा अलग पूज्यरूप सबै शारीरिक अवयव र योनि लिङ्गादि सबैइन्द्रियहरूले परिपूर्ण भएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुनै प्रकारको आफ्नो प्रेमको मन्त्रानुसारको रूप वा मूर्ति मद्रचित "निगमागमसर्वज्ञानिसार" मा चर्चा भए झैं कल्पना भई उनको ध्यान हुन्छ। यसलाई "स्थूल-ध्यान" भन्दछन्। अनि आफ्नो आत्मालाई नै ईश्वर संझने भए-पछि 'सोऽहं भाव झल्कन्छ र बीराचारमा ध्यानावस्थामा मात्रै र सिद्धान्ताचारमा हरहमेशा आफूमै ईश्वरको ध्यान हुन्छ। यसलाई 'ज्योतिर्ध्यान' भन्दछन्। अनि आफू भन्ने भाव समेत् हटेपछि 'नाहं' भाव झल्कन्छ र सबै जगतै अवाङ्मनसगोचर ब्रह्ममयको ध्यान हुन्छ। साधारण कौलमा ध्यानावस्थामा मात्रै र दिव्यकौल वा कौलावधूतमा हरहमेशा यस्तो ध्यान स्फुरण हुन्छ। यसलाई 'सूक्ष्म-ध्यान' भन्दछन्।"

'सर्वोल्लसतन्त्रमा' कौलाचारको वारेमा यस्तो उक्ति छ।

"निर्द्वन्द्वमानसो भूत्वा ज्ञात्वा कामकलातनुम्।
इदं बीरकुलं देवि ज्ञेयं रम्यं मनोहरम्॥
द्वन्द्वातीतो भवेदेक एको भावातीतः शिवे।
प्रकाशवाक्यं निर्द्वन्द्वमेकं ह्रस्वं हि दीर्घकम्॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ह्रस्वदीर्घक्रमेणैव जगत् स्थावरजङ्गमम् ।
गुरूं लघुं लघुं दीर्घं वाचातीतं वचः शिवे ॥
भावातीतं जगत् सर्वं ज्ञानं ज्ञेयमयं शिवे ।
ज्ञानमेतज्जगत् सर्वं मनोज्ञेयं महेश्वरि ॥
ज्ञानं ज्ञेयं मनो देवि भावातीतं सुनिर्मलम् ॥"

यस उक्तिको रहस्य अति गहन छ । यसको यथार्थ व्याख्या गर्ने हो भने एउटा पूरा पुस्तकनै बन्द छ । फेरि ऐले सम्म भखर यो तेस्रो पुस्तकमा कलम चलाई रहेछु । अरू यस्ता तीन चार ओटा पुस्तक लेखे पछि मात्रै यस उक्तिको यथाज्ञान व्याख्यागरेर "कुल-तत्त्वनिर्णय" नामक एउटा नया छांटको पुस्तक लेखी प्रकाश गर्ने मेरो इच्छा छ; मेरो स्वास्थ र आयुले अनुकुल पार्‍यो भने अवश्य यो काम गर्ने छु, त्यसमा श्रीजगदम्बाको जो इच्छा होला । यो कुलतत्त्व वेदान्त भन्दा पनि उपल्लो कक्षाको ज्ञान र राजाधिराजयोग भन्दा पनि माथिल्लो कक्षाको योग हो । अतः धेरै कुराको रहस्य बुझेपछि मात्रै यसको रहस्य बुझ्न सजिलो हुन्छ । उदाहरणको लागि यहा केही कुरा झल्काउंछु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पूर्वोक्तिमा "कामकलातनुः" भन्ने छ, यो 'कामकलाको' बारेमा मद्रचित "तान्त्रिकविज्ञानदर्पण" को द्वितीय पटलमा र 'निगमागमवैज्ञानिकसार' को षष्ठ पटलमा चर्चा भएको छ। फेरि "प्रकाशवाक्यं निर्द्वन्द्वमेकं ह्रस्वं हि दीर्घकम्" भनेर एउटा मिश्रबिन्दुबाट "इनीखहपी-स्वराः" भन्ने सूत्र बमोजिम सात वर्णका "तान्त्रिक-विज्ञानदर्पण" मा चर्चा भए झैं सात लामा र छोटा किरणका रेखाहरूलाई संझाएको छ। अनि "गुरुं लघुं लघुं दीर्घ वाचातीतं वचः शिवे" भनेर "षऋगमपधनि" भन्ने नादसूत्र बमोजिम पूर्वोक्त मद्रचित दुई पुस्तकमा चर्चा भए झैं सात स्वरका गहौं र हलौं सात ओजन वा तउल "गुरुं लघुं" भनेबाट र "लघुं दीर्घ" भनेबाट ध्वनितरङ्गहरूको आकार अनि "वाचातीतं" भनेबाट साम्राज्यमेधादिक्षाको अलेखिनी विद्याको संकेत हुन्छ। यस्तै 'सर्वोल्लासतन्त्रको' यस उक्तिमा धेरै कुराको संकेत छ यति नौ पंक्तिमा शिवले "गागरमा सागर भरिदिएका छन्"। तसर्थ यहा अगि चर्चा भई सकेको कुराको मात्रै एक झलक दर्शाएको हुं। यसउक्तिबाट कौलाचार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपासनाको पराकाष्ठा रहेछ भन्ने वुझिन्छ । 'कौलाचार' भन्नु र 'कुलाचार' भन्नु पर्यायवाचक हो अर्थात् एकै हो ।

"गुप्तसाधनतन्त्रमा" यस्तो उक्ति छ ।

"आत्मातोषणमात्रेण तुष्यन्ति सर्वदेवताः ।
अतएव कुलाचारी आत्मनं तोषयेन्मुदा ॥"

अर्थात्–"आफ्नो सन्तुष्टिले नै सबै देवता तुष्ट हुन्छन्; अतः कुलाचारीले आफैलाई सन्तुष्ट गराउनु पर्छ।" यसको मतलव "सधैं सन्तोष रहनु पर्छ, असन्तोषी हुनु हुदैन" भन्ने हो ।

"कुलार्णवतन्त्रमा" पनि यस्तो उक्ति छ ।

"यत्रास्ति भोगो न च तत्र मोक्षो ।
यत्रास्ति मोक्षो न च तत्र भोगः ॥
शिवापदाम्भोजयुगार्चकानाम् ।
भोगश्च मोक्षश्च करस्थ एव ॥
वैष्णावानाञ्च शाक्तानां शैवादीनां महेश्वरि ।
आत्मानं देवतां मत्वा तोषयेद्रमणादिना ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आत्मस्थां देवतां त्यक्त्वा वहिर्देवं विचिन्तयेत् ।
करस्थंकौस्तुभं त्यक्त्वा भ्रमन्ते काच तृष्णाया ॥
पञ्चतत्वेन देवेंशि स्वेच्छाचारेण वा पुनः ।
जीवं देवमयं ज्ञात्वा तोषयेद् भोजनादिषु ॥"

अर्थात्–"जहा भोग हुन्छ, त्यहा मोक्ष हुदैन; फेरि जहा मोक्ष हुन्छ, त्यहा भोग हुदैन; तर शिवाको अर्थात् भगवतीको पाउरूपी कमलको पूजकहरुको भने भोग र मोक्ष दुवै हातपर्ने हुन्छन्। वैष्णव, शाक्त र शैवादिहरूले आफ्नै आत्मालाई देवता मानेर रमणादिले तुष्ट गराउंनु पर्छ। आफूमा रहेका देवतालाई छाडेर वाहिरको देवताको चिन्तन गर्नु त आफ्नो हातको कौस्तुभमणि गुमाएर कांच खोज्दै हिड्नु जस्तो हुन्छ। मपञ्चकको प्रयोग गरेर आफ्नो जीवलाई देवमय संझी यथेच्छा भोजन गरी सन्तुष्ट रहनु पर्छ।"

"ज्ञानद्वीपतन्त्रमा" यस्तो उक्ति छ।

"एकै वहि महामाया नाम भेदेन संस्थिता ।
विमोहनाय लोकानां तस्मात् सममना भवेत् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देवीविष्णुशिवादीनामेकत्वं परिचिन्तयेत् ।
भेदभावे मनोयस्य तस्य मोक्षो न जायते ॥"

भावार्थ–"एउटी महामायानै नाम भेदले गर्दा फरक झैं भई लोकलाई भुलाउंनाको लागि रहेकी हुन्, तसर्थ सबैलाई एकै संझन पर्छ, देवी, विष्णु र शिवादि सबैमा फरक संझन हुदैंन, भेदभाव संझने मानिस मुक्ति हुदैंन।"

हाम्रो नेपाल ठण्डा मुलुक हिमालको काखमा परेकोले पहाडखण्डतिर पाशवकल्पका र वीरकल्पका दुवै थरीका उपासकहरू तथा समाजको लागि धर्म सम्म जोगाउनेहरू मध्ये धेरै जना महाचीनक्रमको "मणि-बन्धादधः पाणि पादौ गुल्फा दधः शिवे, मुखं प्रक्षालये द्देवि चीनस्नानमिदं भवेत्" अर्थात् "नारिदेखि तल दुईहात, गोलिगांठादेखि तल दुई खुट्टा अनि मुख धुनाले चीनस्नान हुन्छ" भन्ने विधिलाई कसैले र कसैले श्री-कल्पको "अशक्तानां तु गमने दुर्गेकाले च शीतले; मुण्डं प्रक्षाल्य मूलेन हस्तपादं च क्षालयेत्" अर्थात् "अशक्त-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भएमा, कतै बाटोलाग्दा, दुर्गमा अथवा जाडोको अवस्थामा (अभिमन्त्रितजलले) मूलमन्त्र (आफ्नो दोक्षामन्त्र) पढ्दै टाउको समेतको मुख र हातगोडा धुनु पर्छ" भन्ने दिव्यस्नानको विधिलाई अपनाउने चलन छ ! फेरि तराई तिरकाहरूले उही श्रीकल्पोक्त दिव्यस्नानको "तप्तकाले तथा देशे स्नानादौ तैलमर्दयेत्" अर्थात् "गरमकालमा र गरमदेशमा नुवाउनु भन्दा अघि तेल घस्नु पर्छ" भन्ने विधानलाई अपदाउंने चलन छ ।

यहा यत्तिकैं मा यो पटल समाप्त गर्छु । अब अर्को पटलमा चाडपर्व र जात्रामात्राको बारेमा यथाज्ञान चर्चा गर्ने चेष्टा गर्ने छु ।

॥ इति श्रीबीरसिद्धान्तकुलकल्पवर्णनन्नाम तृतीयः पटलः ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

॥ अथ ॥

॥ चतुर्थः पटलः ॥

शेष जीवनी वानप्रस्थाश्रममा बिताउने चलन हाम्रा पुराना आर्यहरूमा भएको पुराणादिमा देखिन्छ। यसबाट यस्तो अनुमान हुन्छ कि, उमेर पुगे पछि नोकरीमा लागेको व्यक्तिले आफ्नो नोकरीबाट अवकाश ग्रहण गरे झैं उनीहरूको व्यवहारबाट अवकाश ग्रहणगरी जङ्गल-पस्ने चलन रहे छ। त्यस पछि महासाम्राज्यमेधा-दिक्षा ग्रहण गरे पनि कौलावधूत मात्र बनेर जङ्गल नपसी तीर्थस्थानहरूका नजिकका गाउँहरूमा चाहानें उनमा चलन भयो। झन हालमात सो दीक्षा समेत दुर्लभ हुंदा कुलतत्वको पूर्ण ज्ञान र वैराग्य प्राप्त गरेका लघुसाम्राज्य-मेधा सम्म अथवा त्यसभन्दा तलकै कक्षाको दीक्षा मात्र प्राप्तभए पनि ज्ञान र वैराग्यको प्रभावले कुनै कुनै साधकहरू कौलावधूत बन्ने प्रथा छ। तर खासगरेर लघुसाम्राज्यमेधादीक्षा भएसम्म दिव्यकौल भएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चाडपर्व मनाएर घरबार गरेरै बस्नु पर्छ। कौलावधूत र दिव्यकौलमा एकै कक्षाका भए पनि आचार र व्यवहारमा धेरै नै अन्तर हुन्छ सो कुराको चर्चा यसपुस्तकको सप्तम पटलमा हुने छ। ऐले यस पटलमा यथाज्ञान चाडपर्वको चर्चा गर्दछु।

सबै देवताको आ-आफ्ना बेग्ला बेग्लै जयन्ती-पर्व हुन्छन्। आफ्नो इष्टदेवताको जयन्तीपर्वमा रातमा दीपावलिगरी साधकले व्रतपूजादिले महोत्सवमनाउनु पर्दछ। ती सबैका आगमोक्ति दर्शाउदछु। सर्व प्रथम दश महाविद्याको र आफूले जाने जति सिद्धविद्याहरूको जयन्तीको आगमोक्ति उद्धृत गरी केही पुंदेवताको जयन्तीको तिथि यथाज्ञान दर्शाएर मात्र अरू चाडवर्व अनि जात्रामात्राको चर्चा गर्ने छु।

१. कालीजयन्ती ॥

"कृष्णाष्टम्यां भाद्रमासे निशीथे।
आद्याकाली शक्तिराविर्बभूव ॥
तस्मात् तस्मिन् कालिकाया जयन्ती।
मान्या पूज्या तत्कथा कीर्तनाद्यैः ॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्–"भदौ वदी अष्ठमीको आधारातमा आद्या काली अवतार भयो, अतः सो दिन कालीजयन्ती मनाएर पूजन र कथाकीर्तनादि हुन्छ ।"

२. ताराजयन्ती ॥

"चैत्रे मासे ऽप्युज्वलायां नवम्याम् ।
मन्दे मध्ये लम्बितायां निसायाम् ॥
तारिण्यम्बा प्रादुरासीच्च तस्मिन् ।
काले कार्या तारिणी जन्मलीला ॥"

अर्थात्–"चैत्र शुदि नवमी शनिवारको मध्यरात्रीमा तारिणी अवतार भयो, अतः त्यस समयमा तारिणीको जयन्ती मनाइन्छ ।"

३. ललिता [श्रीविद्या] जयन्ती ॥

"माघेशुक्ले किल पूर्णिमादिने ।
प्रदोषकाले ललिता पराम्बिका ॥
आर्विर्वभूवेति तदीय जन्मनो ।
महोत्सवस्तत्समये विधीयताम् ॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्–"माघशुक्ल पूर्णेको प्रदोषकालमा ललितापराम्बिका (श्रीविद्या) अवतार भयो, त्यसबेला श्रीविद्या जयन्ती मान्नु पर्छ।"

४. भुवनेश्वरीजयन्ती ॥

"भाद्राभिधे मासि सिते च पक्षे।
हरेर्दिने भास्कर संयुते च ॥
महोत्सवः श्रीभुवना जयन्त्याः।
कार्यो निशाद्ध व्रतपूजनाद्यैः॥"

अर्थात्–"भदो सुदी द्वादशी आदित्यवार श्रीभुवनेश्वरीका जयन्ती मनाएर आधारातमा व्रतपूजादि हुनु पर्छ।"

५. भैरवीजयन्ती ॥

"मार्गे शुक्ले पूर्णिमायां निशीथे।
श्रीभैरव्या मातुरुद्भूतिरासीत् ॥
तस्मात् तस्यां भैरवीया जयन्ती।
मान्या शाक्तैः शक्तिचक्रार्चनाद्यैः॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्—"मंशीर शुक्ल पूर्णे आधारातमा भैरवी अवतार भयो; अतः त्यसवेला शाक्तहरूले शक्तिचक्रार्चनादि गरी भैरवीजयन्ती मनाउनु पर्छ।"

६. छिन्नमस्ताजयन्ती ॥

"वैशाखशुक्ल भूताहे निशार्ध्दे छिन्नमस्तका।
अवतीर्णेति तत्काले मान्यास्तज्जननोत्सवः॥"

अर्थात्—"वैशाख सुदीचतुर्दशीको आधारातमा छिन्नमस्ता अवतार भयो; अतः त्यसवेला छिन्नमस्ताजयन्ती मानिन्छ।"

७. धूमरवतीजयन्ती ॥

"ज्येष्ठेमास्युज्ज्वलाष्टम्यां बुधे धूमाभिधाम्बिका।
प्रादुर्भूतेति तद्रात्रौ मान्यो धूमामहोत्सवः॥"

अर्थात्—"ज्येष्ठसुदी अष्टमी बुधवार धूमावता अवतार भयो, अतः त्यस दिन धूमावतीजयन्ती मनाइन्छ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

८. वगलाजयन्ती ॥

"वैशाखशुक्ले गणराजघस्रे ।
शनैश्चराढ्ये वगलाननायाः ॥
संमाननायो हिं जनुर्महोत्सवः ।
पीतोपचारान्वितपूजनादिभिः ॥"

अर्थात्–"वैशाखसुदी चतुर्थी शनिवार वगलानना अवतार भयो, सोदिन पहेलो उपचारले पूजादिगरी वगलाजयन्ती मनाउनु पर्छ ।"

९. मातङ्गीजयन्ती ॥

"वैशाखमाशे ऽपि च शुक्ल पक्षे ।
गौरीतिथौ श्रीगुरुणान्वितायाम् ॥
प्रकट्यमाप्ता तदिहैव मान्यो ।
मातङ्गिनी जन्म महोत्सवो ऽपि ॥"

अर्थात्–"वैशाखसुदि तृतीया वृहस्पतिवार मातङ्गी अवतार भयो, सो दिन मातङ्गीजयन्तीको महोत्सव हुन्छ ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१०. कमलाजयन्ती ॥

"कार्तिक्यमायां शशिसंयुतायाम् ।
समुद्रतः श्रीकमलाविरासीत् ॥
तत्रप्रदोषे किलशक्ति भक्त्यैः ।
मान्या जयन्ती कमलात्मिकायाः ॥"

अर्थात्–"कार्तिक वदी औंसी सोमबार कमलात्मिकालक्ष्मी समुद्रबाट प्रदोषकालमा निस्किन् , सो वेला कमलाजयन्ती मानिन्छ ।"

यी दश महाविद्याका जयन्तीभए, अब सिद्ध विद्याका जयन्तीको बारेमा आगमोक्तिहरू यस्ता छन् ।

१. कुब्जिकाजयन्ती ॥

"कृष्णपक्षे तु वैशाखे त्रयोदश्यां चतुर्दशी ।
संलग्ने कुजवारेच निशार्द्धे किल शम्भुना ॥
स्वनाभिमथनाज्जाता कुब्जिका कुलनायिका ।
तत्काले साधकैः सर्वैर्मान्यस्तज्जनोत्सवः ॥"

अर्थात्–"वैशाख कृष्णत्रयोदशीमा चतुर्दशी संयोग भएको वेला आधारातमा शिवजीले आफ्ना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नाभिमथन गर्दा कुब्जिका प्रकट भइन्, अतः सबै साधकले त्यसवेला कुब्जिकाजयन्ती मनाउनु पर्छ।"

२. चण्डिकाजयन्ती ॥

"वैशाखशुक्ले शुभ पूर्णिमायाम्।
श्रीचण्डिका प्रेग समुद्भवासीत्॥
तस्मिन् दिने श्रीजगदम्बिकायाः।
मान्या जयन्ती किल शाक्तवर्गैः॥"

अर्थात्–"वैशाखशुक्ल पूर्णेमा चण्डिका प्रादुर्भाव भइन्, अतः सो दिन शाक्तहरूमा चण्डिकाजयन्ती मनाइन्छ।"

३. श्रीबालाजयन्ती ॥

"मार्गेकृष्णे चतुर्दश्यां श्रीबालासुन्दरीपरा।
प्रादुर्भूता तदा मान्यः श्रीबालाया महोत्सवः॥"

अर्थात्–"मागंवदी चतुर्दशीमा श्रीबालासुन्दरी प्रकट भइन्, अतः त्यसदिन श्रीबालाजयन्ती मनाइन्छ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

४. सिद्धिलक्ष्मीजयन्ती ॥

"वैशाखस्य सितेपक्षे ह्यर्ध्दरात्रौ महेश्वरी ।
सिद्धिलक्ष्मीः समुत्पन्ना नृसिंहस्य समीपतः ॥
तस्मिन्काले महादेव्या जयन्ती मान्यतां बुधैः ॥"

अर्थात्–"वैशाख सुदी चतुर्दशी आधारातमा नृसिंहको नजिक सिद्धिलक्ष्मी निस्किन्, अतः बुद्धिमान्ले त्यसवेला तिनको जयन्ती मनाउनुपर्दछ ।"

५. सरस्वतीजयन्ती ॥

"माघेशुक्ले च पञ्चम्यां प्रादुरासीत् सरस्वती ।
तदा मान्या तज्जयन्ती व्रतार्चनजपादिभिः ॥"

अर्थात्–"माघसुदि पञ्चमीमा सरस्वती अवतार भयो, त्यसदिन व्रत, पूजा र जपहरू गरी तिनको जयन्ती मनाइन्छ ।"

६. अन्नपूर्णाजयन्ती ॥

"शुक्लपक्षे पूर्णिमायां मध्यान्हे मार्गशीर्षके ।
समुत्पन्ना महामाया ह्यन्नपूर्णास्वरूपिणी ॥
तद्दिने चान्नकूटाद्यैर्मान्यस्तज्जननोत्सवः ॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्–"मंशीर सुदी पूर्णेको मध्याह्नमा अन्नपूर्णा अवतार भयो, अतः सो दिन अन्नकूटहरू राखी उनीको जयन्ती मनाइन्छ।"

७. गायत्रीजयन्ती ॥

"शुक्लपक्षे पूर्णिमायां श्रावणे ह्यरुणोदये।
समुत्पन्ना चादिविद्या गायत्री सूर्यमण्डलात् ॥
तस्या जयन्ती तत्काले मान्या स्नानादि तर्पणैः ॥"

अर्थात्–"श्रावण सुदी पूर्णे अरुणोदयमा सूर्यमण्डलबाट गायत्री उत्पन्न भइन्, अतः सो वेला स्नान-तर्पणादि गरी गायत्रीजयन्ती मनाइन्छ।"

८. पार्वतीजयन्ती ॥

"आषाढे नवमी शुक्रे पार्वतीपरमेश्वरी।
मेनकागर्भतो जाता तदा चक्रार्चनादिभिः ॥
साधकैः सर्वदा मान्यः पार्वतीजननोत्सवः ॥"

अर्थात्-"आषाढ शुक्लनवमीमा मेनकाको गर्भबाट पार्वतीको जन्म भयो, अतः सो दिन सबै साधकहरूले पार्वतीजयन्ती मनाउनु पर्छ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

९. अपराजिताजयन्ती ॥

"इषेशुक्ले दशम्यां तुदिवसे चापराजिता ।
प्रादुरासीद्राघवस्य यात्राविजयकारिणी ॥
तस्मात्तद्दिवसे सर्वैं र्मान्यस्तज्जननोत्सवः ॥"

अर्थात्–"आश्विनसुदी दशमी दिउंसो रामको यात्राविजय गराउने अपराजिता प्रकट भइन्, अतः सो दिन सबैले अपराजिता जयन्ती मनाउनु पर्छ ।"

१०. विन्ध्यवासिनीजयन्ती ॥

"भाद्रकृष्णष्टमीरात्रौ विन्ध्याचल निवासिनी ।
प्रादुरासित्तदा तस्या जयन्ती मान्यतां बुधैः ॥"

अर्थात्–"भाद्रकृष्णाष्टमीमा राति विन्ध्यवासिनी उत्पन्न भइन्, सो वेला जान्नेले उनको जयन्ती मनाउनु पर्छ ।"

यति दश सिद्धविद्या काजयन्ती हुन् । सिद्धविद्याका भेद धेरै हुन्छन्, तर सबै दश सिद्धविद्याकै भेदहुन् । ती दशसिद्धविद्या यी हुन् । "गौरीकञ्चुकीयतन्त्र" को उक्ति ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"कुब्जिका चण्डिका वाला सिद्धिलक्ष्मीः सरस्वती ।
अन्नपूर्णा च गायत्री पार्वती चापराजिता ॥
विन्ध्याधिवासिनी ह्येताः सिद्धविद्याप्रकीर्तिताः ॥

अर्थात्–"कुब्जिका, चण्डिका, बाला, सिद्धिलक्ष्मी, सरस्वती, अन्नपूर्णा, गायत्री, पार्वती, अपराजिता, अनि विन्ध्यवासिनी यति सिद्धविद्याहरू हुन् ।"

अत्र पुं देवताहरूको जयन्तीको बारेमा यथाज्ञान दर्शाउंदछु । वैशाखसुदि चतुर्दशी नृसिंहजयन्ती, भाद्रशुक्ल द्वादशी वामनजयन्ती, वैशाखसुदी तृतीया परशुरामजयन्ती, चैत्रशुक्लनवमी रामजयन्ती, भाद्रकृष्णाष्टमी कृष्णजयन्ती, भाद्रसुदि पूर्णे वौद्धजयन्ती, श्रावणसुदीषष्ठी कल्किजयन्ती, भाद्रसुदीचौथी, गणेशजयन्ती, भाद्रसुदी षष्ठी सूर्यजयन्ती, आषाढ सुदी पूर्णे दक्षिणामूर्त्तिजयन्ती, अनि आश्विनसुदीचतुर्दशी वराहजयन्ती हुन् ।

शाक्तहरूले चक्रार्चनादिगरी मनाउनुपर्ने रात्रिपर्वहरूका विषयमा "शक्तिसंगमतन्त्र" को वचन यस्तो छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"वीररात्रिर्महारात्रिः कालरात्रिस्तथैवच ।
सिद्धिरात्रि र्घोररात्रिः क्रोधरात्रिस्तथैवच ॥
तथैवचाचलारात्रि स्तारारात्रिस्तथैवच ।
शिवरात्रि र्दिव्यरात्रि र्दारुणाच यथाक्रमात् ॥
कथ्यते परमेशानि शृणु सावहिता भव ।
चतुदश्यां संक्रमे च कुलर्क्षे कुलवासरैः ॥
अध्दरात्रे तदायोगो वीररात्रिः प्रकीत्तिता ।
शुक्लाष्टमी चाश्विनस्य नवरात्रं तु तस्यव ॥
महारात्रिर्महेशानि कालरात्रिं श्रणुप्रिये ।
दीपोत्सव चतुर्दश्यां त्वमायां योग एवतु ॥
कालरात्रि महेशानि ताराकाली प्रियङ्करी ।
जन्दाष्टमी महेशानिं मोहरात्रिः प्रकीर्तितः ॥
कृष्णावतारपर्यन्तं तारायाः शाप ईरितः ।
जातेकृष्णावतारे तु निर्मुक्ता तारिणी परा ॥
उत्पत्तौ विन्ध्यवासिन्या विद्युद्रूपे समागते ।
श्रीमहातारिणीविद्या महारण्यपरायणा ॥
स्मरणादेव संसिद्धा मतिपुष्टिकरी परा ।
चैत्रंमासि नवम्यां च शुक्लपक्षे च भूसुते ॥
क्रोधरात्रिर्महेशानि तारारूपा भविष्यति ।
मासि मार्गशिरे प्राप्ते कृष्णाष्टम्यां महेश्वरि ॥
महाकालस्वरूपा च घोररात्रिः प्रकीर्तिता ।
पाप्ते फाल्गुणके मासे कृष्णंकादशिका तु या ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भृगुभौमयुता चेत् स्यादचलारात्रि रीरिता ।
ज्यैष्ठीया दशमी शुद्धा दशयोगसमन्विता ॥
कुल-ऋक्ष समायुक्ता ग्रहणं यदि चेद्भवेत् ।
तारारात्रिस्तु संप्रोक्ता भाग्यादेव तु लभ्यते ॥
फाल्गुणे कृष्णपक्षे तु ह्यर्द्धरात्रौ भृगोः शिवे ।
शिवरात्रिस्तु संजाता सर्वसिद्धिप्रदायिनी ॥
अमाभृगुसमायुक्ता सूर्यग्रहणयुग्यदि ।
अपरान्हे यदा योगो मृतसंजीविनी तिथिः ॥
स्नानदानादिहोमान्तमनन्तफलदं भवेत् ।
अष्टमी चैत्रमासीया संक्रमेण समन्विता ॥
सिद्धिरात्रि रितिख्याता ताराकालीसमाकुला ।
तृतीया माधवे शुद्धा कुलवारर्क्षसंयुता ॥
दारुणा कीर्तिता देवि सर्वसिद्धीश्वरी परा ।
क्रमेण कथितं सर्वं, पवराजाभिदं श्रृणु ॥
तृतीया पौषमासीया भृगुवासरसंयुता ।
चतुर्थी सहिता चेत्स्यात् रेवती संयुता क्वचित् ॥
पर्वराजाभिदं पर्वं सर्वपर्वोत्तमोत्तमम् ।
तृतीया चैत्रमासीया रेवतीसंयुता यदि ॥
ऋद्धियोगो महेशानि होमकर्मणि शस्यते ।
प्रतिमासे पौर्णमासि मासनक्षत्रसंयुता ॥
कुलवारसमायुक्ता सा तिथिः सुन्दरी भवेत् ।
अष्टमी प्रतिमासस्य कृष्णापक्षस्य पार्वति ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भौमयुक्ता तथा ऋक्षयुक्ता वा केवला च वा ।
देवीरात्रि रितिख्याता सर्व्व सिद्धिप्रदायिनी ॥
चतुर्थी माघमासस्य मकराक्ता भवेद्यदि ।
गणपस्य तथा रात्रिरिति ख्यातेति गौडयः ॥
नवमी कृष्णपक्षस्य कुल-ऋक्षसमन्विता ।
वारयुक्ताथवा देवि सिद्धिरात्रि प्रकीर्तिता ॥
चतुर्थी कृष्णपक्षस्य कुलवारर्क्षसंयुता ।
केवलं भौमयुक्ता वा वाणरात्रिः ससंक्रमे ॥
अमाभौमसमायुक्ता कुलर्क्षसंयुता यदि ।
कृष्णरात्रि रिति ख्याता अक्षोभ्य प्रीतिकारिणी ॥
अमार्कश्रवणे जाते युक्तश्चेत् पौषमाघयोः ।
अर्द्धोदय स विज्ञेयः किञ्चिन्नूनो महोदयः ॥
धर्मरात्रि महेशानि कीर्तितेयं सुरर्षिभिः ।
अमा भौमेन सोमेन योगेन भृगुणाथवा ॥
गुरुणा रविणा देवि कुलऋक्षसमन्विता ।
दिव्यमण्डलिकोयोगः सूर्यपर्वशताधिकः ॥
माघमासे शुक्लपक्षे पञ्चम्यां भृगुवासरे ।
वसन्त पञ्चमी प्रोक्ता कामसंजीवनी तिथिः ॥
इति संक्षेपतः प्रोक्तं किमन्यच्छ्रोतुमिच्छति ॥"

भावार्थ–"वीररात्री, महारात्री, कालरात्री, सिद्धिरात्री, घोररात्री, क्रोधरात्री, अचलारात्री, तारा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रात्री, शिवरात्री, दिव्यरात्री अनि दारुणारात्रीः यिनका अतिरिक्त अरू धेरै पर्वहरू हुन्छन् । ती सबैको अत्र निर्णय हुन्छ । कुनै संक्रान्तिमा चतुर्दशी कुलऋक्ष[1] र कुलवार आधारातमा परे 'वीररात्रि', आश्विन शुक्ल अष्टमी 'महारात्रि', दीपोत्सवचतुर्दशी अर्थात् कार्तिक कृष्ण चतुर्दशीको र औंसीको संगम 'कालरात्रि' (यस पर्वलाई 'लक्ष्मीजयन्ती' मानेर लक्ष्मीपूजागर्ने चलन श्रीकल्पमा र 'कालरात्री' मानेर कालीपूजागर्ने चलन कालीकल्पमा हुन्छ), जन्माष्टमी अर्थात् भाद्र कृष्ण अष्टमी र रोहिणी नक्षत्र आधारातमा परे 'मोहरात्रि' (त्यसवेला कालीको कृष्णावतार भएपछि तारामा परेको वशिष्ठको श्रापमोचन भयो, अनि उनै तारा विजुली झैं भएर विन्ध्यवासिनी बन्नगईन्, यो कथाको यस उक्तिमा संकेत मात्रै छ, तन्त्रान्तरमा पूरा वर्णन छ), चैत्र शुक्ल नवमी ताराूप 'क्रोधरात्रि', मंशीर कृष्ण अष्टमी महाकालरूप 'घोररात्रि', फाल्गुण कृष्ण एकादशीमा शुक्रवार अथवा मङ्गलवार परे 'अचलारात्रि',

1. कुलऋक्ष र कुलवार = यसको पछि चर्चा हुने छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ज्येष्ठ शुक्ल दशमीमा दशयोम मिल्नगए अथवा कुनै-ग्रहणमा कुलर्क्ष परे 'ताराराात्रि' (यस्तो भाग्यले मात्रै पर्दछ), फाल्गुण कृष्ण चतुर्दशी आधारातमा परे 'शिवरात्रि', औंसी शुक्रवार अपराह्णकालमा सूर्यग्रण परे 'मृतसंजीविनीतिथि', संक्रान्तिमा चैत्राष्टमी परे तारा-कालीरूप 'सिद्धिरात्रि', माघ शुक्ल तृतीयामा कुलवार र ऋक्ष परे सर्वसिद्धीश्वरीरूप 'दारुणरात्रि', पौषको तृतीयामा चतुर्थी सहित शुक्रवार रेवती नक्षत्र परे सबै पर्वभन्दा उत्तम 'पर्वराज', चैत्र तृतीयामा रेवती नक्षत्र परे 'ऋद्धियोग' (यसमा हवन कर्म हुन्छ), मासनक्षत्रले युक्तभएर कुनै पूर्ण कुलवारमा परे 'सुन्दरी तिथि', कुनै कृष्णपक्षको अष्टमीमा ऋक्ष युक्त मङ्गलवार अथवा मंगलवार मात्रै परे पनि सबै सिद्धि दिने 'देवीरात्रि', माघको चौथीमा चन्द्रमा मकरमा पर्नगए 'गणेशरात्री', कृष्णपक्षको नवमीमा कुलऋक्ष अथवा कुलवार परे 'सिद्धिरात्रि', संक्रान्तिमा कृष्णचतुर्दशी कुलवार र ऋक्षयुक्त अथवा मंगलवार मात्रै परे पनि 'वाणरात्रि', मंगलवारमा औंसी र कुलर्क्ष परे अक्षोभ्यप्रीतिकारिणी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'कृष्णरात्रि', पौष वा माघको औंसीमा श्रवणनक्षत्र परे 'अर्द्धोदय', यसमा कुनै कुरा थोरै मात्र परे 'महोदय', यी दुवै देवर्षिहरूको भनाई अनुसार 'धर्मरात्री', कुलऋक्षपरेको औंसीमा मंगल, सोम,शुक्र, वृहस्पति अथवा आदित्यवार परे सूर्यपर्व (सूर्यग्रहण) भन्दा अधिकफल दिने 'दिव्य-माण्डलिकयोग', माघशुक्ल पञ्चमी शुक्रवार परे 'काम-संजीवनी तिथि वसन्त पञ्चमी' ठहरिन्छन् ।

'रुद्रयामलतन्त्र' को उक्ति यस्तो छ ।

"वुधाष्टमी महेशानि ग्रेतिमासं तु या भवेत् ।
विष्णुरात्रिरिति ख्याता भाद्रे मासि विशेषतः ॥"

अर्थात्—"जुनसुकै महिनामा पनि खास गरेर भदौमा वुधवार अष्टमी परे 'विष्णुरात्रि' हुन्छ ।"

कुलऋक्ष र कुलवारादिको वारेमा "पुरश्चर्यार्णव" मा यस्तो उक्ति छ ।

"रविश्चन्द्रो गुरुः सौरि श्चत्वारस्ते कुलामता ।
भौमशुक्रौ कुलाख्यौ तौ वुधवारः कुलाकुलः ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

द्वितीया दशमी षष्ठी कुलाकुलमुदारितम् ।
विषमश्चाकुलाः सर्वाः शेषाश्च तिथयः कुलाः ॥
वारुणार्द्राभिजिन्मूलं कुलाकुलमुदाहृतम् ।
कुलानि समधिष्ण्यानि शेषमन्यकुलानि च ॥"

अर्थात्—"आदित्य, सोम, बृहस्पति र शनिवार यति चार अकुलवार; मंगल र शुक्र कुलवार अनि बुध चाहिंकुलाकुलवार हुन् । द्वितीया, दशमी र षष्ठी कुलाकुलतिथि अनि विजोर जति सबै अकुलतिथि र अरुवांकि कुलतिथि हुन् । फेरि नक्षत्रमा वारुणा, आर्द्रा, अभिजित् र मूल कुलाकुलनक्षत्र अनि भरण्यादि अरूजोर कुलनक्षत्र र बांकी सबै अकुलनक्षत्र हुन् ।"

यिनै कुलनक्षत्रलाई 'कुलर्क्ष' वा 'कुलऋक्ष' भन्दछन् । प्रत्येक महिनामा एकेक गुरुपर्व हुन्छन्, तिनीहरू 'भुवनेश्वरीतन्त्रले' यस्तो बताउंदछ ।

"षष्ठी भाद्रपदे मासि इषे कृष्णत्रयोदशी ।
कार्तिके नवमी शुक्ला तृतीया मार्गशीर्षके ॥
पौषस्य नवमी शुक्ला माघे चैव चतुर्थिका ।
फाल्गुणे नवमी शुक्ला चैत्रे कामत्रयोदशी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वैशाखे चाक्षया चैव ज्येष्ठे दशहरा तथा ।
आषाढे पञ्चमी शुक्ला श्रावणे कृष्णपञ्चमी ॥"

अर्थात्–"भाद्रशुक्ल षष्ठी, आश्विनकृष्ण त्रयोदशी, कार्तिक शुक्ल नवमी, मार्गशुक्ल तृतीया, पौषशुक्ल तृतीया, पौषशुक्लनवमी, माघ शुक्ल चौथी, फाल्गुण शुक्लनवमी, चैत्र शुक्ल त्रयोदशी, वैशाख शुक्ल तृतया, ज्येष्ठ शुक्लदशमी, आषाढशुक्ल पञ्चमी अनि श्रावणकृष्ण पञ्चमी ।"

मन्वान्तर र युगादिपर्वहरूको तिथिमितिको बारेमा हरेक पञ्चाङ्ग (पात्रो) हरूमा स्पष्टतया जनाइने हुनाले लेखविस्तारभयले यहा चर्चा गर्न परेन । ग्रहणहरू र संक्रान्तिहरू पनि पर्वमा गनिन्छन् । व्यतिपात र महापातलाई (यो पनि पञ्चाङ्गहरूमा दर्शाइन्छ) पनि पर्व मानेर त्यसबेला जपपाठादि गरिन्छ । यी सब पर्वहरूमध्ये रात्रिपर्वहरूमा खासगरेर यागादिको र अरू पर्वहरूमा पूजा, जप, होम, दान र सुवर्णश्राद्धादिको महत्व हुन्छ । फेरि गुरुपर्व, मन्वादिपर्व, संक्रान्ति, ग्रहणपर्व, महारात्रि र चैत्रसुदी अष्टमीमा दीक्षाको आदान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रदान तथा अभिषेकादि पनि हुन्छ ।

अत्र नवरात्रापर्वको बारेमा संक्षेपतः यथा ज्ञान चर्चा गर्दछु । यसमा नौ दिनसम्म यागहुन्छ । यसको निर्णयको बारेमा 'श्रीकुलागमरहस्य' मा यस्तो उक्ति छ ।

"नवशक्तिसमायुक्तं नवरात्रं तदुच्यते ।
एकैव देवदेवेशी नवधा परिनिष्ठिता ॥
बोधनं भोजनं चैव शयनं परिवर्तनम् ।
चतुर्धा नवरात्रं तु भोगमोक्षप्रदं भवेत् ॥
इषे प्रबोधनं चैव माघमासेऽथ भोजनम् ।
चैत्रे तु शयनं प्रोक्तमाषाढे परिवर्तनम् ॥
दुर्गाभगवतीमेतच्चतुर्भिधमहोत्सवे ।
जानता जानता वापि दृढभक्तिपरायणः ॥
निराहारी फलाहारी त्वेकभक्तो जलव्रतः ।
नक्तभोजी हविष्याशी यथाशक्त्या समर्चयेत् ॥"

भावार्थ–"नौ दिनमा नौ फरक फरक शक्तिको पूजा हुने हुनाले 'नवरात्र' भनिएको हो । उनै एउटी महादेवी नै नौ प्रकारकी भिन्न भिन्न रूपिणी बनेकी हुन् । बोधनं (जागोहुने), भोजनं (ज्युनारहुने), शयनं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(सुकलाहुने) र परिवर्तनं (कोलटेफर्कनुहुने), यति चार नवरात्रहरू भुक्ति र मुक्ति दिने हुन्छन् । आश्विनमा बोधन, माघमा भोजन, चैत्रमा शयन अनि आषाढमा परिवर्तनको उत्सव हुन्छ । यी चार उत्सवहरुमा जानेर वा नजानेरै पनि दृढ भक्तिमा रहेर निराहारवसी, फल-फूल मात्रै खाने वनी, एकछाक खाने भएर, पानाको सांमल गरेर, रातिमात्रै खाने गरेर अथवा हविष्याशी वनेर दुर्गाभगवतीको अर्चन गर्नु पर्छ ।"

यी चार नवरात्र मध्ये आश्विनको चाहिं वैष्ण-वादिहरू समेत सबं आर्यमात्रले मान्नु पर्छ; शाक्तहरूले आश्विन र चैत्रको अनि वीर र कौलहरूले भने चारोटं मान्नु अत्यावश्यक हुन्छ ।

दुर्गापूजाको तीन कल्प (थरी) को वारेमा 'महाकालसंहितामा' यस्तो उक्ति छ ।

"आश्विनासितपक्षस्य नवमी या शिवर्क्षयुक् ।
वोधयित्वेश्वरीं तस्यां शरदर्चनमाचरेत् ॥
यावत् स्यान्नवमी शुक्ला तावत् पूजा प्रवर्तते ।
इत्येक पक्ष उदितो द्वितीयमवधारय ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रतिपद्येव शुक्लायां बोधयित्वा शुरेश्वरीम् ।
अभ्यर्चयेन्नवाहानि तन्त्रपौराणिकक्रमैः ॥
उदीरितो द्वीतीयोऽयं तृतीयं कथयाम्यथ ।
सायाह्ने विल्व शाखायां षष्ठ्यां देवीं प्रवोधयेत् ॥
प्रातः प्रवर्तते पूजा सप्तम्यादि दिनत्रये ।
त्रैविध्य ईदृश्यर्चाया विवदन्ते मिथो वुधाः ॥"

भावार्थ–"आश्विन कृष्ण नवमी आर्द्रानक्षत्रको मध्याह्नकालमा देवीलाई प्रबोधन गरी शुक्ल नवमीसम्म पूजा गर्नु पर्ने पहिलो पक्ष हो । आश्विन शुक्ल परेवा सं प्रबोधन गरेर तन्त्र र पुराणको क्रमले नौ दिन सम्म पूजा गर्नु पर्ने दोस्रो पक्ष हो । आश्विन शुक्ल षष्ठी सायंमा विल्वशाखामा प्रबोधन गरेर (फूलपाती ल्याएर सप्तमी, अष्टमी र नवमी) तीन दिन पूजा गर्नु पर्ने तेस्रो पक्ष हो ।"

तर प्रबोधन जुन सुकै तिथिमा भए पनि घटस्थापना त परेवा मैं हुनु पर्छ भन्ने वचन 'यामल-तन्त्रमा' यस्तो छ ।

"प्रतिपद्येव कर्तव्यं कलशस्थापनं तथा ॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्–"परेवामा नै घटस्थापना गर्नु पर्छ।" अतः पहिलो पक्षमा कृष्णनवमीमा खड्गमा प्रबोधन गरेर सातदिनसम्म साधारणतया पूजागरी शुक्लपरेवामा सवेरै घटस्थापन गरी सो खड्ग त्यस घटमा राखी नौ दिनसम्म महापूजा हुन्छ। दोस्रो पक्षमा यन्त्र वा प्रतिमामा प्रबोधन हुन्छ; 'महाकालसंहिताको' मतमा शुक्लपरेवामैं प्रबोधन भएर स्थापित घटमाथि प्रबोधित यन्त्र वा प्रतिमा थालीमा राखी नौ दिन सम्म महापूजा हुन्छ; फेरि 'लिङ्गपुराणको मतमा कृष्णचतुर्दशीमा प्रबोधन भएर साधारणपूजा दुई दिन सम्म भई परेवा देखि पूर्ववत् स्थापित घटमा यन्त्र वा प्रतिमा रही नौ दिनसम्म महापूजा हुन्छ। तेस्रो पक्षमा शुक्ल परेवामा केवल घटस्थापन भई सो घटमा साधारणतया आवाहन गरो सामान्यपूजा सप्तमी विहानसम्म हुन्छ, अनि षष्ठी सायंमा विल्ववृक्ष भएको ठाउंमा गएर त्यसको शाखामा प्रबोधन गरी ल्याएको फूलपाती अपराह्नमा सप्तमीमा पूर्व स्थापित घटमाथि थालीमा राखी त्यसवेला देखि नवमीसम्म महापूजा हुन्छ। कुनै कुनै परम्परामा सप्तमीको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विहानै फूलपाती भित्र्याइन्छ। आश्विनको प्रबोधन नवरात्र हुनाले प्रबोधनको समयको निर्णय भयो। माघको भोजननवरात्र हुनाले नौ दिनमै किसिम किसिमको नैवेद्यको भोग लगाइन्छ। चैत्रमा शयननवरात्रमा नौ दिनमै किसिम किसिमको आसन र अन्त्यमा शय्या चढाइन्छ। आषाढ परिवर्तननवरात्रमा घण्टा चमर चढाई नौ दिन सम्म किसिम किसिमको धूप हालेर परिवर्तन गराइन्छ। विशेष कुरा यी हुन्; तर यसको साथै सबै नवरात्रमा महापूजात नौ दिन सम्मै हुनु पर्छ। अरु तीन नवरात्रमा महापूजाको विधान र तिथिको निर्णय एकै प्रकारको हुदा यी तीनको बारेमा विशेष लेख शास्त्रमा पाइदैन। प्रबोधनको बारेमा भने विशेष उक्ति यस्ता छन्।

'महाथर्वणसंहिता' मा यस्तो वचन छ।

"अष्टादश भुजा दुर्गा उग्रचण्डेति या स्मृता।
सैवयं षोडशभुजा भद्रकालीति गीयते॥
दशभिर्बाहुभिर्युक्ता सैव कात्यायनी स्मृता।
भिन्न ध्याना कल्प भेदान्महिसासुरमर्दिनी॥
कालभेदे बोधनीया सा दुर्गोत्सवकर्मणि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आश्विनासितपक्षे तु दिवा संपूज्य भक्तितः ॥
खड्गे नवम्यामार्द्रायामुग्रचण्डां प्रवोधयेत् ॥"

भावार्थ–"उग्रचण्डा भन्ने कहलिएकी अष्टादशभुजा दुर्गानै षोडशभुजा भद्रकाली तथा दशभुजा कात्यायनी हुन्। उनै महिषासुरमर्दिनीको कल्पभेदले नामभेद भएको हुनाले दुर्गोत्सवकर्मको लागि कालभेदले अर्थात् फरक फरक वेलामा प्रवोधन हुन्छ। आश्विन कृष्ण नवमी दिउसो आर्द्रा नक्षत्रमा उग्रचण्डाको प्रवोधन गर्नु पर्छ ।"

'लिङ्गपुराण', 'देवीपुराण' र 'महाकालसंहिता'ले पनि उग्रचण्डाको आश्विनकृष्णनवमी आद्रा मध्याह्नमा खड्गमा प्रवोधन हुने मतलाई सकार गर्छन् ।

तिथि र नक्षत्र जुटेन भने तिथि नै लिनुपर्छ भन्ने "निर्णयसिन्धु" को उक्ति थस्तो छ ।

"तिथिनक्षत्रयोर्योगे द्वयोरेवानुपालनम् ।
योगाभावे तिथिर्ग्राह्या देव्या पूजनकर्मणि ॥"

अर्थात्–"तिथि र नक्षत्र एकै दिन जुटेमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सोहीवेला र त्यस्तो न भए तिथि नै देवीपूजाको लागि लिइन्छ ।"

भद्रकालीको विषयमा 'महाथर्वणसंहितामा' यस्तो छ ।

"इषे शुक्लप्रतिपदि भुजैः षोडशभिर्युताम् ।
वोधयित्वा भद्रकाली नवम्यन्तं प्रपूजयेत् ॥"

अर्थात्–"आश्विन शुक्ल परेवामा षोडशभुजा भद्रकालीको प्रबोधन गरी नवमीसम्म पूजागर्नु ।"

'महाकालसंहिताले' पनि यहीमत सकार्छ, तर 'लिङ्गपुराणको' मत भने यस्तो छ ।

"यदातु षोडश भुजां महामायां प्रपूजयेत् ।
दुर्गातन्त्रेणमन्त्रेण विशेषं तत्र वै शृणु ॥
कन्यायां कृष्णपक्षे तु एकादश्यामुपोषितः ।
द्वादश्यामेकभक्तं च नक्तं कुर्यात् परेहनि ॥
चतुर्दश्यां महामायां वोधयित्वा विधानतः ।
गीतवादित्रनिर्घोषैर्नानानैवेद्यवेदनैः ॥
अयाचितं वुधः कुर्यादुपवासं परेहनि ।
एवमेव व्रतं कुर्याद्यावद्धै नवमी भवेत् ॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्–"षोडशभुजा महामाया (भद्रकाली) को दुर्गातन्त्रले पूजा हुन्छ। आश्विन कृष्णपक्षको एकादशीमा उपवास, द्वादशीमा एकभक्त, त्रयोदशीमा गतमा मात्रै खाने भई वसेर चतुर्दशीमा गानवजान सहित प्रवोधन-गरी शुक्लनवमीसम्म यस्तै नक्तव्रत गरेर पूजा हुने हुन्छ।"

कात्यायनीका विषयमा 'कालिकापुराणमा' यस्तो वचन छ।

"वोधयेद्बिल्वशाखासु षष्ठ्यां देवीं फलेषुच।
सप्तम्यां विल्वशाखां तामाहृत्य प्रतिपूजयेत् ॥
पूनः पूजां तथाष्टम्यां विशेषेण समाचरेत्।
जागरं च स्वयं कुर्याद्बलिदानं महानिशि ॥
प्रभूत वलिदानं च नवम्यां विधिवच्चरेत्।
जपहोम समायुक्तो भोजयेद्वै कुमारिकाः ॥
ध्यायेद्दशभुजां देवीं दुर्गातन्त्रेण पूजयेत्।
विसर्जनं दशम्यां तु कुर्याद्वै शावरोत्सववैः ॥"

अर्थात्–"विल्वशाखा र फलफूलहरूमा देवी-लाई (आश्विन सुदी) षष्ठीमा प्रवोधन गरेर, सो विल्वशाखा सप्तमीमा ल्याएर त्यसमा आवाहन गरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पूजागर्नु पर्छ। फेरी अष्टमीमा विशेष पूजागरी जागरण बसी आधारातमा वलिदान गर्नु पर्छ। नवमीमा विधि-पूर्वक प्रशस्त वलिदान र जपहोम गरी कुमारीलाई खुवाउनु पर्छ। यस चालले दश भुजादुर्गा (कात्यायनी) को ध्यान गरी दुर्गातन्त्रले पूजागर्नु पर्छ। दशमीमा धुमधाम उत्सव गरेर विसर्जन गर्नु पर्छ।"

श्रीविद्या विषयमा 'बृहद्वडवानलतन्त्र' मा यस्तो छ।

"इषे शुक्लप्रतिपदि संस्थाप्य विधिवद् घटम्।
अभ्यर्चयेन्नवाहानि क्रमाच्छ्रीचक्रनायिकाः॥
एकैव श्रीमहाविद्या नवधा परिकीर्तिता॥"

अर्थात्–"आश्विन शुक्ल परेवामा घटस्थापन-गरी नौ दिनसम्म क्रमैसित श्रीयन्त्रको चक्रेश्वरीहरूको पूजा गर्नु पर्छ। एउटी श्रीविद्यानै नौ प्रकारकी बनेकी हुन्।"

यीनको प्रबोधनको बारेमा सोही तन्त्रमा यस्तो छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"सप्तम्यां पादुकादानं कार्यं विधिविधानतः ।
सायाह्ने बोधनं कार्यं श्रीचक्रे चाधिवासनम् ॥
रात्रौजागरणं कृत्वा वाद्यगायनतत्परः ।
अष्टम्यां तु महास्नानं कारयेद्विविधैर्जलैः ॥
नवम्यां च महापूजां विधायाथ प्रयत्नतः ।
कृच्छान्न बलिदानं च कुरुकुल्लादिकान् प्रति ॥
पशुयागं विधायाथ कुमारीयागमाचरेत् ॥"

अर्थात्–"सप्तमीमा पादुका (खराउ) चढाएर, सांझमा श्रीयन्त्रमा प्रबोधन र अधिवासन गरी रातमा जागरण गर्नु पर्छ अष्टमीमा गानबजानसहित अनेक-प्रकारका जलले महास्नान गराउनु, अनि नवमीमा महापूजागरी यत्नपूर्वक कुरुकुल्लादि देवताहरूलाई कृच्छान्नबलि अर्थात् मासको खिचडीको बलि दिई पशुयाग गरेर कुमारीयाग गर्नु पर्छ ।"

दुर्गा विषयमा नौ दिनमा पूजाहुने नवशक्ति भनिएका नवदुर्गाहरू हुन् । तिनमा पनि भद्रकाली र उग्रचण्डाका कल्पभेदले गर्दा नाम र ध्यानमा भेद हुन्छ । तिनमध्ये भद्रकालीकल्पका नवदुर्गा यस्ता हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"प्रथमं शैलपुत्री च द्वितीयं ब्रह्मचारिणी ।
तृतीयं चन्द्रघण्टेति कुष्माण्डेति चतुर्थकम् ॥
पञ्चमं स्कन्दमातेति पष्ठं कात्यायनीति च ।
सप्तमं कालरात्री च महागौरीतिचाष्टमम् ॥
नवमं सिद्धिदात्री च नवदुर्गाः प्रकीर्त्तिताः ॥"

भावार्थ–"शैलपुत्री, ब्रह्मचारिणी, चन्द्रघण्टा, कुष्माण्डा, स्कन्दमाता, कात्यायनी, कालरात्री, महागौरी अनि सिद्धिदात्री, यति नवदुर्गा कहिन्छन् ।"

फेरि उग्रचण्डाकल्पका नवदुर्गा यस्ता हुन् ।

"रुद्रचण्डा प्रचण्डा च चण्डोग्रा चण्डनायिका ।
चण्डा चण्डवती चैव चण्डरूपा तिचण्डिका ॥
महोग्रचण्डिका चेति नवदुर्गाः प्रकीर्तिता ॥"

भावार्थ–"रुद्रचण्डा, प्रचण्डा, चण्डोग्रा, चण्डनायिका, चण्डा, चण्डवती, चण्डरूपा, अतिचण्डिका अनि महोग्रचण्डिका यति नवदुर्गा कहिन्छन् ।"

यी दुई क्रममा घटस्थापना भन्दा अघिनै प्रबोधन हुने हुनाले नौ दिनसम्म प्रत्येक दिनमा एकेक दुर्गाको पूजा हुन्छ । तर कात्ययनीकल्पमा भने सप्तमीमा मात्रै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रबोधन भएको पत्रिका प्रवेश हुनेहुनाले, सो तीन दिन मात्रै कात्यायनीको महापूजा हुन्छ र अरूदिन साधारण-पूजा दुर्गाको अष्टाक्षरमन्त्रले मात्रै हुन्छ। अतः यस कल्पमा नवदुर्गाको नाम भेद हुँदैन। यस कल्पको विधान छापिएकोले धेरै जनाको परम्परामा यसै कल्पको चलन छ।

'श्रीक्रमचिन्तामणितन्त्रमा' यस्तो उक्ति छ।

"कालिकोपासकानां तु भद्रकाली वरप्रदा।
श्रीविद्योद्यतकौलानामुग्रचण्डा सुसिद्धिदा॥"

अर्थात्-"कालीकल्पको उपासकको लागि भद्रकालीकल्प र श्रीकल्पको उपासकको लागि उग्रचण्डा-कल्प सिद्धिदिने हुन्छन्।"

यी दुइ कल्पमा पश्चाचारबाट उपासना हुँदैन, तर कात्यायनीकल्पमा भने पश्चाचारबाट पनि उपासना हुन्छ।

आश्विन नवरात्र खास दुर्गोत्सव र शाक्त पर्व हुनाले श्रीविद्योपासकहरूले यस पर्वमा प्राहतःकालमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'बृहद्वडवानलतन्त्रको' उक्ति बमोजिम चक्रनायिकाको-क्रमले र मध्याह्नमा 'महाकालसंहिताको' उक्ति बमोजिम उग्रचण्डाक्रमको मतले अनि सायंमा आ–आफ्ना गुरुपरम्परानुसारको आम्नायक्रमले सपर्या गरी त्रिकाल महापूजा गर्नु पर्छ। अरू तीन महोत्सवमा (दशैंमा) भने श्रीविद्याकै मतले मात्रै सपर्या हुने हुन्छ। काली-कल्पको बारेमा मेरो यो कल्प न हुनाले मलाई यथार्थ कुराको ज्ञान न हुनाले अनुमानले मात्र लेख्न नसकेमा क्षमाप्रार्थी छु।

श्रीविद्याको आश्विननवरात्रपर्वमा पूजाहुने नव-चक्रनायिका यी हुन्। "त्रिपुरा, त्रिपुरेशी, त्रिपुरसुन्दरी, त्रिपुरवासिनी, त्रिपुराश्री, त्रिपुरामालिनी, त्रिपुरासिद्धा, त्रिपुराम्बा र महात्रिपुरभैरवी।"

अरू तीन दशैंको बारेमा 'कल्पवृक्षतन्त्रमा' यस्तो उक्ति छ।

"इषे कार्या महापूजा पूर्वोक्तविधिना शिवे।
माघे चैत्रे तथाषाढे तथैव बोधनं विना॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

माघेतु भोजनं दद्यान्नाना व्यञ्जनसंयुतम् ।
चैत्रे शुक्ले नवम्यां तु दुर्गां शय्यां समर्पयेत् ॥
शुक्ल प्रतिपद्याषाढे दद्याच्चामरघण्टिकाम् ॥"

भावार्थ–"साथिवताएझैं आश्विनमा महापूजा गर्नु पर्छ। माघ, चैत्र र आषाढमा पनि प्रबोधन न गरेर अरू सबै पूजा उस्तै विधानले गर्नु पर्छ। विशेष गरेर माघमा प्रतिदिन अनेक थरीका नैवेद्य चढाउनु, चैत्र-शुक्लनवमीमा शय्या समर्पण गर्नु फेरि आषाढ़शुक्ल परेवारमा चमरघण्टा टक्राउनु पर्छ।"

यस्तो उक्ति हुनाले आश्विनमा जुन कल्पबाट दुर्गाको सपर्या भएको हुन्छ, अरू तीन दशैंमा पनि उसै कल्पबाट सपर्या हुन्छ। कुनै कुनै परम्परामा 'माघे' भन्ने ठाउंमा 'पौषे' भन्ने पनि देखिन्छ, तर श्रीकल्पमा भने माघमै दशैं मानिन्छ।

श्रीविद्या विषयमा भने 'बृहद्वडवानलतन्त्र' मा यस्तो छ।

"माघेशुक्ले प्रतिपदि घटं संस्थापयेद्बुधः ।
घटोपरि चक्रराजं संस्थाप्य विधिपूर्वकम् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आवाह्यसाङ्गावरणां श्रीमत्त्रिपुरसुन्दरीम् ।
कामेश्वर्यादिकान्नित्यान् पौर्णिमान्तं यजेत्क्रमात् ॥"

भावार्थ–"माघशुक्ल परेवामा घटस्थापनागरेर त्यसमाथि विधिपूर्वक श्रीयन्त्रराखी साङ्गावरणामहात्रिपुरसुन्दरीको आवाहन गरी पूर्णेसम्म प्रतिदिन एकेक गरेर कामेश्वर्यादि तिथिनित्याको सपर्या गर्नु पर्छ ।"

यसक्रममा कृष्ण परेवामा विसर्जन हुन्छ । चैत्रमा र आषाढ़मा नौ नौ दिनकै दशैं हुन्छन् । तर चैत्रमा शाम्भव क्रमले र आषाढमा निर्वाणक्रमले पूजाहुन्छ । यसको संकेत 'वृहद्वडपानलतन्त्रमा' छ । लेखविस्तार भयले यहा दिन सकिन । खास गरेर यो पूजापद्धतिवारेको लेख नहुनाले पूजा क्रमको वारेमा विशेष लेखको जरूरत पनि भएन । अव वरू दशैंको तिथिनिर्णयको केही कुरा झल्काउनु पर्ने छ । 'रुद्रयामलतन्त्र' मा यस्तो उक्ति छ ।

"अमायुक्ता सदा चव प्रतिपन्निन्दिता मता ।
तत्र न स्थापयेत् कुंभं दुर्भिक्षं जायते ध्रुवम् ॥
प्रतिपत् सद्वितीया तु कुंभारोपनकर्मणि ॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भावार्थ–"औंसीसहितको परेवा निन्दित हुनाले, द्वितीयासहितको परेवामा घटस्थापना गर्नु पर्छ।"

'उड्डामरतन्त्र' मा यस्तो देवीको वचन छ।

"अमायुक्ता न कर्तव्या प्रतिपत् पूजने मम।
मुहूर्त्तमात्रा कर्तव्या द्वितीयादिगुणान्विता॥
आद्या षोडश नाडीस्तु लब्ध्वा यः कुरुते नरः।
कलशस्थापनं तत्र अरिष्टं जायते ध्रुवम्॥"

भावार्थ–"औंसीयुक्त परेवामा घटस्थापना गर्नु हुदैन। एक मुहुर्तमात्रै परेवाले भेटे पनि द्वितीयामै घटस्थापना गर्नु पर्छ। परेवाको सोह्र नाडी न नघाई घटस्थापना गर्नु हुदैन, त्यसो गर्नाले अरिष्ट हुन्छ।"

विसर्जनको बारेमा 'स्कन्दपुराण' मा यस्तो वचन छ।

"आश्विने शुक्लपक्षे तु या भवेद्दशमीतिथिः।
एकादश मुहूर्त्ता सा ग्राह्या श्रवणसंयुता॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भावार्थ–"आश्विन शुक्ल दशमी श्रवणयुक्त एघार मुहूर्त लिइन्छ ।"

'देवी पुराणमा' यस्तो वचन छ ।

"सूर्योदये यदा राजन् दृश्यते दशमीतिथिः ।
आश्विने मासि शुक्ले तु विजयां तां विधुर्बुधाः ॥"

"आश्विनसुदीदशमी सूर्योदयको वेलामा परेको दिन विजयादशमी ठहरिन्छ ।"

"दशमीं यः समुल्लङ्घ्य प्रस्थानं कुरुते नृपः ।
तस्यतं वत्सरं राज्ये न कापि विजयो भवेत् ॥"

भावार्थ–"दशमी नघाएर प्रस्थान गर्ने राजाको राज्यमा वर्षभरिनै विजय हुँदैन ।"

"दशमी टुट्यो भने नवमीको उदयकै दिन नवमीको पूजा समाप्त गरी दशमीको पूजा र विसर्जन गर्नु पर्छ।" भन्ने यस उक्तिको मतलव हो। प्रायः धेरै जनाको यो मत छ। तर खासगरेर ठूलठूला आगमहरूमा र वीर तथा कौलहरूको महापूजामा ठूलो विधान हुनाले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

र मध्याह्न भन्दा अघिनै विसर्जन गर्नु पर्ने हुंदा 'विजयातन्त्रमा' यस्तो शिवोक्ति छ।

"उदये नवमी किञ्चिन्नष्टा च दशमीतिथिः।
तदाकाले न गन्तव्यमेकादश्यां तु चारणम् ॥"

भावार्थ–"उदयमा नवमीको केही अंश परी दशमी टुट्न गयो भने, कालको विचारै नगरेर (भोलीपल्ट) एकादशीमा विसर्जन गर्नु पर्छ।"

तर यस्तो भएपनि 'हेमाद्रिमा' यस्तो उक्ति छ।

"दशम्यां तु नरैः सम्यक् पूजनीयापराजिता ॥"

भावार्थ–"दशमीमा नं अपराजिताको पूजा गर्नु पर्छ।" अतः जस्तै परे पनि अर्थात् दशमी नवमीको उदयमा परेर एकादशीमा विसर्जन भए पनि अघिल्लै दिनमा दशमी भेट्टाएर अपराजिताको पूजा गर्नु पर्छ।

जूठासूतकको वारेमा 'विश्वरूपनिबन्ध' मा यस्तो छ।

"सूतके वर्तमाने च तत्रोत्पन्नं यदा भवेत्।
देवीपजा प्रकर्तव्या पशुयज्ञविधानतः ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सूतके पूजनंप्रोक्तं दानं चैव विशेषतः ।
देवीमुद्दीश्य कर्तव्यं तत्र दोषो न विद्यते ॥"

भावार्थ–"पूजा थाले पछि जूठोसूतक परे पनि पशुयागको विधानपूर्वक देवीको पूजा र विशेष गरेर देवीको उदेश्यले दान पनि गर्नु पर्छ; त्यसमा दोष लाग्दैन ।"

यस्ता निर्णयहरू नवरात्रको बारेमा धेरै छन्, यहा त दिग्दर्शनको रूपमा अलि अलि मात्रै दर्शाएको हुं ।

हाम्रा पुराना आर्यहरूले प्रत्येक महिनामा कुनै न कुनै किसिमको चाडपर्व मानेर मन–बहलाउने प्रथा राखेका छन् । ती चाडपर्वहरूको चैत्रदेषी यथा ज्ञान चर्चा गर्नें छु । चते दशैंको माथि चर्चा भई सक्यो ।

'अगस्त्यसंहितामा' यस्तो वचन छ ।

"चैत्रे नवम्यां प्राक्पक्षे दिवा पुण्यपुनर्वसौ ।
आविरासीत् सकलया कौशल्यायां परः पुमान् ॥
तस्मिन् दिने तु कर्तव्यमुपवासव्रतं सदा ।
तत्र जागरणं कुर्याद्रघुनाथपरो भुवि ॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भावार्थ–"चैत्र शुक्लनवमी दिउसो पुनर्वसुनक्षत्रमा कौशल्याको गर्भबाट राम पैदाभएको हुनाले सो दिन रामको नाममा उपवासव्रत बसी रातमा जागरण गर्नु।"

"गौतमीयतन्त्रमा" यस्तो वचन छ।

"चैत्रे च विश्वयात्रायां ध्वजस्योत्थानकं चरेत्।
सर्वे दुःखा विनस्यन्ति सर्वशत्रुक्षयाय च ॥"

भावार्थ–"चैत्रमा विश्वयात्रा गरेर ध्वजा उठाउनु पर्छ। यसो गर्नाले सबै दुःख नाश हुन्छ र सबै शत्रुक्षय हुन्छ।" यसै उक्तिको आधारले हाम्रो नेपाल भक्तपुरमा विस्केको लिङ्ग उठाउने प्रथा रहेको हो। फेरि मनुको यस्तो वचन छ।

"ध्वज भञ्जनकं पश्चात् क्रियते संक्रमे दिने।
दुर्भिक्षनाशनं चैव शत्रुपक्षक्षयाय च ॥"

भावार्थ–"त्यसपछि संक्रान्तिको दिन ध्वजा ढाल्नु पर्छ। यसो गर्दा दुर्भिक्षनाश र शत्रुपक्षक्षय हुन्छ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यी दुई उक्तिको आधारले चैत्रको आखिरी दिनमा लिङ्ग उठाएर भोलिपल्ट संक्रान्तिमा ढाल्ने प्रथा चलेको हो।

"वाराहीतन्त्रमा" यस्तो उक्ति छ।

"वैशाखे स्वेष्टदेव्यायत्पूजनमुत्तमं फलम् ।
एवं च वार्षिकी पूजा क्रियते प्रतिवत्सरम् ॥
न भवेद् ग्रहजं दुःखं साम्वत्सरं शुभं भवेत् ।
पञ्चोपचार पूजां च छागस्य वलिमाचरेत् ॥"

भावार्थ–"प्रत्येक वर्ष वैशाखमा आफ्नो इष्ट-देवताको पञ्चोपचारले पूजागरी बोकाको वलि गर्नु पर्छ। यसो गर्नाले ग्रहहरूबाट हुने दुःख हटेर वर्षभर शुभ हुन्छ।" यस उक्तिको आधारले हाम्रो प्रायः धेरै जनाले वैशाखमा देवाली गर्ने गर्छन्।

'गन्धर्वतन्त्रमा' यस्तो वचन छ।

"दमनारोपणं चैत्रे त्रयोदश्यां विशेषतः ।
दमनारोहणं पूजां क्रियते वार्षिकी क्रिया ॥"

भावार्थ–"चैत्रको त्रयोदशीमा दमनारोहणपूजा प्रति वर्ष गर्नु पर्छ।" यो दमनारोहणमा अघिल्लो दिनमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दमनाको बोटमा गएर निमन्त्रणा गरी भोलीपल्ट विधिपूर्वक सबै अर्घादि पात्रहरूमा र देवताहरूमा समर्पण गर्नु पर्छ।

यो कर्म्म यहा श्रीपशुमतिमा र आगमहरूमा हुन्छ।

"जष्ठे मासि सिते पक्षे षष्ठी लावण्य संज्ञिता।
व्यञ्जनैककरास्तस्यामटन्ती विपिने स्त्रियः॥
भूमौ च गोमयेनैव लेपयेत्तत्र मण्डलम्।
लिखित्वा चाष्टपत्रं च अर्चयेद्विन्ध्यवासिनीम्॥
तथैव मण्डलं कृत्वा कुमाराय प्रपूजनम्।
तथैव मण्डलं भूमिं जीमूतवाहनं यजेत्॥
तत्र पञ्चोपचारेण पूजयेद्विधिवन्मुदा॥"

भावार्थ—"ज्येष्ठशुक्ल षष्ठीलाई लावण्यषष्ठी भन्दछन्। सो दिन भईमा गोवरले लिपेर चारोटा अष्टदलहरू लेखेर पहिलोमा विन्ध्यवासिनीको, दोस्रोमा कुमारको तेस्रोमा पृथ्वीको र चौथोमा जीमुतवाहनको पूजागर्नु पर्छ।" यस उक्तिको आधारले 'सिठीनख' भन्ने चाडमानेर घरघरै यस्तो पूजागरी इनार सोहोर्ने अर्थात्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

साफ गर्ने हाम्रो प्रथा छ । अब त धेरै जसाको घरमा पूजाको विधान भने हराउदै गईरहेछ; तर इनार सोहोर्ने कर्म त छदै छ ।

"भविष्यपुराण" मा यस्तो उक्ति छ ।

"ज्येष्ठे मासि दशम्यां तु कुजहस्तसमागमे ।
गङ्गा स्वर्गादुपागत्य मर्त्यलोकमवातरन् ॥
तस्माज्जन्मकृतं पापं दशपापानि चैव हि ।
आवृणोत्य प्रयत्नेन स्नानमात्रेण जाह्नवी ॥"

भावार्थ—"ज्येष्ठशुक्ल दशमी मङ्गलवार हस्ता-नक्षत्रमा गङ्गा स्वर्गबाट पृथ्वीमा आएकी हुन् । सो दिन यत्नपूर्वक स्नान गर्नाले गङ्गाले जन्मको दश थरीका पापा हटाई दिन्छिन् ।" यो चाडलाई 'दशहरा' भनेर नजिकको तिर्थमा स्नान गरी कांक्रो आदि नया उब्जि-एको दश प्रकारको सागपात र फलहरू इष्टदेवतालाई अर्पण गरी खाने हाम्रो चलन छ ।

त्यसपछिको चाड आषाढ़को दशैंको माथि चर्चा भई भक्यो । त्यसपछिको चाड 'भविष्यपुराण' मा यस्तो छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"मित्राद्यपादे स्वपितीह विष्णुः ।
वैष्णव्य मध्ये परिवर्तते च ॥
पौष्णावसाने च सुरारिहन्ता ।
विबुध्यते मासचतुष्टयेन ॥
भुजङ्ग शयने शेते यदा क्षीरार्णवान्तके ।
तदा तत्प्रतिमा कार्या सर्वलक्षणसंयुता ॥
नानाविधोपकरणैः संपूज्यविधिपूर्वकम् ।
उपवासस्तु कर्तव्यो रात्रौ जागरणं तथा ॥"

भावार्थ–"सूर्यको आदि पादमा विष्णु सुतेर चार महिना पछि उठदछन् । क्षीर समुद्रमा नागको शय्यामा विष्णु सुतदा सर्वैलक्षणले युक्त भएको उनको प्रतिमा बनाई अनेक उपचारले पूजागरी उपवास र रातमा जागरण गर्नु पर्छ ।" यो हरिशयनी एकादशीको चाड हाम्रो यहा शैवशाक्तादिहरू समेत् सबैले मान्ने प्रथा छ ।

'अन्नदातन्त्रमा' यस्तो वचन छ ।

"भानौ तु मिथुने प्राप्ते गीतवादनपूर्वक्रम् ।
पूजयित्वावनीं पंके धान्यांकुरानिरोपणात् ॥
दध्यन्नं भक्षणात् पश्चात् सुभिक्षं जायते ध्रुवम् ॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भावार्थ–"सूर्य मिथुनमा जांदा अर्थात् आषाढमा गानबजान सहित पृथ्वीलाई पूजा गरेर हिलोमा धानको अंकुर रोपेर दहि र अन्न खांदा सुभिक्ष हुन्छ।" यस उक्तिको आधारले हाम्रो यहा रसिया गाउंदै हिलो खेल्दै आषाढ़ पन्द्र गतेको दिन खेत रोपेर दहि च्युरा खाने चलन छ।

"रुद्रयामलतन्त्रमा" यस्तो वचन छ।

"श्रावणे कृष्ण भूतायां घण्टाकर्णाक्षनामकम् ।
घण्टाकर्णस्य मूर्त्तिञ्च स्थापयेत् तु चतुस्पथे ॥
तदङ्गं दह्यते तत्र सर्वदुःखनिवारणम् ॥"

भावार्थ–"श्रावणवदीचतुर्दशीलाई 'घण्टाकर्ण-चतुर्दशी' भन्दछन्। त्यस दिन घण्टाकर्णको मूर्तिबनाएर चारबाटा परेको ठाउंमा राख्नु र त्यसको अङ्ग जलाई-दिनु पर्छ। यसो गर्दा सबै दुःख निवारण हुन्छ।" यो प्रथा हाम्रो नेपालमा छ; यस चाडलाई पर्वतेले 'गठेमङ्गल' र नेवारले 'गथामुगचह्रे' भन्दछन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'गरुडपुराण' मा यस्तो वचन छ ।

"श्रावणे मासि पञ्चम्यां शुक्लपक्षे नराधिप ।
द्वारस्यो भयतो लेख्या गोमयेन विधानतः ॥
पूजयेद्विधिवद्वीरा दूर्वाङ्कुरैः कुशैरपि ।
ये तस्यां पूजयन्तीह नागान् भक्तिपुरः सरा ॥
न तेषां सर्पतो वीर भयं भवति कुत्रचित् ।
पिचुमर्दस्य पात्राणि स्थापयेद् भवनोदरे ॥
स्वयंचापि तदश्नीयाद् भोजयेद्ब्राह्मणानपि ॥"

भावार्थ "श्रावण शुक्लपञ्चमीमा ढोकाको दुवै तिर विधिपूर्वक नाग लेखेर गोवर टांसेर भक्तिपूर्वक त्यसमा दूवा र कुशले पूजा गरे सर्पको डर हुदैन । नीमको पात घरमाराख्नु र आफूले खाई ब्राह्मणभोजन गराउनु ।" यो चलन पनि हाम्रो यहा छ । कसै कसैका मतमा "नागटाँस्दा वज्र पर्दैन" भन्ने पनि छ ।

"सम्वरोदय" भन्ने बौद्धशास्त्रमा यस्तो वचन छ।

"अष्टम्यां श्रावणे शुक्ले ब्रह्मशीर्षं ददत् पुरा ।
तस्माद्बौद्धाय तत्कुर्यादन्नदानं समाचरेत् ॥"

अर्थात्—"अघि श्रावण शुक्ल अष्टमीमा ब्रह्म-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शीर्ष दिएको हुनाले (यस बारेमा बौद्धग्रन्थमा कुनै कथा होला, सो मलाई थाह छैन,) सो दिन बौद्धमार्गीहरूको बज्राचार्यहरूलाई (गुभाज्यू) अन्न दान दिई घरघरै तमासा गर्ने हाम्रो यहा चलन छ ।" यस चाडलाई 'बांडेजात्रा' भन्दछन् ।

'स्कन्दपुराणमा' यस्तो वचन छ ।

"पौर्णमास्यां श्रावणस्य स्नानकर्म समाचरेत् ।
ऋषितर्पणकं कुर्याद्ब्राह्मणाय प्रपूजनम् ॥
उपाकर्मस्य कर्मं च होमकर्मणि कारयेत् ।
पौर्णमास्यां दक्षहस्ते कंकणं धारयेत्त वै ॥
साक्षतं राजिकां पुष्पं पट्टं पट्टेन वेष्टयेत् ।
कंकणस्य फलं राजन् प्रेतादि दोषनाशनम् ॥"

भावार्थ—"श्रावणको पूर्णीमा स्थान, ऋषितर्पण र ब्राह्मणहरूको पूजन गरी उपाकर्म र होम गराउनु पर्छ । यस दिन पाटको टालोमा अक्षता, रायो र फूल हालेर पट्टवस्त्रले बेरी कंकणबनाएर दाहिने हातमा धारण गर्नुपर्छ । यो धारण गर्दा प्रेतादिदोष नाश हुन्छ ।" हाम्रो यहा यस चाडमा कंकणको साटो पहेलो रंगाएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अभिमन्त्रित कांचो धागो ब्राह्मणहरूले वाधिदिने चलन छ।

'साक्यसिंह' भन्ने वौद्धशास्त्रमा यस्तो वचन छ।

"श्रावणे पौर्णमास्यां च वहुवाराणि भक्षयेत्।
कालमाषञ्च गृञ्जञ्चांकुरक्वाथं पिवेत्ततः॥
उदरस्य च रोगञ्च नश्यते नात्र संशयः।
परकृत्यादि दोषन्तु तेन नाशयते ध्रुवम्॥
दशाशान्तिं च पुष्टिं च महाभयविनाशनम्।
कृतान्त सवरोगघ्नं तस्मात्तं पिवते सदा॥"

भावार्थ–"श्रावण पूर्णीको दिन धेरै वाराहरू, कालोभटमास र रातो मूला खानु। अंकुरको क्वाथ अर्थात् क्वाटीको झोल पनि पिउनु पर्छ। यसो गर्नाले पेटको रोग परकृत्या नाश हुन्छ; फेरि दशाशान्ति र पुष्टि भई ठूलो डर हराउंछ।" यो क्वाटीखाने प्रथा हाम्रो यहा शिवमार्गीहरूमा पनि छ।

'मन्त्रमहोदधि'मा यस्तो वचन छ।

"विधेरुक्तस्य चाशक्त्या पूजासंपूर्तिहेतवे।
यस्यां कस्यां तिथौ कुर्यात्तिथावुक्ते कृतं न चेत्॥
सर्वथा श्रावणे चैव पवित्रं तु निवेदयेत्॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भावार्थ–"माथि बताएको तिथिमा अर्थात् श्रावण शुक्ल पूर्णेको दिन अनुकुल परेन भने पनि श्रावणको अरू कुनै दिन (सौरमानले श्रावण भेटेर पनि) पवित्रारोहण गर्नै पर्छ। यो गर्नाले वर्षदिन सम्म गरेको पूजाको पूर्त्ति हुन्छ।" यो पवित्रारोहणको कर्म्म पनि झण्डै दमनारोहण जस्तै हुन्छ; उसमा दमनाको फूल चढाए झैं यसमा धागो कांचो धागोको सूत्र शास्त्रोक्त विधानले देवता र पात्र अनुसारले धेरै र थोरै सूतको माला वनाई ठाउं ठाउं मा सिंदूर लगाई चढाउनु पर्छ। यो कर्म हाम्रो यहा श्रीपशुपतिमा र आगमहरूमा हुने प्रथा छ।

'कालव्यूह' भन्ने वौद्धशास्त्रमा वैरोचनको यस्तो वचन छ।

"प्रतिपद्दिवसे भाद्रे जातिपुष्पस्य मालिकाम्।
सघण्टेनयुतं चैव वलिवर्दस्य पूजनम्॥
पाद्यादिकं तथा पूजा चन्दनादिकपुष्पकम्।
धूपं दीपं च नैवेद्यं दक्षिणां च प्रढौकयेत्॥
स्तोत्रं कृत्वा ततः पश्चाद्यात्रा च क्रियते ततः।
लवणं गोधूमपाकं:दत्वा मोक्षमवान्पुयात्॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वाद्यैर्नानाविधैश्चैव गीतनृत्यादिभिस्तथा ।
नश्यन्ति सर्वं पापानि श्रवणाद्वादनात्तथा ॥
भिक्षुकानां सहस्रेभ्यो भोजनाय यथा फलम् ।
तथा फलं च त्रिगुणं श्रङ्गस्य वादने स्मृतम् ॥"

भावार्थ–"भदौको वदी परेवाको दिन एउटो वाछोलाई जाति पुष्पको माला लगाई दिई एउटा घण्टा झुण्डाई दिएर पाद्यादि उपचारले पूजा गरी भेटी समेत् समर्पण गरी स्तोत्र पाठ गरी यात्रा गर्नु पर्छ अर्थात् सो शृंगारको वाछोलाई देशघुमाउनु पर्छ। नुन र गहुंको रोटी बांदनाले मोक्ष पाइन्छ। अनेक तरहको वाजावजाई गीत गाई नाचहरू समेत् गर्नाले र बाजा सुन्दैमा पनि सबै पाप नाशिन्छ; एक हजार भिक्षुकहरूलाई खुवाउदा हुने पुण्यको तिगुना पुण्य सिङ् वजाउदा हुन्छ।" यस उक्ति वमोजिम गो (वाछो)लाई यात्रा गराउने हुनाले यस चाडलाई 'गोयात्रा' भाषामा 'गाईजात्रा' भन्दछन्। यो चाड हाम्रो यहा शिवमार्गीहरुले पनि मान्दछन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"ब्रह्माण्डपुराणमा" यस्तो वचन छ ।

"रोहिणीसहिता कृष्णमासि भाद्रपदाष्टमी ।
अर्द्धरात्रादधश्चोर्ध्वं कलया च यदा भवेत् ॥
तत्र जातो जगन्नाथः कस्तुभि र्हरिरीश्वरः ।
महातमयुतो कालो जयन्त्याख्यो हि संस्मृतः ॥
अर्द्धरात्रे तु योगोऽयं तारा सत्युदये तथा ।
सोपवासो हरेः पूजां कृत्वा तत्र न सीदति ॥
जयन्त्यामुपवासस्तु कृत्वा योऽभ्यर्चयेद्धरिम् ।
तस्य जन्मशतोद्भूतं पापं नाशयतेऽच्युतः ॥
शतमेकादशी चैव एकं च रोहिणीव्रतम् ।
एकादशी शताद्राजन्नधिकं रोहिणीव्रतम् ॥"

भावार्थ-"भाद्रकृष्ण अष्टमी रोहिणीनक्षत्र आधारातमा परेको वेलामा श्रीकृष्णजन्मेको हुनाले सो दिन उनको जयन्ती मानिन्छ; आधारातमा परेको यस्तो योगलाई 'तारा सत्युदय' भन्छन्; यसमा उपवास र श्रीकृष्णको पूजा गर्नाले एकादशीको व्रतको शय गुण भन्दा पनि वढी फल मिल्दछ ।" केही गरी अष्टमी र रोहिणी नक्षत्र एकैं बेला जुट्न आएन भने वैष्णवहरुले नक्षत्र र अरूले तिथि आधारात परेको दिनलाई पर्व मान्दछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'राजमर्तण्डतन्त्रमा' यस्तो वचन छ ।

*"भाद्रे मासि सितपक्षे चतुर्थ्यां स्वातियोगतः ।
करोति किल्विषं घोरं दृष्टश्चन्द्रो न संशयः ॥
करचित्रानिलर्क्षेतु हरौ सूर्यचतुर्थीका ।
हरितालीसमाख्याता रुद्राणी प्रीतिदा तिथिः ॥"*

भावार्थ–"भाद्रसुदी चौथी स्वाति नक्षत्रमा चन्द्रमा देख्दा ठूलो पाप लाग्छ । हस्ता, स्वाति वा चित्रा नक्षत्रमा सूर्य सिंहमा जांदा अर्थात् भदौमा परेका चौथीलाई 'हरितालिका' भन्दछन्; यो रुद्राणीले रुचाएको तिथि हो ।" यसमा तृतीयाको उदय भई रातमा चौथी पर्नु पर्छ । यसलाई 'तीज' भनेर यहा हाम्रा आइमाईहरूले ठूलो चाड मान्दछन् ।

'भविष्यपुराणमा' यस्तो वचन छ ।

*"द्वादश्यां तु सितपक्षे मासे भाद्रपदे तथा ।
शक्रमुत्थापयेद्राजा विश्वश्रवण वासवैः ॥
इन्द्राय चेन्द्रपत्नी च इन्द्रपुत्रस्तथैव च ।
चतुर्दश्यां महापजा पूर्णिमायां विसर्जयेत् ॥*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भावार्थ–"भाद्रशुक्ल द्वादशीमा इन्द्रकोध्वजा उठाएर इन्द्र, इन्द्रपत्नी र इन्द्रपुत्रको पूजा धनबढाउनाको लागि गर्नु पर्छ। चतुर्दशीमा महापूजा र पूर्णिमामा विसर्जन गर्नु पर्छ।"

यस पर्वकोबारेमा 'आगम' को वचन यस्तो छ।

"मधुकल्कस्य पुष्पं च देवं ध्वजपताककम्।
महापुण्यप्रदं येन द्वादश्यां च प्रढौकयेत्॥
एवं क्रमेण देवेन्द्रं त्रयोदश्यां च पूजयेत्।
चतुर्दश्यां महापूजा पूर्णिमायां विसर्जयेत्॥"

भावार्थ–"मधुकल्कको फूल र ध्वजापताका इन्द्रलाई चढ़ाउनु; यस्तै क्रमले त्रयोदशीमा पनि पूजा गरी चतुर्दशीमा महापूजा र पूर्णमा विसर्जन गर्नु पर्छ।"

यस पर्वलाई "इंद्रजात्रा" भनेर हाम्रो यहा धुमधामले मनाइन्छ। यस बारेमा पुराण र तन्त्रहरूमा धेरै चर्चा छ; तर यहा लेख विस्तारभयले पुराणको र तन्त्रको एकेक उक्ति मात्रै दर्शाएको हुं।

'देवीपुराणमा' यस्तो वचन छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"पौर्णमास्यां नभस्थस्य लोकपालान् समर्चयेत् ।
पृथिव्यां रक्षणार्थाय सर्वकार्य प्रसिद्धये ॥
महापूजां ततः कुर्यात् क्रियते च महावलिः ।
अष्टोत्तरशतं श्रेष्ठं तण्डुलस्य च ओदनम् ॥
व्यञ्जनं चतुरासीति अण्डजं मत्स्यमांसकम् ।
मुद्रादधिसमायुक्तं देव्यै प्रीत्यै प्रढौकयेत् ॥
एकैव ओदनस्यैव नरवल्याधिकं फलम् ।
यावज्जीवति सौख्यं च परत्रे च परागतिः ॥"

भावार्थ—"पूर्णेमा आकाशमा रहेका लोकपालहरूको पूजा गरी पृथ्वीको रक्षा र सर्व कार्यसिद्धिको लागि महावलि गर्नु पर्छ। एकसयआठ कनिकाको पीठाको लड्डू, भात, चौरासी व्यञ्जन, फुल, माछा, मासु, रोटी र दहि समेतको परिकार देवीलाई चढाउनु पर्छ। एउटा मात्रै कनिकाको लड्डू चढ़ाउंदा पनि नरवलिको भन्दा बढी फल मिल्दछ र बांचुन्जेल सुख र मरेपछि गति पाइन्छ।" यही उक्तिको आधारले हाम्रो यहा यस दिनमा तुलजाभवानीको महापूजा र 'कुमारीरथयात्राको' प्रथा चलेको होला। यस बारेमा अरू पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शास्त्रीय र ऐतिहासिक प्रमाण हुनु पर्छ, तर सो मलाई थाहछैन ।

'गन्धर्वतन्त्र' मा यस्तो वचन छ ।

"मासि भाद्रपदेऽष्टम्यां शुक्लपक्षे नराधिप ।
दुर्गानिमन्त्रणदिने मालश्रीरागगायनम् ॥
येन कुर्वन्तिमनुजा शारदी सुफलं भवेत् ॥"

भावार्थ–"भदौसुदी अष्टमी दुर्गानिमन्त्रणका दिन हुनाले, सो दिन मालश्रीराग गाउंदा आश्विनको दशैंपूजा सफल हुन्छ ।"

'महाकालसंहिता'मा यस्तो वचन छ ।

"भाद्रशुक्लाष्टमीतिथ्यां शारदीयनिमन्त्रणम् ।
तस्माद्देव्यै प्रयत्नेन पूजयेच्छुद्धमानसः ॥"

भावार्थ–"भाद्रशुक्ल अष्टमी दशैंको निम्तो गर्ने तिथि हुनाले सो दिन शुद्धमनले यत्नपूर्वक देवीको पूजा गर्नु पर्दछ ।"

"ब्रह्माण्डपुराणमा" यस्तो वचन छ ।

"अश्वयुक् कृष्णपक्षे तु श्राद्धं कुर्याद्दिने दिने ।
त्रिभागहीनपक्षं वा त्रिभागस्त्वर्द्धमेव वा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नमन्ति पितरश्चेति कृत्वा मनसि यो नरः ।
श्राद्धं न कुरुते तत्र तस्य रक्तं पिवन्ति ते ॥
यावत्त कन्यातुलयोः क्रमादास्ते दिवाकरः ।
तावच्छ्राद्धस्य कालः स्याच्छून्यं प्रेतपुरं तदा ॥"

भावार्थ–"आश्विनकृष्णपक्षमा पक्षभर, चारदिन वा दुई दिन श्राद्ध गर्नु पर्छ; त्यसवेला पितृहरूको मन झुकेको हुन्छ अर्थात् पितृहरूले आसगरी रहेकाहुन्छन्; त्यस वखत श्राद्ध नगर्नेहरूको रगत ती पितृहरूले पिउंदछन् । सूर्य कन्यामा र तुलामा रहेसम्म प्रेतपुर खाली हुनाले यो श्राद्धकाल हुन्छ ।"

'महाकालसंहितामा' यस्तो वचन छ ।

"खञ्ज्यात्रां ततः कुर्याच्छस्त्रास्त्रयोश्च चालनम् ।
देशभ्रमणकर्तव्यं रात्रौ कुर्याद्विचक्षणः ॥
ताम्बूलं भक्षणं चैव ह्यश्वारोहणकं चरेत् ।
दशमी दिवसे तत्र खञ्जनालोकनं चरेत् ॥"

भावार्थ–"(आश्विननवरात्रको र दशमी विसर्जनको चर्चा भए पछिको यो उक्ति हो) दशमीको दिन दिउंसो टेउवा चराको दर्शन गर्नु; शस्त्रास्त्र चाल-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नगरी रातमा पान खाएर घोडा चढेर खड्गयात्रा गरी देश घुंनु पर्छ ।" यो चाड यहा मनाउदै छन् ।

'लिङ्गपुराणमा' यस्तो वचन छ ।

"आश्विने पौर्णमास्यां तु चरेज्जागरणं निशि ।
कौमुदी सा समाख्याता कार्यालोक विभूतये ॥"

अर्थात्-"आश्विन पूर्णेमा राति जागरण बस्नु पर्छ; यो लोकको विभूतिको लागि मनाइने उत्सव हो ।"

'स्वतन्त्रतन्त्र'मा यस्तो वचन छ ।

"पौर्णमास्यामाश्विनस्य निशायां भक्ति भावतः ।
पूजयेद्विधिवल्लक्ष्मीं श्रीसूक्तैः कमलात्मिकाम् ॥
"रात्रौ जागरणं कुर्यात् प्रशस्त धनवृद्धये ॥"

भावार्थ-"आश्विन पूर्णेको रातमा प्रशस्त धनबढाउनाको लागि श्रीसूक्तले विधिपूर्वक लक्ष्मीको पूजा गरी जागरण बस्नु पर्छ ।" यस चाडलाई यहा 'कोजाग्रत पूर्णे' भनेर मान्ने प्रथा छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'लिङ्गपुराण'मा यस्तो वचन छ ।

"कार्तिके च चतुर्दश्यां दिवोदये विशेषतः ।
अवश्यमेव कर्तव्यं स्नानं नरक भिरुभिः ॥"

भावार्थ–"कार्तिकवदी चतुर्दशीको विहान सवेर नरकदेखि डराउनेहरू अवश्य नै स्नान गर्नु पर्छ ।"

'स्कदपुराणमा' यस्तो वचन छ ।

"तुलायां तिलतैलेन सायं सन्ध्यासमागमे ।
आकाशदीपं यो दद्यान्मासमेकं निरन्तरम् ॥
विशेपेण महागौर्यै शिवाय विष्णवे तथा ।
स सौभाग्य मवान्पोति परिवारगणैः सह ॥"

भावार्थ–"कार्तिकको हरेक सांझमा एक महिनासम्म सधैं आकाशवत्ति तिलको तेलमा बालेर विशेष गरेर महा गौरीलाई, शिवलाई र विष्णुलाई जसले समर्पण गर्दछ, त्यसले सबै परिवार सहित सौभाग्य पाउंछ ।"

"पद्मपुराणमा" यस्तो वचन छ ।

"तुलाराशिगते सूर्ये ह्यमावास्यां नराधिपः ।
स्नात्वा देवान् पितृन् भक्त्या संपूज्याथ प्रणम्य च ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ततोऽपराह्णसमये घोषयेन्नगरे नृपः ।
लक्ष्मीं संपूज्यतां लोका उल्काभिश्चाभिवेक्षताम् ॥
अमावास्यां तुलादित्ये लक्ष्मीर्निद्रां विमुञ्चति ।
तस्मिन् शुक्ले ततो विष्णु स्तुलायामथ वृश्चिके ॥
प्रदोष समये लक्ष्मीं पूजयित्वा यथा विधि ।
दीपवृक्षास्तथा कार्याः शक्त्यादेवगृहेषु च ॥
अलंकृतेन भोक्तव्यं नववस्त्रोपशोभिना ॥"

भावार्थ–"कार्तिक कृष्ण औंसीमा विहान नुहाईधुवाई गरी देवता तथा पितृहरूको पूजन र वन्दन गरेर राजाले लक्ष्मीपूजाको लागि सहरमा चुइंकी-फिराउनु पर्छ । सो कार्तिक औंसीमा लक्ष्मी र पूर्णेमा विष्णु निद्रावाट व्यूँझन्छन् । सो औंसीको सांझमा विधिपूर्वक पूजा गरी घरघरै वत्तीको लहरले सिंगार्नु र आफूले नया नया लुगा लगाउनु पर्छ ।"

"भविष्यपुराणमा" यस्तो वचन छ ।

"सुखरात्र्यां प्रदोषे तु कुवेरं पूतयन्ति हि ।
एवं गते निशीथे तु नारीभिः स्वगृहांगणात् ॥
अलक्ष्मीश्च वहिः कार्या समन्त्रेण यथाविधिः ॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भावार्थ–"सुखरात्रीको सांझमा कुवेरको पूजा गरी रात परेपछि आइमाईहरूले (बत्तिवालेर) आफ्नो घरको आंगनबाट विधिपूर्वक मन्त्र पढेर अलक्ष्मी हटाउनु पर्छ ।"

"लक्ष्मीकुलार्णवतन्त्रमा" यस्तो उक्ति छ ।

"तद्दिने मार्जनं कुर्यात् दीपदानं तथैव च ।
धूपयेद्गृहमध्ये च मिष्टभोजन माचरेत् ॥
विविधं फलमूलं च दधि च वीजपूरकम् ।
मोचाफलं च धान्यं च अक्षतानि तु स्थापयेत् ॥"

भावार्थ–"त्यसदिनमा (लक्ष्मीपूजाको दिनमा) मार्जन र (रातमा) दीपदान समेत गर्नु पर्छ । घरमा धूपको वास्ना गंकाएर गुलियापदार्थ खानु र जात जातका फलमूलहरू, दहि, बिमिरा, कटुस, धान तथा अक्षताहरू स्थापना गर्नु पर्छ ।"

'भविष्यपुराणमा' यस्तो वचन छ ।

"शङ्करस्तु पुरा द्यूतं ससर्ज सुमनो हरम् ।
जीतश्च शङ्करस्तत्र जयं लेभे च पार्वती ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तस्माद् द्यूतं प्रकर्तव्यं प्रभाते तत्र मानवैः ।
तत्र द्यूते जयो यस्य तस्य सम्वत्सरं जयः ॥
श्रोतव्यं गीतवाद्यानि गन्धादिसगुणं शुभम् ।
पूजयेद्यमभगिनीं यमं च चित्रगुप्तकम् ॥
मण्डलं क्रियते तत्र स्वां पूजां क्रियते महान् ।
जलकुंभं च दीपं च मार्जनीं च प्रपूजयेत् ॥"

भावार्थ–"अघि शिवले (कार्तिकवदी औंसीमा) जुवाको खेल वनाएर (रातभर) पार्वती सित जुवा खेलेर हार्नु भयो र पार्वतीले जितनु भयो; त्यसउसले त्यसको भोलीपल्ट अर्थात् कार्तिकसुदी परेवाको विहान जुवा-खेल्नु पर्छ र त्यस दिनमा जित्ने मानिसको वर्ष भरिनै जय हुन्छ । त्यसवेला गीतवाजाहरू सुन्नु पर्छ । (यसै उक्तिको आधारले औंसीको रातमा 'भंलो' र भोलीपल्ट 'देउसी' गाउने हाम्रो यहा चलन छ) । अनि वास्ना आउने पदार्थ (अत्तर) र सगुणहरूले यमभगिनी अर्थात् यमुना, यमराज तथा चित्रगुप्तको पूजा गरी त्यहां रेखा हालेर मण्डल वनाई आत्मपूजागरी अर्थात् त्यस मण्डलभित्र सवै परिवार वसेर आफूआफूमा पूजा गरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जलभरी कलस, दीप तथा मार्जनीको पनि पूजा गर्नु पर्छ।" यस चाडलाई 'ह्मपूजा' भनेर हाम्रो यहा तन्त्रिकहरूले विधिपूर्वक आत्मपूजा गर्दछन्।

'ज्योतिस्तन्त्रमा' यस्तो वचन छ।

"द्वितीयायां भ्रातृपूजां स्वपूजावत् समाचरेत्।
यत्नेन भगिनीहस्ताद् भोक्तव्यं पुष्टिवर्द्धनम्॥"

भावार्थ–"द्वितीया (कार्तिक शुक्ल) मा भ्रातृपूजा आत्मपूजा जस्तै गरी गरेर, दिदीबहिनीको हातबाट पुष्टि बढाउनाको लागि खानु पर्छ।"

'मन्थान भैरवतन्त्रमा' यस्तो वचन छ।

"यावन्मण्डलतैलस्य तावज्जीवति मानवः।
तस्मात् तैलेन तत्रैव मण्डलं क्रियते बुधैः॥"

भावार्थ–"तेलको रेखाको डाम मानिस जिउंने (चिह्न) हुनाले बुद्धिमान्‌ले तेलको रेखा हाल्नु पर्छ।"

'कुलकल्पतन्त्रमा' यस्तो वचन छ।

"एकादश्यादिषु तथा रात्रिषु पञ्चसु शिवे।
यथा कृष्णे तथा शुक्ले भिष्मपञ्चकमेव च॥
भिष्मपञ्चक पर्वषु हरेः पूजां समाचरेत्॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भावार्थ–"(कार्तिक) शुक्ल एकादशी देखि पांच रातमा पनि कृष्ण पक्षको (यमपञ्चक) झैं भिष्म पञ्चक मानेर विष्णुको पूजा गर्नु पर्छ।"

'कुलागमतन्त्रमा' यस्तो वचन छ।

"मार्गे कृष्ण चतुर्दश्यां श्रीबालानाममेवच।
तद्दिने शिवपूजां च व्रतश्च क्रियते बुधैः॥"

भावार्थ–"मंसिर वदी चतुर्दशीको नाम 'बाला' हुनाले सो दिन शिवपूजा र व्रत गर्नु पर्छ।"

'वाराहीतन्त्रमा' यस्तो वचन छ।

"सुवर्णरतिकातुल्यं व्रीहिमेकं परिक्षिपेत्।
मृगस्थलीं परिभ्राम्य पुनर्जन्म न विद्यते॥"

भावार्थ–"मृगस्थली घुमेर सुनको रतिसरहको अनाजको बीयां एउटा मात्रै छर्दा पनि अर्को जन्म हुदैन।" यस उक्तिबाट यो वाराहीतन्त्रको यहा नेपालमें जन्म भएको सावित हुन्छ।

बाला चतुर्दशीको बारेमा 'हिमवत् खण्डको' उक्ति यस्तो छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"पूजयेत् पशुपं देवं गुह्येशीं परमेश्वरीम् ।
वासुकिनागराजेन्द्रं तद्दिने पूजनं चरेत् ॥"

भावार्थ-"त्यस दिनमा पशुपति, गुह्येश्वरी र वासुकी नागको पूजा गर्नु ।" हाम्रो यहा यस चाडमा मृगस्थलीमा 'सद्बीउछर्नें' चलन छ ।

'कुलकल्पतन्त्रमा' यस्तो वचन छ ।

"वृश्चिकस्थे सहस्रांशौ पौर्णमास्यां विधानतः ।
प्रदोषकाले देवेशि धान्यक्षत्रं समर्चयेत् ॥"

भावार्थ-"मंसिर पूर्णेको प्रदोषकालमा धानको भकारीमा पूजागर्नु पर्छ ।"

फेरि 'तन्त्रान्तरमा' यस्तो वचन छ ।

"मार्ग शिर्षे सिते पक्षे पिण्डकेलि विधैर्गृही ।
पौर्णमास्यां प्रदोषे तु धान्यक्षेत्रं समर्चयेत् ॥
कुवेरं च सुभद्रां च गरोशं पूजयेत् तथा ।
इदं प्रढोकयेदादौ विधिवत् पूजनं चरेत् ॥"

भावार्थ-"मंसिर सुदि पूर्णेको प्रदोषकालमा (सांझमा) गोजामडि अर्थात् योमटी राखेर धानको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भकारीमा पूजा गरी सो योमढी पहिले चढाएर कुवेर सुभद्रा र गणेशको विधिपूर्वक पूजा गर्नु पर्छ ।"

"मार्तण्ड भैरवतन्त्रमा" यस्तो उक्ति छ ।

"स्नात्वा व्रतपरो भूत्वा पौषस्य रविवासरे ।
विधिवत् पूजयेद्देवं विष्णुनाम दिवाकरम् ॥
ततश्चार्घ्यं प्रदातव्यं हयारिकदलीयुतम् ॥"

भावार्थ–"पौषको आदित्यबारमा नुवाईधुवाई गरेर व्रत वसी विष्णु नाम गरेका सूर्यको पूजागरी करवीर र केरा हालेर अर्घ्य दिनु ।"

"देवीपुराणमा" यस्तो वचन छ ।

"धनुराशि स्थिते भानौ अर्द्धोदयसमन्विते ।
भैरवं पूजयेद्भक्त्या मासभक्तं समर्पयेत् ॥
शेषं तद्भक्षयेन्मर्त्य श्चारोग्यं लभते ध्रुवम् ॥"

भावार्थ–"पौषमा अर्द्धोदय हुदा भैरवको पूजा गरेर मासको खिचडी चढाएर सो शेष खांदा मानिसले आरोग्य पाउंछ ।" यसै उक्तिको आधारले यहा पौषमा धनुर्मास खाने चलन छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'तन्त्रान्तरमा' यस्तो उक्ति छ ।

"रवौ मकरसंस्थे तु तिलमिश्रित तण्डुलम् ।
दानं द्विजेभ्यो दत्वा च स्वयं च भोजनं चरेत् ॥
उपस्युषसि यः स्नानं सन्ध्यायामुदिते रवौ ।
प्रजापत्येन तुल्यं स्यात् सर्व पापैः प्रमुच्यते ॥"

भावार्थ–"माघमा तिलमिसाएको चावल द्विजलाई दिएर आफूले पनि खानु पर्छ । विहान सबेरै सधैं उषाकालमा नुहाउंदा प्रजापति समान भई सबै पापबाट छुट्टी मिल्छ ।"

"गन्धर्वतन्त्रमा" उक्ति छ ।

"माघ शुक्लस्य पञ्चम्यां सरस्वत्याप्रपूजनम् ।
अभ्रकश्चफल्गुरजोतेन श्रीपूजनं चरेत् ॥"

भावार्थ–"माघसुदी पञ्चमीमा सरस्वतीको पूजा र अविरले श्रीको पूजागर्नु पर्छ ।"

"कुलागमतन्त्रमा" यस्तो वचन छ ।

"ऋतौ वसन्तसमये वसन्तरागमुच्चरेत् ।
तेनैव सुखमाप्नोति भवदुःखविनाशनम् ॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भावार्थ–"वसन्तऋतुमा वसन्तराग गाउंदा सुख भई भवदुःख नाश हुन्छ ।"

"भविष्यपुराणमा" यस्तो वचन छ ।

"अरूणोदये तथा दीपं शुक्ल माघस्य सप्तमी ।
गङ्गायां यदि लभ्येत सूर्यग्रह शतैः सम ॥"

भावार्थ–"माघ शुक्ल सप्तमीको अरूणोदयमा गङ्गामा दीप बगाउंदा सय सूर्यग्रहणको फल मिल्छ ।"

"गरुडपुराणामा" यस्तो वचन छ ।

"माघेमासे शुक्लपक्षे मृगर्क्षेणयुता पुरा ।
एकादशी तथा चैका भीमेन समुपोषिता ॥
एकतः पृथिवीदानं एकतो हरिवासरः ।
ततोप्यका महापुण्या इयमेकादशीवरा ॥"

भावार्थ–"अघि माघशुक्ल एकादशी मृगार्क्षमा भीमले उपासना गरेथे; अतः पृथ्वीदान भन्दा यो एकादशीको व्रत महापुण्यदायक हो ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"शैवागमतन्त्रमा" यस्तो वचन छ ।

"कुंभसंस्थे सहस्रांशौ कृष्णा शिवचतुर्दशी ।
रात्रियोगेतु कर्तव्या जागरादि समन्विता ॥
प्रहरे प्रहरे स्नानं पूजां चैव विशेषतः ।
शिवलिङ्गस्य कुर्वीत अर्घ्यदानं प्रकुर्वते ॥"

भावार्थ–"फाल्गुणकृष्ण शिवचतुर्दशीको रातमा जागरण गरी प्रहर प्रहरमा स्नान गरेर विशेषतया शिवको पूजा गरी अर्घ्यं दिनु पर्छ ।"

"श्रीकुलक्रमचिन्तामणिमा" यस्तो वचन छ ।

"फाल्गुणस्य सिताष्टम्यां चीरोत्थानं समाचरेत् ।
अष्टगन्धं चा भ्रकं च फल्गुधूलिसमन्वितम् ॥
सुगन्धानि प्रदत्वा तु गीतवादित्रसंयुतैः ।
एवं कृत्वाष्टाहनि च पौर्णमास्यां तथा निशि ॥"
चीरभञ्जनकं कृत्वा नरो मोक्षमवाप्नुयात् ॥"

भावार्थ–"फाल्गुण शुक्ल अष्टमीमा चीर उठाएर गानवजानसहित अष्टगन्ध, अबिर र वास्ना आउने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पदार्थहरू चढ़ाउनु पर्छ; आठ दिनसम्म यस्तै गरी पूर्णे को राति चीर ढाल्नु पर्छ। यसो गर्दा मानिसले मुक्ति पाउंछ।"

'महाकालतन्त्र' मा यस्तो वचन छ।

"चैत्रे तु कृष्ण भूताहे नाम्ना भूतचतुर्दशी।
तद्दिने शिवपूजां च सुरामांसोपचारतः॥
कज्जलं नेत्रयोर्दद्याद्धार्यते लोहमुद्रिकाम्॥"

भावार्थ–"चैत्रकृष्ण चतुर्दशीलाई 'भूतचतुर्दशी' भन्दछन्। सो दिन मद्यमांसादि उपचारले शिवपूजागरी आंखामा गाजल र फलामे औंठी पहिरनु पर्छ।" यस पर्वलाई हाम्रो यहा तान्त्रिकहरूको घरघरै चोकमा मपंचकले शिवपूजा गर्ने चलन छ।

"महकालसंहितामा" यस्तो वचन छ।

"अमावास्यां हि चैत्रस्य महापूजां समाचरेत्।
अश्वधावनकं कुर्याद्यात्रां करोति मानवः॥
शत्रुनाशं महापुण्यमश्वप्रचरणेन तु।
प्रक्षेपणं तु सिन्दूरं व्याधि दुःखनिवारणम्॥
सम्वत्सरं शुभं प्रोक्तं शिवस्य वचनं यथा॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भावार्थ–"चैत्रको औंसीमा महापूजा गरी घोडा दगुराएर यात्रा गर्नु पर्छ। घोडादगुराउंदा शत्रु नाश र महापुण्य हुन्छ। सिंदूर छर्दा रोग र दुःख हटेर वर्ष भर शुभहुन्छ। यो शिवको वचन हो।"

"स्कन्दपुराणमा" माघ महिनाभर व्रत वसी स्वस्थानीको पूजा गर्नु भन्ने वचन छ भनेर यो उत्सव मान्ने हाम्रो यहा चलन छ। हाम्रो भाषामा यसविशयको कथा समेत देखिन्छ; तर संस्कृत मा भने कुनै वचन मैले पाउन सकेको छैन।

अव हाम्रो नेपालको मूल पीठ श्रीगुह्येश्वरीको जात्रा वारेमा केही कुरा झल्काउने चेष्टा गर्दछु। कलिगत वर्ष १७६६ मा तान्त्रिक नृसिंह ठाकुरले 'हिमवत्खण्ड नेपालमहात्म्य' मा लेखिएवमोजिम श्लेष्मान्तकवनमा श्रीगुह्येश्वरीपीठ कुण्डरूप पत्तालगाई चारै तिर गिर्दा पर्खाल लगाई राम्रो मन्दिर वनाई दिएका थिये। पछि नेपाली सम्वत् ७४४ वैशाख शुक्ल एकादशी वृहस्पति-वारको दिन सो श्रीगुह्येश्वरीको कुण्डमा फलामे दलिन र चौगिर्दा पर्खाल लगाई दुङ्गाले छोपी अष्टदलपद्माकार र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भैरव सहित गरी स्फटिकको कलश बनाई राजा प्रताप-मल्लले लम्बकर्ण भट्टको संमतिले स्थापना गरी बाहिर र भित्र हालमा भए झैं देवदेवीहरू र ढुङ्गाको खम्बा माथि सिंहको मूर्त्ति राखी जीर्णोद्धार गरेर आचार्यद्वारा नित्य नैमित्यक पूजा गर्ने गराई गुठी राखी दिए। फेरि श्रीतुलजाभवानी र श्रीगुह्यश्वरीलाई समष्टि गराएर सो कुण्डको अष्टदलपद्म र भैरव माथि अर्को कलस सहितको अष्टदलयन्त्र र भैरव-यन्त्र समेत मार्ग कृष्ण नवमीमा अहोरात्र सपर्या गरी भोली पल्ट दशमीको राति जात्रा चलाई सो यन्त्रहरू तुलजामन्दिरमा लगि श्रीतुलजा-भवानीको वेर मा समष्टि गराएर राखने प्रथा समेत राखियो। साके सम्वत् १७०० मा श्री ५ महाराजा-धिराज रणवहादुरशाहवाट त्रिकालमा बाजा बजाउने प्रथा चलाई गुजरातीवाजा र नगरा आदिको प्रवन्ध मिलाई योग्य गुठ समेत रह्यो। फेरि विक्रम सम्वत् १९४४ मा सो श्रीगुह्येश्वरीको जात्रा तीनधाराको बाटो-गरी तुलजामन्दिर तिर जानलाग्दा अरू साधारण जात्राहरू जस्तो मात्रै देखिएकोले मेरा पूज्य पितामह

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ३ महाराज वीरशम्शेरजङ्गवहादुरराणाबाट सो जात्रामा विशेष वत्ति र बाजाको प्रवन्ध यथायोग्य भई सो जात्रा रवाफ़साथ चल्ने भयो।

अर्को पञ्चलिङ्गेश्वर अर्थात् पचलीभैंरवको जात्राको रहस्य यस्तो छ। कलिगत वर्ष ३८२५ मा सूर्यवंशी राजा गुणकामदेवले काठमाडौं सहर वसाई देशरक्षाका लागि पांच जलहरीतको शिवलिङ्ग अष्टमातृकाको घेरा भित्र स्थापना गरी भैंरवनाथको आवाहन र प्राणप्रतिष्ठा सो पञ्चलिङ्गमा गरी प्रत्यक्ष पञ्चलिंग पीठ (पचली) जगाए। पछि नेपाली सम्वत् २६० मा वैश्य ठकुरी राजा गोपुष्पले माटाको भैंरवमूर्तिको घ्यांपो पञ्चलिङ्ग पीठरूप वनाएर प्रतिवर्ष आश्विन शुक्ल चौथी मा राति पीठमा लगी सपर्या गरेर मांसाहुतियाग समेत गरेर भोलीपल्ट पञ्चमीमा जात्रा गर्ने प्रथा चलाए। त्यस पछि करिव तीन चार शताब्दिवाद शिवसिंह मल्लको पालामा जात्रा गर्दा सो माटाको पचलीको घ्यांपो चिकमुगलमा मानिसको हातबाट फुस्की खसेर फुट्यो; अनि सो सबै खवटाहरू बटुली त्यसै ठाउमा गाडेर छोपी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पूजा आजाचलाई राजाले 'भेलुपात' भन्ने प्रख्यात गराई पचलीको दक्षिणका क्षेत्रपाल भन्ने धातुको घ्यांपो भैरवको ध्यानले युक्त गराई वनाएर सुनले मोलंबा गरी प्रतिवर्ष पूर्वोक्तवत् आश्विन शुक्ल पञ्चमीमा जात्रा प्रतिवर्ष चलाउने र हरेक वाह्रवर्षमा टिकाधारी राजाले खड्ग (तरवार) सट्टापट्टा गर्ने प्रथा राखीदिए। यो चलन अद्यापि यहा श्री ५ महाराजाधिराजवाट प्रति वाह्रवर्ष तरवार सट्टापट्टा हुने प्रथा छ। यिनें शिवसिंहमल्लको पालामा शिवलिंगमा पशुवलि भयो भन्ने गिल्ला हुंदा सो पञ्चलिङ्गको जलहरी समेत छोपी ढुङ्गाले स्थान वनाउने काम यी राजाले लम्बकर्णभट्टवाट गराये।

परापूर्वकालमा दुष्यन्तका छोरा भरतको जन्मभन्दा पहिले सौरमानको चाडपर्व मान्ने सूर्यवंशी भए। अर्थात् सूर्यवंशीहरू सौरमान महिनाको [1] गते (संक्रान्ति पर्व र आषाढ १५ इत्यादि) मान्ने गर्दथे। फेरि चन्द्रमानको [2] चाडपर्व अर्थात् तिथिहरूको चाडपर्व मान्ने

---

1. सौरमानको महिना = Solar-month.
2. चन्द्रमानको महिना = Lunar-moth.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चन्द्रवंशी भए। पछि भरत चक्रवर्ती राजाभएर राजधानीलाई 'महाभारतवर्ष' र अन्यत्रलाई 'भारतवर्ष' वनाए-पछि उनी भरत चन्द्रवंशी हुनाले र 'यथा राजा तथा प्रजा' भएवाट अलि अलि गरी सौरमानको चाड हराउदै गएर चन्द्रमानको चाडको मान्यता वढदै गयो। हालमा सौरमानको चाँडमा भारतवर्षमा संक्रान्तिपर्वहरू र महाभारतवर्षमा त्यसको अतिरिक्त विस्केटजात्र तथा आषाढ १५, पौष १५ र पौषमा ५ आदित्यवार परेमा गर्ने व्रतोत्सव समेत मानिन्छ; अरू केके चाडपर्व थिये त्यसको नाम निसाना नै छैन।

अव येत्तिकैमा यो पटल समाप्त गर्छु। अर्को पटलमा योग चतुष्टयको र त्यसको प्रयोगको चर्चा गर्ने छु।

॥ इति श्रीपर्ववर्णनन्नम चतुर्थः पटलः ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

॥ अथ ॥

॥ पञ्चमः पटलः ॥

रक्षाकै लागि शास्त्रले व्रत, पूजा र योगादिको नियम बांधेको हो। मुख्य चार प्रकारको योगद्वारा चार आम्नायमा उपासना हुन्छ। त्यस विषयमा "कुलार्णव तन्त्रमा" यस्तो वचन छ।

"मन्त्रयोगं विदुः पूर्वे भक्तियोगं च दक्षिणे।
पश्चिमे कर्मयोगञ्च ज्ञानयोगं तथोत्तरे ॥"

अर्थात्—"पूर्वाम्नायमा मन्त्रयोग, दक्षिणाम्नायमा भक्तियोग, पश्चिमाम्नायमा कर्मयोग अनि उत्तराम्नायमा ज्ञानयोग हुन्छन् भन्ने जान्नु।"

फेरि कुन कुन आम्नायबाट उपासना गर्दा के के फल मिल्छ भन्ने बारेमा 'मेरुतन्त्रमा' यस्तो उक्ति छ।

"दक्षिणोपासकः कालः ऊर्ध्वः सायुज्यमाप्नुयात्।
देवतायास्तथा पूर्वः सारुप्यं लभते परम् ॥
सामीप्यं चोत्तर लोके पश्चिमस्त्वैहिकं फलम् ॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्–"दक्षिणाम्नायको उपासक महाकाल-रूप नै बन्दछ, ऊर्ध्वाम्नायको चाहिं सायुज्य मुक्ति पाउंने हुन्छ अर्थात् ब्रह्ममैं मिल्दछ, पूर्वाम्नायको उपासक सारूप्य मुक्ति पाउने हुन्छ अर्थात् इष्टदेवताकैं जस्तो रूपवान् हुन्छ, उत्तराम्नायको चाहिं सामिप्यमुक्ति पाउंने हुन्छ अर्थात् इष्टदेवताक नजिक बस्ने हुन्छ अनि पश्चिमाम्नायको उपासकले यसै लोकमा फल पाउंछ।"

अरू चार अम्नायद्वारा उपासना हुने योगको नाम त 'कुलार्णवतन्त्रको' पूर्वोक्ति मा देखियो, तर ऊर्ध्वाम्नाय र अधराम्नायको योगको बारेमा संकेत नभएको मतलब यो हो कि यी दुई आम्नायमा पूर्वोक्त चारै प्रकारको योगको कर्म मिश्रित हुने हुन्छ। अध-राम्नाय बौद्धमार्गीय हुनाले त्यसको मलाई विशेष ज्ञान छैन; ऊर्ध्वाम्नायमा भने बहिर्याग र अन्तर्याग मिलाएर ज्ञानयोग र कर्मयोगलाई ऐक्य गराएर भक्तियोग र मन्त्रयोगद्वारा 'राजाधिराजयोगको' अभ्यास गर्नु पर्छ। यी सबै योगहरूको यथाज्ञान क्रमैसित चर्चा गर्छु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ऊर्ध्वाम्नायको बारेमा 'कुलार्णवतन्त्रमा' यस्तो छ।

"एकाम्नायञ्च यो वेत्ति समुक्तो नात्र संशयः।
किंपुनश्चतुराम्नायवेत्ता साक्षाच्छिवो भवेत् ॥
चतुराम्नायविज्ञानाधूर्ध्वांनायपरः शिवे।
तस्मात्तदेवजानीयाद्यदीच्छेत् सिद्धिमात्मनः ॥
ऊर्ध्वत्वात् सर्वधर्माणामूर्ध्वाम्नायः प्रशस्यते।
ऊर्ध्वंनयत्यधस्थं च ऊर्ध्वाम्नाय इतीरितः ॥"

भावार्थ–"एक आम्नाय जान्ने साधक अर्थात् एक आम्नायको सर्वाधिकारदीक्षा समेत ग्रहण गरी सबै रहस्यको ज्ञान पाएको साधक अवश्य नै मुक्त हुन्छ भने झन चार आम्नाय जान्ने साधक त साक्षात् शिव नै बन्छ। फेरि (क्रमदीक्षाद्वारा) चारै आम्नायको रहस्य बुझेर ऊर्ध्वाम्नायमा प्रवृत्त हुने साधकको बारेमा त के कुरा ? त्यसउसले सिद्धिको चाहना गर्ने व्यक्तिले त्यो नै अर्थात् ऊर्ध्वाम्नायको रहस्य नै बुझ्न खोज्नु पर्छ। यो सबै धर्म्म भन्दा माथिल्लो कक्षाको हुनाले यसलाई "उर्ध्वाम्नाय" भनेको हो। तलतिर गडेको आत्मालाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

माथितिर उतार्ने हुनाले यो "ऊर्ध्वाम्नाय" कहलिएको हो।"

"यूर्वाम्नायमा मन्त्रयोगको अभ्यास गर्नु पर्छ" भन्ने माथि वर्णन भयो। सो अभ्यास गर्दा मद्रचित 'निगमागमवैज्ञानिकसार' को तृतीय पटलमा चर्चा भए झैं मन्त्रको सबै अङ्ग पूर्ण गरी जप गर्ने अभ्यास गर्नु पर्छ। मन्त्रयोगको अभ्यास गर्ने व्यक्तिलाई 'प्रणवो-पासना' को अत्यावश्यक हुन्छ। सो गर्ने हतौटी यथाज्ञान चर्चा गर्दछु।

सर्व प्रथम कतैवाट कुनै खलवल न सुन्ने एकान्त ठाउंमा (आफ्नै घरमा) गई एउटा नरम आसन माथि सुखासन [1] वांधी वस्नु पर्छ अर्थात् आफूलाई सजिलो हुने किसिम सित वस्नु पर्छ। यसो गरी वस्दा सबै शरीरको अवयवहरूमध्ये एउटाद्वारा अर्कोमा दखल पर्न न पाओस्। अनि प्रणवको न्यास गरी निम्नलिखित प्रार्थना गर्नु पर्छ।

---

1. सुखासन = Esy-posture.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"ॐ कारं विन्दुसंयुक्तं नित्यं ध्यायन्ति योगीनः ।
कामदं मोक्षदं चैव ॐ काराय नमोनमः ॥
ॐ नमः प्रणवार्थाय शुद्धज्ञानैकमूर्त्तये ।
निर्मलाय प्रशान्ताय दक्षिणामूर्त्तये नमः ॥"

अर्थात्–"विन्दुले युक्त भएको ॐकारको संधै योगीहरूले ध्यान गर्दछन्; चिताएको फल र मोक्ष दिने ॐकारलाई नमस्कार छ। 'ॐनमः' प्रणव अर्थ [1] भएका, शुद्ध ज्ञानको एउटै रुप, निर्मल र शान्त आदिमूर्त्तिलाई [2] नमस्कार छ।"

यस्तो प्रार्थना गरेर आंखा चिलिएर आज्ञा-चक्रमा [3] प्रणवको तह्लो भाग (ॐ) विजुली जस्तो, त्यसमाथिको नाद (ँ) चन्द्रमा जस्तो अनि झन माथि बिन्दु (०) सूर्य जस्तो भएको प्रणवाक्षरको ध्यान अर्थात् चिन्तन गरी रहनु पर्छ। मनलाई अन्त कतै

1. प्रणवको अर्थ = मद्रचित "तान्त्रिकविज्ञानदर्पणमा" चर्चा भएको छ।
2. आदिमूर्त्ति = Foremost-Being.
3. आज्ञाचक्र = Medulla = भ्रूमध्यमा.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पनि जान न दिई अरू कुनै विषयको पनि संझना राख्नु हुदैन। मन बहुतै चञ्चल हुनाले धेरै बेरसम्म स्थिर रहनु मुश्किल हुन्छ; तसर्थ जति बेरसम्म मन स्थिर हुन्छ, त्यति बेरसम्म मात्रै यो अभ्यास गर्नु पर्छ। मन खुस्किएर अर्को विचारतिर जाने बित्तिकै उठीहाल्नु पर्छ; फेरि मन सभांल्ने प्रयास तिर लाग्नु हुदैन। यस अभ्याम गर्दा मन दश आठ सेकेण्डसम्म मात्रै अडे पनि त्यस पालामा त्यत्तिकैमा सन्तोष भएर कमसेकम छ घण्टा पछि मात्रै फेरि यो अभ्यास गर्नु पर्छ। यस्तै किसिमले प्रतिदिन दुई पटक यस्तो अभ्यास गर्दै गर्दा स्वतः अभ्यासको समय बढ्दै जान्छ अर्थात् मन स्थिर हुने समय बढ्दै जान्छ। अनि अलि अलि गरी चित्तवृत्ति शान्त हुनामाथ मनले अर्थसहितको प्रणवमन्त्र मनन गर्दै गर्नु पर्छ। यसो गर्दा गर्दै शरीरका प्रत्येक नाडीमा [1] सो मन्त्रको प्रतिध्वनी [2] हुन्छ र शरीरमा प्रकंपनध्वनि [3] निस्किएर मद्रचित 'तान्त्रिकविज्ञानदर्पण' मा चर्चा भए

1 .नाडी=Nerves. 2. प्रतिध्वनि=Echo.

3. प्रकंपनध्वनि=vibratic sound.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

झैं पारमार्थिक देशमा प्रकंपन [1] पारी प्रत्येक वस्तु र प्रत्येक शक्तिलाई आकर्षण गर्द छ। यो अभ्यास गर्दा आफूमा यसको के नतिजा हुन्छ सो विचार गर्दै रहनु पर्छ। यो अभ्यास निरन्तर गर्दा अलि अलि गरेर परमानन्द आउंने भई अनन्त-जीवशक्ति [2] र प्रकंपनको आफूमा अनुभव हुन्छ। अनि अन्तर्ज्योतिको प्रकाश [3] पछाडीतिरबाट उज्यालो भएर दायां र बायांबाट फैलिदै अगाडीतिर आई आफ्नो वरिपरी चारैतिर बाहिर र भित्र झलझलाकारको अनुभव हुन्छ। यस्तो अनुभव एकै पटकमा हुदैन; धेरै दिनको अटुट अभ्यास चाहिन्छ। यो अभ्यासगर्दा सिद्धन भएसम्म धेरै खानु हुदैन, सके-सम्म ब्रह्मचर्यको पालन गनु पर्छ र प्रत्येश प-पन्द्र दिनमा चौबीस घण्टासम्म यथेच्छा पानी मात्रै पिएर बस्नु पर्छ। भोक लाग्ना साथ पेटभर पानी नै पिउंदा भोक हट्न गई आफूमा कत्ति पनि नाताकती र बेचइनीको मौसुस

---

1. प्रकंपन=Vibration.
2. अनन्तजीवशक्ति=Infinite life force.
3. अन्तर्ज्योतिको प्रकाश=Pychic Illumination.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भएर ग्लानि हुदैन; नाडी साफ भई वेसरी पसिना आउंछ र पिसाव पनि खुवसित आउने हुन्छ; अनि शरीर हलौं र फुर्तिलो भए झैं अनुंभव हुन्छ। तर यो अभ्यास रोजिन्दै गर्नु पर्छ, यो गरेको चौवीस घण्टा मात्रै नाघ्न गए पनि आफूलाई अघि भएको जति अनुभव प्राप्तगर्न फेरि आठ दश दिन लाग्ने हुन्छ। अतः यस कुरा संझी आफ्नो नियम ठिक गर्नु पर्छ।

यो अभ्यास म भक्तपुरमा वृगेडिएर हुदा मैले गरेको थियें। त्यस वेला आरामीमेचमा [1] सजिलो सित वसी आफ्नो दुई हात दुई आडमा [2] सजिलो र हलुका-सित राखेर भूईमा राखेको रांडी माथि हलुकासित दुई पयेर राखी अभ्यास दुईपटक प्रति दिन गर्दा गर्दै करिव दुई वर्ष पछि मात्र अन्तर्ज्योतिको प्रकाश आई सिद्ध-भयो। तसर्थ हिकमत हार्नु हुदैन; कम्वरकसेर यस्तो अभ्यास गर्दा ढिलो चांडो जे भएपनि अवश्य सिद्ध नै हुने छ। ढिलो चांडो को कुरा त आफूमा छ। यो अभ्यास गर्नें

---

1. आरामीमेच = Arm-chair. 2. आड = Arm.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

व्यक्तिले मादकपदार्थ[1] अर्थात् भांङ्, धतूरो, जांड्, रक्सी, गांजा, अफिन अनि केही कोकिनको भाग मिलेको हुनाले ल्वाङ् समेत बिलकुलै खानु हुदैन, सकेसम्म तमाखु र चुरोट समेत न खानु बढिया हुन्छ। तर मैले त तमाखु र चुरट त्यसबेलामा पनि छाड्न सकेको थिईन। यो अभ्यास गर्ने व्यक्तिले मनको भाव पनि पशुत्व त्यागी वीरत्व तिर ढाल्नु पर्छ; अर्थात् पूर्वोक्त आठ पाश छाड्ने प्रयास गर्दै गर्नु पर्छ। यी आठपाशमा ज्यादा जेलिएको व्यक्तिलाई यो योग सिद्ध हुदैन। यी आठ पाश नामेटै हुन त यो कलिकालका गृहस्थीहरूमा असंभव जस्तै भए पनि सकेसम्म यी आठपाशलाई राम्ररी चिनेर यसबाट छुट्करा हुने यत्न गर्नु नै केही अंशले यसबाट मुक्त हुनु हो, यही वीरत्व यानि 'वीरभाव' हो। यो वीरभाव न भए पारमार्थिकसिद्धि हुदैन। अतः म स्वयं यसबाट मुक्त हुनसकेको छैन, तर यसलाई राम्ररी चिनेको छु र यसबाट मुक्त हुने प्रयास सकेसम्म गरारहेछु।

1. मादकपदार्थ = Intoxicating drinks and foods.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अब फेरि योगतिर विचार गरौं । पूर्वोक्त प्रकारले प्रणवोपासना सिद्धभई ध्यानगर्दा ज्योतिर्दर्शन हुने भएपछि "सौन्दर्यलहरी" मा श्री १०८ शङ्कराचार्यले बताएको निम्नलिखित उक्तिको साक्षात्कारको लागि 'लययोग' को अभ्यास गर्नु पर्छ । सो उक्ति यस्तो छ ।

"महीं मूलाधारे कमपि मणिपूरे हुतवहम् ।
स्थितं स्वाधिष्ठाने हृदि मरुतमाकाशमुपरि ॥
मनोऽपि भ्रूमध्ये सकलमपि भित्वा कुलपथम् ।
सहस्रारे पद्मे सह रहसि पत्या विहरसि ॥"

अन्वयः–"मूलाधारे महीं, मणिपूरे अपि कम्, स्वाधिष्ठाने स्थितं हुतवहम्, हृदि मरुतम्, उपरि आकाशम्, भ्रूमध्ये अपि मनः, सकलं कुलपथं अपि भित्वा सहस्रारे पद्मे पत्या सह रहसि विहरसि ।"

व्याख्यार्थ–"मूलाधारे महीम्=मूलधारचक्रमा पृथ्वीतत्वामक 'लँ' बीज; मणिपूरे अपि कम्=मणिपूरकचक्रमा पनि जलात्मक 'वँ' बीज; स्वाधिष्ठने स्थितं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुतवहम्=स्वाधिष्ठानचक्रमा रहेको अग्नितत्त्वात्मक 'रँ' बीज; हृदि मरुतम्=हृदयमा अर्थात् अनाहतचक्रमा वायुतत्त्वात्मक 'यँ' बीज; उपरि आकाशं-त्यसमाथि अर्थात् विशुद्धिचक्रमा आकाशात्मक 'हँ' बीज; भ्रूमध्ये अपि मनः=भ्रूमध्यमा अर्थात् आज्ञाचक्रमा प्रणवात्मक मन भन्नाले 'ॐ' बीज; सकलकुलपथं अपि भित्वा=यति सबै कुल अर्थात् कुण्डलिनीको पथ अर्थात् बाटोलाई भेदन गरेर; सहस्रारे पद्मे सहस्रदलकमलमा; पत्या सह आफ्ना पतिको साथमा अर्थात् ब्रह्मरूप परशिवको साथमा; रहसि विहरसि-पुगेर विहार गर्दछ्यौ।" यो कुलकुण्डलिनी-रूपिणी श्रीलाई संबोधन भएको हो अर्थात् चैतन्यरूपिणी कुलकुण्डलिनीलाई सम्बोधन गरेर उनका पति सहस्रारमा रहेका दीपशिखाकार परशिवलाई लक्ष गरेर योगको क्रमको संकेत भएको हो।

अब यस योगाभ्यास को हतौटी दर्शाउने चेष्टा गर्दछु। यसमा सर्वप्रथम माथिबताए झैं सुखासनमा बसी पूर्वोक्त प्रकारले ज्योतिर्दर्शन गर्नु पर्छ; अनि केही बेर आनन्द लिएर पादुकादीक्षाग्रहणगर्दा गुरुबाट उपदेश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भए झैं संघट्टमुद्राले सहस्रारमा गुरुपादुकाक्रमगरी मूला-धारमा [1] चक्रको भावना गरी मद्रचित 'निगमागम-वैज्ञानिकसार' मा बताए झैं गरी दुवै हातको कान्छी औंला [2] किची कर्णिकाको बीचमा रहेको 'लँ' बीजको मनन गर्ने बित्तिकै सो पूर्वोक्त ज्योतिको रङ्ग पंहेलो हुन्छ। अनि खुब ध्यान दिएर त्यस मूलाधारचक्रको नाद सुन्ने प्रयास गर्दा गर्दै सो नाद श्रवण हुने भएपछि सो नादमा आफ्नो मन लय गराई केही बेर आनन्दको उपभोग गर्नु पर्छ। यस प्रकारले चक्रको भावना र बीजको मनन गर्नासाथ ज्योतिकोवर्णको प्रकाश र नाद श्रवण हुने भएपछि सो चक्रसिद्ध हुन्छ। एवं प्रकारले सबै चक्रसिद्ध गराउनु पर्छ। मूलाधार चक्रसिद्ध भएपछि, मणिपूरकचक्रको [3] नाभिस्थान पछिल्तिर भावना गरी सांहिलीऔंला [4] किची कर्णिकामा 'वँ' बीजको मनन

1. मूलाधार = Pelvic Plexus.
2. कान्छी औंला = Ring-finger.
3. मणिपूरचक्र = Little-finger.
4. सांहिली औंला = Epigastric-Plexus.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गर्दा ज्योतिको वर्ण सेतो भई नाद श्रवण भएर सो चक्रसिद्ध हुन्छ। त्यसपछि लिंगमूलको पछिलतिर स्वाधिष्ठानचक्रको[1] भावना गरी माझीऔंला[2] क्िची कर्णिकामा 'रँ' बीजको मनन गर्दा ज्योतिको वर्ण रातो भई नाद श्रवण भए पछि सो चक्रसिद्ध हुन्छ। अनि छातीभित्र उस्तै गरी अनाहतचक्रको[3] भावना गरी चोरऔंला[4] थिची कर्णिकामा 'यँ' बीजको मनन गर्दा ज्योतिको वर्ण ध्वासे अथवा हरीयो भई नाद श्रवण भएर सो चक्रसिद्ध हुन्छ। अनि फेरि घाँटी भित्र त्यस्तै गरी विशुद्धिचक्रको[5] भावना गरी बुढीऔंला[6] थिची कर्णिकामा 'हँ' बीजको मनन गर्दा ज्योतिको वर्ण छिरिबीरे भई नाद श्रवण भएर सो चक्रसिद्ध हुन्छ।

---

1. स्वाधिष्ठानचक्र = Hypogastric Plexus.
2. माझीऔंला = Middle-finger.
3. अनाहतचक्र = Cradiac Plexus.
4. चोरऔंला = First-finger.
5. विशुद्धिचक्र = Carotid Plexus.
6. बुढीऔंला = Thumb.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यति पाच चक्रहरू सिद्ध भएपछि, मनको पालो आउंछ; यसमा भ्रूमध्यको भित्र आज्ञाचक्रको भावना गरी त्यसको कर्णिकामा 'ॐ' बीजकै भावना गर्नु परेपनि योनिमुद्रा बांधेर सर्व तत्वात्मक 'ऐँ' बीजको मनन गर्नु पर्छ। यसो गर्दा ज्योतिको वर्ण अनौठा किसिमको कुनै वत्तिको चमत्कारबाट देखिन नसक्ने अवर्णनीय भई भ्रमरनादको श्रवण हुने भएपछि यो चक्रसिद्ध हुन्छ। यी छ ओटै स्थानका चक्रहरू सिद्ध भएपछि पद्मासन बांधेर बसी गुदद्वार केही खुंचाई कनेर गुरुसित सिखे झैं गरी भित्री कूर्चनाद झिकेर 'हंसः' को मननले क्रमैसित पूर्वोक्त छचक्रका नादहरूमा सो नाद लय गराउदै माथितिर गएर सहस्रारमा पुगी परमज्योति र "झ्नीं" नादको केहीबेर अनुभवको साथ आनन्द लिई 'सोऽहं' को मननले सोही ज्योति र नाद सहित तल झारेर आ-आफ्ना स्थानमा राख्नु पर्छ। यो अभ्यास गर्दा मनको साथसाथै छ ठाउंमा वर्ण बदलिदै माथितिर उक्ली उस्तै गरी तलतिर ओर्लने ज्योति न तेजोरूपिणी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुण्डलिनी हुन्। यो सहस्रारमा पुग्नासाथ रछायाँ रङ्गको कुनै द्रवपदार्थले सो तेजलाई मुछे झैं सिरिङ् सिरिङ् भए जस्तो अनुभव भई आनन्द आउने भएपछि यो योगसिद्ध हुन्छ। यो योग गर्ने काइदा लेखद्वारा यस भन्दा वढी कुरा दर्शाउने मेरो समर्थ छैन; अतः गुरूले शिष्यलाई संझाई बुझाई आफूले सङ्केत गरेर देखाईदिनु पर्छ; अनि मात्रै शिष्य आफै एकान्तमा वसेर अनुभव गर्न सक्ने हुन्छ।

यो अभ्यास म भक्तपुरमा बृगेडियर हुंदा वि. सं. १९८९ या १९९० साल देखिनै गर्न थालेको थियें, सोही १९९० साल मार्गमा सदरमा आई १९९१ सालमा वैशाखमा पोखरा पुगें; अनि त्यहा रही आठ दश वर्षसम्म यो योगाभ्यासको निरन्तर प्रयास गरेपछि मात्र पूर्वोक्त वत् यो योगसिद्ध भयो। सर्वप्रथम मलाई मूलाधारचक्रको पहेलो ज्योति त वस्नासाथै देखियो, तर नाद श्रवण भएर सिद्धहुन चार पांच महिना लाग्यो। अनि मणिपूरकचक्रको सेतो ज्योति तुरन्तै देखियो, तर नाद श्रवण भएर सिद्ध हुन एक हप्ता जति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लाग्यो। त्यसपछि अरू वांकि चारचक्रको ज्योति र नादको सिद्ध त प्रत्येकको हरेक एक दुई दिनमै हातपर्‍यो। त्यसपछि यी चक्रहरू भेदन गरेर सहस्रारमा पुग्ने अनुभव हुन भने आठ नौ वर्ष लाग्यो; त्यसपछि त दुई तीन महिना मै यो योगसिद्ध भए जस्तो लाग्यो। यो अभ्यास हररोज विहान ओछ्यानमै बसेर निद्राले छाड्नासाथ उठेर गर्नु पर्दछ। यो सिद्ध भएपछि मात्रै हाम्रो नित्यकर्मको शैयामागर्ने प्रातस्कृत्य, वाह्यपूजामा आनन्दघटस्थापना, श्रीपात्रस्थापना र इष्टदेवताको आवाहन र विसर्जनको काम यथार्थ सित हुने हुन्छ। किनभने यो योग सिद्ध नभएसम्म सबै कर्म भावनाबाट मात्रै हुन्छ। मलाई यो सिद्ध हुन धेरै वर्ष लागेको कुरा सुनेर यो अभ्यास गर्न उत्सुक हुने साधकले हरेस खानु हुदैन। किनभने मैलेत यसमा कम्बर कसेर नियमित अभ्यास गर्नु सकीन; अभ्यास त रोजिन्दा नै गर्दथें तर कुनै दिन दश आठ मिनेटसम्म मात्रै र कुनै दिन एकघण्टासम्म पनि यो अभ्यास गर्नै गर्दथें। हाल सिद्ध भएपछि पनि मेरो यही चाल छ। पूजामा आनन्दघटमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

र श्रीपात्रमा यस क्रियाको प्रयोग गर्नु नै 'अन्तर्मैथुन' मकारको प्रयोग गर्नु हो। यस कर्ममा सहस्रारमा रहेका दीपशिखाकार परशिव र कुलकुण्डलिनीरूप पराशक्तिको मैथुन भएर 'भगलिङ्गामृत' निस्कन्छ। सो निकाल्ने काइदा गुरुसित सिक्नु पर्छ। यो क्रिया पूर्वोक्त योग सिद्ध नभएसम्म हुन सक्तैन र पूजामा चार मकारसम्मको यथार्थ प्रयोग गरी पाचौं मैथुनको चाहिं अनुकल्परूप भावनाबाट मात्रै प्रयोग हुन्छ। भावनाबाट मात्रै पनि यो प्रयोग गर्नै पर्छ; यस बारेमा 'महायोनितन्त्रमा' यस्तो वचन छ।

"मांसभार सहस्रैस्तु मद्यद्रोणशतै रपि।
न तुष्यति महादेवी भगलिङ्गामृतं विना ॥"

अर्थात्—हजार भार मासु र सय द्रोण मद्य भएपनि भगलिंगामृत न भईकन महादेवी खुशी हुन्नन्।" (एक द्रोणको करिब ४०९ औंस हुन्छ।)

अतः तन्त्रको मार्ग अपनाई यथार्थ पञ्चमकारको प्रयोग गर्न खोज्ने व्यक्तिले यो अभ्यास गरी सिद्ध गर्ने प्रयास अवश्य गर्नु पर्छ। यो अभ्यास गर्दा 'मूलाधारबाट'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एकदम 'मणिपूरकचक्रमा' ज्योति र नाद लय गराएर मात्र तल ओर्लिएर 'स्वाधिष्ठानचक्रमा' लय गराई उक्लिएर 'अनाहतचक्रमा' पुग्ने क्रम अनौंठा जस्ता लाग्दछ, तर गुरुसित यस वारेको विशेष चुटकी [1] सिखेर पूर्वोक्त प्रकारले यो अभ्यास गर्दा गर्दै स्वयं नै यो क्रम ठिक भएको सावित भई सन्देह हट्दछ। यस्तो नभए श्री १०८ शङ्कराचार्यले किन त्यस्तो लेख्थे? प्रतिदिन प्रातस्कृत्यमा र पूजामा यस्तो क्रिया गरी मद्रचित 'निगमागमवैज्ञानिकसार' मा वताए झैं अंगसबै पूर्णगरेर जपगरी मन्त्रमा तल्लय हुनु [2] नै 'मन्त्रयोग' हो।

दक्षिणाम्नायमा भक्तियोग गर्नु पर्छ। यस योगको अभ्यास गर्दा आफ्नो अति प्रेमी वस्तुमा आफ्नो मन धन र ज्यानै समेत अर्पण गर्ने मानिसले वेर नमाने झैं गरी आफ्नो इष्टदेवतामा प्रेमबढाई सर्बस्व अर्पण गर्नु नै भक्तियोग हो। यसको अर्थात् प्रेमको बिशेष अनुभव आशक्तपर्ने [3] व्यक्तिहरूमा होला; तर

1. चुटकी=Process. 2. तल्लयहुनु=To be onewith.
3. आशकपर्ने=Befollen in love.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मेरो त न कसैसित आशक्त परेको छ, न इष्टदेवतामा दृढ भक्ति जमेको छ; अतः मलाई यसको यथार्थ अनुभव छैन। तैपनि देखे सुनेको भरले मात्रै यतिसम्म लेखेको हुं। जे भएपनि यस योगको यथार्थ अभ्यासको लागि पनि पशुभावको त्याग र वीरभावको ग्रहण गर्नु नै अत्यावश्यक छ।

'श्रीमद्भगवद्गीतामा' भक्तियोगको वारेमा भगवान् कृष्णको यस्तो वचन छ।

"अथ चित्तं समाधातुं न शन्कोषि मयि स्थिरम्।
अभ्यासयोगेन ततो मामिच्छाप्तुं धनञ्जय॥
अभ्यासेऽप्यसमर्थोऽसि मत्कर्मपरमो भव।
मदर्थमपि कर्माणि कुर्वन् सिद्धिमवाप्स्यसि॥
अथै तदप्यशक्तोसि कर्ममुद्योगमाश्रितः।
सर्वकर्मफलत्यागं ततः कुरु यतात्मवान्॥
श्रयो हि ज्ञानमभ्यासाज्ज्ञानाद्ध्यानं विशिष्यते।
ज्ञानात्कर्मफलत्यागात्यागाच्छान्तिनिरन्तरम्॥"

अर्थात्—"हे अर्जुन! चित्तलाई सँभाल्न सक्तैनौ भने, अभ्यासको सहायताले कोशिश गरेर मलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

('अहं' रूपी कामकलालाई) भेट्टाउंने इच्छा गर। त्यस्तो अभ्यास गर्नु पनि न सक्ने भयौ भने मलाई (कामकलालाई) भेट्टाउन शास्त्रमा वताइएका ज्ञान, ध्यान, भजन, पूजन र पाठ इत्यादि कर्म गर, मेरो निमित्त अर्थात् 'अहं' भावको लागि 'सोऽहं' वन्नाको लागि यस्तो कर्म गर्दा पनि सिद्धि पाउंछौ। यस्तो गर्नु समेत नसके आफूले गरे जति सबै कर्मको फल पाउंने आस छाडेर कामनारहित वन। अभ्यास भन्दा ज्ञान, ज्ञान भन्दा ध्यान (षट्चक्रचिन्तन) अनि ध्यान भन्दा कर्मफ़लत्याग (सबै कुरा विर्सिएर 'सोऽहं' भावको निदिध्यासन) उत्तम अर्थात् श्रेष्ठ हुन्छन्।"

यसमा एउटा विचारको कुरा छ। कुलतत्वज्ञहरूको भनाई यस्तो छ। गीता वताउने महानुभावहरूले (भगवद्गीतामा श्रीकृष्ण, अवधूतगीतामा दत्तात्रेय, तथा देवीगीतामा भुवनेश्वरी इत्यादि) 'अस्मद्' शब्द यानि 'अहं' (म) भन्ने अर्थहुने शब्दको जति ठाउंमा प्रयोग गरेका छन् सो स्वयं व्यक्तिगत आफूलाई संकेत गरेका होइनन्, यो त 'अहमाकाराख्यकामकलाम्, भन्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्रुतिवचनानुसार 'कामकला'लाई संकेतगरेर प्रयोग गरेका हुन् । किनभने वताउने व्यक्ति त स्वयं सुन्ने व्यक्तिको सामने उपस्थित हुदाहुदै "मलाई भेट्टाउन खोज्नु" भन्नुपर्ने मतलव कुनै पनि देखिदैन ।

यस भक्तियोगमा पनि 'पशुभावत्यागनु पर्छ' अर्थात् पूर्वोक्त 'आठपाशवाट फुत्कन खोज्नु पर्छ' भन्ने गीतामा श्रीकृष्णको यस्तो वचन छ ।

"अद्वेष्टा सर्वभूतानां मित्रः करुण एवच ।
निर्ममो निरहंकारः समदुःखसुखः क्षमी ॥
सन्तुष्टः सततं योगी यतात्मा दृढनिश्चयः ।
यस्मान्नोद्विजते लोको लोकान्नोद्विजते चयः ॥
अनपेक्षः शुचिर्दक्ष उदासीनोगतव्यथः ।
सर्वारंभपरित्यागी यो मद्भक्तः स मे प्रियः ॥
यो न हृष्यति न द्वेष्टि न शोचति न कांक्षति ।
शुभाशुभपरित्यागी भक्तिमान् यः स मे प्रियः ॥
सम शत्रौ च मित्रे च तथा मानापमानयोः ।
शीतोष्णसुखदुःखेषु समः सङ्गविवर्जितः ॥
तुल्यनिन्दास्तुतिर्मौनी सन्तुष्टो येन केन चित् ।
अनिकेतः स्थिरमति र्भक्तिमान्मे प्रियो नरः ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

येतु धर्मामृतमिदं यथोक्तं पर्युपासते ।
श्रद्दधानमत्परमा भक्तास्तेऽतीव मे प्रियाः ॥

अर्थात्–"कसै सित द्वेष नगर्ने, सबैसित मित्रताराख्ने, ममत्वबुद्धि र अहंकारले रहित भएको, सुखदुःखलाई एकनासमानेर सहनशील भएको, सदा सन्तुष्ट, दृढनिश्चयी अनि बुद्धि र मन मा अर्पण गर्ने अर्थात् मद्रचित 'निगमागमवैज्ञानिकसार' मा चर्चा भए झैं कामकलाको ध्यानले 'सोऽहं' भावमा रतभएको भक्त मेरो अर्थात् "अ इति ब्रह्म तत्रागतोऽहम्" भन्ने श्रुति-वचनानुसार ब्रह्मको प्यारो हुन्छ। लोकलाई क्लेश नपार्ने, लोकबाट क्लेश नलिने अनि हर्ष, डर र बिस्मातले रहित भएको व्यक्ति मेरो प्यारो हुन्छ। कुनै कुराको चाहना नगर्ने, पवित्र, जांगरिलो, चतुर, फलको वास्ता नराख्ने, कुनै प्रकारको विकारबाट पनि नडग्ने फेरि काम्यफलको लागि कुनै पनि काम नगर्ने मेरो भक्त नै मेरो प्यारो हुन्छ। न कुनैमा खुशी हुने, न कुनैमा द्वेष गर्ने, न कुनैमा शोक गर्ने, न कुनैमा चाख राख्ने फेरि कुनै कर्ममा शुभाशुभको पनि वास्ता नगर्ने भक्तिमान् मेरो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्यारो हुन्छ। शत्रु र मित्र, मान र अपमान, जाडो र गर्मी, सुख र दुःख एकनास मान्ने फेरि कुनै वस्तुमा पनि आशक्ति नराख्ने, निन्दा र तारिफ समान मान्ने, अडकलेर मात्रै वोल्ने, जस्त परेपनि सन्तुष्ट रहने, चित्तस्थिर भएको, कर्मफलाशारूप अभिलाषा पनि नभएको भक्त मेरो प्यारो हुन्छ। यो पूर्वोक्त अमृत तुल्य धर्मलाई मत्परायण भएर अर्थात् कामकलाध्यान पूर्वक 'सोऽहं' भावमा रहेर आचरण गर्ने मेरा परम भक्तहरू मेरा वहुतै प्यारा हुन्छन्।"

यस उक्तिमा गडेर विचार गर्दा अष्टपाशवाट मुक्त नभई कुनै व्यक्तिलाई पनि पूर्वोक्त प्रकृति आउन सक्तैन; केवल आडम्वर मात्रै हुन्छ। अतः पशुभाववाट यस्तो उपासना नहुने कुरा स्पष्टै झलकन्छ। यसै किसिमको भक्तियोगद्वारा श्रीरामको उपासनावाट एउटी भिल्लिनी शवरी पनि परमधाममा पुगेको कुरा 'रामायण' मा देखि एकै छ। येत्तिकैमा भक्तियोगको वारेमा एक झलक दर्शाएर कुरा टुङ्ग्याउं छु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अब कर्मयोगको बारेमा विचार गरौं । पश्चिमाम्नायमा कर्मयोगको अभ्यास गर्नु पर्छ । यस योगको चर्चा गर्दा सर्वप्रथम 'गीताको' श्रीकृष्णको वचनतिर ध्यान राखौं । सो यस्तो छ ।

"न कर्मणामनारम्भानैष्कर्म्यं पुरुषोऽश्नुते ।
न च संन्यसनादेव सिद्धिं समधिगच्छति ॥
न हि किञ्चित्क्षणमपि जातु तिष्ठत्यकर्मकृत् ।
कार्यते ह्यवशः कर्म सर्वः प्रकृतिजैर्गुणैः ॥
कर्मेन्द्रियाणि संयम्य य आस्ते मनसा स्मरन् ।
इन्द्रियार्थान् विमूढात्मा मिथ्याचारः स उच्यते ॥
यस्त्विन्द्रियाणि मनसा नियम्यारभतेऽर्जुनः ।
कर्मेन्द्रियैः कर्मयोगमसक्तः स विशिष्यते ॥
नियतं कुरुकर्मत्वं कर्मज्यायो ह्यकर्मणः ।
शरीरयात्रापिचते न प्रसिद्ध्येदकर्मणः ॥
यज्ञार्थात्कर्मणोऽन्यत्र लोकोऽयं कर्मबन्धनः ।
तदर्थं कर्म कौन्तेय मुक्तसंगः समाचरेत् ॥"

अर्थात्–"कर्महरू गर्नु नथाल्दैमा मानिसलाई नै ष्काम्यको प्राप्ति हुदैन; फेरि कर्महरू गर्नथाले पनि सिद्धि हातपर्दैन । कुनैव्यक्ति पनि कुनै न कुनै कर्म नगरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

क्षणभर पनि रहनु सक्तैन; (इच्छानभए पनि) प्राकृतिक गुणको वशले अर्थात् स्वभावले सबबाट (कुनै न कुनै) कर्म भई हाल्छ। जो मूढ आफ्नो कर्मेन्द्रियलाई बलजफतसित रोकेर मनमनै यी इन्द्रियहरुको रूप-रस आदि विषयलाई संझी रहन्छ, त्यसलाई मिथ्याचारी अथवा ढोंगी भन्दछन्। मनले इन्द्रियलाई रोकेर केवल कर्मेन्द्रियहरूद्वारा आसक्तिरहित बुद्धिले कर्मयोगको आरम्भ गर्ने व्यक्ति विशेष योग्य हुन्छ। कुनै पनि कर्म नगर्नु भन्दा गर्नु नै श्रेय हुनाले आफ्नो तोकिएको कर्म संधै गर्ने गर्नु; सो न गरे आफ्नो देशको निर्वाहा पनि चल्न सक्तैन। यज्ञकोलागि गरिने कर्म बाहेक अरूकर्मद्वारा लोक बांधिइन्छन्; यज्ञार्थमा कर्म गर्दा पनि फलको आशा छाडेर गर्ने गर्नु।"

फेरि सोही 'गीताको' अर्को अध्यायमा श्रीकृष्णको यस्तो वचन छ।

"कांक्षन्तः कर्मणां सिद्धि यजन्त इह देवता।
क्षिप्रं हि मानुषे लोके सिद्धिर्भवति कर्मजा ॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्–"कर्मवन्धननाशकोलागि नभई केवल कर्मफलकोलागि देवताको पूजा गर्दछन्; यो ठिकै हो, किनकि मनुष्यलोकमा कर्मको फल वहुतै चांडो प्राप्तहुन्छ।"

"कर्म्म गर्ने बारेमा सोही 'गीतामा' यस्तो छ।

"देवान्भावयताऽनेन ते देवा भावयन्तु वः।
परस्परं भावयन्तः श्रेयः परमवाप्स्यथ॥
इष्टान् भोगान् हि वो देवा दास्यन्ते यज्ञभाविताः।
तैर्दत्ता न प्रदायैभ्यो यो भुंक्ते स्तेन एव सः॥
यज्ञशिष्टाशिनः सन्तो मुच्यन्ते सर्वकिल्विषैः।
भुञ्जते ते त्वघं पापा ये पच्यन्त्यात्मकारणात्॥
अन्नाद्भवति भूतानि पर्जन्यादन्नसंभवः।
यज्ञाद्भवति पर्जन्यो यज्ञः कर्मसमुद्भवः॥
कर्म ब्रह्मोद्भवं विद्धि ब्रह्माक्षरसमुद्भवम्।
तस्मात् सर्वगतं ब्रह्म नित्यं यज्ञे प्रतिष्ठितम्॥"

अर्थात्–*"यज्ञले देवता मान उन्ले तिम्रो गरुन् भलो।*
अन्योन्य यो भलाईले श्रेय मिल्ला प…ी ठुलो॥
यज्ञले खुश भै देव देलान् इच्छित भोग ती।
उन्मा त्यो क्यै न टक्र्याई भोग्ने हो चोर दुर्मति॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यज्ञै गरी शेष खाने योगीका पाप छुट्दछन् ।
आफ्नै निंति पाकगर्ने पापी हुन् पाप भोग्दछन् ॥
जन्मन्छन् अन्नले प्राणी अन्न उम्रन्छ वृष्टिले ।
यज्ञले वृष्टिवर्षन्छ यज्ञ चल्दछ कर्मले ॥
हुन्छन् प्रकृतिले कर्म त्योता ईश्वरबाट छ ।
तस्मात् सर्वग यो ब्रह्म यज्ञमा नित्य बस्दछ ॥" इति कोमल गीता

'यज्ञ' भन्दा धेरलाई केवल अग्निमा हवन गर्ने कर्महो भन्ने भान पर्दछ; त्यस्तो धारण सत्य होइन, किनकि यज्ञ तीन प्रकारका हुन्छन् । अग्निमा हवन गर्ने कर्मलाई 'अर्चिरादि यज्ञ' पूजा र तर्पण गर्ने कर्मलाई 'सोमादि यज्ञ' अनि पूजा, जप, हवन, तर्पण पाठ र योग गर्ने कर्मलाई 'अग्नीषोमादि यज्ञ' भन्दछन् । यसको परिचय सूक्ष्मरूपले मद्रचित 'निगमागमवैज्ञानिक-सारमा' झल्काएको छु । अब पनि पछि यागादिको वैज्ञानिकरहस्यको चर्चा हुने पुस्तक लेख्ने मौका परे त्यसमा लेख्ने छु ।

यी तीन प्रकारका यज्ञहरू मध्ये कुनै एउटा अवश्यमेव साधकले अपनाउनु पर्छ । तर त्यसो गर्दा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कर्मको वन्धनवाट भने मुक्त हुनु पर्छ। यस विषयमा श्रीकृष्णको 'गीतामा' यस्तो उक्ति छ।

"नमां कर्माणि लिंपन्ति न मे कर्मफले स्पृहा।
इति मां योऽभिजानाति कर्मभि र्न स वध्यते॥"

साधारणार्थ–"मलाई कर्महरूले लेपदैनन् अर्थात् रङ्गाउंदैनन्, मलाई कर्मफलको इच्छा पनि हुदैन। यस्तो मलाई चिन्ने व्यक्ति कर्महरूबाट वांधिदैन।"

अभिप्रायार्थ–"मं अर्थात् 'अहं' भन्ने वस्तुले कुनै कर्म अर्थात् काम पनि गर्दैन; त्यो त साक्षी मात्रै भएर वस्दछ कर्म गर्ने कर्मेन्द्रिय हो। अतः 'अहं' अर्थात् 'म' भन्नेले इच्छा पनि गर्दैन त्योत ज्ञानेन्द्रियले गर्द छ। अतः सबै गर्ने गराउने इन्द्रियहरू नै हुन्; 'अहं' भन्ने त अनुभवी साक्षीरूप मात्रै भएर सबै कुराको असरवाट मुक्त भएर रहन्छ।"

अत्र कर्मयोगको यागादिकर्मको लागि प्रयोग हुने कुनै कुनै पदार्थहरूको वैज्ञानिक रहस्यको यथा ज्ञान चर्चा गर्दछु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जुनसुकै यज्ञयागादिमा पनि जलकै जस्तो फूलको पनि आवश्यक हुन्छ। फेरि "यस जातको फूलेल एक महिनासम्म श्रीयन्त्रको आवरण पूजा गर्दा यस्तो पाप नाश हुन्छ" भन्ने धेरै कुरा 'सौभाग्य रत्नाकरमा वर्णन भएको छ। त्यस कुराको ऐले दरकार नहुंदा लेख लंब्याउने काम भएन। फेरि 'स्वतन्त्रतन्त्रमा' पनि "यस्तो पापबाट यस्तो रोग हुन्छ" भन्ने कुरा करिव दुईसय श्लोकमा वर्णित छ। अतः उसकालका मानिस पापदेखि डराएर त्यसबाट मुक्त हुने उपाय खोज्ने हुनाले पापनाशको आस देखाएर स्वास्थ्य-सुधार र मन-तुष्टिको लागि यागयागादिको नियम शास्त्रले बांधेको हो।

अत्र जातजातको फूलको बारेमा 'आयुर्वेद'का कुनै कुनै उक्तिहरू दर्शाउदछु; ती यस प्रकारका छन्।

> "पुष्पस्य धारणं कान्तिवर्द्धनं कामकारकम्।
> ओजः श्रीवर्द्धकं चैव पापग्रहविनाशनम् ॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्—"पुष्पधारणले अर्थात् फूलहरू पहिरनाले कान्ति, काम, ओज र श्रीको वृद्धि हुन्छ; फेरि पाप र ग्रहदोष नष्ट हुन्छ।"

"पुष्पद्रवः सरः शीतस्तुवरः श्रमदाहहा।
वान्तितृट्पित्तरोगघ्नो मुखरोगविनाशनः॥"

अर्थात्—"फूलका रसको कांढाले सर्दी, गर्मी र श्रम, वमन तीर्खा अर्थात् खरोहुने रोग अनि पित्तरोग र मुखरोगको नाश गराउंदछ।

अब फूलहरूका जातै पिच्छेका गुण यस्ता हुन्चन्।

"ज़ाती तु तुवरा तिक्ता लघ्वीचोष्णकटुः स्मृता।
मुखपाकं कफं वातं मुखदन्तशिरोरुजम्॥
अक्षिरोगं विषं कुष्ठं रक्तदोषं व्रणं तथा।
पित्तं क्रमीन्नाशयति कलिकास्याव्रणापहा॥
विस्फोटनेत्ररुक्कुष्ठनाशिनीतिवुधाजगुः।
पुष्पं सुगन्धिसंप्रोक्तं मनोज्ञं कफपित्तनुत्॥"

अर्थात्—"जातिपुष्प[1] टर्रो, तीतो, हलौ, गरम, चरपरी, वमनकारी तथा मुखपाक हुन्छ। यसले

1. जातीपुष्प अर्थात् वेली जीस्वाँ) = Jasminum flexcles.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कफ, वात, मुखरोग, दन्तरोग, मस्तकरोग, नेत्ररोग, विष, कुष्ठ, रक्तदोष, घाउखटिरा, कृमिरोग अर्थात् जुगाचुर्णाइत्यादि पर्ने रोग हटाउंछ। यसको कलिकाले व्रण, विस्फोट, नेत्ररोग र कुष्ठ नाशगर्छ। यसको फूल सुगन्धी, मनोज्ञ र कफपित्त नाशक हुन्छ।"

"स्वर्णजाती च संप्रोक्ता दन्तशूलरुजापहा।
रक्तदोषञ्च पूयञ्च कर्णशूलञ्च नाशयेत्॥
गुणास्त्वन्ये तु जातीवज्ज्ञेयाः पूर्वमनीषिभिः॥"

अर्थात्—"स्वर्णजाती [1] दन्तशूल, रक्तविकार, पूय अनि कर्णशूल हटाउने र जातीपुष्पकै जस्तो अरू गुण भएको हुन्छ।"

"चम्वेली तु वरा तिक्ता व्रणकुष्ठविषास्त्रजित्।
शिरोक्षिमुखदन्तार्तिहरात्वग्दोषनाशिनी॥"

अर्थात्—"चम्वेली [1] टर्रो, तीतो र व्रण, कुष्ठ, विष, रक्तविकार, शिरोरोग, नेत्ररोग, मुखरोग, नेत्ररोग तथा छालाको विकार हटाउने हुन्छ।"

---

1. स्वर्णजाती अर्थात् जाई=Yellow jasmine.
2. चम्वेली अर्थात् चमेली=Spanish jasmine. (चमेर्वा)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"वार्षिकी शीतला लघ्वी तिक्ता दोषत्रयापहा ।
कर्णाक्षिमुखरोगघ्नी तत्तैलं तद्गुणं स्मृतम् ॥"

अर्थात्–"वार्षिकी[1] शीतल, हलौं, तीतो दोषत्रयकाशक फेरि कान, आंखा र मुखको रोगनाशक हुन्छ; यसको तेलको गुणपनि उस्तै हुन्छ ।

"यूथिकायुगलं स्वादु शिशिरं शर्करार्तिनुत् ।
पित्तदाहतृषाहारि नानात्वग्दोषनाशनम् ॥
सर्वासां यूथिकानान्तु रसवीर्यादिसाम्यता ।
सुरूपञ्च सुगन्धाढ्यं स्वणयुथ्यां विशेषतः ॥"

अर्थात्–"दुवै थरीका यूथिकापुष्प[2] स्वादिष्ठ, शीतल अनि शर्करारोग अर्थात् रगत वा पिसावमा चिनी हुने रोग, पित्त, दाह, तृषा, र नानाप्रकारको छालाको विकार हटाउने हुन्छन् । सबै प्रकारका यूथिकाहरू रस र वीर्यमा समानै हुन्छन् । सुरूप अर्थात् राम्रोपना र सुगन्ध अर्थात् वासना पहेलो चाहिँमा विशेष हुन्छ ।"

---

1. वार्षिकी अर्थात् वाह्रमासे वेली = Jasminum savibae.
2. यूथिकापुष्प अर्थात् जुई वा जुही = Jasminum Auriecula-tum.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

*"मालती कफ पित्तारतत्वग्दोषकृमिकुष्टनुत् ।
वामनी व्रणशोथघ्नी पूतिकर्णस्यपाकहृत् ॥"*

अर्थात्–"मालती [1] कफ, पित्त, छालाकोदोष, कृमि र कुष्ट नाशक तथा वमनकारक हुन्छ; फेरि व्रण, शोथ (सुन्निनेरोग) तथा कानबाट पीपबग्ने रोग पनि हटाउने हुन्छ ।"

*"शतपत्री हिमातिक्ता कषाया कुष्टनाशिनी ।
मुखस्फोटहरारुच्या सुरभिः पित्तदाहनुत् ॥"*

अर्थात्–"शतपत्री [2] शीतल, तातो, पीरो, कुष्टनाशक, मुखकोदाग हटाउने, रुचिगराउने, सुगन्धि तथा पित्त र दाह शान्त गर्ने हुन्छ ।"

*"तरुणी च हिमा तिक्ता सरारुच्यानिलप्रणुत् ।
दाहज्वरास्त्रपित्तघ्नीकुष्ठविस्फोटनाशिनी ॥"*

---

1. मालती = Echites coryophyllata.
2. शतपत्री अर्थात् धेरैपात भएको सेतो गुलाफ वा गुलाब = Cabbagerose.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्–"तरुणी [1] तीतो, शीतल, दिसा खलास गराउने, वात नाशक तथा अग्निदाह, ज्वर, रक्तपित्त कुष्ठ र विस्फोट नाशक हुन्छ।"

"सेवन्ती तु हिमाहृद्या ग्राहिणी शुक्रला लघुः।
दोषत्रयास्रजिद्वण्या तिक्ता कट्व च पाचनी ॥"

अर्थात्–"सोवन्ती [2] शीतल, हृदयलाई हित गर्ने, मलरोधक, शुक्रजनक, हलौं, दोषत्रयनाशक, रक्तपित्त हरणगर्ने, तीतो, पिरो तथा पाचक हुन्छ।"

"रक्तस्तु कुब्जको रक्तविकृते नाशकोमतः।
वृश्चिकानां विषं चैव त्रिदोषं चैव नाशयेत् ॥
अन्येगुणाः समुद्दिष्टाः श्वेतकुब्जकवद्बुधैः ॥"

अर्थात्–"रक्तकुब्जक [3] रक्तविकार, विच्छीको विष र दोषत्रय हटाउने तथा अरू गुण सेतो गुलाफ झैं भएको हुन्छ।"

---

1. तरुणी अर्थात् पहेलो गुलाफ = Yellow Rose.
2. सेवंती अर्थात् सेतो गुलाफ = White Rose.
3. रक्तकुब्जक अर्थात् रातो गुलाफ = Red rose.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"कुब्जकः सुरभिः स्वादुः कषायानुरसः सरः ।
त्रिदोषशमनो वृष्यः पित्तघ्नश्वेतरस्तथा ॥"

अर्थात्—"सुरभिकुब्जक[1] स्वाधिष्ठ, केहीटर्रो, सारक, त्रिदोषशमन गर्ने, वीर्यवर्द्धक तथा पित्तनाशक हुन्छ ।"

यी गुलाफहरूको वेदको समकालीन तन्त्रहरूमा चर्चा देखिदैन; पछि जन्मिएका तन्त्रहरूमा भने यसको प्रयोग देखिन्छ । अतः वैदिककाल भन्दा पछिमात्रै यसजातका फूलहरूको पत्ता लागे जस्तो बुझिन्छ । अझ अलकर्जेंडर (Alexender) को भारतवर्षमा पाइलो परेपछि मात्र आर्यको यो गुलाफमा पहिचान र ध्यान भयो होला भन्दा पनि अत्युक्ति हवैन ।

"चम्पकः कटुकस्तिक्तः शिशिरो दाहनाशनः ।
कुष्ठकण्डूव्रणहरो गुणाढ्यो राजचम्पकः ॥"

---

1. सुरभिकुब्जकः अर्थात् अत्तरगुल्लाफ = Demask-rose.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्–"चम्पक [1] पीरो, तीतो, सर्दीगर्मी-नाशक अनि कुष्ट र व्रण हर्ने हुन्छ; राजचम्पकको [2] झन बढी गुण हुन्छ ।"

"चाम्पेयं कुसुमं शीतं कषायं स्वादुपाकिचः ।
कफपित्तहरं तद्वत्पुन्नागस्य च सम्भवम् ॥"

अर्थात्–"चाम्पेय [3] शीतल, टर्रो, स्वादुपाकी फेरि कफपित्तनाशक हुन्छ; यस्तै गुण पुन्नागको [4] पनि हुन्छ ।"

"सुवर्ण चम्पकश्चोक्तः शीतल स्तिक्तकः कटुः ।
तुवरो मधुरो वृष्यो हृद्यश्चैव सुगन्धिदः ॥
भ्रमराणां घातकरो दाहपित्त कफापहः ।
रक्तदोषं मुत्रकृच्छ्रं वातं कुष्ठं विषं तथा ॥
कृमिकण्डूव्रणांश्चैव नाशयेदिति कीर्त्तितम् ॥"

---

1. चम्पक अर्थात् चापों (च्वास्वाँ) = Michelia champaca.
2. राजचम्पक = Superior quality of champaca.
3. चाम्पेय = Spotted champaca.
4. पुन्नाग (सुल्तान चंपक) = Ochrocarpus songifolium.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्–"सुवर्णचम्पक[1] शीतल, तीतो, पीरो, टर्रो, वीर्यवर्द्धक, मुट्ठलाई हिनगर्ने, सुगन्धि, भंमरालाई मार्ने तथा दाह, पित्त, रक्तविकार, मुत्रकृच्छ्र, वात, कुष्ठ, विष, कृमि, कण्डू र व्रणहटाउने हुन्छ।"

"श्वेतस्तु चम्पकः प्रोक्तः सरस्तिक्तः कटुस्मृतः।
तुवरोष्णः कुष्ठकण्डूव्रणशूलकफापहः॥
वातं चोदररोगं च आध्यानं चैव नाशयेत्॥"

अर्थात्–"श्वेतचम्पक[2] टर्रो तीतो, पीरो, गरम तथा कुष्ठ, कण्डू, शूल, व्रण, कफवात, पेटकोरोग र दम हटाउने हुन्छ।"

"नागनामा चम्पकस्तु वर्ण्य श्चोष्णकटुस्मृतः।
व्रणरोपणकारी च चक्षुष्मः कफवातहा॥
वस्वन्तरस्य संयोगादग्निस्तम्भकरो मतः॥"

---

1. सुवर्णचम्पक अर्थात् कनकचंपा=Golden champaca.
2. श्वेतचंपक अर्थात् चिनियाचंपा=Sweet- cented calophyllum.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्–"नागचम्पक[1] वर्णराम्रोगराउने, गरम, पीरो, घाउपकाउने हुन्छ।"

"भूमिजश्चम्पकश्चोष्णः कटुः शाथरुजापहः।
गलगण्डं व्रणं चैव नाशयेदिति कीर्तितम् ॥"

अर्थात्–"भूमिचंपक[2] गरम, पीरो तथा शोथ, व्रण र गाँड नाशक हुन्छ।"

"वकुलस्तुवरोऽनुष्णः कटुपाकरसो गुरुः।
कफपित्तविषश्वित्रकृमिदन्तगदापहः ॥"

अर्थात्–"वकुलपुष्प[3] टर्रो, पीरो, कांढा र झोलपीरो हुने, गह्रौं तथा कफ, पित्त विष, श्वेतकुष्ठ, कृमि र दन्तरोग नाशक हुन्छ।"

"स्थूलपुष्पश्च वकुलो दीपनो मधुरः कटुः।
पित्तदाहकफश्वासमूत्रकृच्छ्रविषश्रमान् ॥
अश्मरीं नाशयत्येव मदगन्धिश्च विद्यते ॥"

---

1. नागचम्पक अर्थात् नागकेशरकोफूल = Artabotys odoratissima.
2. भूमिचम्पक अर्थात् भईंचम्पा = Kaempheria rotunda.
3. वकुलपुष्प (व‌कुमलास्वाँ) = Surinam medlar.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्–"स्थूलवकुल [1] अग्निवढाउने, गुलियो, पीरो तथा पित्त, दाह, खोकी, दम, मूत्रकृच्छ्र, विष, श्रम र पथ्थरीरोग नाशक अनि मदगन्धि हुन्छ।"

"कुन्दः शीतोऽतिमधुरस्तुवरः सारको लघुः।
पाचको दीपको हृद्यः कटुकस्तिक्तकः स्मृतः॥
पित्तरोगशिरोरोगविषशोथामनाशनः।
रक्तदोषञ्च वातञ्च नाशयेदिति कीर्तितम्॥"

अर्थात्–"कुन्दपुष्प [2] शीतल, अतिगुलियो, टर्रो, सारक, हलौं, पाचक, दीपन, मुटुको हितकारी, पीरो, तीतो तथा पित्तरोग, मस्तकरोग, विष, सूज, आँउ, रक्तविकार र वातरोग नाशक हुन्छ।"

"कदम्ब कटुकस्तिक्तो मधुरस्तुवरः पटु।
शुक्रवृद्धिकरः शीतो गुरुर्विष्टम्भकारकः॥
रूक्षः स्तन्यप्रदो ग्राही वर्णकृद्योनिदोषहा।
रक्तरुङ् मुत्रकृच्छ्रञ्च बातापित्तं कफं व्रणम्॥

---

1. स्थूलवकुल अर्थात् शिवमल्ली (सेंवली) = Pterosperumum suberifolium.
2. कुन्दपुष्प (द्वाफोस्वाँ)=Molla.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दाहं विषं नाशयति ह्यंकुरा श्चास्य तूवरा ।
शीतवीर्याग्निदीपकाश्च लघवो रोचकापहा ॥
रक्तपित्तातिसारघ्नाः फलं रूच्यं गुरुस्मृतम् ।
उष्णवीर्यं कफकरं तत्पक्वं कफपित्तजित् ।
वातनाशकरं प्रोक्तमृषिभिस्तत्त्वदर्शिभिः ॥"

अर्थात्–"कदम्ब[1] पीरो, तीतो, गुलियो, टर्रो, खर्रो, शुक्रवर्द्धक, शीतल, गह्रौं विष्टम्भकारक, रुखो, स्तनधूलालुगराउने, मलरोधक, वर्णकारक तथा योनिकोरोग, रक्तकोरोग, मूत्रकृच्छ्र, वात, पित्त, घाउ, खोकी, दाह र विष नाशक हुन्छ। यसको अंकुर टर्रो, शीतवीर्य, अग्निदीपक, हलौं तथा अरुचि, रक्तपित्त र अतिसार हटाउने हुन्छ। यसको फल रुचिकारक, भारी तर उष्णवीर्य र कफकारक हुन्छ। सो फल पाकेपछि कफ र पित्तकारक तर वातनाशक हुन्छ।"

"केतकी कटुका स्वाद्वी लघ्वी तिक्ता कफापहा ।
उष्णातिक्तरसाज्ञेया चक्षुष्या हेमकेतकी ॥"

1. कदम्ब अर्थात् कदमकोफूल=Anthocephalus cadumba.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्–"केतकी [1] पीरो, स्वादिलो, हलौं, तीतो र कफनाशक हुन्छ। हेमकेतकी अर्थात् स्वर्णकेतकी [2] चाहिं गरम, तातो र आँखालाई हितगर्ने हुन्छ।"

*"अशोकः शीतलस्तिक्तो ग्राही वर्ण्यः कषायकः।
दोषापचीतृषादाहकृमिशोषविषास्रजित्॥"*

अर्थात्–"अशोक [3] शीतल, तीतो, मलरोधक, राम्रोवर्णगराउने, र गेरुरङ्ग तथा अपच, तृषा, दाह, कृमि, शोष, विष र रक्तदोषहारी हुन्छ।"

"झण्डुः कटुः कषायः स्याज्ज्वर भूतग्रहापहा॥"

अर्थात्–"झण्डु [4] पीरो, टर्रो तथा भूत र ग्रहको पीडा नाशक हुन्छ।"

---

1. केतकी = White pandanus.
2. स्वर्णकेतकी अर्थात् केवडा वा केवरा = Pandanus odoratissimus.
3. अशोक अर्थात् असौ=Guatterera longifolia or Jonesia asoka.
4. झण्डु मखमली फूल=Ferench mary-gold.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"स्याद्बन्धु जीवको ग्राही किञ्चिदुष्णो गुरुर्मतः ।
कफकृज्ज्वरहृद्वातपित्ते चैव विनाशयेत् ।
पिशाचग्रहवाधां च नाशयेदिति कीर्त्तितः ॥"

अर्थात्–"बन्धुकपुष्प [1] मलरोधक, केही गरम, गह्रौं, कफकारक, ज्वरनाशक तथा बात, पित्त, पिशाचको र ग्रहको वाधा हटाउने हुन्छ ।"

"सिन्दूरी कटुका तिक्ता कषाया श्लेष्मवातजित् ।
शीरोर्तिशमनी भूतनाशी चण्डीप्रिया भवेत् ॥"

अर्थात–"सिन्दूरपुष्पी [2] पीरो, तीतो, टर्रो अनि कफ, बात, मस्तकको रोग र भूतनाशक फेरि चण्डीको प्यारो हुन्छ ।"

"रसः प्रजाक्त पत्रस्य ज्वरघ्नस्तिक्तकः स्मृतः ।
पर्णखण्डसमायुक्तस्त्वचाकासविनाशनः ॥"

1. बन्धुकपुष्प (चाकहिफोस्वाँ)=Penlapetes phorincea.
2. सिन्दूरपुष्पी अर्थात् सुपारीफूल=Crnott.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्—"प्रजाक्तको[1] पातको रस ज्वरनाशक र तातो हुन्छ । यसको खोष्टा पानमा हालेर खाए खोकी निको हुन्छ ।";

"जपा शीता च मधुरा स्निग्धा पुष्टिप्रदा मता ।
गर्भवृद्धिकरी ग्राही केश्या जन्तुप्रदामता ॥
वान्ति जन्तुकरादाहप्रमेहार्शविनाशिनी ।
धातुरुक् प्रदरं चेन्द्रलुप्तञ्चैव विनाशयेत् ॥
जपापुष्पं लघुग्राहि तिक्तं केशविवर्द्धनम् ॥"

अर्थात्—"जपापुष्प[2] शीतल, गुलियो, चिल्लो, पुष्टिदिने, गर्भवृद्धिकारक, ग्राही, बालकहरूको हितकारी, वान्ता गराउने, कृमिउत्पन्नगराउने तथा दाह, प्रमेह, बवासीर, धातुरोग, प्रदर र इन्द्रलुप्तरोग हरणगर्ने हुन्छ । यसको फूल हलौं मलशोधक तातो र केशवर्द्धक हुन्छ ।"

"अगस्तिकुसुमं शीतं चातुर्थिकनिवारकम् ।
नक्तान्ध्यनाशनं तिक्तं कषायं कटुपाकिच ॥
पिनसश्लेष्मपित्तघ्नं वातघ्नं मुनिभिर्मतम् ॥"

---

1. प्रजाक्त अर्थात् पारिजात=Square stalked Nytnacthes.
2. जपापुष्प=shoe flower. (बाह्रमासे)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्–"अगस्तिपुष्प[1] शीतल, चातुर्थिकज्वर-निवारक, नक्तान्ध्यनाशक, तीतो, टर्रो, पीरो, पचाउने तथा पिनास, कफ, पित्त र वातनाशक हुन्छ।"

"तुलसी कटुका तिक्ता हृद्योष्णा दाहपित्तकृत्।
दीपनी कुष्ठकृच्छ्रास्त्रपार्श्वरुक्कफवातजित्॥
शुक्लाकृष्णा च तुलसी गुणैस्तुल्याप्रकीर्तिता॥"

अर्थात्–"तुलसी पीरो, तीतो, मुटुलाई हितगर्ने, गरम, दाहकारक, पित्तजनक, दीपन तथा कुष्ठ, मुत्रकृच्छ्र, रक्तविकार, कोखादुखने रोग, कफ र वात नाशक हुन्छ। शुक्लातुलसी[2] र कृष्णातुलसीको[3] गुण एकै हुन्छ।"

"दमनः शीतलस्तिक्त हृद्योवृष्यः सुगन्धिकः।
ग्रहणाद्विषकुष्टास्त्रक्लेदकण्डू त्रिदोषजित्॥"

---

1. अगस्तिपुष्प=Large flowered agita.
2. शुक्लातुलसी=White Basil.
3. कृष्णतुलसी=Purple-stalred Basil.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्–"दमनपुष्प [1] शीतल, तीतो, मुटुलाई हितगर्ने, वीर्यवर्द्धक र सुगन्धित हुन्छ। यसको सेवन गर्नाले विष, कुष्ठ, रक्तविकार, क्लेद, कण्डू र त्रिदोष नाशक हुन्छ।"

"कमलं शीतलं वर्ण्यं मधुरं कफपित्तजित्।
तृष्णादाहस्त्रविस्फोट विषवीसर्पनाशनम्॥"

अर्थात्–"(साधारण) कमल [2] शीतल, राम्रो वर्णबनाउने, गुलियो, कफ, पित्त, तीर्खा, दाह, रक्तदोष, विस्फोट, विष, र विसर्परोगको नाशक हुन्छ।"

"धवलं कमलं शीतं मधुरं कफपित्तजित्।
कषायं वर्णकृन्नेत्रं रक्तदोष तृषाहरम्॥
कफं पित्तं श्रमं दाहं तृष्णां शोथं व्रणं ज्वरम्।
सर्वविस्फोटकं चैव नाशयेदिति कीर्त्तितम्॥"

---

1. दमनपुष्प (दमना) अर्थात् धनचास्वाँ=Worm-wood.
2. कमल=Lotus flower.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्–"सेतोकमल[1] शीतल, गुलियो कफ पित्त नाशक, वर्णलाई उज्यालो बनाउने, आंखाको हित-गर्ने तथा कफ, पित्त, श्रम, दाह, तीर्खा, शोथ, व्रण, ज्वर र सबै विस्फोट नाशक हुन्छ।"

"कोकनदं कटुतिक्तं मधुरं शिशिरञ्च रक्तदोष हरम्।
पित्तकफवातसमनं सन्तर्पणकारणं वृष्यम्॥"

अर्थात्–"रातोकमल[2] पीरो, तीतो, गुलियो, शीतल, रक्तदोषनाशक, पित्त, कफ र वात समन गर्ने, सन्तर्पण तथा शुक्रवृद्धि गराउने हुन्छ।"

"नीलाब्ज शीतलं स्वादु सुगन्धि पित्तनाशकृत्।
रुच्यं रसायने श्रेष्ठं केश्य च देहदार्ढ्यकृत्॥"

अर्थात्–"नीलकमल[3] 'शीतल, स्वादीलो, सुगन्धि, पित्तनाशक, रुचिकारक, रसायनकर्ममा उत्तम, केशवर्द्धक तथा देहदृढगराउने हुन्छ।"

1. सेतोकमल = White lotus, Nelumbium speciosum.
2. रातोकमल = Red Lotus, N. carruleum.
3. नीलकमल = Blue Lotus, N. pubescins.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फलहरूमा पनि कुनैको पात र फूल समेत र कुनैको फूल र फल फेरि कुनैको फल मात्रै पूजामा प्रयोग गरिन्छ। अतः उदाहरणको लागि "आयुर्वेद" को अलिकति उक्ति दर्शाउंछु।"

"आम्रपुष्पमतीसारकफपित्तप्रमेहनुत्।
असृग्दुष्टिहरं शीतं रुचिकृद्ग्राहिवातलम्॥"

अर्थात्—'आँप को [1] फूल अतीसार, कफ पित्त प्रमेह र रक्तको विकार नाशक अनि शीतल, रुचिकारक, मलरोधक तथा वातरोधक हुन्छ।"

"वालाम्रस्तुवरश्चोष्णः सुगन्धिश्चाम्लकः स्मृतः।
क्षारस्ययोग्नाद्रुचिरो ग्राही रूक्षश्च कान्तिदः॥
पित्तवातकफान्रक्तदोषांश्चैव करोति सः।
पक्कं तु मधुरं वृष्यं स्निग्धं वलसुखप्रदम्॥
गुरुवातहरं हृद्यं वर्ण्यं शीतमपित्तलम्।
कषायानुरसं वह्नि श्लेष्मशुक्रविवर्द्धनम्॥"

अर्थात्—"काँचो आँप टर्रो, गरम, सुगन्धि, अमिलो, नुनसित मिल्दा रुचिकारक, मलरोधक, रुखखो

1. आँप = Mango.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तथा कान्ति, पित्त-वात, कफ र रक्तदोष बढाउने तर कण्ठरोग, वात, प्रमेह, योनिदोष, व्रण, अतीसार र प्रमेह हटाउने हुन्छ। पाकेको (आँप) चाहिं गुलियो, वीर्यवर्द्धक चिप्लो, बल र सुख दिने, गह्रौं, वातनाशक, मुटुलाई हितगर्ने, राम्रो वर्ण बनाउने, शीतल, पित्तवद्न नदिने, केही टर्रो भावको तथा अग्नि, कफ र शुक्र बढाउने हुन्छ।"

"दाडिमं त्रिविधं स्वादु स्वाद्वम्लं केवलाम्लकम् ।
तत् तु स्वादु त्रिदोषघ्नं तृड्दाहज्वरनाशनम् ॥
हृत्कण्ठमुखरोगघ्नं तर्पणं शुक्रलं लघु ।
कषायानुरसंग्राहि स्निग्धमेधावलावहम् ॥
स्वाद्वम्लं दीपनं रूच्यां किञ्चित् पित्तकरं लघु ।
अम्लं तु पित्तजनकमम्लं वातकफापहम् ॥"

अर्थात्–"अनार [1] तीन जातका हुन्छन्; गुलियो (वेदाना) गुलियो र अमिलो अर्थात् खड़ारस (अनार) तथा अमिलो (दारिम); तिन मध्ये गुलियो (वेदाना) त्रिदोषनाशक, तिर्खा, दाह, ज्वर, मुटुकोरोग,-

1. अनार = Pomegranate.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कण्ठरोग र मुखरोग हटाउने हुन्छ अनि तृप्तिकारक, शुक्रजनक, हलौं, केहीटर्रो, मलरोधक, चिल्लो मेधाजनक र बलवर्द्धक समेत हुन्छ। खडारस (अनार) दीपन, रुचिकारक, केहीपित्तकारक र हलौं हुन्छ। अमिलो (दारिम) चाहिं पित्तकारक, अमिलो तथा वात र कफनाशक हुन्छ।"

"*कदलं मधुरं वृष्यं कषायं नाति शीतलम्।*
रक्तपित्तहरं हृद्यं रूच्यं श्लेष्मकरं गुरु ॥

अर्थात्–"केरा[1] गुलियो वीर्यवर्द्धक, केही टर्रो, शीतल, रक्तपित्तनाशक, मुटुलाई हितगर्ने, रुचिकारक र गह्रौं हुन्छ।" यो सबै प्रकारको केराको साजा गुण हो। तर केरा धेरै थरीका हुन्छन् र हरेक जातमा विशेष गुण फरक हुन्छ। यहाँ त्यसको विशेष आवश्यक नहुंदा र लेखविस्तार भयले सबै कुरा दर्शाउन नसकेमा क्षमा प्रार्थी छु।

"*नारिकेलं सुमधुरं गुरु स्निग्धञ्च शीतलम्।*
हृद्यं संबृहणं वस्तिशोधनं रक्तपित्तनुत् ॥

1. केरा = Plantain.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्–"नरिवल[1] गुलियो, गह्रौं, चिल्लो, शीतल, मुटुलाई हितगर्ने, पुष्टीगराउने, बस्तिसोधक र पित्तनाशक हुन्छ।"

"खर्जूरी त्रितयं शीतं मधुरं रसपाकयोः।
स्निग्धं रुचिकरं हृद्यं क्षतक्षयहरं गुरु॥
तर्पणं रक्तपित्तघ्नं पुष्टिविष्टम्भशुक्रदम्।
कोष्ठमारुतहृद्बल्यं वान्ति वातकफापहम्॥
ज्वराभिघातक्षुत्तृष्णाकासश्वासनिवारकम्।
मदमूर्च्छामरुत्पित्तमद्योद्भुतगदान्तकृत्॥
महतीर्य्या गुणैरल्पा स्वल्पखर्ज्जूरिका मता।
तस्मादल्प गुणं ज्ञेयं मन्यत् खर्ज्जूरिका फलम्॥"

अर्थात्–खर्जूरी[2] मध्ये (छोहोरा, सानुछोहोरा र खजूरी) तीनै जातका शीतल, गुलियो, चिल्लो, रुचिकर गह्रौं तृप्तिकारी, पुष्टिकारक, विष्टम्भकारक, शुक्र र बलवर्द्धक तथा क्षत, क्षय, रक्तपित्त, कडारोग, वातज्वर, अभिघात, वमन, वात, कफ, भोक, तीर्खा, खोकी, दम, मद, मूर्च्छा, वातपित्त र मद्यपानजनितरोगहरू हटाउने

1. नरिवल = Coconut.
2. खर्जूरी = Date-fruit.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ । ठूलो खज्जूरीको भन्दा साना सानाका गुणहरू कति हुनाले तिनलाई 'अल्पगुणी' भन्दछन् ।

"वाताद उष्णः सुस्निग्धो वातघ्नः शुक्रकृद् गुरुः ।
वातादमज्जा मधुरा वृष्यापित्तनिलापहा ॥
स्निग्धोष्णकफकृन्नेष्टारक्तपित्तविकारिणाम् ॥"

अर्थात्–"वाताद [1] गरम, चिल्लो, वातनाशक, शुक्रवर्द्धक र गह्रौं हुन्छ । वातादको तेल गुलियो, वीर्यवर्द्धक, वातपित्तनाशक, चिल्लो, गरम, कफकारक र पित्तकोरोगीलाई हितगर्ने हुन्छ ।"

"सेवं समीर पित्तघ्नं बृहणं कफकृद्गरु ।
रसे पाकेच मधुरं शिशिरं रुचिशुक्रकृत् ॥"

अर्थात्–"सेव [2] वातपित्तनाशक, पुष्टिकारक, कफकारी र गह्रौं हुन्छ; यसको रस र पाक गुलियो, शीतल तथा रुचि र शुक्रवर्द्धक हुन्छ ।"

1. वाताद अर्थात् वदामकागजी = Almond.
2. सेव अर्थात् स्याउ = Apple.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"पेरूकं तुवरं प्रोक्तं स्वाद्वम्लं कफकारकम् ।
शुक्रलं वातपित्तघ्नं शीतलं चरसंमतम् ॥"

अर्थात्—"पेरुक [1] टर्रो, स्वादिलो, अमीलो, कफकारक, शुक्रजनक, वातपित्तनाशक र शीतल हुन्छ ।"

"नारङ्गन्तु सुरभि विपाके दुर्ज्जरं गुरु ।
नात्यल्ममीषन्मधुरं वृष्यं वातविनाशनम् ॥"

अर्थात्—"नारङ्ग [2] सुगन्धि, पच्न गाह्रो हुने, गह्रौं, केही अमिलो, केही गुलियो, वीर्यवर्द्धक र वातनाशक हुन्छ ।"

"वीजपूरफलं स्वादु रसेम्लं दीपनं लघु ।
रक्तपित्तहरं कण्ठजिह्वाहृदयशोधकम् ॥
श्वासकासारुचिहरं हृद्यं तृष्णाहरं स्मृतम् ॥"

अर्थात्—"वीजपूरफल [3] स्वादीलो, अमिलो, तोर्खानाशक, दीपन, हलौं, रक्तपित्तनाशक, कण्ठशोधक,

1. पेरुक अर्थात् अम्बा = Guava.
2. नारङ्ग अर्थात् सुन्तला = Qrange.
3. वीजपूरफल अर्थात् बिमिरो = Cricrus.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जिब्रो साफगर्ने, हृदयशोधक फेरि दम, खोकी, अरुची तथा तीर्खा हटाउने र मुटुको हितगर्ने हुन्छ।"

"निम्बूकमम्लं वातघ्नं दीपनं पाचनं लघु।
निम्बूकं कृमिसमूहनाशनं तीक्ष्णमम्लमुदरश्रमापहम्॥
वातपित्तकफशूलिनांहितंकष्टनष्टरुचिरोचनं परम्॥"

अर्थात्—"निम्बूक[1] अमिलो, वातनाशक, दीपन, पाचन, हलौं, कृमिसमूहनाशक, पीरो, अमिलो, पेटकोरोगनाशक, श्रमहारक, वात, पित्त, कफ र शूललाई हितगर्ने, अरुचीनिवारक र रोचक हुन्छ।"

"जम्बीरं मधुरं किञ्चिदत्यम्लं पित्तकृद् गुरु।
सुगन्धि दुर्ज्जरं वह्निकफवातविबन्धनुत्॥"

अर्थात्—"जम्बीर[2] केही गुलियो, अति अमिलो, पित्तकारी, गह्रौं सुगन्धित, दुर्जर तथा अग्नि, वायु र कफको वन्धन हटाउने हुन्छ।"

---

1. निम्बूक अर्थात् कागती = Lemons.
2. जम्बीर अर्थात् ज्यामीम = Large-lemons.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"आरुको ग्राही तुवरो हृद्यः शीतो गुरुः स्मृतः ।
मलावष्टम्भको ग्राही भेदी चोष्णः कफापहः ॥
पित्तहृत् पाचक श्चाम्लो मधुरश्च मुखप्रि यः ।
मुखस्वच्छकरश्चैव मेहगुल्मार्शनुत् परः ॥
रक्तवातरुजां हन्ता सपक्को मधुरो गुरु ।
कफपित्तकरश्चोष्णो रुच्यो धातुविवर्द्धकः ॥
प्रियश्चैव तथा प्रोक्तो मेहार्श ज्वरवातहा ॥"

अर्थात्–"आरूक [1] मलरोधक, टर्रो, मुटुलाई हितगर्ने, शीतल, गह्रौं, मलस्तम्भक, ग्राही, दस्तावर, गरम तथा कफपित्तनाशक, पाचक, अमिलो, गुलियो, मुखप्रिय, मुखस्वच्छपार्ने अनि प्रमेह, गुल्म, बवासीर र रक्तवात नाशक हुन्छ ।"

"वीरारुकं स्मृतं चाल्पगुणकं रूपभेदतः ॥"

अर्थात्–"वीरारुकको [2] रूप फरक हुदा गुण थोरै हुन्छ ।"

---

1. आरुक अर्थात् आलुवखडा=Prune or Prunns.
2. वीरारुक अर्थात् आरु=Peach.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"पनस शीतलं पक्वं स्निग्धं पित्तानिलापहम् ।
तर्पणं बृहणं स्वादु मांसलं श्लेष्मलं भृशम् ॥
वल्यं शुक्रप्रदं हन्ति रक्तपित्तक्षतक्षयान् ।
आमन्तदेवविष्टम्भिवातलं तुवरं गुरु ॥
दाहकृन्मधुरं बल्यं कफमेदो विमर्दनम् ।
पनसोद्भुतबीजानि वृष्याणि मधुराणिच ॥
गुरूणिवद्धवर्च्चांसि सृष्टमूत्राणि संवदेत् ।
मज्जापनसजो वृष्यो वातपित्तकफापह ॥"

अर्थात्–"पनस[1] पाकेको चाहिं शीतल, चिल्लो, बातपित्तनाशक, तृप्तिकारक, पुष्टिकारक, स्वादीलो, मांसवर्द्धक, कफकारक, बलवर्द्धक, शुक्रजनक तथा रक्तपित्त र क्षतक्षय नाशक हुन्छ; काँचो चाहिं वादि टर्रो, गह्रौं, दाहकारक, गुलियो, बलकारक, कफ र मेदनाशक हुन्छ। यसको बीयाँ वीर्यवर्द्धक, गुलियो, गह्रौं, झाडाकस्ने र मूत्रखलासगर्ने हुन्छ। यसको खोटो बीर्यवर्द्धक तथा वात, पित्त र कफनाशक हुन्छ।"

1. पनस अर्थात् रूखकटहर=Bread-fruit.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"पूगं गुरुहिमं रूक्षं कषायं कफपित्तजित् ।
मोहनं दीपनं रुच्यमास्यवैरस्य नाशनम् ॥
अर्द्रं तद्गुर्बभिष्यन्दि वह्निदृष्टिहरं स्मृतम् ।
स्विन्नं दोषत्रयच्छेदि दृढमध्यं तदुत्तमम् ॥"

अर्थात्–"पूग[1] गह्रौं, शीतल, रूखो, टर्रो, कफपित्तनाशक, मोहकारक, दीपन, रुचिकर र मुखको दुर्गन्धनाशक हुन्छ। काँचो सुपारी गह्रौं, अभिष्यन्दी, मन्दाग्निकारक र आँखा कमजोर पार्ने हुन्छ। गुदी दृढभएको ताछेको सुपारी दोषत्रयनाशक हुन्छ।"

"अनंनासमपक्वं तु रुच्यं हृद्यं गुरुर्मतम् ।
कफपित्तकरं चैव प्रोक्तं चान्नमरोचकम् ॥
श्रमं क्लमं नाशयति तत् पक्वं स्वादु पित्तहृत् ।
रसातपविकारं च नाशयेदितिकीर्तितम् ॥"

अर्थात्–"अनंनास[2] काँचो चाहिं मुटुलाई हितगर्ने, गह्रौं, कफपित्तकारक; अन्नअरोचक अनि श्रम र

---

1. पूग अर्थात् सुपारी=Betelnut.
2. अनंनास अर्थात् भईकटहर=Pine apple.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

क्लम नाशक हुन्छ। पाकेको चांहीं स्वादिलो, पित्त-कारक, रसविकार र अनपविकार हटाउने हुन्छ।"

"पच्यमानं सुमधुरं सौवीरं बरदं महत्।
सौवीरं वरदं शीतं भेदनं गुरुशुक्रलम्॥
बृंहणं पित्तदाहस्त्रक्षयतृष्णानिवारणम्।
सौवाराल्लघुसंपक्वं मधुरं कोलमुच्यते॥
कोलन्तु वदरं दाहि रुच्यमुष्णञ्च बातहृत्।
कफपित्तकरं चापि गुरुसारकमीरितम्॥
कर्कन्धूः क्षुद्रबदरं कथितं पूर्वसूरिभिः।
अम्लंस्यात्क्षुद्रबरदं कषायं मधुरं मनाक्॥
स्निग्धं गुरु च तिक्तं च वात पित्तापहं स्मृतम्।
शुष्कं भेद्यग्निकृत्सर्वंलघुतृष्णाक्लमास्त्रजित्॥"

अर्थात्–"बदर[1] मध्येमा ठूलो र पाक्दा गुलियो हुने जातलाई 'सौवीर' भन्दछन्। यो शीतल भेदक, गह्रौं, शुक्रजनक, पुष्टिकारक तथा पित्त, दाह, रक्तविकार, क्षय र तीर्खा निवारक हुन्छ। सो भन्दा सानो अर्थात् सामान्य जातको पाक्ता गुलियो हुनेलाई 'कोलवदर' भन्दछन्। यो रुचिकारक, गरम, वातनाशक,

1. बदरं अर्थात् बएर=Jujob.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कफपित्तकारक, गह्रौं र सारक हुन्छ। सानो जातकोलाई 'कर्कन्धूवदर' भन्दछन्। यो अमिलो टर्रो, गुलियो, चिल्लो, गह्रौं, तीतो र पित्तनाशक हुन्छ। सबै जातका वएरहरू सुखेपछि भेदक, अग्निजनक, हलौं तथा तीखो, क्लम, र रक्तदोष नाशक हुन्छन्।"

"अञ्जीरकं फलमतीव सुशीतल ञ्च।
सद्यो निवारयति शोणितपित्तमुग्रम्॥
पथ्यं विशेषमपि पित्त शिरोविकारे।
नासा प्रवृत्तरूधिरे च विशेषतस्तु॥"

अर्थात्—"अञ्जीर[1] अत्यन्तशीतल, रक्तपित्तलाई तुरन्तै हाटाउने, पित्त र टाउको को रोगमा विशेष पथ्य हुन्छ; फेरि यसले नाकवाट वाहिर निस्किएर बग्ने रगत रोक्छ।"

"द्राक्षा तु मधुरा स्निग्धा वृष्या शीतानुलोमनी।
वल्या वृष्याक्षतक्षीणतृषावातास्रपित्तजित्॥"

1. अञ्जीर = Fig.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्—"द्राक्षा [1] गुलियो, चिल्लो, वीर्यवर्द्धक, शीतल, मलभेदक, बलकारक, वीर्यवर्द्धक तथा क्षत, क्षीण, वात र रक्तपित्तनाशक हुन्छ।"

"द्राक्षा तु गोस्तनी शीता हृद्या वृष्या गुरुर्मता।
वातानुलोमनी स्निग्धा हर्षदा श्रमनाशिनी॥
दाहमूर्च्छाश्वासकासकफपित्तज्वरापहा।
रक्तदोषं तृषां वातं हृद्व्यथां चैव नाशयेत्॥"

अर्थात्—"गोस्तनी द्राक्षा [2] शीतल, मुटुलाई हितगर्ने, वीर्द्ध वर्द्धक, गह्रौं, वातानुलोमन, चिल्लो, हर्षजनक तथा श्रम, दाह, मूर्च्छा, श्वास अर्थात् दम, खोकी, पित्तज्वर, रक्तविकार, तीर्खा, वात र मुटुको रोग नाशगर्ने हुन्छ।"

"लघ्वी द्राक्षा तु मधुरा शीता वृष्या रुचिप्रदा।
अम्ला रसाला संप्रोक्ता श्वासकासजरापहा॥

1. द्राक्षा अर्थात् अंगुर = Grapes.
2. गोस्तनी द्राक्षा अर्थात् मुनक्का दाख = Roisins-grapes.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हृद्व्यथारक्तपित्तघ्नी क्षतक्षयविनाशिनी ।
स्वरभेदं तृषां वातं पित्त चैव विनाशयेत् ॥
तिक्ततां च मुखस्यापि नाशयेदिति कीर्तिता ॥"

अर्थात्–"लघ्वी द्राक्षा[1] गुलियो, शीतल, वीर्यवर्द्धक, रुचिप्रद, अमिलो, रसाल तथा दम, खोकी, ज्वर, मुट्को पीड़ा, रक्तपित्त, क्षतक्षय, स्वरभेद, तीर्खा, वात, पित्त तथा मुखको तीतोपना हटाउने हुन्छ ।"

पूजामा नैवेद्य पछि (पान) ताम्बूल अर्पण गर्नै पर्छ । फूल र नैवेद्य भने यथालाभ चढाए हुन्छ; तर ताम्बूल न चाढाई हुदैन, नपाए अक्षता वा फूललाई ताम्बूल कल्पना गरी चढाउनु पर्छ । किन भने पानलाई शास्त्रले सर्वतत्वात्मक मानेको छ । यसको गुण यस्तो हुन्छ ।

"ताम्बूलं कटुतिक्तमुष्णमधु क्षारं कषायान्वितम् ।
वातघ्नं कृमिनाशनं कफहर दुःखस्य विच्छेदनम् ॥
स्त्रीसंभाषणभूषणं धृतिकरं कमाग्निसंदीपनम् ।
ताम्बूले निहिता त्रयोदशगुणाः स्वर्गेऽपि ते दुर्लभाः ॥"

1. लघ्वीद्राक्षा अर्थात् किसमिसदाख = Witins venifera.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्–"ताम्बूल[1] पीरो, तीतो, तातो, गुलियो, नुनिलो, टर्रो, स्वादिलो, तथा वात, कृमि, कफ र दुःख हटाउने हुन्छ। फेरि स्त्रीसंभाषणको लागि गहना झैं हुन्छ र धारणशक्ति अर्थात् संझने शक्ति तथा कामाग्नि अर्थात् वाजिकरण शक्ति यस्ले बढाउंछ। स्वर्गमा पनि दुर्लभ १३ गुण यसमा हुन्छ।"

अब चन्दनादि अरू पूजालाई चाहिने सामानहरूको गुणको यथा ज्ञान चर्चा गर्दछु। 'आयुर्वेदमा' यस्तो वचन छ।

"श्रीखण्डः कटुकस्तिक्तो वृष्यः शीतकषायकः।
कान्तिकृत्कामजनको हृद्यश्च सुरभिर्मतः॥
काह्लादनोलघूरूक्षः पित्त भ्रान्तिज्वरापहः।
छर्दितृट्क्रमिसन्तापदाहश्रमविनाशनः॥
मुखरोगं रक्तदोषं शोषञ्चैव विनाशयेत्॥"

अर्थात्–"श्रीखण्ड चन्दन[2] तीतो, पीरो, वीर्यजनक, शीतल, टर्रो, कान्तिदायक, कामजनक,

---

1. ताम्बूल अर्थात् पान = Betel leaf.
2. श्रीखण्ड चन्दन = Sandal-wood.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मुटुलाई हितगर्ने, सुगन्धी, आह्लादजनक, हलौं, रूखो तथा पित्त, भ्रम, ज्वर, वान्ति, तीर्खा, कृमि, सन्ताप, दाह, श्रम, मुखरोग, रक्तविकार र शोष नाकक हुन्छ।"

"रक्तचन्दनमतीवशीतलंतिक्तलक्षणगदास्त्रदोपनुत् ।
वातपित्तकफकाससंज्वरभ्रान्तिजंतुवमथुतृषापहम ॥"

अर्थात्–"रक्तचन्दन[1] अतिठण्डा, तीतो, रक्तरोगनाशक, वात, पित्त, कफ, कासज्वर, भ्रान्ति, कृमि, वमन र तीर्खा शान्तगर्ने हुन्छ।"

"सिसोपधातुः सिन्दूरं गुणस्तत्ससिवम्नतम् ।
संयोगजप्रभावेन तस्याप्यन्ये गुणः स्मृताः ॥"

अर्थात्–"सीसा[2] बाट सिन्दूर बन्दछ; त्यस उसले सिन्दूरलाई 'सीसाको उपधातु' भन्दछन्; यसको गुण सीसाकै जस्तो भए पनि संयोगजप्रभावले अरू पनि गुण हुन्छ।"

---

1. रक्तचन्दन=Redsandal-wood.
2. सीसा=Lead.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"सिन्दूरमुष्णं वीसर्पकुष्ठकण्डूविषापहम् ।
भग्नसन्धानजननं व्रणशोधनरोपणाम् ॥"

अर्थात्—"सिन्दूर [1] गरम, विसर्प, कुष्ठ, कण्डू र विषनाशक, तथा भांच्चिएको जोड्ने र व्रणलाई शोधन गरी पानी चढाउने हुन्छ ।"

अब मकारहरू तिर विचार गरौं । सर्व प्रथम मद्यको भेदको बारेमा 'कुलार्चनदीपिका' मा यस्तो वचन छ ।

"गौडी पैष्टी च माध्वी च विज्ञेया त्रिविधा सुरा ।
नाना द्रव्योद्भवा सैव नाना फलप्रदायिनी ॥
सर्वसिद्धिप्रदा पैष्ठी गौडी भोगप्रदायिनी ।
माध्वी मुक्ति करी प्रोक्ता द्राक्षा राजत्वदायिनी ॥
तालजा स्तम्भने ज्ञेया खार्जूरी रिपुनाशिनी ।
नारिकेलोद्भवा श्रीदा पानस्याख्या सुखप्रदा ॥"

अर्थात्—"गौडी (चाकुको अरख), पैष्टी (पीठोको अरख) तथा माध्वी (महको अरख) यति तीन थरीका सुरा अर्थात् मद्य हुन्छन् । नानाथरीका

---

1. सिन्दूर=Vermilian.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

द्रव्यबाट बनेका थरी थरीका मद्यको (पूजामा) प्रयोग हुंदा फरक फरक नतिजा हुन जान्छ। कस्तो भने, पष्टीको प्रयोगबाट सर्वसिद्धि, गौडीबाट भुक्ति माध्वीबाट मुक्ति, द्राक्षा (दाखको अरख) बाट राजत्व, तालजा (ताडको अरख) बाट स्तम्भन, खार्जूरी (छोहोराको अरख) बाट शत्रुनाश हुन्छ।" यो कालीकल्पको मत हो।

श्रीकल्पको मतमा 'बृहद्वडवानलतन्त्रमा' यस्तो वचन छ।

"गौडी तर्कवितर्ककाव्यरचनालङ्कारबुद्धिप्रदा।
पैष्टी पुष्टि विवर्द्धिनी सुखकरी सर्वापदोन्मूलिनी॥
धान्या नामयकारिणी जयकरी चारोग्यदा बल्करी।
धान्या स्फूर्तिकरी ह्यघौघशमनी दोषादिकानाशिनी॥
माध्वी वश्यकरी पशुक्षयकरी चाद्वैततावोधिनी।
पौष्पीराज्यकरी शुभोदयकरी माङ्गल्यसंवर्धिनी॥
आनन्दौघविधायिनी रिपुकुलविध्वंसिनी खार्जुरी।
चत्वज्ञानकरी विमुक्तिफलदा द्राक्षा परारूपिणी॥"

अर्थात्–"गौडी (पूजामा प्रयोग हुदा) अनेक तर्कवितर्क गरी अलङ्कार भरेर काव्य रचनागर्ने बुद्धिदिने;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पैष्टी पुष्टि वढाउने सुख दिने र सबै आपत्तिको निर्मूल गराउने; धान्या नाम दिने, जयगराउने, फूर्तिवढाउने, पापहरू नाश गराउने र दोषादि हटाउने; माध्वी वश्यगर्ने र पशुभाव हटाएर अद्वैतताको बोध गराउने; पौष्पी (फूलको अरख) राज्य दिने, शुभोदय गराउने, माङ्गल वढाउने र आनन्दको समूह दिने; खार्जूरी शत्रुनाश गर्ने तथा द्राक्षा तत्वज्ञान गराएर मुक्ति दिने हुन्छन् ।"

यस्ता थरी थरीका मद्य वनाउने तरिका पूजाको लागि 'रुद्रयामलतन्त्रमा' र औषधीको लागि रावणरचित 'अर्कप्रकाश' नामक ग्रन्थमा वताएको छ ।

अब औषधीको लागि प्रयोग हुने मधहरू मध्ये कुनै कुनैको चर्चा गरेर दिग्दर्शन गराउने चेष्टा गर्दछु ।

रावणको 'अर्कप्रकाश' मा यस्तो वचन छ ।

"शालि षष्टिकपिष्टानिकृतं मद्यं सुरा स्मृता ।
सुरा गुर्वी वलस्तन्य पुष्टिमेदः कफप्रदा ॥
ग्राहिणी शोथगुल्मार्शोग्रहणीमूत्रकृच्छ्रनुत् ॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्–"शालि र सठिया धानको पीठोबाट बन्ने मदिरालाई 'सुरा' भन्दछन्। सो सुरा गहौं, बल-कारक, स्तनमा दूध बढाउने, पुष्टिकारक, कफजनक, मलरोधक तथा शोथ, गुल्म, अर्श, ग्रहणी र मूत्रकृच्छ्र नाशक हुन्छ।"

"पुनर्नवाशिलापिष्टैर्वारुणीविहितामता।
संहितैस्तालखर्जूररसैर्या सापिवारुणी।
सुवावद्वारुणी लघ्वी पीनसाध्मानशूलनुत्॥"

अर्थात्–"पुनर्नवालाई[1] ढुङ्गामा पिनेर बनाउने मदिरालाई 'वारुणी' भन्दछन्। मतान्तरमा खर्जूरादिको रसमा बन्ने मदिरालाई पनि वारुणी भन्दछन्। यी (दुवै थरीका) वारुणीको गुण सुराकै जस्तो हुन्छ; बर विशेष गरेर हलौं तथा पिनास, शूल र दम हटाउने हुन्छ।"

"इक्षोः पक्वैकरसैः सिद्धः सीधुः पक्वरसश्चसः।
आमस्तैरेवयः सीधुः स च शीतरसः स्मृतः॥

---

1. पुनर्नवा=spreading Hogneed.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सीधुः पक्वरसः श्रेष्ठः स्वराग्नि बलवर्णकृत् ।
वातपित्तकरः सद्यः स्नेहनो रोचनो हरेत् ॥
विबन्धमेदः शोफार्शः शीफोदरकफामयान् ।
तस्मादल्पगुणः शीतरसः संलेखनः स्मृतः ॥"

अर्थात्–"पाकेको उखूको[1] रसबाट बन्ने मदिरालाई 'सीधु' भन्दछन्; फेरि काँचा उखूको रसबाट बन्ने मदिरालाई 'शीतरस' भन्दछन् । सीधु श्रेष्ठ, स्वर, अग्नि, बल र वर्ण सपार्ने तत्काल वात पित्त कारक, चिल्लो, रोचन, विबन्ध, मेद, सूज, बवाशीर, पेटफुल्ने रोग र कफ नाशक हुन्छ । शीतरस चाहिं सींधु भन्दा थोरै गुण भएको र संलेखन हुन्छ ।"

"गौडीकषाया मधुराम्लशीता, सन्दीपनी शूलमलापहन्त्री ।
हृद्या त्रिदोषं शमयन्त्यजीर्णम् , पाण्ड्वामयार्शः श्वसनानिहन्ति ॥"

अर्थात्–"गौडी कषाय गुलियो, अमिलो, शीतल, अग्निप्रदीपक, शूल र मल हटाउने, मुटुलाई

---

1. उखू=suger-Cane.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हितगर्नें, त्रिदोषनाशक तथा अजीर्ण, पाण्डुरोग, बवासीर र दम नाशक हुन्छ।"

"माध्वी सुरा तु मधुरा किञ्चिदुष्णकषायका।
तीक्ष्णालघ्वी च हृद्या च रूक्षा च छेदनी मता॥
पित्तं वातं च पाण्डुञ्च कामला ञ्च प्रमेहकम्।
गुल्मं चार्शः प्रतिश्यायं विषं कुष्ठ ञ्च नाशयेत्॥"

अर्थात्—"माध्वीसुरा गुलियो, केही गरम कसाय, पीरो, हलौं, मुटुलाई हितगर्नें, रूखा, छेदक तथा पित्त, वात, पाण्डूरोग, कमलपित्त, प्रमेह, गुल्म, बवासीर, प्रतिश्याय, विष र कुष्ठ नाशगर्नें हुन्छ।"

"पैष्टी सुरा तु मधुरा तीक्ष्णाम्ला कटका गुरुः।
दीपनी स्तन्यकफदा मेहपुष्टिकरी मता॥"

"गुलीयो, पीरो र गह्रौं पैष्टी अग्निदीपक, रुचिकर, वात-नाशक, पित्तकारक र पाण्डुरोग उत्पन्न गराउनें हुन्छ।"

"माध्वीकंशीतलाम्लं मधुरमपि तथास्यात्कषायोष्णकञ्च।
हन्यात् पित्तामयार्शः श्वसनमपि तथा चातिसारं प्रमेहान्॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शूलानाहोपमर्दं जरयति सकलं दीपयत्यग्निसात्म्यम् ।
तस्माद्वातामवातं वमनमपि तथा हन्ति सर्वांश्चरोगान् ॥"

अर्थात्–"माध्वीक अर्थात् मौवाको मदिरा शीतल, अमिलो, गुलियो, कषाय, गरम तथा पित्त, अर्श, दम, अतिसार, प्रमेह, शूल र अनाह हटाउने हुन्छ । सबथोक पचाउने, अग्निदीपन गर्ने तथा वात, आमवात र वमन नाशक अनि सात्म्य हुन्छ ।"

"यवमद्यं स्तम्भकं च रूक्षं चैव तु दीपकम् ।
मोहकं चाग्निजनकं वृष्यं वातकफापहम् ॥"

अर्थात्–"यवमद्य वा यावक अर्थात् जउको मदिरा स्तम्भक, रूखा, अग्निदीपक, मोहकारक, अग्निकारक, वीर्यवर्द्धक र वात पित्त नाशक हुन्छ ।"

"खार्जूमद्यं शीतं स्याद्रुच्यं वातकरं गुरु ॥"

अर्थात्–"खर्जूरमद्य वा खार्जूरी शीतल, वादी, रुचिकारक र गह्रौं हुन्छ ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"द्राक्षासुरा तु मधुरा श्रेष्ठा स्निग्धारुचिप्रदा ।
विशदा दीपनी लघ्वी किञ्चिदुष्णा बलप्रदा ॥
पुष्टिकृल्लेखनीवर्ण्या शुक्रला च सरामता ।
किञ्चित् पित्तकरी मृद्वी वातला शोषमेदनुत् ॥
क्लेदं पाण्डुं कफं चार्शः कृमीन्मेहं च कामलाम् ।
रक्तपित्तं च कुष्ठं च नाशयेदिति कीर्त्तिता ॥
विषम ञ्च ज्वरं चैव रक्तार्श ञ्चैव नाशयेत् ॥"

अर्थात्–"द्राक्षा गुलियो, श्रेष्ठ, चिल्लो, रुचिकारक, विशद, अग्निप्रदीपक, हलौं, केही गरम, बलकारक, पुष्टिकारक, लेखन, वर्णराम्रोपार्ने, शुक्रजनक, सारक, केही पित्तकारक, मुट्ठ, वातकारक्त तथा शोष, मेद, क्लेद, पाण्डु, कफ, अर्श, कृमि, प्रमेह, कमलपित्त, रक्तपित्त, कुष्ठ, विषमज्वर र रक्तार्श नाशक हुन्छ ।"

मांसको भेदको वारेमा "कुलार्णवतन्त्र" मा यस्तो वचन छ ।

"मांसन्तु त्रिविधं देवि जल भूचरखेचरम् ।
सर्वेषां पललं शुद्धि सुमदा नात्रसंशयः ॥
कुलीनैः स्त्रीपशोर्मांसं न च ग्राह्यं कदचन ।
त्याजास्त्रीपक्षिणं हंसी भसे च कमठी तथा ॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्–"मांस जलचर (पानीमा चरने अर्थात् वुड्ने), भूचर (स्थलमाचरने अर्थात् डुल्ने) र खेचर (आकाशमा चरने अर्थात् उड्ने) यति तीन थरीका प्राणीहरूका मांसु शुद्धि अर्थात् मांस नैवेद्य हुन्छ। कुलीनहरूले भूचरपशुहरू मध्ये पोथीको मांसु खेचरहरूमा हांसको पोथीको मांसु र जलचरजन्तुहरूमा कछुवाका पोथीको मांसु चढाउनु र खानुहुदैन (अरूको हुन्छ)।"

'महानिर्वाणतन्त्रमा' भूचरको बारेमा यस्तो वचन छ।

"नरमांसं न भुञ्जियात् नराकृतिपशून् गजान्।
मूषिकोष्ट्रहयात् गांश्च मांसादान् रसबर्जितान्॥"

अर्थात्–"मानिसको, मानिसको सकल भएका पशुहरूको, हात्तीको, मूसाको, ऊंठको, घोडाको, गोरुको, मांसुखाने जनावरहरूको र निरसजन्तुहरूको मांसु खानु हुन्दैन।"

तर मांसुखान्ने जनावरहरू मध्ये शोधनगरेको वदेलको मांसुलाई पूजामालिइन्छ; त्यस्ता उक्तिहरू मध्ये यउटा यो हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"वामे रामा रमणकुशला दक्षिणे चालिपात्रम् ।
अग्रे मुद्राचणकवटकौ सूकरस्योष्ण शुद्धिः ॥
स्कन्धेवीण सरसमधुरा सद्गुरोः सत्शथायाम् ।
कौलोमार्गः परमगहनो योनिनामप्यगन्यः ॥

यस उक्तिले कुलपूजाको तत्वशुद्धिको वर्णन गरेको हो; यसको यथार्थ अर्थ गर्न तत्व शुद्धिको झलक दर्शाउन पर्नें र गुप्तिपूजाको रहस्य समेत खोल्नु पर्नें हुनाले र सो रहस्य गुरुवक्रगम्य हुंदा यहा यस उक्तिको अर्थ लेख्नु असमर्थ भएमा क्षमाप्रार्थी छु ।

शुद्धिको बारेमा 'वामकेश्वरतन्त्रमा' यस्तो वचन छ ।

"अभक्षमांस भक्षादीन् व्याधियुक्तञ्च वर्जयेत् ।
शुचिः शबूकमण्डूकग्राहकर्कटकादिकान् ॥
मत्सांश्च विकृताकारान् सर्पाकारान् दरीशयान् ।
गृध्रशेनककाकाद्यान् मत्स्यादोल्लुकचातकान् ॥
पल्ली शरठकंकाश्च वहं चिल्लादिकं त्यजेत् ।
कृमीकीटपतङ्गाद्याः सदा त्याज्या मुमुक्षुभिः"

अर्थात्–"अभक्षमासु र रोगीपशुपक्षीकोमासु खानु हुदैन । शबूक, भ्याकुता, ग्राहा, गङता, बान्की

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नपरेका माछाहरू, सर्पका आकारका माछाहरू अर्थात् वाममाछाहरू, हिलेमाछाहरू, गिद्ध, शेनक, काग, माछाखाने जन्तुहरु, मुल्का, चातक, जुरेली, सारौ, कंक, वाज, चिल र किंराफटेङ्गाहरू पनि खानु हुदैन ।"

मत्स्यको वारेमा "समयाचारतन्त्रमा" यस्तो वचन छ ।

"मत्स्यं तु त्रिविधं ज्ञेयं शालपाठीनरोहिताः ।
उत्तमाकथिता एता मध्या कण्टकवर्जिताः ॥
क्षुद्राश्चान्येऽधमाः प्रोक्तास्तैलभ्रष्टा न शोभनाः ॥"

अर्थात्–"मत्स्य शालमाछा, पाठीनमाछा र रोहितमाछा यति तीन थरीकाहुन्छन् । यी सबै उत्तम हुन्; तर काँढानहुने जातकाहरू मध्यम र सानासाना जातकाहरू अधम हुन्; तेल नहुने माछाहरू मा भने शोभा हुदैन ।"

मुद्राको वारेमा यस्तो 'कुलागमतन्त्रको' वचन छ ।

"मुद्राः नानाविधाः प्रोक्ता उत्तमामध्यमा धमाः ।
अष्ट धान्यादिकं यद्यच्चर्वणीयं प्रकल्पयेत् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तस्यनाम भवेन्मुद्रा मोदं दत्वा तु मुद्रिका ।
चन्द्रबिम्बनिभं यत्तु शालीतण्डूलसंभवम् ॥
कथितं चाद्यमुद्रेयं मध्यमा चापिकथ्ते ।
यवगोघूमजं वापि घृतपक्वं मनोहरम् ॥
मध्यमा कथिता चेयमधमा चापिकथ्यते ।
नानाबीजादि भ्रष्टं यत् साधमाः परिकीर्तिताः ॥"

अर्थात्–"अष्ट धान्यादिबाट चपाउने अनेक पदार्थलाई मुद्रा भन्दछन् । यी मुद्राहरूमध्ये उत्तम, मध्यम र अधम यति तीन थरीका हुन्छन् । मोद दिने हुनाले यसलाई मुद्रा भनेको हो । शाली धानबाट बनेका चन्द्रमाको विम्वजस्तो सफेद रोटी (चटामड़ी) लाई उत्तम मुद्रा, जउको अथवा गहुंको पीठोको घिउमा पकाएको रोटीलाई मध्यम मुद्रा अनि अरू नाना थरीका अनाजको वीउको पीठोवाट वनेका रोटीहरूलाई अधममुद्रा भन्दछन् ।"

यो कर्मयोगको वैज्ञानिक रहस्यको यथार्थ वर्णन गर्दा अर्चिरादि र सोमादिक्रमको वैज्ञानिकरहस्य उद्घाटन गरेर मात्रै यज्ञयागादिको वैज्ञानिकरहस्य यथार्थ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दर्शाउन सकिने हुंदा र यस पुस्तकमा सबै पांचोटै आम्नायात्मक पांच प्रकारका योगका दिग्दर्शन मात्रै गराएको हुनाले कर्मयोगको बारेमा यत्तिकैमा कलम रोक्छु।

उत्तराम्नायमा ज्ञानयोगको अभ्यास गर्नु पर्छ। यो ज्ञानयोगको अभ्यास गर्ने दुई मार्ग छन्; एक 'वेदान्तको' मतको विहङ्गममार्ग र अर्को 'श्रीविद्याको' मत पिपीलिकामार्ग हुन्। विहङ्गममार्गद्वारा चरा जस्तो उडेर तलबाट (सांसारिक प्रपञ्चबाट) माथि (ब्रह्म)मा पुगिन्छ। पिपीलिकामार्गद्वारा कमिला झैं तलबाट बिस्तारै बिस्तारै उक्लिएर माथि पुगिन्छ।

विहङ्गममार्गद्वारा उड्नु तीव्रवैराग्य र त्याग रूप दोटा पखेटा चाहिन्छ, यी दुई कलियुगका मानिसमा हुनु दुर्लभ जस्तै हुने हुनाले शंकरले "कलावागमसंमतम्" अर्थात् 'कलिमा आगमको मत लिनु' भनी भनेका हुन्। पिपीलिकामार्गद्वारा उक्लनु आफ्नो सांसारिक प्रपञ्च कायम राखी क्रमदीक्षा ग्रहण गरेर अलि अलि गरेर क्रमैसित मनको भाव बदलिदै गएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

माथि पुग्नु पर्ने हुनाले सद्गुरुद्वारा क्रमदीक्षा चाहिन्छ। हुनत दुवै मतद्वारा अष्टपाशबाट मुक्तभई मनोनाश वासना क्षय भएर यस देह रहेसम्म जीवन्मुक्त भई अन्त्यमा निर्वाणमुक्ति प्राप्त हुन्छ। यी दुई मार्गबाट चल्ने तरीका मात्रै फरक हुन्छ। तसर्थ यी दुई मतको भेद यथाज्ञान संक्षेपतः दर्शाउने चेष्टा गर्दछु।

यी दुवैमार्गको प्रक्रिया विषयमा चित्तशुद्धि भएपछि कुनै कर्म र उपासनाको अनुष्ठानादिको आवश्यकता नहरे पनि वेदान्तमतमा सर्वकर्मसंन्यास पूर्वक सद्गुरूपदिष्ट रीतिद्वारा "प्रज्ञानंब्रह्म, अहं ब्रह्मास्मि तत्त्वमसि र अयमात्मा ब्रह्म" यी चारवेदका चार महावाक्यको अर्थको श्रवण, मनन र निदिध्यासन गर्नु पर्छ; श्रीविद्यामतमा क्रमदीक्षा ग्रहण गरेर मन्त्रार्थको मनन गरी मद्रचित 'निगमागमवैज्ञानिकसार' मा चर्चा भए झैं गरी जप गर्नुपर्छ। यत्तो नगरे अन्तःकरणनिष्ठ असंभावना विपरीतभावनादोष निवृत्ति हुदै हुदैन। फेरि असंभावनादिदोष निवृत्ति नभएसम्म दृढ अपरोक्ष ब्रह्मज्ञान हुन सक्तैन। "आत्मा र ब्रह्मको भेद वर्णित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छकि अभेद वर्णित छ ?" भन्ने संशयलाई "प्रमाणगतसंशय" र "आत्मा र ब्रह्मको भेद सत्य होकि अभेद सत्य हो ?" भन्ने संशयलाई 'प्रमेयगतसंशय' भन्दछन । यी दुई प्रकारका संशयको 'असंभावना' भन्ने संज्ञा हुन्छ । वेदान्तमतले श्रवण [1] र मनन [2] गरेर, उता श्रीविद्यामतले मन्त्रार्थ चिन्तन र मन्त्रचैतन्य भावना सहितको तत्वशुद्धि [3] गरेर अभ्यास गर्दै गरे असंभावनादोष निवृत्ति हुन्छ अर्थात् हट्दछ । "आत्मा र ब्रह्मको भेदनै सत्य हो या देहादि प्रपञ्च सत्य हो ?" भन्ने विपरीत निश्चयलाई 'विपरीतभावना' भन्दछन् । वेदान्तले निदिध्यासन [4] वा श्रीविद्याले मन्त्रशिखातत्वको विचारबाट विपरीत भावनादोष हट्दछ । उपरोक्त प्रकारले असंभावनादि दोष हटेपछि "शुद्धोऽहम्, बुद्धोऽहम्,

---

1. श्रवण = Hearing.
2. मनन = Thinleing.
3. तत्वशुद्धि = A rind of yogic pratice at the formation of Spirit-circle.
4. निदि ध्यासन = Meditation.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पूर्णोऽहम्, चैतन्यानन्दघनोऽहम्, भैरवोऽहम्, शिवोऽहम्," भन्ने दृढ अपरोक्ष उसै भई हाल्छ। अनि यस्तो भएपछि अनारब्ध (सञ्चित) कर्मको नाश हुन्छ र आगामी (क्रियमाण) कर्मको पनि कमलको पातमा रहेको पानी झैं असम्बन्ध त हुने नै भयो, तर विक्षेपको वासना रूप प्रारब्ध कर्मको भोग भने गरेरै समाप्त गर्नु पर्छ। भोग गरेरै मात्र नष्ट हुने सो प्रारब्ध कर्मको पनि सर्वतो बलवान् संयमद्वारा उपसम हुन सक्छ।

"त्रयमेकत्र संयम" भन्ने 'पातञ्जलसूत्र' को भनाईबाट धारण, ध्यान र असंप्रज्ञात समाधि यति तीनलाई 'संयम' भन्ने कहेको छ।

यम, नियम, आसन, प्राणायाम र प्रत्याहार त यसको उपयोगको लागि जान्नु पर्दछ। संयमद्वारा मनोनास वासनाक्षय भएपछि साधकको असंप्रज्ञात समाधि सिद्ध हुन्छ। "सबै वृत्तिको विलयसित सङ्गसङ्गै ध्येयाकारवृत्तिको लोप हुनु नै असंप्रज्ञातसमाधि हो" भनेर योग शास्त्रले बताएको छ। एवं संयमद्वारा मनोनाश र वासनाक्षय भए पनि तत्त्वज्ञान नभएसम्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सबीज समाधि मात्रै हुन्छ निर्बीजसमाधि हुन सक्तैन। सबीजसमाधिमा सर्वसाधारणप्राणीको सुषुप्ति अवस्थाकै जस्तो विचेत मात्रै भई रहन्छ। वेदान्तकोमतले श्रवण, मनन र निदिध्यासन वा श्रीविद्या मतले मद्रचित 'निगमागमवैज्ञानिकसार' मा चर्चा भए झैं मन्त्रार्थ, मन्त्रचैतन्य र मन्त्रशिखा साथ तत्वशुद्धि गरेर संयमद्वारा मनोनाश वासनाक्षय भएपछि मात्रै जीवनमुक्ति दृढ हुन्छ। यसै अवस्थालाई 'अत्यन्ताभाव समापत्ति' भन्द-छन्, अर्थात् बाधितानु वृत्तिद्वारा जीव, ईश्वर र जगत्को भेदभ्रान्तिवृत्ति व्युत्थित नहुनाले कुनै पदार्थको पनि प्रतीत नहुनुनै 'अत्यन्ताभावसमापत्ति' हो। यस्ता सिद्धलाई श्रुतिस्मृतिपुराणादिले 'परमयोगी' वा 'विद्व-त्सन्यास' तथा आगमशास्त्रले 'दिव्यकौल' वा 'कौलाव-धूत' भन्दछन्। मनोनाश वासनाक्षय नभएसम्म तत्वज्ञान प्राप्त भएपनि सबीज समाधि मात्रै हुने योगीलाई 'विद्वत्सन्यास' नभनेर 'विविदिषासन्यास' भन्दछन्; यो वेदान्तको मत हो; उता श्रीविद्याकोमतले पनि त्यस्ता साधकलाई 'सामान्यसिद्धकौल' मात्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भन्दछन् । किनभने संयम नहुनाले त्यस्ता साधकको मनोनास वासनाक्षय हुन सक्तैन । वेदान्तमतले चारै वेदका महावाक्यहरूको श्रवणमननादि विचारजन्य "म स्वयं ब्रह्मनै रहेछु" भन्ने ज्ञान, उता श्रिविद्यामतले 'भैरव शिव मैं हुं" भन्ने ईश्वर र आत्माको ऐक्य निश्चयात्मिका अखण्डाकारवृत्ति उत्पन्न हुनासाथ अविद्या र त्यसको जंजाल विलाएर स्वयं अखण्डाकारवृत्ति जागेर आफ्नो अधिष्ठान आत्मामा लय हुनजान्छ । दाउरामा सल्किएको आगोले सो दाउरालाई सखाप पारेर स्वयं आफै पनि विलाएर गए झैं गरी अखण्डाकारवृत्ति आत्मा र अनात्माको अनादि इतरेतराध्यास (जडचेननाग्रन्थि) लाई भेदन गरेर विलाएर जान्छ । तर यसप्रकारले वृत्ति लय हुनु भन्दा अघि, भ्रान्ति निवृत्ति भएको जीवन्मुक्तिको विचारावस्थामा अनादि अनिर्वचनीया त्रिगुणात्मिका माया र त्यसको काम अर्थात् कार्य जीवेश्वरजगद्भेदभ्रान्ति आफ्नो अधिष्ठान ब्रह्ममा बांधिएको भएपनि वृत्युत्थान अवस्था विषयमा प्रारब्ध कर्मको प्रेरणाबाट बाधितानुवृत्तिद्वारा सुखदुःखादि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रपञ्चको अनुभव हुनेनै हुन्छ। यस अवस्थालाई 'अत्यन्ताभावसमापत्ति' नभनेर 'अभावसमापत्ति' भन्दछन्। किन भने मनोनाश वासनाक्षय नभएसम्म तत्वज्ञानीमा मिथ्यारूपले पनि प्रारब्धको प्रेरणाबाट सुखदुःखादि प्रपंचको अनुभव अवश्यंभावि हुन्छ। यस बारेमा 'श्रुतिको' वचन यस्तो छ।

"भिद्यते हृदयग्रन्थि श्छिद्यन्ते सर्वसंशयः।
क्षीयन्ते चास्य कर्माणि तस्मिन् दृष्टे परा वरे॥

अर्थात्—"जउन साधकको हृदयग्रन्थिको भेदन र सर्वसंशयको छेदन भएको हुन्छ, तीजीवन्मुक्त साथकलाई प्रारब्धको प्रेरणाले सुखदुःखादि प्रपंचको प्रतीति भईरहे पनि प्रारब्धको फलाभोगको समाप्ति भएपछि विदेह कैवल्य प्राप्ति हुन्छ। अर्थात् त्यस्ता साधकको पुनर्जन्म हुदैन।"

"मनोनाशवासनाक्षय भएर ब्रह्मज्ञान भएपछि आफूमा असर नपर्ने भएर पनि प्रारब्धको भोग भोग्नै पर्दछ" भन्ने पूर्वोक्त कुरा श्रीविद्यामतमा लागु हुदैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

किनभने वेदान्तमतले ब्रह्मलाई प्रधान मान्दछ; तर श्रीविद्यामतले ब्रह्मचैतन्यलाई अर्थात् आदिशक्तिलाई प्रधान मान्दछ। अतः पराकाष्टामा पुगेपछि श्रीविद्योपासकले आफ्नो र अर्काको समेत बनीरहेको प्रारब्धको रुप बदल्दिनु सक्छ। त्यस उसले श्रीविद्यालाई "कर्मरेखानाधकर्त्री कर्मरेखाविनोदिनी" भनेर 'निगमागमले' मुक्तकण्ठले वर्णन गर्दछन्। पुराणादिमा वर्णित श्रीविद्योपाशक ऋषीश्वर विश्वामित्रजीले अर्को स्वर्ग बनरएको कथाले पूर्वोक्त कुरालाई पुष्टि गर्छ। श्रीविद्याको विषयमा 'ललितोपाख्यानमा' यस्तो वचन छ।

"यस्यनो पश्चिमं जन्म यदि वा शङ्करः स्वयम्।
तेनैव लभ्यते विद्या श्रीमत्पञ्चदशाक्षरी ॥"

अर्थात्—"जसको पश्चिम जन्म हुदैन अथवा जो स्वयं शङ्करकै अवतार हुन्छन्, तिनैले मात्र (क्रमपूर्वक) श्रीविद्यापञ्चदशाक्षरी अर्थात् पन्द्र अक्षरको मन्त्र पाउंछन्।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस पञ्चदशाक्षरीको बारेमा 'चतुःशति' मा यस्तो वचन छ।

"मूलध्यानं हंसबीजं सेव्य सेवक भेदकम्।
तेजः सूक्ष्ममभेदंहि सेव्य सेवक वर्जितम्॥
भावतीतं हि यद् ध्यानं सोऽहं ज्ञानात्परं शिवे।
यस्य यस्य पदार्थस्य या या शक्तिरुदीरिता॥
सा तु सर्वेश्वरी देवी स सर्वोऽपि महेश्वरः।
व्याप्ता पञ्चदशार्णैः सा विद्याभूतगुणात्मिका॥
पञ्चभिश्च तथा षड्भिश्चतुर्भिरपिचाक्षरैः।
स्वरव्यञ्जनभेदेन सप्तविंशत्प्रभेदनी॥
सप्तविंशत्प्र भेदेन षड्त्रिंशत्तत्वरूपिणी।
तत्त्वातीतस्वभावा च विद्यैषा भाव्यते सदा॥"

अर्थात्–"हंसबीज स्थूलध्यान सेव्य र सेवकको भेदभाव भएको हुन्छ; अर्थात् पञ्चदशीमन्त्रको पहिलो अर्थले साधकलाई 'हंसः' (जीवात्मा) र श्रीलाई 'परमात्मा' संझिएर सगुण ध्यानको रुप उद्धार गर्छ। सूक्ष्म तेजोध्यान सेवक र सेव्यको भाव वर्जित भएको हुन्छ; अर्थात् दोस्रो अर्थले 'सोहं' भन्ने साधकको आत्मालाई नैं श्रीको आत्मा संझिएर निर्गुण ध्यानको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रूप उद्धार गर्दछ। भावातीत ध्यान 'सोऽहं' भाव भन्दा परको यानि 'नाहं' भावको (मंहुं भन्नेसम्म पनि न झल्कने) हुन्छ; अर्थात् तेस्रो अर्थले "नाहं" भन्ने साधकले आफ्नो आत्मालाई नै समेत बिर्सिएको शून्य रूपको अनुभवगम्य ध्यानको उद्धार गर्छ। जुन जुन पदार्थका जति जति शक्तिछन् ती सबै सर्वेश्वरीदेवी हुन् र सो (पदार्थ) चाहिं सर्वमहेश्वर हुन्। ती भूतगुणात्मिका अर्थात् पृथ्वीको गुण शब्द, स्पर्श, रूप, रस, र गन्ध यति पांच, जलको गुण शब्द, स्पर्श, रूप र रस यति चार, तेजको गुण शब्द, स्पर्श र रूप यति तीन, वायुको गुण शब्द र स्पर्श यति दुई अनि आकाशको केवल शब्द यी सबै जम्मा पन्द्र गुणात्मिका पन्द्र अक्षर रूपिणीविद्या पहिलो कूटमा पांच अक्षर दोस्रोकूटमा छ अक्षर र तेस्रोकूटमा चार अक्षर तथा स्वरव्यञ्जन भेदले सत्ताइस प्रभेदवती त्यसले गर्दा छत्तीसत्वरूपिणी भएर व्याप्त भएकी छन्। यिनी तत्वातीतस्वभावकी विद्याको संधै भावना गर्नु पर्दछ।"

यसको यथार्थ अर्थ गर्न मन्त्र स्पष्ट दर्शाउन पर्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुंदा संक्षेपतः दर्शाउने चेष्टा गर्दछु । श्रीविद्या पञ्चदशी विद्यामा १५ अक्षरका ३ कूटबीज हुन्छन् तिनमध्ये पहिलोकूट ५ अक्षरको र त्यसमा ४ व्यञ्जन, ३ स्वर, एकनाद र एक विन्दु हुंदा ९ प्रभेद हुन्छ; दोस्रोकूट ६ अक्षरको र त्यसमा ७ व्यञ्जन, १ स्वर, १ नाद र १ विन्दु हुंदा १० प्रभेद हुन्छ; फेरि चार अक्षरको र त्यसमा ५ व्यञ्जन, १ स्वर, १ नाद र १ विन्दु हुंदा ८ प्रभेद हुन्छ। यसको गर्दा २७ प्रभेद हुन्छन् । अनि प्रत्येक कूटमा अक्षरहरू जुट्दा ३।३ तत्व उत्पन्न हुनाले ३×३=९ तत्व र २७ प्रभेदको २७ तत्व हुंदा जम्मा ३६ तत्व हुन आउंदछ ।

अब 'योगवाशिष्ठ महारामायण' मा वर्णित केहीकुरा दर्शाउने चेष्टा गर्दछु। ज्ञानयोगीका सात भूमिका [1] हुन्छन् । ती सात भूमिकाको यसप्रकारको नामाकरण भएको छ । शुभेच्छा ॥ १ ॥ शुभविचारणा ॥ २ ॥ तनुमानसा ॥ ३ ॥ सत्वापत्ति ॥ ४ ॥ असंशक्ति ॥ ५ ॥ पदार्थाभाविनी ॥ ६ ॥ अनि तुर्यगा ॥ ७ ॥ यति

---

1. भूमिका = Stages.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सात भूमिका मध्ये तृतीय भूमिकासम्म ज्ञानप्राप्तिको साधना मात्र भएको हुनाले यी तीन भूमिकालाई 'जाग्रद्भूमिका' पनि भन्दछन्। किनभने ज्ञानप्राप्ति नभएको हुंदा जीवेश्वरजगद्भेदभ्रान्ति नहटी जगत् नै सत्य प्रतीत भईरहने अवस्था यी तल्ला तीन भूमिकासम्म रही-रहने हुन्छ। अतः उपल्लो चार भूमिका मात्रै 'सिद्धभूमिका' ठहरिन्छन्। चतुर्थ भूमिका (सत्वापत्ति) लाई 'स्वप्न भूमिका' भन्दछन्; किनभने यसमा आत्मा-ज्ञानको जोडले धकेलिए पनि मिथ्यारूपले स्वप्नाको झैं जीवेश्वरजगद्भेदभ्रान्तिको प्रतीत भई नै रहन्छ; अतः यस भूमिकामा पुगेका साधकलाई 'ब्रह्मविद्' भन्दछन्। पञ्चम भूमिका (असंशक्ति) लाई 'सुषुप्ति अवस्था झैं समाधिकालमा जीवेश्वरजगद्भेदभ्रान्तिको प्रतीत रहंदैन, वर समाधिवाट वरावर आफै व्युत्थित हुने अर्थात् व्यूंझिएर उठने हुन्छ; अतः यस भूमिकामा पुगेका साधकलाई 'ब्रह्मविद्वर' भन्दछन्। षष्ठ भूमिका (पदार्थ भाविनी) लाई 'तुरीयभूमिका' भन्दछन्; किनभने यसमा पनि पञ्चम भूमिकामा झैं समाधिवाट आफै व्युत्थित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुदैन अर्थात् व्यूंझंदैन, अर्कोले व्युंझाउनु पर्छ; अतः यस भूमिकामा पुगेका साधकलाई 'ब्रह्मविद्वरीयान्' भन्दछन्। सप्तम भूमिका (तुर्यगा) लाई 'तुरीयातीत भूमिका' भन्दछन्; किनभने यसमा संधै समाधिकाल भईरहने हुनाले जीवेश्वरजगद्भेदभ्रान्तिको स्फुरण कुनैवेला पनि हुदैन, तसर्थ यस अवस्थामा अर्कोले पनि समाधिबाट व्यूंझावनु सक्तैन, अतः यस अवस्थामा पुगेका साधकलाई 'ब्रह्मविद्वरिष्ठ' भन्दछन्। यो भूमिका ज्ञाननिष्ठाको पराकाष्ठा हुनाले मनसावाचावाट अगम्य छ। यस्ता सिद्धको शरीरमा ईश्वरीय प्रेरणाले प्राणवायुको संचालन मात्रै रहन्छ देह भए नभएको विलकुलै भान रहदैन। यसै अवस्थाको वारेमा 'श्रीमद्भागवतको' एकादश स्कन्धमा जिज्ञासु भक्त उद्धवलाई भगवान् श्रीकृष्णले यस्तो वताएका छन्।

"देहञ्च नश्वर भयस्थितमुत्थितं वा।
सिद्धो न पश्यति यतोऽध्यगमत्स्वरूपम्॥
दैवादपेतमुत दैववशादुपेतम्।
वासो यथा परिहृतं मदिरामदान्धः॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देहोऽपि दैव वशगः खलु कर्म यावत् ।
स्वारम्भकं प्रति समिक्षत एव सा सुः ॥
तं सः प्रपञ्चमधिरूढसमाधियोगम् ।
स्वप्नं पुनर्न भजते प्रतिबुद्धवस्तुः ॥"

सारांशार्थ—"पूर्णयोगीलाई, जाँड्पिएर विचेत भएको मानिसलाई आफ्नो लुगा भएन भएको खयालै नभए झैं आफ्नो शरीर भएन भएको यादै हुदैन; जंड्याले जांडको झोकमा अनेक चेष्टा गरे झैं योगीले कर्मको अर्थात् प्रारब्धको भोग भोगी नै रहे पनि समाधिमै मग्न भएबाट त्यसको असर आफूमा कदापि पर्दैन, तर जंड्यालाई नस्साले छाडे पछि होसमा आउंछ, उता योगी भने समाधिबाट कहिले पनि ब्यूंझदैनन् ।"

यी पूर्वोक्त 'योगवाशिष्ठ' को कुरा वेदान्तको मतमा मात्रै लागु हुन्छ; तर श्रीविद्याको मत भने अर्कै प्रकारको हुन्छ, हुनत यसको पनि सातै भूमिकाहरु हुन्छन् , गुणहरू भने उस्तै भए पनि फरक जस्तो भान पर्नजान्छ । किनभने वेदान्तमतले ब्रह्मलाई प्रधान मान्ने हुनाले र ब्रह्मको रूप जड हुनाले, उनमा ऐक्यहुने साधक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रायः जडवत् हुन्छन् । उता श्रीविद्यामतले ब्रह्मचैतन्य शक्तिलाई प्रधान मान्ने हुनाले र ब्रह्मचैतन्यशक्ति अर्थात् मूलप्रकृति "प्रकृति कर्त्री" भन्ने श्रुतिवचनानुसार संसारको सृष्टि, स्थिति, संहार, अन्तर्लीन र अनुग्रह गर्ने हुनाले, उनमा ऐक्यहुने साधक प्रायः क्रियाशिल हुन्छन् । यो श्रीविद्याको विषयमा अति गहन कुराहरू हुनाले स्वयं गुरुको साथमा वसेर 'राजाधिराजयोगको' वहिर्याग र अन्तर्यागको क्रियाहरू सिखेर श्रीविद्योपासनाको अभ्यास गर्दै गरेपछि मात्रै यो श्रीविद्यामतको रहस्य वुझ्दं जाइन्छ, नत्रभने यो यथार्थ वुझ्न र वुझाउन सकिन्न । तसर्थ केवल वचन र लेखद्वारा यथार्थ कुरा दर्शाउन नसके पनि अर्को पटलमा राजाधिराज योगको दिग्दर्शनरूप झल्काउने चेष्टा गर्ने छु ।

यो पटल सकीहाल्नु भन्दा पहिले यी चार प्रकारका योगहरूको वारेमा एउटा सानो कुरा दर्शाउनु छ ।

मन्त्रयागवाट उपासना गर्दा सर्वप्रथम माथि वताएको नियमले प्रणवो पासना सिद्ध गरेपछि आफ्नो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फुर्सदमा मन ठिक गराएर गर्ने गरे हुन्छ; यसमा विशेष नियमको जरूरत हुदैंन ।

भक्तियोगबाट उपासना गर्दा अरू केही पनि चाहिंदैन केवल ईश्वरमा प्रेमवढाएर रातोदिन उनैको ध्याउन्नामा दिन विताउनु पर्छ । अरू विशेष नियमको जरूरत पर्दैन ।

कर्मयोगयाट उपासनागर्दा भने स्थूलदेहवाटै कर्म हुने हुंनाले हरेक कुरामा निष्टा र नियमको ज्यादा जरूरत पर्दछ, पूजाको सामानको पनि उत्तिकै आवश्यक हुन्छ । नित्य सन्ध्या गर्दा पनि अरूयोगका साधकहरूले जस्तो केवल जलले मात्रै हुदैंन, यो कर्मयोगको साधकले अक्षतपुञ्जमा अर्थात् भिजाएको अक्षतामा देवताको आवाहन र अक्षतपुञ्जमै श्रीपात्रको संक्षेपतः विधान गरी अक्षतैले पूजागरी सन्ध्या गर्नुपर्छ । आगमपूजामा पनि वहुतै कडानिष्ठा हुन्छ अरूसामानको कुरात परै रहोस् फूलकोमालासम्म पनि आगमभित्रै [1] वसेर गासेको मात्र

---

1. आगम=A secred priuete-room, where god's idol is plaed for warohip.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देवतालाई चढ्छ; आगमभित्रै बसेर मात्रै जलप्रशाद ग्रहण गर्नु पर्छ; फेरि पूजाको सामानमा पनि पद्धतिमा लेखे बमोजिमको मालमा कत्तिपनि तल माथि पार्नु हुदैन अलिकति बाचामात्र भए पनि त्यही माल नराखी हुदैन। सन्ध्याको पनि कडानियम हुन्छ; साधक अशक्त भएर मर्नैलागे पनि बेरामीको अगाडी बसेर अक्षताहरू लिएर अर्कोले उसको सट्टामा सन्ध्यापूजा नगरीदिई बेरामी-लाई औषधिसम्म पनि खुवाउन हुदैन।

ज्ञानयोगबाट उपासना गर्दा विशेष अरू केही चाहिँदैन केवल मन ठीकपारी एकान्तवास र विचारको जरूरत हुन्छ।

राजाधिराजयोगबाट उपासना गर्दा भने कुनै कुरामा पनि त्यस्तो कडानियम हुदैन। किनभने यो सर्वोत्तमयोग हुनाले पूर्णाभिषेक भएपछि मात्रै यसयोग-बाट उपासना हुन्छ; फेरि थोरै मात्रामा भएपनि अष्टपाश नहटी पूर्णाभिषेक हुन सक्तैन।

हाम्रो यहा नेपालमा ८० प्रतिशत नेवारजातिमा वारकुलबाट उपासना गर्छन् तर जुनसुकै आम्नायबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पनि कर्मयोग र रतनपरम्पराबाट आरम्भ गर्छन् । पर्वतेहरूमा भने ३० प्रतिशत मात्रै वीरकल्पबाट उपासना गर्छन् त्यो पनि अनियमित ढङ्गले भक्तियोग र छेदन परम्पराबाट भारतमा झैं आरम्भ गर्छन् । यी पूर्वोक्त २ प्रकारले आरम्भ गर्ने विधान पनि कतं तन्त्रान्तरमा अवश्य लेखिएको होला त्यो मलाई थाहछैन । मैले त मंत्रयोग र भक्तियोगबाट छेदनपरम्पराबाट आरम्भ गरेको कुरा माथिको लेखले दर्शाएकै छ । मेरो गुरुपरम्परा त्यस्तै छ ।

अब यत्तिकैमा यो पटल समाप्त गर्छु ।

॥ इति श्रीयोगचतुष्टयवर्णनन्नामपञ्चमः पटलः ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

॥ अथ ॥

॥ षष्ठः पटलः ॥

जङ्गल पसेर मात्रै परमपद पाइने होइन, सद्गुरुको कृपाबाट राम्ररी बुझेर क्रमदीक्षा ग्रहण गरी क्रमैसित ऊर्ध्वाम्नायमा प्रवेश भएर राजाधिराजयोगाभ्यासको साथ श्रीविद्योपासना गर्ने गरे श्रीराम, श्रीकृष्ण तथा महाराज जनकादिमहापुरुषहरू झैं घरै बसीवसी आ-आफ्नो वर्णाश्रम धर्मको मर्यादासाथ लौकिकव्यवहारमा संलग्न भएर पनि परमपदमा पुग्नसकिन्छ। यो राजाधिराजयोगाभ्यासको लागि 'श्रीविद्योपासना' र 'श्रीयन्त्रको तत्व' को रहस्य जान्नु र बुझ्नु आवश्यक पर्ने हुंदा त्यस विषयमा आफूले जाने-बुझेसम्म केही कुरा दर्शाउने चेष्टा गर्दछु। हुनत प्रत्यक्ष अभ्यास बेगर यसको यथार्थ स्पष्टीकरण केवल लेखबाट हुन मुश्किल छ, तैपनि यथाशक्ति रूपको झलक दर्शाउने प्रयास गर्ने छु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अब श्रीयन्त्रको वारेमा केही कुरा झल्काउंछु। आर्यमतको धर्ममा 'द्वैतवाद' र 'अद्वैतवाद' अर्थात् 'कर्मकाण्ड' र 'ज्ञानकाण्ड' भन्ने दुई प्रकारका उपासना भेद हुन्छन्। कर्मकाण्डमा पनि गाणपत्य, सौर, शैव र शाक्त इत्यादि माथिवर्णन भए झैं अनेक भेद हुन्छन्। यी सबै दर्शनहरूको श्रीयन्त्रमा अर्चन हुने हुदा कर्मकाण्डानुसार पूजाविधान भएर यो श्रीविद्योपासना द्वैतवाद झैं प्रतीत हुन्छ। श्रीयन्त्रको उत्पत्ति, आकार र अवयवको वारेमा मद्रचित 'निगमागमवैज्ञानिकसारको' चतुर्थ पटलमा यथाज्ञान वर्णन गरेकै छु। ऐले यहा त्यस कुराको संझना गरी निम्नलिखित कुरातिर विचार गरौं। श्रीयन्त्रमा दृष्टिगोचरीभूत त्रिकोणचक्र चिद्रूप, दृष्टि-गोचरीभूत बैन्दवचक्र आनन्द रूप अनि भावनाज्ञेय विन्द्वन्तरगत महाबैन्दवचक्र सद्रूप हुन्। अतः यिनै सच्चिदानन्दको मनन हुने हुंदा यही श्रीविद्योपासना अद्वैतवाद जस्तो पनि प्रतीत हुनजान्छ। यस उसले यो श्रीचक्रार्चन हुने श्रीविद्योपासना 'द्वैताद्वैतवाद' भन्ने सिद्ध हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फेरि श्रीविद्योपासनामा गर्नु पर्ने भावनाको बारेमा पनि केही कुरा झल्काउंदछु। सपर्या गर्दा भूतशुध्यादि पछि यी श्लोकहरू पढिइन्छन्।

"अहं देवि न चान्योऽस्मि ब्रह्मैवाहं न शोकभाक्।
सच्चिदानन्दरूपोऽहमात्मानमिति चिन्तये॥
त्वमेवाहमहंत्वञ्च संविन्मात्रवपुस्तव।
आवयोरन्तरं देवि नश्यत्वाज्ञावलात् ततः॥
अहंतीर्णोभवं घोरं कृत्यं किञ्चिन्न मेऽस्तिवै।
तथापि देहि मे मातराज्ञां तव प्रपूजने॥"

अनि पूजाको अन्त्यमा पनि यस्तो पाठ हुन्छ।

"अलिपिशितपुरन्ध्री भोगपूजापरोऽहम्।
वहुविधकुलमार्गारम्भसंभावितोऽहम्॥
पशुजनविमुखोऽहं भैरवीमाश्रितोऽहम्।
गुरुचरणरतोऽहं भैरवोऽहं शिवोऽहम्॥
शिवोऽहं शक्तिरूपोऽहं देवोऽहं दनुजोऽप्यहम्।
यक्षोऽहं मनुजश्चाहं सर्वोऽहं सर्वदास्म्यहम्॥
पूजोऽहं पूज्यरूपोऽहं पूजकोऽप्यहमेव च।
पूजाकृच्चास्मि पूजावित् पूजारसमयोऽप्यहम्॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भावार्थ–"मद्यमांस सहितको भोगपूजामा तत्पर घेरै किसिमको कुलमार्गको आरम्भमा संभावित अर्थात् प्रातस्कृत्यस्नानसन्ध्यादि देखि निशाकृत्ययोगाभ्यासादिसम्ममा संलग्न, पशुजनविमुख अर्थात् अष्टपाश देखि अलग, भैरवीको आश्रय गर्ने, गुरुचरणमा अर्थात् सहस्रारस्थित गुरुपादुकामा रत भएको, भैरव र शिव मैं हुं। शिव, शक्ति, देव, दनुज, यक्ष, मनुष्य, सबै र संधैं, पूजा, पूज्य, पूजक, पूजागर्ने, पूजाजान्ने र पूजाको रसमय पनि मैं हुं।"

यी श्लोकहरूको शुगापढाई मात्र गर्ने होइनकि यसको अर्थको यथार्थ मनोभावना [1] गर्नु पर्दछ। यसै कारणले "जीवन्मुक्ताश्चकौलिकाः" भनेर आगमले भनेको हो। यसबाट पनि अद्वैतवादको 'सोऽहं' साबित हुन्छ।

अब श्रीयन्त्रको अवयव तिर विचार गरौं। भूपुरमा तीव्रजाग्रदवस्था, वृत्तत्रयमा मन्दजाग्रदवस्था, षोडशदलमा स्वप्नावस्था अनि अष्टदलमा सुषुप्त्यवस्था

1. मनोभावना=Mental affairmations for will-culture.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

समाविष्ट हुन्छन् । यी चार पूर्वाम्नायात्मकचक्र हुन्, यिनमा पूर्ण अज्ञानका चार अवस्था (साधारण प्राणीमा भए झैं) मात्र समाविष्ट हुन्छन् । त्यस देखि माथिका अर्थात् भित्रका चक्रहरू देखि ज्ञानप्राप्तिको साधना हुने हुनाले क्रमशः पूर्वोक्त सप्त भूमिकाहरू समावेश हुन्छन् । चतुर्दशारमा शुभेच्छा, वहिर्दशारमा शुभविचारणा अनि अन्तर्दशारमा तनुमानसा समावेश हुन्छन् । यी तीन दक्षिणाम्नायात्मकचक्र हुन् । फेरि अष्टारमा सत्वापत्ति, त्रिकोणमा असंशक्ति अनि विन्दुमा पदार्थभाविनी समावेश हुन्छन् । यी तीन पश्चिमाम्नायात्मकचक्र हुन् । यी पूर्वोक्त दश चक्रको समष्टिरूप ज्ञानात्मक उत्तराम्नायात्मकचक्र हुन्छ । अनि सो उत्तराम्नायात्मकचक्रमा महावैन्दवचक्र अर्थात् विद्योन्तर्गतचक्र समेत मिलेपछि पूर्णज्ञानात्मक ऊर्ध्वाम्नायात्मकचक्र बन्दछ । त्यो महावैन्दवचक्रमा तुर्यगा समावेश भएको हुन्छ । यो ज्ञानकाण्डको विषयको कुरा भयो ।

अब कर्मकाण्डको विषयमा कुन कुन चक्रमा के के दर्शन समावेश भएको हुन्छ भन्ने वारेमा कुरा यस्तो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छ। भूपुरमा चार्वाकदर्शन, वृत्तत्रयमा स्मृतिपुराणादि दर्शन, षोडशदलमा बौद्ध दर्शन, अष्टदलमा गाणपत्य दर्शन, चतुर्दशारमा सांख्यमिमांसकन्यायवैशेषिकपातञ्जलवेदान्तादि दर्शन, बहिर्दशारमा वैदिक दर्शन, अन्तर्दशारमा सौर दर्शन, अष्टारमा वैष्णव दर्शन, बिन्दुमा शैव दर्शन अनि महाबैन्दवचक्रमा कौल दर्शन समावेश भएको हुन्छ।

पूर्वाम्नायमा अज्ञानावस्था हुनाले देवतालाई मालिक, माता इत्यादि र आफूलाई दास, पुत्र इत्यादिको भावनाले उपासना हुन्छ। त्यस अवस्थाको प्रार्थना यस्तो हुन्छ।

"अनुग्रहाय भूतानां गृहीतदिव्यविग्रहे।
भक्तस्य मे नित्यपूजायुक्तस्य परमेश्वरि ॥
ऐहिकामुष्मिकिं सिद्धिं देहि त्रिदशवन्दिते।
तापत्रयपरिम्लानभाजनं त्राहिमां शिवे ॥"

त्यसपछि दक्षिणाम्नायमा ज्ञान भूमिकाको पूर्वार्द्ध हुनाले इष्टदेवतालाई भैरवकी शक्ति र आफूलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वयं भैरवको भावनाले उपासना हुन्छ । त्यस अवस्थाको प्रार्थना पूर्वोक्त 'अलिपिशितपुरन्ध्री' इत्यादि पहिलो श्लोक हो ।

अनि पश्चिमाम्नायमा ज्ञानभूमिकाको उत्तरार्द्ध हुनाले इष्टदेवता र आफूलाई ऐक्य परमशक्तिरूप "रचितयुवतिवेशस्तद्धिया ध्यायते सः" भने झैं भावना हुन्छ । त्यस अवस्थामा यस्तो प्रार्थता हुन्छ ।

"परोऽहमपरश्चाहं परापरमयोऽप्यहम् ।
सर्वोऽहं शक्तिरूपोऽहं चैतन्यरूपकोऽस्म्यहम् ॥"

त्यसपछि उत्तराम्नायमा पूर्णज्ञानभूमिका हुनाले आफूलाई स्वयं नै मन्त्ररूप भावना हुन्छ । त्यस अवस्थामा यस्तो प्रार्थना हुन्छ ।

"मन्त्रोऽहं मन्त्रकल्पोऽहं मन्त्रजाप्यहमेवच ।
मन्त्रकृन्मन्त्रविच्चाहं मन्त्रानन्दात्स्यकोऽस्म्यहम् ॥"

अनि सर्वान्तमा ऊर्ध्वाम्नायमा ज्ञानभूमिकाको पराकाष्ठा हुनाले आफूलाई केवल सच्चिदानन्दरूपको भावना हुन्छ । त्यस अवस्थामा यस्तो प्रार्थना हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"श्रीविद्यामखिलागमान्तविदितब्रह्मस्वरूपां शिवाम् ।
सत्यज्ञानसुखां विशेषरहितां आद्यन्तहीनां पराम् ॥
आत्मत्वेन विभावयेन् नरवरः सद्यो विमुक्तिं गतो ।
)प्यदेहान्तमुपासनैकरसिकः श्रौतं विधिं मानयेत् ॥"

अतः 'आगममा "क्रमदीक्षायुतो देवि क्रमाच्छम्भुर्भविष्यति" भन्ने र निगममा "ब्रह्मविद्ब्रह्मैव भवति" भन्ने वचन हुन गयो ।

श्रीविद्याको पराकाष्ठामा पुगेपछि कुनै कर्म र उपासनाको अनुष्ठानादि गर्नु आवश्यक हुदैन । तर शिखासूत्रत्यागेर सन्यासी बन्न त हुदैन किन भने "पूर्णाभिषिक्ते शिरसि तेन तत्र न मुण्डनम्" भन्ने तन्त्रशास्त्रको वचन छ । यहा "मुण्डनम्" भनेको "कपाल खौरने" न भई "शिखासूत्रत्याग गरी सन्यासाश्रम ग्रहण गर्नु" हो । तसर्थ श्रीविद्योपासनाको पराकाष्ठामा पुगेका गृहस्थाश्रमी साधकहरू दिव्यकौल बनेर महाराज जनकादि र भगवान् श्रीराम तथा भगवान् श्रीकृष्णको आदर्श बमोजिम आचरण गरी कर्मत्याग नगरेर लोकाचार गर्नु पर्छ । यस बारेमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गीतामा "यद्यदा चरति" इत्यादि श्रीकृष्णको उक्ति माथिको पटलमा चर्चा भएकै छ। घरवार छाडि फिरन्त भएर हिँडे पनि त्यस्ता साधकले शिखासूत्रकायमै राखेर ब्रह्मचर्याश्रम ग्रहण गरी कौलावधूत वन्नु पर्दछ। महासाम्राज्यमेधादीक्षा ग्रहण गरेपछि त वानप्रस्थाश्रम ग्रहण गरेर शिखासूत्र सहितको कौलावधूत वन्नु पर्छ। अघिका राजा महाराजहरू आफू बूढा भएपछि आफ्ना छोरालाई राज्य दिएर महासाम्नाज्यमेधादीक्षा लिएर वानप्रस्थाश्रम ग्रहण गर्ने गर्दथे।

वेदान्तमतमा जस्तै श्रीविद्यामतमा पनि सात भूमिकामा पुगेका महात्माहरूको क्रमशः सातै संज्ञा हुन्छन्; ती यस प्रकारका छन्।

भूमिका।	वेदान्तमतमा।	श्रीविद्यामतमा।
प्रथमः।	शक्तिभक्तः।	शुष्कशाक्तः।
द्वितीयः।	शक्त्युपासकः।	आर्द्रशाक्तः।
तृतीतः।	शक्तिसाधकः।	वीरः।
चतुर्थः।	ब्रह्मवित्।	वीरकौलः।
पञ्चमः।	ब्रह्मविद्वरः।	दिव्यकौलःधू वा कौलावतः।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

षष्ठः । विद्वरीयान् । दिव्यकौलसम्राट् ।
सप्तमः । विद्वरिष्ठः । भगवान् ।

यहा एउटा कुरामा शंका उठ्छ; त्यो के हो भने, सप्तम भूमिकामा पुगेका साधकमा एकाकारवृत्ति भएर सधैं समाधिमै रही कुनैकुराको पनि भान रहदैन भन्ने माथिको पटलमा वर्णन भयो, तर भगवान् कक्षामा पुगेका भगवान् श्रीराम, भगवान् श्रीकृष्ण, भगवान् बुद्ध, भगवान् वादरायण, भगवान् विश्वामित्र तथा कलियुगमा हालैं पनि भगवान् शंकराचार्य जस्ता साधकहरू भने व्यवहारीहरूले झैं कर्म गरेको इतिहास र पुराणादिमा देखिन्छ। यसको मतलव के हो भने वेदान्त मतले ब्रह्मलाई प्रधान र शक्तिलाई गौण मान्ने हुनाले र ब्रह्म जड हुनाले तद्रूप हुने साधकको जडरूप सच्चिदानन्द मात्रै हुन्छ। तर श्रीविद्यामतले शक्तिलाई प्रधान र ब्रह्मलाई गौण मान्ने हुनाले र शक्ति चैतन्यशील हुनाले तद्रूप हुने साधक चैतन्यवान् भएर सदा संतुष्टि र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परमानन्दको उपभोग गर्दै लोकाचारमा लुट्टपुटिए झैं भई अनेक लीला गरी रहन्छन् । त्यसउसले 'आगम-शास्त्रले' निम्नलिखित उक्ति गरेको हो ।

"यत्रास्ति भोगो न च तत्र मोक्षो ।
यत्रास्ति मोक्षो न च तत्र भोगः ॥
श्रीसुन्दरीसाधनतत्पराणाम् ।
भोगश्च मोक्षश्चकरस्थ एव ॥"

(यस श्लोकको साधारण अर्थ माथिको पटलमा वर्णन भयो अव रहस्यार्थ यस्तो हुन्छ ।)

रहस्यार्थ—"अज्ञानीहरूले अनेक व्यवहारी सुखभोग त आफूले गरेको दानपुण्यादिको प्रभावले र स्वर्गादिको भोगसम्म पनि पाउन सक्लान् , तर मोक्ष कदापि पाउन सक्तैनन् । फेरि ज्ञानीहरू सप्तम भूमिकामा पुगेपछि (वेदान्तमतमा) सदा समाधिमै रहेर लडी रहने हुनाले कहिले पनि सांसारिक सुखभोग चाख्न पाउंदैन । श्रीसुन्दरीसाधनमा तत्पर हुनेहरूको अर्थात् श्रीविद्योपासकहरूको हातमा भने भुक्ति र मुक्ति दुवै आइपर्छन्; अर्थात् श्रीविद्योपासना सप्तम भूमिकामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पुगे पनि चैतन्यवान् भएर पूर्णज्ञानको रसमा मग्न भई जीवन्मुक्त भएर व्यवहारी सुखभोग चाख्दै गर्दछन् ।"

चैतन्य अर्थात् होस हुंदाहुंदै पनि देहाभिमान कसरी हट्दछ भने, श्रीविद्योपासकमा चतुर्थ भूमिकामा पुगेदेखिनै 'सोऽहं' भाव त आईहाल्दछ । तसर्थ नाटकमा [1] एउटै नाटकपात्र [2] हुने व्यक्तिले कहिले आफू सुखी बनेर सुखभोग गरे झैं र कहिले आफू दुःखी बनेर दुःखभोग गरे झैं भान पारी दर्शकलाई [3] हसाउने र रुवाउने गर्दा पनि आफूलाई "म फलाना हुं," यो सुखदुःख नकली मात्रै हो" भन्ने पूर्ण विश्वास हुदा सो सुखदुःखको असर आफूमा नपारी खेलको मजामा रमीरहे जस्तै, चतुर्थ भूमिकादेखि माथि पुगेका श्रीविद्योपासक "म स्वयं ईश्वर हुं, यी सबै प्रपञ्चहरू नकली मात्र हुन्" भन्ने मनमा दृढविश्वास पर्न जांदा व्यवहारमा लापखाही गरी आनन्दको उपभोग झन् मजा मानी

1. नाटक = Theatre.
2. नाटकपात्र हुने व्यक्ति = Theatrical actor or actress.
3. दर्शक = Audience.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मानी गर्दछन् । अझ झन् सप्तम भूमिकामा पुगेका श्रीविद्योपासकको त भगवान् बनीसकेको हुनाले शुद्ध-संकल्प भईसकेको हुन्छ । त्यसउसले कुनै व्यक्तिले स्वप्नामा आफूलाई रुचेर मजालागीरहेको कारबाई देखीरहेको बेलामा ब्यूंझने धांचा भयेमा नब्यूंझी सो स्वप्ना केही बेर लम्व्याउंन सके झैं गरी (यस्तो अनुभव धेरैजसा पाठकमहानुभावहरूमा भएको होला) भगवान् भएका माहानुभावहरूले यस संसारमा अनेक चमत्कार गर्नसक्ने हुन्छन् ।

अघिल्ला तीन युगमा धेरैजना भगवान् बनेको पुराणादिमा देखिन्छ । यस कलियुगमा पनि भगवान् शाक्यमुनि र भगवान् शंकराचार्य उल्लेखनीय छन् । परमहंस वा कौलसम्राट् पदमा त रामकृष्ण र विवेका-नन्दादि चार पांच महानुभावहरू तथा हाम्रो नेपालमै पनि बन्धुदत्त आचार्य जामुनागुभाज्यू र लम्वकर्णभट्ट पुगेका थिये भन्ने बुझिन्छ ।

सबै आ-आफ्ना मतकै प्रधानता मान्दछन्; तैंपनि पूर्वोक्त सबै दर्शनहरू अर्थात् मतहरू अनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आगमका आम्नायहरू तथा निगमका चतुर्विंशति गायत्रीहरू समेत श्रीयन्त्रमा समष्टि भएको हुंदा श्रीविद्यामत आर्यमात्रमा श्रेयस्कर सिद्धान्त सावित हुन्छ। हुनत विहङ्गम–मार्ग (वेदान्तमत) को उदेश्य पनि सोऽहं पदमा पुग्नुनै हो; तर फरक के छ भने वितङ्गममार्ग अपनाउंदा पहिले आत्माको शुद्धिगराए-पछि देहको शुद्धि गराउने, र उता पिपीलिका मार्ग अपनाउंदा पहिले देहको शुद्धि गरेर आत्माको शुद्धि गर्ने विधान हुन्छ। यो गुरुमुखबाट जान्नु पर्दछ। हठयोगादिमा नेति धौति इत्यादिले सर्वप्रथम स्थूलदेहको शुद्धि गरेर आत्माको शुद्धि गरिन्छ; अन्य राजयोगादिमा नेति धौतिको जरूरत नभए पनि प्राणायाम त गर्नैपर्छ; तर राजाधिराजयोगको मतमा औंलाले नाकथुनेर जवर्जस्तिसाथ कुम्भक न गरी प्राशादद्वारा कुम्भक गर्ने अर्कै तरीकाले गरिन्छ, यो क्रिया राजाधिराजयोगाभ्या-सीकौलगुरुसित सिक्न पर्छ। यस प्राणायामलाई “गुप्तप्राणायाम” भन्दछन्। यस बारेमा रहस्यागमको यस्तो वचन छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"आशिकावन्धनं नैव नासिकावन्धनं न च।
प्राणापानौ समं कृत्वा प्राशादद्वयमेलनात् ॥
योगिनः सहजावस्था स्वयमेव प्रजायते ॥"

अर्थात्–"आशिकावन्धन र नासिकावन्धन नगरेर प्राण र अपानलाई सम गराएर प्राशादद्वयको अर्थात् श्रीप्रशाद र पराप्राशादको मेलन गर्दा योगीको सहजावस्था आफसें आफ भई हाल्दछ।" यो क्रिया गुरुद्वारा जानेर अभ्यास गर्नुपर्छ।

यो श्रीविद्यामतमा 'राजाधिराजयोगको' अभ्यास नितान्त आवश्यक छ। सो गर्न षडन्वयशाम्भवको चिन्तन गर्नुपर्छ। सो गर्नलाई सर्वप्रथम पूर्ववत् गुप्तप्राणायाम गरी "लौलुकी" [1] अर्थात् आंखाको नानी घुमाउने क्रिया गर्नुपर्छ; अनि आंखाको नानी स्थिर-गराएर "चाँचरी" [2] अर्थात् आंखा झिम झिम गर्ने क्रिया गरी आफ्नो नाकको टुप्पामा "त्राटक" [3] अर्थात्

---

1. लौलुकी = Moving the pueples of the eyes.
2. चाँचरी = Twinklings of the eyes.
3. त्राटक=Flixing of the eyes.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एकटिठले हेर्ने क्रिया गर्दै शाम्भवचिन्तनको "लक्ष"[1] बनाउनु पर्दछ, अर्थात् शाम्भवकूट र तदुद्भवरूपमा मनस्थिर राख्नु[2] पर्छ। यस कर्मलाई "शाम्भवी विद्या" भन्दछन्। "शाम्भवकूट" भनेको मन्त्र हो; 'तदुद्भवरूप' भनेको सो मन्त्रको अधिष्ठाता देवताको ध्यान हो। शाम्भवी विद्याको बारेमा "आगमको" यस्तो उक्ति छ।

"अन्तर्लक्षा वहिर्दृष्टिर्निमेशोन्मेशवर्जिता।
एषा हि शाम्भवीविद्या सर्व तन्त्रेषु गोपिता॥

अर्थात्–"भित्रीलक्षको साथ आंखाको झिंकाई नभएको हेराईरूप यो शाम्भवी विद्या सबै तन्त्रहरूमा लुकेर रहेकीछन्।"

यसउसले 'श्रीविद्यामतलाई' पनि 'शाम्भवी विद्या' नै भन्दछन्। यसबारेमा आगमोक्ति यस्तो छ।

"सर्वमन्त्रमयी साक्षाच्छ्रीविद्या देवदुर्लभा।
सैवेयं शाम्भवी विद्या भुक्तिमुक्तिप्रदायिनी॥

---

1. लक्ष=Target.
2. मनस्थिर राख्नु=To concentrate mind.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वेदशास्त्रपुराणानि सामान्यगणिका इव ।
इयं तु शाम्भवी विद्या गुप्ता कुलवधूरिव ॥"

अर्थात्—"सर्वमन्त्रमयी देवताहरूलाई पनि दुर्लभ भएकी यी साक्षात् श्रीविद्या नै भुक्तिमुक्तिदिने शाम्भवी विद्या हुन् । वेदशास्त्रपुराणहरू सामान्य वेश्या जस्ता हुन्; तर यी शाम्भवी विद्या कुलवधू अर्थात् घरनिया स्त्री झैं लुकेर पर्दामा रहने हुन् ।"

यस उक्तिको यस्तो अभिप्राया छ । द्वैतवादीहरू पुराणादिशास्त्रहरूको आधारले शैव, शाक्त, वैष्णव, गाणपत्य र सौर इत्यादि अनेक मतमतान्तर निकालेर आफू आफूले रुचाएको आ-आफ्नो मतलाई सर्वश्रेष्ठ मानेर उपासना गर्दछन् । अद्वैतवादीहरू पनि उही पुराणादिशास्त्रहरूकै आधारले सांख्य, मीमांसा, न्याय, वैशेषिक, पातञ्जल, र वेदान्तादि अनेक मतमतान्तर निकालेर आफ-आफ्ना मतलाई सर्वश्रेष्ठ मानेर रहन्छन् । अझ शून्यवादिहरू जस्ता अवैदिकहरूले पनि आफ-आफ्नो मतलाई सर्वश्रेष्ठ मान्दछन् । अनि यस्ता साधकहरूमा परस्पर वाद विवाद चल्दा अर्थात् शास्त्रास्त्रको लडन्तहुदा

•Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जसको वाक्-शक्ति अर्थात् वाक्-चातुर्यको बलले अर्कोलाई निरुत्तर गराउनसक्छ, उसैको जीतबाजी हुन्छ; अनि जीत्नेको मत त्यस सभामा सर्वश्रेष्ठ ठहरिन्छ। तर शाम्भवी विद्या अर्थात् श्रीविद्या घरानीया नारी झैं आफ्नो पर्दामा लुकेर रहने हुनाले, श्रीविद्योपासक आफ्नै मन सित बहस गर्दछ, तर अर्कोसित चुप रहन्छ। किनभने उसलाई हारजीत सित कुनै मतलब रहँदैन। श्रीविद्याको पूर्णतया अनुभव भए पछि, मिश्री चाखेको मानिसलाई जति सुकै व्यक्तिहरूले "मिश्री तीतो हुन्छ" भने पनि सो कुरामा प्रतीत नभए झैं, सो अनुभवी साधकले श्रीविद्याउपरको जतिसुकै सिकायती र अर्को मतको जतिसुकै तारिफ सुने पनि सो कुरा पत्याएर आफ्नो मन डगाउंदैन; फेरि उसलाई अरू मतको आवश्यक पनि रहंदैन। वास्तवमा श्रीविद्यावाटै सबै मत निक्लेका हुन्, अन्त्यमा पनि सबै मत श्रीविद्यामैं लय हुन्छन्।

अब श्रीविद्यासतको राजाधिराजयोगाभ्यासको बारेमा यथाज्ञान अलिकती कुरा दर्शाउने चेष्टा गर्दछु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यसमा सर्वप्रथम माथि तृतीय पटलमा चर्चा भएको कुलार्णवतन्त्रको उक्तिबमोजिम प्राशादी चिन्तन अर्थात् ब्रह्मरन्ध्रमा सेतो पराप्राशाद र मूलाधारमा रातो श्रीप्राशादको परस्पर संमेलनको धारणाको राम्ररी टकवसेपछि [1] मात्र अर्को किसिमको अभ्यासको आरम्भ गर्नुपर्छ। त्यसपछि अर्को अभ्यास गर्दा शाम्भवचिन्तनको अभ्यास गर्नुपर्छ। यसमा न्यासको साथ शाम्भवकूटहरूको साकार मूर्त्तिमा (ध्यानोक्तरूपमा) समष्टि गराएर न्यासैबाट कुलाकुलक्रम अर्थात् तलमाथि गर्ने क्रम र सब रश्मिमा समष्टि गराई चिन्तन गर्ने बहिरन्तरसमष्टिक्रिया आफ्नो गुरुसित सिखेर नियमपूर्वक सन्ध्या झैं गरी सामसवेर अर्थात् प्रातस्कृत्यगर्दा अजपाकोकर्म भन्दा अघि र रात्रिमा नित्यार्चन वा चक्रार्चनको तत्वशुद्धि पछि यस कर्म गर्नुपर्छ। यसको यथार्थ वर्णन लेखबाट हुन नसक्ने हुनाले यसको एक झलकसम्म मात्रै दर्शाउने चेष्टा गर्दछु। यसको अभ्यास गर्दा यो कर्म हादि (हंस) क्रमान्तर्गत हुनाले पहिले सहस्त्रारको चिन्तन गरी

1. टकवसेपछि=Being perfectly concentrated on.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आज्ञाचक्रको चिन्तन देखि वानिवसाली मूलाधारको चिन्तनसम्मको अभ्यास गर्नुपर्छ। यसमा सर्वप्रथम एउटा जान्नु पर्ने कुरा छ, त्यो के हो भने; मन, बुद्धि, चित्त र अहङ्कारको समष्टिरूपबाट सूक्ष्मदेह बन्दछ। सोही सूक्ष्मदेहका मूलाधारादि षट्चक्रहरु नै शाम्भवका षट्चक्र हुन्। फेरि इष्टदेवताको सूक्ष्मरुप र आफ्नो सूक्ष्मदेहको तथा इष्टदेवताको कारणदेह र आफ्नो कारणदेहको अभ्यासको पराकाष्ठामा पुगेपछि ऐक्य हुन्छ। अतः शाम्भवको षट्चक्रलाई देवताको षट्चक्र मान्दछन्। स्थूलदेहमा मेरुदण्डभित्रको ब्रह्मनाडीमा छ ओटा श्वासको स्पन्धि वा नाडीपुञ्जमा षट्चक्रको कल्पना हुन्छ भन्ने कुरा मद्रचित "निगमागमवैज्ञानिक-सार" को तृतीय पटलमा चर्चा भएको छ। तर सूक्ष्मदेह त दृष्टिगोचर नहुनाले सर्व प्रथम स्थूलदेह र सूक्ष्मदेहको सम्बन्ध जान्नुपर्छ। हाम्रो मस्तिष्कको उपल्लो भागमा ज्ञानरूपी तथा तल्लो भागमा विवेकरूपी 'बुद्धि', छाती-भित्र मुटुको ठीक माथि 'मन' छ्यांकुलाको पछिल्तिर र मेरुदण्डको अघिल्तिरको ठिक विचमा 'चित्त' अनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नाभिस्थानको वरिपरि 'अहङ्कार' लेसिएका हुन्छन्। इनैलाई आफ-आफ्नो कर्ममा प्रवृत्त गराउने तत्वस्फुरण-लाई चक्ररूप कल्पना गर्दछन् र यिनै चारलाई 'चतुरन्वयशाम्भव' भन्दछन्। फेरि सहस्रारमा रहेकी 'चेतनाशक्ति' (चैतन्य) र मूलाधारमा रहेकी 'कुण्ड-लिनीशक्ति' को परस्पर-खिचावटबाट [1] सूक्ष्मदेह अर्थात् मन, वुद्धि, चित्त र अहङ्कारलाई पूर्वोक्त ठाउंहरूमा संलग्न गराएर स्थूलदेहमा मिलाएको छ। यी दुई चैतन्य र कुण्डलिनीको आ-आफ्नो कर्ममा प्रवृत्त गराउने तत्वस्फुरणलाई समेत चक्रमानेर जम्मा छ चक्र कल्पना गर्दा 'षडन्वयशाम्भव' वन्दछन्। 'मन' संकल्प विकल्प द्वारा रच्ने हुनाले यसको (कर्म्ममा प्रवृत्त गराउने) स्फुरणतत्वलाई [2] पूर्वाम्नायात्मक मान्दछन्; किन भने पूर्वाम्नाय सृष्ट्यात्मक हो र सृष्टि नै रचना हो। अनि 'वुद्धि' विवेक र ज्ञानद्वारा मनले रचेको पदार्थको चालपाई निर्णय गर्ने अर्थात् वोध पार्ने हुनाले र

1. परस्पर–खिचावट=Mutual-attraction.

2. स्फुरणतत्व=Dynamic-system.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अधराम्नायात्मिका महानीलसरस्वती (महानीलतारा) स्वयं नै बोधरूपा हुदा, त्यस बुद्धिको स्फुरणतत्वलाई अधराम्नायात्मक मान्दछन् । फेरि 'चित्त' मनले रचेर बुद्धिले बोध गराएको पदार्थ आफूमा घुसाई जोगाउने हुनाले र जोगाउनु नै पालनगर्नु वा स्थितिगर्नु हुदा, त्यस चित्तको स्फुरणतत्वलाई स्थितिरूप दक्षिणाम्नाय मान्दछन् । मद्रचित "तान्त्रिकविज्ञानदर्पण" मा चर्चा भए झैं 'अहङ्कार' कामकलारूप हुंदा र कामकलाकाली स्वयं उत्तराम्नानात्मिका गुह्यकाली हुनाले; त्यस अहङ्कारको स्फुरणतत्वलाई उत्तराम्नाय मान्दछन् । अनि 'कुलकुण्डलिनी' स्वयं कुब्जिकारूप हुनाले र कुब्जिका पश्चिमाम्नायजननी हुंदा, त्यस कुण्डलिनीको स्फुरणतत्व-लाई पश्चिमाम्नाय मान्दछन् । फेरि सर्वोपरि रहने 'चेतना' वा चैतन्यशक्ति स्वयं उर्ध्वाम्नायात्मिका महात्रिपुरसुन्दरी निम्नलिखित वचनानुसारकी हुन् ।

"प्रकाशश्च विमर्शश्च स्पन्दः सत्ता चितिः क्रिया ।
स्फुरत्तेति समाख्याता सा वै त्रिपुरसुन्दारी ॥"

अतः त्यस चैतन्यको स्फुरणतत्वलाई उर्ध्वाम्नाय मान्दछन् । शाम्भव मतका षडाम्नाय यस्ता हुन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्थूलदेहको षट्चक्रचिन्तनको कादि (कुण्डली) क्रम हुनाले मूलाधार देखि चढ्दै माथि सहस्रारमा पुग्नु पर्छ। फेरि सूक्ष्मदेहको हादि (हंस) क्रम हुनाले माथि बुद्धिको स्फुरणतत्वबाट झर्दै तल कुण्डलीको स्फुरणतत्व सम्म पुग्नु पर्छ। त्यसउसले तलबाटको स्थूलदेहको क्रममा माथिबाटको सूक्ष्मदेहको क्रमको संपर्क गराएर शाम्भव षट्चक्रको कल्पना हुन्छ। त्यो कस्तो हुन्छ भने; अधराम्नायात्मक बुद्धिको स्फुरणतत्वमा मूलाधार-चक्रका पृथिवीतत्व मिल्दा नवात्मकूटकोतत्व बनी पार्थिव नवात्मकचक्र शाम्भवमूलाधारचक्ररूप, उस्तै गरी पूर्वाम्नायात्मक मनको स्फुरणतत्वमा स्वाधिष्ठानको तेजस्तत्व मिल्दा संवर्तकूटको तत्व बनी तैजससंवर्तचक्र शाम्भवस्वाधिष्ठानचक्ररूप, दक्षिणाम्नायात्मक चित्तको स्फुरणतत्वमा मणिपुरको जलतत्व मिल्दा द्वीपकूटको तत्व बनी आप्यद्वीपचक्र शाम्भवमणिपुरचक्ररूप, उत्त-राम्नायात्मक अहङ्कारको स्फुरणतत्वमा अनाहतको वायुतत्व मिल्दा हंसकूटको तत्व बनी वायव्यहंसचक्र शाम्भवअनाहतचक्ररूप, पश्चिमाम्नायात्मक कुण्डलिनीको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्फुरणतत्वमा विशुद्धिको आकाशतत्व मिल्दा विच्चवेश-कूटको तत्व बनी नाभसविच्च्वेश्वरचक्र शाम्भवविशुद्धि-चक्ररूप अनि ऊर्ध्वाम्नायात्मक चैतन्यको स्फुरणतत्वमा आज्ञातत्वको मनकोसारभूत विद्युत्तत्व मिल्दा परकूटको तत्व बनी मानसपरेश्वरचक्र शाम्भवआज्ञाचक्ररूप बन्न जान्छन् ।

स्थूलदेहको चक्रचिन्तनको मतमा महाभूतको उत्पत्तिकोक्रम अर्थात् पृथ्वी, जल, तेज, वायु अनि आकास तथा सूक्ष्मदेहको चक्रचिन्तनको मतमा सूक्ष्म-देहको स्थानको क्रम अर्थात् बुद्धि, मन, चित्त, अहङ्कार अनि कुलकुण्डलिनी हुनाले यी दुई क्रमको चक्रमा आम्नाय र तत्वको स्थानमा केही यस्तो भेद हुन्छ ।

चक्र । सूक्ष्मदेह वा शाम्भवमा । स्थूलदेहमा ।
विशुद्धि । कुण्डलीपश्चिमांनायवायवीयः । आकाशात्मकउत्तराम्नाय ।
अनाहत । अहंकारउत्तराम्नायनाभसः । पश्चिमाम्नायवाय्वात्मक ।
मणिपुर । चित्त दक्षिणांनाय आपसः । तेजस्तत्वात्मक पूर्वाम्नाय ।
स्वाधिष्ठान । मनपूर्वाम्नाय तैजसः । जलात्मक दक्षिणाम्नाय ।
मूलाधार । बुद्धिअधराम्नायपार्थिवः । पृथ्वीतत्वात्मकअधराम्नाय ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चैतन्य तत्वातीत र सर्वसाक्षी हुंदा र विद्युत्कोश नै आज्ञाचक्र हुनाले दुवै मतले यसचक्रलाई तत्वातात र ऊर्ध्वाम्नायात्मक मानेको छ।

"श्रीकुलक्रमचिन्तामणितन्त्रमा" पहिले शवै शाम्भवका मन्त्रहरूको उद्धार गरी, देवता र चक्रको संकेत गरेर यस्तो भनेको छ।" यो परेश्वरको मन्त्र आज्ञाचक्रको कर्णिकामा, यो विच्चेश्वरको मन्त्र विशुद्धि चक्रमा, यो हंसेश्वरको मन्त्र अनाहतचक्रमा, यो सम्वर्तेश्वरको मन्त्र स्वाधिष्ठानचक्रमा, यो द्वीपेश्वरको मन्त्र मणिपुरचक्रमा अनि यो नवात्मेश्वरको मन्त्र मूलाधारचक्रमा मनन गर्नुपर्दछ।

यस उक्तिको संकेतबाट यस योगको अभ्यास आज्ञाचक्र देखि आरम्भ भएर अनाहतचक्रबाट एकदम स्वाधिष्ठानमा झरी, फेरि त्यहाबाट मणिपुरचक्रमा उल्किएर अनि त्यहाबाट मूलाधारमा झर्नु पर्दो रहेछ भन्नेसम्म मात्रै बुझिन्छ। विशेष यस्को यथार्थ तरिका गुरुमुखमै निहित भएको हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यी सबै शाम्भवको वैज्ञानिकरहस्यको चर्चा गर्नै हो भने त यस्तै अर्को पुस्तक बन्ने छन्; यहा ऐले यत्ति मात्रै दर्शाउंछु, सहस्रारको 'षडन्वयश्वरमहाशाम्भव' को मन्त्र र ध्यानको निर्गुणार्थबाट परतत्वको [1] शक्ति त्यस्तै आज्ञाचक्रस्थित 'परेश्वरानन्दनाथपरेश्वरीपराम्बाको' बाट परातत्व, [2] विशुद्धिस्थित 'विच्चेश्वरानन्दनाथ-विच्चेश्वरीपराम्बाको' बाट नादात्मतत्व [3] अनाहतस्थित 'हंसेश्वरानन्दनाथहंसेश्वरीपराम्बाको' बाट वैन्दवतत्व, [4] स्वाधिष्ठानस्थित संवर्तेश्वरानन्दनाथसंवर्तेश्वरीपराम्बाको' बाट मकरात्मतत्व, [5] मणिपुरस्थित 'द्वीपेश्वरानन्दनाथ-द्वीपेश्वरीपराम्बाको' बाट उकारात्मतत्व [6] अनि मूलाधार-स्थित 'नवात्मेश्वरानन्दनाथनवात्मेश्वरीपराम्बाको' बाट

---

1. परतत्वको = Potential energy.
2. परातत्वको = Kinetic energy.
3. नादात्मकतत्वफो = Electronic energy.
4. वैन्दवतत्वको = Gastic energy.
5. मकारात्मतत्वको = Atomic energy.
6. उकारात्मतत्वक = Energy for the fomation of liqued.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अकारात्मसत्वको [1] शक्तिको अर्थात् सत्ताको उद्धार हुन्छ। पछि पछि अरू पुस्तक लेख्ने मौका मिल्यो भने अलि अलि गरेर यसको खुल खुलाउदै गर्ने छु। यो अभ्यास प्रतिदिन शय्यासागर्ने प्रातस्कृत्यको साथसाथै अजपासमर्पण भन्दा अघि गर्नुपर्छ। यो अभ्यास गर्दा गर्दा पहिले पहिले एक, डेढ घण्टा लाग्ने हुन्छ; पछि पछि राम्रो कण्ठस्थ जस्तो भएपछि पुस्तक साक्षी जस्तो मात्रै गरी अगाडी राखेर अभ्यास गर्दा करिब आधा घण्टामा समाप्त हुन्छ; आफ्नो फुर्सदको विचार गरेर जति बेरसम्म लंग्याएर आनन्द लिने गरे पनि हुन्छ। चक्रार्चनको अवस्थामा पनि तत्वशुद्धिको पछि र वीर भोजनको समाप्ति भन्दा अघिको बेलामा छोटकरी मै भए पनि शाम्भवचिन्तन गर्नु पर्छ, तर रश्मिचिन्तनको भने उस्तो दर्कार पर्दैन। चक्रार्चन गर्न नपाएमा सुत्ने बेलामा यो अभ्यास गर्नु पर्दछ। प्रातस्कृत्यको अजपविधान र बाह्यपूजाको वैज्ञानिकरहस्यको वर्णन अर्कोपुस्तक लेख्ने मौकामिलेमा यथा ज्ञान झल्काउने छु। अब यहा

1 अकारात्मतत्व = Energy for the formation of Solid.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अन्तर्ध्वनितरङ्ग[1] निकालेर त्यसको प्रयोग गर्ने वारेमा केही कुराको यथा ज्ञान चर्चा गर्ने चेष्टा गर्दछु।

मद्रचित 'निगमागमवैज्ञानिकसार' मा "वचनबाट वा मननबाट विद्युत्प्रभा[2] विद्युत्कोशरूप[3] इतरलिङ्गमा नया उत्पादित भएर पुगी सोही तत्वका पुरानो जति भाग चाल[4] या रूपविकृतिद्वारा[5] आफलिन्छ भन्ने कुराको चर्चा भएकै छ। यी सबै प्रकारका प्रभातत्व[6] साधारण ध्वनितरङ्गबाट[7] निस्किएका हुन्। त्यस्तै गरी केवल धारणा अर्थात् भावना र चिन्तन बाट पनि एक प्रकारको सारै सूक्ष्म आवाज निस्कन्छ, त्यसको तरङ्गलाई 'अन्तर्ध्वनितरङ्ग' भन्दछन्। यी ध्वनितरङ्गहरूमध्ये बचन-

---

1. अन्तर्ध्वनीतरङ्ग=Ultra sonic sound-wave.
2. विद्युत्प्रभा=Electrical current.
3. विद्युत्कोश=Electrical power-house.
4. चाल=Motion.
5. रूपविकृति=Change of mood.
6. प्रभातत्व=Current.
7. ध्वनितरङ्ग=sound-wave.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बाट निस्किएका 'श्राव्यध्वनितरङ्ग'[1] चालबाट र मननबाट निस्किएको 'अश्राव्यध्वनितरङ्ग'[2] रूपविकृति-बाट आफूले निकालेको प्रभातत्व सित विलीन भई हराए झैं 'अन्तर्ध्वनितरङ्ग' सहस्त्रारको सूक्ष्मरन्ध्रबाट निस्कने बास्प[3] बाट आफूले निकालेको प्रभातत्वसित विलीन भई हराउंछ। 'श्राव्यध्वनितरङ्ग' स्थूलदेहबाट अर्थात् देखिने पदार्थको ठोसाईबाट, 'अश्राव्यध्वनितरङ्ग' सूक्ष्मदेहबाट अथात् नदेखिने पदार्थको ठोसाई[4] बाट तथा 'अन्तर्ध्वनितरङ्ग' कारणदेहबाट अर्थात् केवल भावित पदार्थको ठोसाईबाट उत्पन्न हुन्छ। लेखबाट येतिसम्म मात्रै बुझाउन लक्छु। विशेष यो बुझ्नलाई कुनै एक अनुभवी व्यक्तिको साथमा वसी अनुभवी गरेर बुझनु पर्छ, किन भने 'मिश्री गुलियो हुन्छ' भनेर मात्रै हुदैन त्यसको यथार्थ स्वाद चाखेर नै चाल पाइन्छ।

---

1. श्राव्यध्वनितरङ्ग = Vocal and external sound-wove.
2. अश्राव्यध्वनितरङ्ग = Mental and internal sound-wove.
3. वास्प = Vapour.
4. ठोसाई = Friction.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नैष्काम्य गर्दा अर्थात् शाम्भवचिन्तन, प्रणवोपासना तथा लययोग आदि गर्दा अन्तर्ज्योतिको प्रकाश गराई अन्तर्ध्वनितरङ्गबाट निकालिएको प्रभातत्व वाष्पद्वारा सूक्ष्मरन्ध्रबाट निस्किएरजान्छ। काम्य गर्दा अर्थात् रोगहटाउने उपाय गर्दा भने यसको छांट अर्कै हुन्छ। त्यस बारेमा विशेष चर्चा गर्नु भन्दा पहिले 'कुलार्णवतन्त्र' को निम्नलिखित सांकेतिक उक्तिहरू तिर विचार गरौं।

"स्थाने मनोहरे देवि साधकः स्थिरमानसः।
स्थितो मृद्वासने ध्यायेद् गुरुवन्दनपूर्वकम् ॥
मस्तकस्थितसंपूर्णचन्द्रमण्डलमध्यगम्।
श्रीप्राशादपराबीजं षोडशस्वरसंयुतम् ॥
शुद्धस्फटिककर्पूरकुन्देन्दुधवलं प्रिये।
सचन्द्रबिम्बसञ्जातसुधाप्लावितविग्रहम् ॥
आत्मानं भावयेन्नित्यं निश्चलेनान्तरात्मना।
सर्वारिष्टं विलीयेत शुभश्रीपुष्टिकारकम् ॥
ज्वरोन्मादादिरोगेषु जपेच्छिरसि चिन्तयन्।
शूलवातव्रणग्रन्थिमूत्रकृच्छ्रादिसम्भवे ॥
तत्तत्स्थानेषु संस्पृष्ट्वाष्ट्वा पूर्ववच्चिन्तयन् जपेत्।
महारोगेषु जातेषु सर्वाङ्गेषु विचिन्तयेत् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तत्क्षणाच्छान्तिमायान्ति रोगाः सर्वे न संशयः ।
देहेन्द्रियेषु यो ध्यायेल्लभेदिन्द्रियसौष्ठवम् ॥
यत्रबीजं स्मरेत्तत्र तत्फलं लभते ध्रुवम् ।
सदा यश्चिन्तयेन्मूमूर्द्ध्नि स भवेदजरामरः ॥
सर्वरोगप्रहरणं विद्यारोग्यप्रदं प्रिये ।
अस्मात् परतरध्यानं नास्ति सत्यं न संशयः ॥"

अर्थात्—"रमाइलो ठाउंमा साधक नरम आसनमा वसेर मन स्थिर गराएर गुरुवन्दनादि गरी आफ्नो मस्तकमा रहेको पूर्णचन्द्रमण्डलमा सोहस्वरबर्णले घेरिएको शुद्धस्फटिक, कपूर, कुन्दपुष्प तथा चन्द्रमा झैं सेतो श्रीप्रासादपरावीजले सुशोभित भएको र सो चन्द्र-विम्बबाट झरेको अमृतले आफ्नो देह भित्र र बाहिर सबै निथ्रुक्क भएर भीजीरहेको निश्चलमनले भावनागर्नाले सबै अरिष्टहरू बिलाएर जान्छन् अनि शुभ, श्री र पुष्टि हुनजान्छ। ज्वर र उन्मादादि रोगहरूहुंदा (सोही बीजको) जप गर्नु र (पूर्वोक्त अमृत चुहिएर भिजाएको) शिरमा चिन्तन गर्नुपर्दछ। शूल, वात, व्रणग्रन्थि तथा मूत्रकृच्छ्रादि रोगभयो भने रोगलागेको ठाउंमा छोई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सोही सोही ठाउमा माथिबताए झैं जप र चिन्तन गर्नाले एकदम सबै रोगहरू नाश हुन्छन्, त्यसमा शङ्का छैन। देह वा इद्रियहरूको सिथिल भएको ठाउंमा पूर्वोक्त बीजको भावना गर्नाले त्यसको फल मिल्दछ अर्थात् सो सिथिल भएको ठाउं ठीक हुन्छ। संधै टाउकोमाथि भावना गर्नाले बूढो नहुने र नमर्ने हुन्छ अर्थात् देवतुल्य हुन्छ। सबै रोग हटाउने र आरोग्य दिने काम यस भन्दा वढी अरू कुनै छैन भन्ने कुरा सांचो हो; त्यसमा कत्ति पनी शङ्का छैन।"

यो उक्ति संकेत मात्रै हो। अघि यसै पुस्तकको तृतीय पटलमा "सर्व कर्माणि कुर्वीत" भन्ने इत्यादि उक्तिमा पराप्राशादबीज सेतो तथा श्रीप्राशादबीज रातो को भावना गर्ने क्रमको संकेत दर्शाएको छ। यो ऐले दर्शाएको भन्दा त्यो पहीलेको सांकेतोक्ति हो; ऐले यस उक्तिमा "पराप्राशादबीजलाई सोह्र स्वरबर्णले घेरेको" भन्ने वतायो; फेरि अगिल्लो उक्तिमा "माथिको बीजबाट तलको बीजमा अवच्छिन्न अमृत चुहिरहेको" भन्ने पनि वताएको छ। अनि यस पछि रातो श्रीप्राशादबीजको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बारेमा यस्तो उक्ति छ ।

"हृत्पद्मकर्णिकामध्ये सूर्यमण्डलसंस्थितम् ।
श्रीप्राशादपरंबीजं तरुणारूणसन्निभम् ॥
पञ्चविंशतिभिः स्पर्शैरक्षरैः वेष्टितं प्रिये।
तत्प्रभापटलच्छाया कीकृतजगत्त्रयम् ॥
आत्मानञ्च स्मरेद्देवि निश्चलेनान्तरात्मना ॥"

अर्थात्–"मुटुभित्रको कमलको कर्णिकामा रहेको सूर्यमण्डलमा भर्खर उदाएको सूर्य झैं रातो श्रीप्राशादबीज पच्चिस स्पर्शाक्षरले घेरेको र त्यसको प्रभावले तीनलोक र आफू समेत रातै रङ्गिएको निश्चल मनले भावना गर्नुपर्छ ।"

यस्तै गोलमोलको [1] संकेत हरेक कुरामा भएकोले नै "संकेतविद्या गुरुवक्रगम्या" भनेर आगमले बताएको हो । फेरि 'चामुण्डातन्त्रमा' पनि यस्तो उक्ति छ ।

"गुरूमुख्याः क्रियाः सर्वा भुक्तिमुक्तिफलप्रदाः ।
गुर्वनुक्ताः क्रियाः सर्वा निष्फला स्युर्यतो ध्रुवम् ॥"

---

1. गोलमोलको=Confused.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्–"गुरुमुखबाटको अर्थात् गुरुसित सिखेर गरेको सबै काम भुक्तिमुक्ति दिने र विनागुरुमुखको अर्थात् गुरुसित नसिखी अर्काको देखासिखी गरेर अथवा अनेकपुस्तकहरू हेरेर आफै जान्ने भएर गरेको काम निश्चयनै फुस्सा हुन्छ।"

अवयो सबै उक्तिको आधारबाट यस योगको आविस्कार भएको हो। अतः यसको यथाज्ञान वर्णन गर्दछु।

आफ्नो सहस्त्रारमा चन्द्रमण्डल भित्र क्रमशः 'अँ आँ इँ ईँ उँ ऊँ ऋँ ॠँ ऌँ ॡँ एँ ऐँ ओँ औँ अं अः' झल्कने र टल्कने सेता यी अक्षरहरूबाट घेरिएको पराप्राशादबीजको भावना गरी मूलाधारमा दन्कीरहेको अग्निकुण्डमा झल्कने टल्कने रातो श्रीप्राशादवीजको भावना गरी गुरूले बताए झैं गरी उच्छ्वासद्वारा सो श्रीप्राशादवीजलाई माथि सहस्त्रारमा रहेको पराप्राशादबीजमा ठोस्नु पर्छ, अनि सो ठक्करकोजोडको [1] साथा गुरूले बताए झैं गरी निश्वासद्वारा हृत्पद्मको कर्णिकामा सूर्य-

1. ठक्करकोजोड=Shock.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मण्डलभित्र क्रमशः 'कँ खँ गँ घँ ङँ चँ छँ जँ झँ ञँ टँ ठँ डँ ढँ णँ तँ थँ दँ धँ नँ पँ फँ बँ भँ मँ' झल्कने टल्कने राता यी अक्षरहरूको भावना गरी त्यसको बीचमा सो श्रीप्राशाद बीजलाई झारेर राख्नु पर्छ; यो काम हुना साथ बीजहरूको ठोसाईबाट हृत्पद्ममा अन्तर्ध्वनितरङ्ग निस्कन्छ र त्यसको प्रभातत्व आज्ञाचक्रको इतरलिङ्गमा पुग्दछ। यो लेख्दा यतिलामो भएपनि एक फेरा लामो शासफेर्दा सबै काम भई हाल्दछ। यति भएपछि गुरुले बताए झैं गरी आफ्नो हातमा इतरलिङ्गबाट प्रभातत्व ल्याई पाच औंला फिजाई अर्कोको रोगाएकोभागमा [1] प्रयोग गर्नुपर्छ। आफूलाई रोगलागेमा भने इतरलिङ्गबाट प्रभातत्वलाई आफ्नो मनमा गुरुले बताएको विधानले संलग्न गराई सोही मनद्वारा रोगाएको ठाउंमा प्रयोग गर्नुपर्छ। फेरि उस्तै गरी पांच औंला जोडेर कुम्भमुद्रा बनाउंदा पृथ्व्यादि पांचं तत्वहरूको [2] उद्दीपककुञ्जिका [3]

1. रोगाएकोभाग=Diseased or effected part.

2. तत्वहरू=Elements.

3. कुद्दीपनकुञ्जिका=Pchycic push-bottom.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रूप सबै औंला एकत्रित हुनजांदा पांचै तत्वका एकैनासको प्रभाव पर्न जान्छ अनि गुरुलेवताए झैं गरा सोही मुद्राले पूर्वोक्त प्रकारको मनन गरी रोगानुसार पानी, तेल, घिउ, मद्य अथवा खरानीमा प्रभातत्व[1] भरीदिनु पर्दछ; अनि सो औषधि रोगाएको ठाउंमा घसीदिने गरे रोग हट्दछ। यो घस्नेकाम अर्कोको लागि मात्रै हो; आफूलाई मनको विधानबाट नै प्रयोग हुने हुनाले वाहिरी कुनै वस्तुको आवश्यक पर्दैन। माथि वताए झैं प्रयोग गरेर अर्काको रोग हटाउनु भन्दा आफ्नो रोग निकोतुलाउन घेरैनै कठिन पर्छ; किनभने मानिसलाई रोगलागेको बेलामा आफ्नो मन स्थिर गराउन साह्रै नै कठिन हुने कुरा अनुभवसिद्ध छ। योग्यगुरुवाट प्राशादीदीक्षा ग्रहण गरेर महाषोढान्यास र सबै पूर्वोक्तयोग सिखेर नित्य अभ्यास गर्नें गर्दा गर्दा केही वर्ष पछि अर्कोको रोगाएकोठाउंमा प्रयोग गर्न सकिन्छ। तर आफ्नो रोगमा प्रयोग गर्नु तथा कुनै वस्तुमा प्रभातत्व भर्नु भने शाम्भवदीक्षा समेत ग्रहण

1. प्रभातत्व भरीदिनु=To charge Battery.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गरेर शाम्भवरश्मिचिन्तनमा टक न वसेसम्म[1] त आकाश खेती गर्नु जस्तो हुने छ। मामुली सानोतिनो वायुको खेलबाट भएका अर्कोको रोगमा त षडाम्नायात्मकबीज-हरूपरेको मन्त्रहरूमध्ये कुनै एकको दीक्षितले योग्य गुरुसित सिखेर आफ्नो आज्ञाचक्रमा प्रणवको धारणा-मात्रले पनि अर्कोको रोग हटाउन सक्छ।

पूर्वोक्त रोगनाशकक्रियाहरू अनुभव सिद्ध हुन्। स्वयं मैले पांच सात व्यक्तिको रोग यस्तै प्रयोगले निकोपारेको छु। तर तिनका रोग साधारणै थिये; ठूलठूला रोग निकोपार्न सक्ने समर्थ भने ममा अझैं आएको छैन। मैले सिखाएकोले मेरो छोरा नानी त्रैलोक्य शम्शेर ज. ब. राणाले पनि सानो तिनो रोग निकोपार्न सक्छन्। साधारण वायुको विकारबाट भएको मामुली सानो रोगमा केवल प्रणव धारणाले छोरा नानी कोमलशम्शेर ज. ब. राणा र सुब्बा रामप्रशाद भट्टा पनि प्रयोग गरेर रोग हटाइ दिन सक्ने भएका छन्। नादको बारेमा मेरो छोरा त्रैलोक्यलाई संगीत जानेबाट मलाई

1. टक न वसेसम्म=untill perfectly concentrated on.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भन्दा धेरैनै वढी ज्ञान हुनाले र यो अन्तर्नादको काम हुनाले यसमा अभ्यास गर्दै गरे मेरो हालको उमेर हुदा उनी छोरा म भन्दा वढता योग्य हुनेछन् भन्ने आशा गर्दछु। हाल करिव दुई तीन वर्ष भयो ईश्वरको कृपाले प्रभातत्व भर्ने कर्म्ममा पनि मसाई सफल अलि अलि हुंदै आईरहेछ; यसकामबाट पनि दुई तीन व्यक्तिलाई फाइदा भएको छ। तर खेदको कुरा यो छ कि आफ्नो रागमा भने यसको प्रयोग गर्न सक्ने शक्ति मेरा अझै हुन सकेको छैन; किनभने रोगलागेको बेलामा रोगको बाधाले चित्तवृत्ति ठीक नहुंदा मनलाई काबूमा राख्न वडो मुश्किल पर्दो रहेछ; अनि मन ठीक नभए कुनै पनी योगाभ्यास हुन सक्तैन। त्यसउसले आफ्नो रोग हटाउने योगमा सफल हुन ज्यादानं प्रयास गर्नुपर्ने छ भन्ने मलाई लाग्छ।

पूर्वोक्तवत् सहस्रारको पराप्राशादबीजमा मूलाधारको श्रीप्राशादबीज ठोस्दा बहुतै नरम चालले ठोस्नु पर्दछ; किनभने ज्यादा जोड सित ठोस्दा तालू फुट्न गई प्राणाजाने हुन्छ। आफ्नो देहान्त हुने अवस्थामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सबै देहावयव र इन्द्रिय 'समेत सिथिल भएको हुन्छ; त्यस अवस्थामा होस ठीक राख्न सक्ने साधक यस योगको चिन्तनले मात्रै पनि मूलाधारस्थ श्रीप्राशाद-बीजमा ठोस्सिन गई तालू फुटालेर परम पदमा पुग्दछ। त्यसउसले अन्त्यमा होस ठीक राख्नाको लागि पनि यो राजाधिराजयोगको अभ्यास नित्य नै गर्नुपर्दछ; किनभने आफ्ना अन्त्य सपानकै लागि उपासनादि गर्नुपर्छ।

यस विषयमा मैले जानेजति र अनुभवपाए जति कुरा स्पष्टतया पाठक वर्गमा दर्शाएको हुं; कुनै श्रद्धालु महानुभावमा यो कर्मको अनुभव प्रत्यक्षरूपमा हेर्ने चाहना हुन्छ भने म छर्दछु, तमाशाको रूपले होइन कि, प्रेमकोरूपले यथाज्ञान र यथायोग्य एकान्तमा दर्शाउनेछु, मलाई स्तुतिनिन्दा र मानापमानको पर्वा छैन, केवल प्रेम भए पुग्छ। तर आर्यधर्मावलम्वी बाहेक अरू धर्माव-लम्वीहरूसित मेरो धर्म न मिल्ने हुनाले उंहाहरूलाई भने मेरो अनुभव दर्शाउन असमर्थ छु। मेरो गुरुदेवको आज्ञा पनि यस्तै छ।

अर्को एक प्रकारको योगाभ्यासको विधान मेरा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पूज्य गुरुदेवले बताउनु भएको छ; तर त्यो अभ्यास गर्ने सौभाग्य मलाई मिल्न सकेन; फेरि मेरो उमेरले गर्दा अब त्यो गर्नसक्ने आस पनि छैन। तथापि यसमा चाख राख्ने पाठक महानुभावहरूको सांम्ु सो दर्शाउने चेष्टा गर्दछु।

माथिल्लो टपलमा चर्चा भए झैं प्रणवोपासना सिद्ध भएपछि मात्र निम्नलिखित योगाभ्यास गर्नुपर्छ। यो अभ्यास गर्दा पनि पूर्वोक्त प्रणवोपासनाका नियम नै पालन गर्नुपर्छ। मनमा धेरै कुरा खेलाउने, धेरैखाने, भोकोबस्ने, धेरै सुत्ने तथा निद्रामानै अर्थात् निद्रालाग्दा पनि नसुतेर जागा रहने व्यक्तिलाई कुनै योगको पनि सिद्धि मिल्न सक्तैन। यस विषयमा गीतामा भगवान् श्रीकृष्णले अर्जुनलाई यस्तो बताउनु भएको छ।

"नात्यश्नतस्तु योगोऽस्ति न चैकान्तमनश्नतः।
न चास्ति स्वप्नशीलस्य जाग्रतो नैव चार्जुन॥"

अर्थात्—"हे अर्जुन! अति धेरै खाने, कत्ति-पनि नखाने, ज्यादै सुत्ने तथा सधैं जागो रहने व्यक्तिलाई योग कदापि सिद्ध हुदैन।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अब योगाभ्यासतिर विचार गरौं। सुखासनमा बसेर आफ्नो इष्टदेवताको तस्विर आफ्नो आंखाको तहमा [1] राखी लौलुकी तथा चाँचरी माथिबताए झैं गरी केही बेरसम्म गरेपछि सो चित्रको अर्थात् तस्विरको मूर्तिमा करिब दश मिनेट जति त्राटक गरेपछि, आंखा चिंली सो मूर्ति मनमा धारणा गर्दै करिब पन्द्र मिनेटसम्म गहीरोगरी सासफेर्दै गर्नुपर्छ, अनि फेरि सोही तस्विरमा एकचित्त भएर त्राटक गर्दा गर्दै केही बेर पछि आँखा गरुङ्गो हुदै आउंछ र चिंलन मन लाग्छ र जतातर्तै अध्यारोको भान पर्नगई आधा-वेहोस [2] होइन्छ र आंखा आफसें आफ बन्द हुनजान्छ। त्यस अवस्थामा पनि सोही चित्रको मूर्तिमा टक बसाल्दै गर्नुपर्छ। यस्तो अभ्यास गर्दा गर्दै केही दिन पछि सो चित्र स्पष्टतया मनको आंखाले देख्ने हुन्छ। यो केही भने आफ्नो चर्मचक्षु बन्दहुदाहुदै पनि अन्तर्चक्षुले देखेको हो; यसैलाई 'दिव्यदृष्टि' [3] भन्दछन्। यो अभ्यास

1. तह = Level.
2. आधावेहोस=semi-conscious.
3. दिव्यदृष्टि = Clair-voyance.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दिनमा गर्नुपर्दछ। फेरि रातमा सबै तिर चकमन्न भएपछि कतैबाट कुनै प्रकारको पनि आवाज नआउने ठाउंमा वसी एकचित्त भएर टाढा टाढाको आवाज सुन्न खोज्ने अभ्यास गर्नुपर्छ; यसो गर्दा गर्दै केही दिन पछि टाढा टाढा गुनगुनाए झैं आवाज कर्णगोचरमा आउन-लाग्छ; यो शब्द वाहिरी कानले सुनेको नभई भित्री कानले सुनेको हो; यसलाई 'दिव्यश्रुति'[1] भन्दछन्। यसमा दिनमा दिव्यदृष्टिको अभ्यास गर्दा इष्टदेवताको मूलमन्त्रको र रातमा दिव्यश्रुतिको अभ्यास गर्दा कर्णमातङ्गीको मन्त्रको आ-आफ्ना गुरुमुखबाट साङ्गो-पाङ्ग रहस्य सिकेर अभ्यासारम्भ भन्दा अघि न्यास ध्यान गरेर अष्टोत्तरशत (१०८) जप गर्नुपर्छ।

एवं पूर्वोक्त प्रकारको अभ्यास हररोज नियम-पूर्वक ठिक ठिक समयमा गर्नुपर्छ, अर्थात् आज जति वजेर जांदा आरम्भ गरी जति वजेर जति मिनेट जांदा समाप्ति गरेको छ, भोलि पनि सोही सोही वेलामा आरम्भ र समाप्ति गर्ने गर्नुपर्दछ। रातमा शब्द सुन्दा

1. दिव्यश्रुति=Clair-audience.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुन्दै निदाइने भएपछि र दिनमा पूर्ण तुरीयावस्था [1] आउने भएपछि भने समाप्तिको समय आफै पछि हटी अभ्यासको समय ढिलाएर जान्छ; त्यसमा विचार राख्न पर्दैन। अनि आरम्भको समय मात्रै ठिक गरे हुन्छ।

यो योग सिद्ध भएपछि आफूले जुन ठाउंमा मन पठाएर आफ्नो तुरियावस्था गराउंछ त्यस ठाउंमा भएको घटना [2] सबै सुन्न र देख्न सक्ने साधक बन्दछ।

यो पूर्वोक्त दिव्यदृष्टि तथा दिव्यश्रुति हातपार्ने अभ्यास स्वयं मैले गरेको होइन, केवल स्वगुरुमुखारविन्दबाट सुनेको भरले लेखेको हुनाले राम्ररी खुलस्त दर्शाउन नसकेमा क्षमा प्रार्थी छु।

यो पटल टुङ्ग्याउनु भन्दा अघि केही सानो कुरा भन्न चाहन्छु। यो श्रीविद्योपासनाको पिपीलिका-मार्ग [3] हो; यस मार्गबाट चल्नलाई कत्तिपनि नहड्बडाई

1. तुरीयावस्था = Condition in trance.

2. घटना = Qccurence.

3. पिपीलिकामार्ग = Persiuiaring metood.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धिरज धारण गर्नुपर्छ। आत्तिने र मात्तिने व्यक्ति यसमा सफल हुन सक्तैन। फेरि मानिसलाई वैभवले मत्याउने र गरिबीले अत्याउने गरेको बराबर व्यवहारमा देखिंदं छ। त्यसउसले श्रीविद्योपासनामा संलग्न हुन खोज्ने व्यक्तिले आफ्नो घरव्यवहार चलाएर समाजमा मिलेर आफ्नो कुल र औकातलाई सुहाउदो वित्तोपार्जनको काम नैष्कापट्यले गर्नुपर्दछ। त्यसो नगेरे गरिबीको फेला परेर आंत्तिनु पर्ने हुन गई उपासनामा बाधापर्ने हुनजान्छ। फेरि ज्यादा धन थुपार्ने कोसिश तिर लागेर वैभवको भोगविलासमा डुबुल्की मारीरहनु पनि हुदैन। त्यसो गर्दा वैभवको जोसले मात्तिने भई उपासनामा बाधापर्न जान्छ। त्यसउसले सद्व्यवहार गरेर आफ्नो गृहस्थाश्रम धर्म थामी 'नभोको नभकारी' बनेर सादाजीवन [1] र उच्च-चिन्तनलाई अङ्गालेर उपासना गर्नु नै श्रेयस्कर हुन्छ। यो आफ्नो विचारमा झल्किएको कुरा लेखेको हुं। किं बहुना ?

---

1. सादाजीवन र उच्चचिन्तन = Plain liveng and high thinking.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अब यत्तिकैमा यो पटल समाप्त गर्छु । अर्को पटलमा यस पृथ्वीमा उत्पात हुने र शान्ति गर्ने कुराको तथा उपासनाबारेको कुनै कुनै कुरा समेत यथाज्ञान चर्चा गर्नेछु ।

॥ इति श्रीराजाधिराजयोगवर्णनन्नाम षष्ठः टपलः ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

॥ अथ ॥

॥ सप्तमः पटलः ॥

राणावंशमा मेरोजन्म भएको हुंदा आफ्नो वंशपरंपरानुसारको पेशातिर लाग्नु पर्दा धेरजना रहस्यज्ञ र तत्ववेत्ता साधकहरू सित सत्सङ्ग पाउने र विविध शास्त्रग्रन्थावलोकन गर्ने सौभाग्य मलाई मिल्न सकेन। तथापि मेरा परमपूज्य गुरुदेव श्रीपूर्णानन्द ब्रह्मचारीज्यूको त कुरै भएन, उहादेखि अतिरिक्त रहस्यज्ञ र तत्वज्ञ साधकहरू श्री पं. घनदत्तशर्मा, श्री पं. सुव्बावीरेन्द्रकेशरी अर्याल तथा श्रीकाजिमान् अचाजु (आचार्य) यति तीन जनाको मात्रै सस्नेह सत्सङ्ग र कृपावाट जो अलिकति रहस्य वुझ्ने सौभाग्य पाएको थियें सोही यस कलमद्वारा यथा शक्य दर्शाईरहेको छु। मलाई यस मार्गमा प्रवृत्त गराउने पथप्रदर्शक अरू चारजना साधकहरूलाई पनि विर्सनु सक्तिन उहाहरू पूर्वोक्त चार साधकहरूको दाजामा पुग्ने र यथार्थ रहस्यज्ञ र तत्वज्ञ नभए पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुलपथानुयायी हुनुहुन्थ्यो, उंहाहरूको शुभनाम यस-प्रकारको छ; श्री पं. दुर्गानाथगुरुज्यू (धेरै ग्रन्थावलोकन वाहिरी भावले विनागुरु आफ्नो विद्वत्ताको भरले गर्नु भएको विभाव पाशवकल्पको श्रीविद्योपासक), श्री पं. रुद्रदेवखनाल (ज्योतिषशास्त्रज्ञः विशेष तन्त्रावलोकन नगरे पनि केवल आफ्ना सिद्धगुरुको तालिम पाएका सभावीरकल्पको श्रीविद्यो पासक), श्री पं. रमानाथमिश्र (निष्कलमतावलम्बी तारोपासक)। अनि डी. इन्द्रध्वज-थापा (मेरो ददा सभाव वीरकल्पको कालिकोपासक) उहाँहरूबाट मैले धेरै जसा ग्रन्थहरू पढ्ने र सार्ने सौभाग्य पाएको थियें; तर रहस्य र तत्व फेलापार्नलाई उहाँहरूको सत्सङ्गबाट मैले कुनै पनि रहस्यमा लाभ उठाउंन सकिन। अरू एक दुई साधारण साधकहरूबाट पनि ग्रन्थाव-लोकनको सौभाग्य पाउंदै छु।

अब रहस्यको केही कुराको विचार गरौं। "विश्वसोमबाट सूर्यमा अमृत चुहिएर सो सूर्यबाट चन्द्रमामा सोमरस झरी सोही सोम रस चन्द्रमाद्वारा पृथ्वीमण्डलमा वृष्टि हुन्छ" भन्ने इत्यादि कुरा वेदका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

काण्डिकाहरू र तिनका अर्थ समेत खोली मद्रचित 'तान्त्रिकविज्ञानदर्पण' मा चर्चा भएकै छ। त्यस पुस्तकमा तीनोटा सोमको भेदको मात्रै चर्चा भएकोले पृथ्वीतलमा चन्द्रमाबाट सोमरसरूप अमृत झर्ने कुराको मात्रै चर्चा भयो। त्यसमा अर्को कुरा पनि छ। विश्वसोममण्डलबाट [1] सूर्यमण्डलमा वृष्टि भएको अमृत त्यहा पुग्नासाथ सोमरस [2] (पौष्टिकपदार्थ) तथा हंस [3] (सामर्थ्यकपदार्थ) भन्ने दुई प्रकारको अमृत वन्न जान्छन्। अनि तिन मध्ये सोमरस चाहिं सूर्यमण्डलबाट चन्द्रमण्डलमा झरेर चन्द्रमाको चन्द्रिकाद्वारा पृथ्वीतलमा वर्सिए झैं, हंस पनि सूर्यमण्डलबाट किरणद्वारा पृथ्वीतलमा वर्सन्छ। सो हंसरूप अमृतको वारेमा निगम (वेद) को यस्तो उक्ति छ।

"ह ७ं सः शुचिषद्वसुरन्तरिक्षसद्धोता वेदिषदतिथिर्दुरोणसत्।
नृषद्वरसदृतसद्व्योमसद्योऽजागोजा ऋतजा अद्रिजा ऋतं वृहत्॥"

---

1. विश्वसोममण्डल = Nebula.
2. सोमरस (पौष्टिकपदार्थ) = Vitemin.
3. हंस (सामर्थ्यकपदार्थ) = Energy.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पदच्छेदः–"हंसः शुचिषत् वसुः अन्तरिक्षसत् होता वेदिषत् अतिथिः दुरोणसत् नृषत् वरसत् ऋतसत् व्योमसत् यः अब्जागोजाः ऋतजाः अद्रिजाः ऋतं बृहत् ।"

अन्वयः–"वेदिषत्, व्योमसत्, ऋतं, बृहत्, ऋतसत् यः होता (स एव) शुचिषत्, अन्तरीक्षसत्, वसुः, गोजाः, अद्रिजाः, अब्जा, दुरोणसत्, अतिथिः (च) हंसः (भवति) ।"

व्याख्यार्थः–"वेदिषद्=वेदमा बयान गरिएको अर्थात् वेदले सूर्यलाई यस ब्रह्माण्डको यानि सौरजगत्को आदि मूर्ति यानि पिण्ड मानेर उनैबाट सबैको पालन पोषण हुने भन्ने संझीएकोले यस पदबाट "पालन पोषण गर्ने पदार्थ" भन्ने बुझिन्छ ।। व्योमसत्=आकाशमण्डलमा रहने ।। ऋतम्=सबै ठाउंमा व्याप्त भईरहेको ।। बृहत्=ठूलो, तर यहा 'धेरै' भन्ने अर्थ हुन्छ ।। ऋतसत्="आर्यते । ऋच्छति वा 'निष्ठा' इति गत्यर्था–' इति वा क्तः" भन्ने हुनाले यस पदको अर्थ 'गतिशीलमा रहेको' भन्ने बुझिएकोले यहा 'गतिरूप' भन्ने बुझिन्छ ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यः = जुन । होता = हवनगर्ने अर्थात् आफलनेशक्ति भएको वस्तु ॥ (स एव = त्यो नै)॥ शुचिषत् = उज्यालोमा हिड्ने अर्थात् किरणद्वारा ओहोर दोहोर गर्ने ॥ अन्तरिक्षसत् = अन्तरिक्षमा पनि रहने ॥ वसुः = मानिसलाई काममालगाउने ॥ गोजाः = पृथ्वीका चारकिसिमका प्राणारूपले रहेका ॥ ऋतजाः = 'ऋतं' भन्ने पदले 'सत्य' भन्ने अर्थ पनि बुझाउने भएकोले यस पदको अर्थ 'सत्यमा रहने' अर्थात् 'भईरहेकोमा रहेका' ॥ अद्रजाः = ढुङ्गामा र मेघमा समेत रहेका ॥ अब्जाः = पानीमा रहेका ॥ दुरोणसत् = नित्याइएर रहने अर्थात् पृथ्वीको आकर्षणशक्तिबाट [1] खिचिईरहने ॥ अतिथिः = पाहुना अर्थात् पाहुना झैं केही बेर बसेर सनमान खाएर अथवा कुनै काम गरेर फर्की जाने यसको मतलब किरणको बाटो गरी पृथ्वीतलमा खसेर आफ्नो काम गरेर सोही बाटोगरी फर्कीएर जाने ॥ हंसः = सामर्थ्यक पदार्थ जसलाई हाम्रो भाषामा 'हङ्स' भन्दछन् ॥ (भवति = हुन्छ वा हो) ॥"

1. आकर्षणशक्ति = Gravitation.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अभिप्रायः—"सूर्यको किरणको रापले पृथ्वीतलको नदी, नाला तथा समुद्रादिको पानी उमालेर वाफरूपमा परिणत गराएर वादलरूप वनाई आकाशमा एकत्रित गराएर फेरि मौका मौकामा सोही किरणको रापले त्यो वादललाई पगालेर पनी वनाएर पृथ्वीतलमैं चुहाई दिने गरी एवं प्रकारले पानीको ओहोरदोहोर भए झैं, सूर्यको किरणद्वारा हंस पनि पृथ्वीतलमा वर्षी त्यसको सवै गुण जति पृथ्वीमा रहेका सवै चराचर प्राणीमा पृथ्वीको आकर्षणशक्तिको प्रभावले गर्दा छाडेर सो रित्तिएको हंस पृथ्वीको सवै दुषित तत्वहरू सित मुछिएर फेरि सूर्यको आकर्षणशक्तिको प्रभावले उही किरणद्वारा सूर्यमण्डलमा पुग्द छ; अनि चन्द्रमण्डलबाट दुषित तत्वले मुछिएर आएको सोमसित मुछिएर विश्वसोमको आकर्षणको प्रभावले खिचीएर विश्वसोममण्डलमा पुग्छ; त्यसपछि विश्वसोमको प्रभावले सो दुषित तत्वमिश्रित पदार्थ संशोधित[1] भई अमृत वनी सूर्यमण्डलमा झर्दछ र त्यतावाट हंस जति पृथ्वीतलमा र

1. संशोधित भई=Being purified.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सोम जति चन्द्रमण्डलमा बर्षने काम पूर्ववत् हुन्छ; एवं प्रकारले आवतजावत भईरहन्छ ।"

अब अर्को कुरामा विचार गरौं । "यस संसारमा रहेका सबै ग्रहपिण्डहरूमा [1] परस्पर आफ–आफ्ना बर्कत अनुसार परस्पराकर्षणविकर्षण [2] भई नै रहन्छ र त्यसैको प्रभावले यी पिण्डहरू आफ–आफ्ना परिधि [3] (सांध) मा रहेर सबै भन्दा बढी आकर्षणशक्तिभएको सूर्यलाई घुमीरहन्छन्" भन्ने कुरा "आकृष्णेन रजसा" इत्यादि वेदको कण्डिकाको विशेष व्याख्या गरेर मद्रचित 'तान्त्रिकविज्ञानदर्पणमा' चर्चा भएकै छ । अतः यस प्रकारको ग्रहहरूको गतिबाट [4] कुनै प्रकारको असर यस पृथ्वीको कुनै भागमा परि सूर्यको हंस खिच्ने वा चन्द्रमाको सोम खिच्ने किरणमा छायारूप [5] पर्नगयो

---

1. ग्रहपिण्डहरू = Spheres.
2. परस्पराकर्षणविकर्षण = Mutual attraction.
3. परिधि = Qrbit.
4. गति = Movement.
5. छायारूप = Umbra and Penumbra.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भने, सो छायारूप जति सुकै सूक्ष्मरूपको चर्मचक्षुबाट विनायन्त्र अनुमानै हुन नसक्ने भएपनि, त्यस ठाउंबाट माथिजानु पर्ने हंस वा सोमको मात्रा कति भई माथि जान नसक्ने भए जति त्यंही हावामा रुमलिन जांदा र दुषित तत्वससेत सबै माथिजान नसक्ता त्यस ठाउंको हावा दुषित हुन जान्छ र भूकंप, जलप्लावन, आँधिव्यारि रोग र महामारि फैलिने भई ज्यादा जाडो वा ज्यादा गर्मी हुने, फेरि मानिसमा क्रोध वढ्न गई रिसारिसको व्यवहारले परस्परमा झगडा र काटाकाट मारामार हुने एवं अनेक प्रकारको उपद्रव हुन जान्छ।

यस्तो वरावर ठाउं ठाउंमा पर्न आउने हुनाले शान्तिस्वस्ति गरी उपद्रव हटाउने उपद्रवशान्तिको विधान वताएको हो। यसको यथार्थ अर्थ वुझेर मन ठिक गराएर शान्तिस्वस्ति गर्दा अवश्य यथार्थ सवै कुराको शान्ति हुन्छ। तर खेदको कुरा त यो छ कि, हामिमा "यसकारणले यस्तो हुदा यसो गर्नु भनेर शास्त्रले वताएको रहेछ र यसो गर्दा यस यस प्रकारले शान्ति हुन्छ" भन्ने विचार र ज्ञान विलकुलै छैन, केवल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शास्त्रोक्ति कै भरले, अन्धश्रद्धामा दगुरेर मनको भावको पनि वास्तै नगरेर "काम चाँडो सिध्याउ" भन्ने तिर ध्यान दिएर हडबडी साथ शान्ति गर्दछौ; अनि यथार्थ फल कसरी होला ? यजमानलाई "मैले खूब खर्च गरेर यस्तो भडकले यो शान्ति गरायें" भन्ने घमण्ड र पुरोहितलाई "यजमानले दिने दक्षिणाको पोको गहौं छ छैन" भन्ने लालच रहने भाव धेरै जसा यजमान र पुरोहित मा रहन्छ; अनि त्यस्ताबाट भएको कामको नतिजा कस्तो होला ? हिन्दी उखान "लालची गुरु दम्भी चेला, दोनो नरकमें ठेलमठेला" भने झैं हुनजान्छ। प्रत्येक कर्मको वैज्ञानिक रहस्यको ज्ञान पाउंन त अशम्भव नै भई सक्यो, तैपनि कुनै कुनै आचार र निष्ठामा रहेका फेरि लालच र दम्भ त्यागेका साधकहरूको हातबाट भएको शान्तिकर्मको फल केवल शास्त्रोक्तिकै भरमा भएको भए पनि सफल तत्कालमै हुंदो रहेछ। यो मेरो अनुभव सिद्ध कुरा हो। यस बारेमा मैले अनुभव गरेको एउटा कुरा लेख्दछु।

पश्चिम ३ नम्बर कास्कीपोखरा मिरुवा बस्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्री पं. देवीरमण पराजुली पूर्णब्रह्मनिष्ठायुक्त एक ब्राह्मण हुनुहुन्थ्यो। मेरो उहासित बसाउठी हुंदा उंहाको उमेर वृद्धावस्थामा पुगीसकेको थियो। उहा पूर्णतया वैदिक-निष्ठामा रहेर वेदमाता ब्रह्मगायत्रीको उपासना गर्नु-हुन्थ्यो; तर उहाको नाममा कुनै पनि विश्वविद्यालयको उपाधिको पुच्छर नलागेको, उहाको धन भएर साहुमा पनि नकहलिएको र अनेक गफ धाक लगाएर कुनै संस्थाको नेता बन्ने ढंग पनि नजान्ने हुनाले, उहा साधारण व्यक्तिकै रूपमा हुनुहुन्थ्यो। उहामा धन-कमाउने लालच थियेन आफ्नो जो भएकोमा सन्तोष भएर केवल परोपकारमै आफ्नो जीवनी बिताउनु भयो। पुराणको व्याख्या गर्नेमा भने उसकालमा उंहाको तुलनामा त्यहा अरू कुनै व्यक्ति पनि थियेनन्। उंहा रोगीबालकहरू र औलको ज्वरको बेरामीहरूलाई केवल वैदिकमन्त्रको प्रभावले कुनै औषधि र जरिबुटीको प्रयोगै नगरीकन आफ्नै सिद्धिद्वारा निकोपारी दिनु हुन्थ्यो; तर त्यस कामको किमत भने "सिद्धि हानि हुन्छ" भनेर एक कानाकौडी पनि लिनुहुने थियेन। मेरो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एउटा छोरा डेढ वर्षको उमेर हुंदा उसलाई कडा औलकोज्वरले सतायो; डाक्टर वैद्यको तीतो औषधि खान पटक्क नमान्ने हुंदा औषधि गर्न बाधा पऱ्यो र उंहा पण्डितजीले केवल वैदिकमंत्रको प्रयोगबाट सो रोग निर्मूल गराएर निकोगराई दिनु भयो; त्यस पछि आजसम्म त्योरोग उसमा देखापर्न सकेको छैन। म पोखरामा बडाहाकिम हुंदा उहा पण्डितजीको एउटा उल्लेखनीय स्वार्थत्याग देखें, यस्तो पैसाको लागि मानिस हिरिक्कहुने कालमा पनि कुनै गरिब व्यक्ति आएर उहासित प्रार्थना गऱ्यो भने केवल पांच दश रूपैंञा दक्षिणामा सन्तुष्ट भएर उसको घरमा गएर श्रद्धापूर्वक पूर्णविधिविधानले सप्ताह वा नवाह भनी दिनुहुन्थ्यो। उहामा धनिगरिब र छोटाबडाको भेद भाव कत्ति पनि थिएन। यस्तो उहाको त्याग र सिद्धि मैले धेरै देखें, लेख विस्तार भयले ऐले यत्तिमात्र लेख्छु कि उहालाई उसकालको 'ब्रह्मर्षि' भन्दा अत्युक्ति हुनेछैन।

अब शान्ति गर्ने बारेमा विचार गरौं। कतै रोगव्याध्र अथवा "महामारि आएको बेलामा उसै बखत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

र कुनै ग्रहको खराब किसिमको संगम अथवा धूम्रकेतु[1] देखापर्न आए उत्पात हुन्छ" भन्ने निगमागममा वर्णन भएको हुनाले ज्योतिषशास्त्रबाट त्यसको विचार गरी सो समयको केही दिन अघि देखिनै शान्ति गर्नुपर्छ। के के हुदा कस्तो कस्तो हुन्छ भन्ने बारेमा यहा सबका सबकुरा दर्शाएर साध्य छैन, फेरि सो सबै कुरा मैले जानेको पनि छैन। अतः आफूले थाहपाए जतिबाट अलि अलि दिग्दर्शनरूपमा दर्शाउने चेष्टा गर्दछु। 'यामलमा' यस्तो वचन छ।

"दुर्भिक्षादिभयं चैव चतुर्ग्रहसमन्वये।
महारोगभयं राष्ट्रक्षयो वृष्टिविनाशनम्॥
पञ्चग्रहसमायोगे दुर्भिक्षं संकरादिकम्।
जनक्षयो नृपवैरम् गर्भनाशस्तु जायते॥
ग्रहपट्क समायोगे मन्त्रिणो मरणंभवेत्।
पश्वश्वादिभयं सर्व संकरादि जनक्षयः॥
पट्टराज्ञीविनाशो वा महाभयमथापिवा।
सप्तग्रहसमायोगे क्षितीशमरणं ध्रुवम्॥

1. धूम्रकेतु = comet.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जगत्प्रलयमेवापि तदा निर्मानुषं जगत् ।
अतऊर्ध्वं महोत्पात नाना दुःखमहाकुलम् ॥
सूर्यः स्याद्व्यतिरिक्त श्चेत् तदा योगो महाभ्दुतः ।
विनाचन्द्रेण योगोऽपि जगत्प्रलयकारणम् ॥
तद्दक्षजातजन्तूनां महारोगो महाभयम् ।
अर्थनाशः स्थाननाशो महाहानिर्नृपीडनम् ॥
बातपित्तादिसंभूतमहापीड़ामहद्भयम् ॥"

अर्थात्—"चारग्रहको समन्वय भएमा अर्थात् एकै राशिमा पर्नगएमा ठूलो रोगलाग्ने डर, राष्ट्रक्षय र अनावृष्टिको ड़र हुन्छ, पांच ग्रहको समन्वयमा दुर्भिक्ष, संकरादि, मानिसहरूको क्षयहुने, राजाहरूमा वैरभाव हुने र गर्भतुहुने हुन्छ। छ ग्रहको समन्वयमा मन्त्रीहरूको मरण, पशुघोडाहरूलाई डर, संकरादि. मानीसहरूको क्षय, पट्टमहारानीहरूको विनाश अथवा ठूलो डर हुन्छ । सातग्रहको समन्वयमा राष्ट्रपतिहरूको मरण अथवा जगत्प्रलय भएर जगतैमा मानिस शून्य हुन्छ। त्यस भन्दा माथि अर्थात् आठग्रहको समन्वय मा ठूलो उत्पात् र नानाथरीका दुःखले अच्याउने हुन्छ। यी जूटेका ग्रहहरूमा चन्द्र पर्न नआए 'जगत्प्रलयकारक' योग पर्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गई त्यसको असर परेको प्राणीहरूमा ठूलोरोग, ठूलोत्रास, धननाश, स्थाननाश, ठूलोहानि, मानिसमा पीडा फेरि वातपित्तादि रोगबाट ठूलो कष्टहुने बहुतै डर हुन्छ; सूर्य पर्न नआए 'महाद्भुतयोग' पर्नजान्छ।"

ग्रन्थान्तरमा आठग्रहको समन्वयबारे यस्तो छ।

"ग्रहाणामष्टानां यदि भवति चैकत्र भवने।
तदागोलोयोगः प्रलयपदमिन्द्रोऽपिलभते॥
भवेल्लोके नाशस्त्यजति खलु पुत्रञ्च जननी।
नृपाणां नाशः स्याज्ज्वलति वसुधा शुष्यति नदी॥"

अर्थात्—"आठ ग्रह एउटै राशिमा पर्न आयो-भने 'गोलयोग' पर्नजान्छ। यस्तो भएमा इन्द्रलाई समेत प्रलय हुनजान्छ। संसारै नाशिन्छ, आमाहरूले आ-आफ्ना बच्चाहरूलाई त्याग्दछन्, राष्ट्रहरू नाशिन्छन् र अनावृष्टिले नदीनालाहरू सुकेर पृथ्वी धपक्क तापिइन्छ।

मतान्तरमा यस योगलाई 'कूटयोग' पनि भन्दछन्। यो २०१८ सालमा ठाउं ठाउंमा अनेक प्रकारको उत्पात त भयो, तर कुनै प्रकारको उत्पात नभएका ठाउंहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पनि धेरै नै भये; 'शान्तिस्वस्तिबाटै ती ठाउंहरू बचे' भनौं भने पनि अरू धर्मावलम्वी देशहरूमा उस्तो शान्तिस्वस्ति भएको बुझिएन; १९९० सालमा पनि यहा हाम्रो नेपालको राजधानिमा उत्पात् भए पनि कतै कतै त उत्पात् भयो, तर राज्यभर उत्पात् भएन, त्यस पालामा पनि बच्ने धेरै देशभए; चार, पांच, छ ग्रहको समन्वय त बरावर भएकै बुझिन्छ, फेरि त्यसबेला विशेष उत्पात् कतै केही भए जस्तो बुझिदैन। यी सब कुरा विचार गर्दा पृथ्वीमा सूर्यको अरूग्रहद्वारा प्रच्छाया परेको ठाउंमा ठूलो र उपच्छाया परेको ठाउंमा सो अनुसारको सानो उत्पात् हुदोरहेछ र कुन ठाउमा कुनप्रकारको छाया पर्छ भन्ने कुराको अठोट हुन सक्तो रहेन छ भन्ने अनुमान हुन्छ। अतः पूर्वोक्त उक्तिहरू शास्त्रको तीनप्रकारका[1] वाक्यहरूमध्ये "सबै ठाउंमा शान्तिस्वस्ति गरी भावि उत्पात् देखि बचुन्" भन्ने हेतुले अत्युक्ति गरी शास्त्रले भयानकवाक्य गरेको बुझिन्छ। यस पृथ्वीबाट अरूसबै ग्रहहरूभन्दा चन्द्रमा

1. तीनप्रकारका वाक्यहरू=रोचकवाक्य, भयानकवाक्य र यथार्थवाक्य।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ज्यादा नजिक भएको हुनाले हामीमा अरूग्रहको भन्दा चन्द्रग्रहको बढी असर पर्दछ। अतः चन्द्रसूर्यको छाया पृथ्वीमा पर्दा अर्थात् ग्रहणलागेको वेलामा "धार्मिक कर्मगर्नु, खानपिन समेत अरू कुनैकाम नगर्नु" भनेर शास्त्रले बताएको हो।

अरू प्रकारको उपद्रवको बारेमा पनि 'शक्ति-संगमतन्त्र' को सुन्दरी खण्डमा यस्तो वचन छ।

"दिवा नक्षत्र पातस्तु नक्षत्र दर्शनं तथा।
अहिकेतुस्तथा देवि दिवा चोल्काप्रदर्शनम्॥
पौर्णिमायां नष्टचन्द्रः कार्तिक्यां तु विशेषतः।
सप्तविंशतिनक्षत्रयोगे दिङ्मण्डलं तथा॥
मण्डलं पञ्चभूतानां सप्तर्षीणां समागमे।
अमायां चन्द्रसंदर्शः प्रलयस्य तु कारणम्॥
भूकंपः प्रतिमाहासस्तद्भङ्गस्तु तथैव च।
उल्कापातो दिवारात्रौ दुश्चिह्नानि महेश्वरि॥
चिह्नान्येतानि दृष्ट्वा तु कारयेत् स्वस्तिवाचनम्॥"

अर्थात्—"दिनमा तारा खस्यो, तारा देखियो, अहिकेतु अर्थात् धूम्रकेतु (जुनसुकै वेला) देखियो, दिउंसो उल्कापात भयो, वरिपरि सत्ताइस नक्षत्रको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मण्डल वन्न गयोसप्तर्षिको समागममा मण्डल वन्न गयो, पौर्णिमामा नष्टचन्द्र विशेष गरेर कार्तिक महिनामा देखियो अथवा औंशीमा चन्द्रमा देखियो भने प्रलयको सूचना भएको हो। भूकंप हुनु, कुनै (देवताको) मूर्ति आफै टुटफुट हुनु तथा रातोदिन उल्कापात भईरहनु खराव सूचना हो। यस्ता चिह्नहरू देखियो भने शान्तिस्वस्ति गर्नुपर्छ।"

"यस्तो भयो भने यस्तो शान्ति गर्नुपर्छ" भन्ने धेरै तन्त्रहरूले आ-आफ्ना मतानुसारका विधानहरू वताएका छन्। उत्पात्को सूचनाको वारेमा भने सवैको मत झण्डै एकै किसिमको भए पनि शान्तिस्वस्ति गर्ने विधान फरक फरक हुन्छ; त्यो आ-आफ्नो परम्परामा निहित हुन्छ। यहा लेख विस्तार भयले उत्पात्को सूचना केवल 'यामल' र 'शक्तिसंगमतन्त्र' को उक्तिवाट मात्रै दिग्दर्शन गराएको हुं।

मन्त्रको मनन गर्दा तत्वको[1] उत्पादन हुने कुराको मद्रचित "तान्त्रिक विज्ञानदर्पण" मा चर्चा

1. यस ठाउंमा 'तत्व' भनेको 'gas' हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भएकै छ; फेरि सो मनन गर्ने काइदाको पनि मद्रचित "निगमागमवैज्ञानिकसार" मा वर्णन भएको छ। सोही प्रकारले मन्त्रहरूको प्रयोग तथा यागादि कर्मको प्रयोग-बाट शान्ति हुने हुन्छ। अर्चनादि गर्दा पूजाको सामानको गुण (जो माथि पञ्चमपटलमा बताइयो) को प्रभावले र हवनादि गर्दा हवन भएको हविको गन्धको प्रभावले मन्त्रमननबाट उत्पन्न भएको तत्व शोधकरूप बनेर दूषित हावालाई साफ पारि हंस र सोमलाई आफ-आफ्नो कामगर्न सुगम हुनगई शान्ति हुन्छ। यसो गर्नलाई दूषिततत्वलाई हटाउनलाई तत्वत्पादन हुने किसिमको मन्त्रको प्रयोग गरेर पूजा वा हवनको सामानको जुटाई गर्नलाई 'यस्तो भयो भने यसो गर्नुपर्छ' भन्ने विधान शास्त्रले बताएको हो। अरू लामो लामो विधानको यहा चर्चा गरेर साध्य छंन। अब यहा काम्य अनुसारको आसन र जपमालाको बारेमा केही शास्त्रोक्ति दर्शाउंदछु। "मेरुतन्त्रमा" आसनको बारेमा यस्तो वचन छ।

"आसनं तु द्विधा प्रोक्तं नित्यकामिक भेदतः।
कुशाजिनाम्बरैर्युक्तं चतुरङ्गुलमूर्द्धतः॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चतुरस्रं द्विहस्तञ्च सुन्दरं मृदुनिर्मलम् ।
इदं सुखासनं नित्यं जपसिद्धिविधायकम् ॥
अथ काम्यानि वक्ष्यन्ते ज्ञान सिद्‌धयै मृगाजिनम् ।
सर्वसिद्‌धयै व्याघ्रचर्म त्वाविकं रोगनाशनम् ॥
कौशेयं पौष्टिकं प्रोक्तं वेत्रज श्रीविवर्द्धनम् ।
श्वेते तु कम्बले धर्मसिद्धी रक्तोऽर्थसिद्धयः ॥
पीते कामो द्विजान्येषां मोक्षदः कृष्णकम्वलः ।
दुःखमुक्त्यै रञ्जितं तु नीलरङ्गो न शोभनः ॥
निषिद्धान्यथ वक्ष्यन्ते शोकः स्याद्दारुजासने ।
वंशासने दरिद्रः स्याद्वस्त्रे स्थानविनाशनम् ॥
पाषाणे च तथोच्चाटो ज्वरी स्यान्मृण्मयासने ।
क्षित्यासने भवेत् पीडा निषिद्धं त्विष्टिकासनम् ॥
चित्तक्षोभो गृहस्थस्य कृष्णसाराजिने भवेत् ।
वटुर्वनस्थः सन्यासी स्नातकः सिद्धिमाप्नुयात् ॥"

अर्थात्–"नित्यकर्मकोलागि र काम्यकर्मको लागिको भेदले आसन दुई थरीका हुन्छन् । आसन कुश, छाला र अम्बर अर्थात् रांडी आदिकपडाका हुन्छन्, चार अमल अग्लो र दुईहातबर्गको चारपाटे हुनु पर्छ । यो जपसिद्धगराउने नित्यकर्मको लागिका सुखासन हो । अब काम्यकर्मको लागिको आसनको वर्णन हुन्छ;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मृगकोछालाको आसनले ज्ञानसिद्धि, बाघकोछालाकोले सर्वसिद्धि, चितुवाकोले रोगनाश, पुष्टि, वेतकोले श्रीवृद्धि, सेतोरांडीकोले धर्मसिद्धि, रातोरांडीकोले अर्थसिद्धि, पहेलोरांडीकोले कामसिद्धि अनि कालोरांडीकोले मोक्ष-सिद्धि हुन्छ; तर निलो रङ्गको कुनै आसन पनि बनाउनु हुदैन। अत्र निषिद्ध आसनको वर्णन हुन्छ; काठको आसनले रोग, वस्त्रकोले स्थाननाश, ढुङ्गाकोले उच्चाटन, बांशकोले दारिद्र्य, माटाकोले ज्वररोग, खालि भुईंकोले पीडा, स्याउलाकोले चित्तभ्रान्ति, घासकोले पीडा अनि गृहस्थीलाई मृगकोछालाकोले चित्तक्षोभ हुन्छ; तर ब्रह्मचारी, वनस्थी, सन्यासी र स्नातकहरूलाई भने ठूलो सिद्धि हुन्छ।"

"रुद्राक्षशंखपद्माक्षपुत्रंजीवकमौक्तिकैः ।
स्फाटिकैर्मणिरत्नैश्चहेमराजतवैद्रुमैः ॥
कुशैः पूत्रोंदितैः सर्वः पर्वभिर्मातृकाक्षरैः ।
गर्दभाश्वनराणां वै दन्तैरप्यभिचारकः ॥
वैष्णवे तुलसीमाला गजदन्तैर्गणेश्वरे ।
त्रिपुराया जपे शस्ता इन्द्राक्षै रक्तचन्दनैः ॥
महाशंखमयी ज्ञेया नीलसारस्वते मनौ ॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्–"रुद्राक्ष, शंख, कमलगट्टा, स्फटिक, मोती, मणि, रत्न, सुनको गेडा, चांदिको गेडा, मुगा, कुशग्रन्थी तथा अक्षरउच्चाणले मालारूप मनले वनाउने यति थोकको मालाले सबै देवताको र सब कर्मकोलागि प्रशस्त हुन्छ; अभिचारको लागि गधा घोडा र मानिसको दांतको माला, वैष्णव मन्त्रको लागि तुलसीको डांठको माला, गणेशको मन्त्रको लागि हस्तीहाडको माला, त्रिपुराको अर्थात् श्रीविद्याको मन्त्रको लागि इन्द्राक्ष वा रक्तचन्दनको माला अनि ताराको मन्त्रको लागि महा-शंखको माला विशेष फलदायक हुन्छ।"

यो मालाको वारेमा 'पुरश्चरणचन्द्रिकाको' वचन हो। अरू तन्त्रहरूको पनि जपमालाको वारेमा मत-मतान्तर धेरै छन्। तीमध्ये सर्वोपयोगी मत यही हुनाले यो दर्शाएको हुं। धेरैको मतमा "रुद्राक्षको र तुलसीको मालाले रातमा जप गर्नु हुदैन" भन्ने उक्ति हुनाले, ती दुई थरीका माला रातमा प्रयोग गर्नु हुदैन।

अब साधनाको वारेमा पनि केही कुरा दर्शाउंछु। 'सोऽहं' भावले उपासना गर्दा सांसारिक झंझट सबै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बिर्सिएर निर्स्फिक्री हुनु पर्दछ । 'यस्तो गर्न मनलाई दबाउने प्रयत्नगर्नु आवश्यक कुरा हुन्छ; तर मन भने पार्थिव पञ्चमहाभूतको वशमा हुनाले सहसा दब्दैन। त्यसउसले यसलाई कुनै न कुनै पार्थिव पदार्थको प्रयोग गरेर परिवर्तन गराउन पर्ने ठहरिने भयो। मानिसलाई अरू सबै कुरा र आफूलाई समेत बिर्साउने शक्ति मादक पदार्थमै देखिन्छ; फेरी सबै मादक पदार्थहरूमध्ये सबै भन्दा टर्ठीलो पदार्थ 'मद्य' नै हो; किनभने अरू मादक पदार्थले जस्तो मद्यले आलस्य बढाउदैन, बरू यो मद्यले सुराई बढाएर क्रीयाशील बनाउंदछ। विशेष गरेर यो अनुभव सिद्ध कुरा छ कि अमीर वा फकिर सबैमा धेरै जसाका स्वाभाविक प्रकृति मद्यतिर नै झुकेको हुन्छ। नालमा बेहोस भएर लडीरहेको कुनै एक जंड्या देखियो भने त्यस व्यक्तिमा घृणालज्जादि आठै पाशको बन्धन देखिदैन; तर त्यसमा ज्ञान र विवेक हुदैन। त्यस अवस्थामा ज्ञान र विवेक उसमा हुंदो हो त वेदान्त मतको षष्ठ भूमिकामा पुगेको जीवनमुक्त सो व्यक्ति बन्ने थियो। फेरि योग्य मात्रामा पिउनाले विविध प्रकारको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मद्यले विविध प्रकारको रोग हटाउने कुराको माथि पञ्चम पटलमा चर्चा भएकै छ। यी सबै कुरामाथि विचार राखेर नै निगमागम शास्त्रले यस मद्यलाई साधनाको सामग्री बनाएर मानवसमाजमा दोहरो फाइदा गराएको बुझिन्छ। अतः वैदिक कालदेखि नै आर्यहरूले उपासनामा मद्य प्रयोग गर्ने भएको कुरा माथि चर्चा भएको पटलहरूबाट स्पष्टै देखिन्छ। उपासनामा प्रयोग गर्दा गर्दै कुनै मानिसले यस मद्यलाई अम्मलरूपमा अपनाएर आफ्नो स्वास्थ गुमाएर जथाभावी गर्ने गरेकोले यसमा कचशाप, ब्रह्मशाप, शुक्रशाप, रुद्रशाप, विष्णुशाप तथा कृष्णशाप समेत पर्न गई अपेय र अपवित्र पदार्थ बन्नगयो; तर वीर तथा कुलकल्पको उपासनामा मन र स्वास्थ ठिक राख्न यसको उचित मात्राको प्रयोग हुनु आवश्यक देखिन आएको हुनाले केवल पूजाको अवस्थामा मात्रै पूर्वोक्त शापहरू मोचन गरेर नियमित मात्रामा पान गर्ने विधान बनाएर मनपरी पान गरे पशुपान हुने र पशुपानको उपर भयानकवाक्य.शास्त्रले राखीदियो। यसमा आगमोक्ति यस्तो छ। "यामलको" वचन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"जीवहीनो यथा देहः सर्वकर्मसु न क्षमः ।
पञ्चहीना तथा पूजा ब्राह्मणानां विशेषतः ॥
पञ्चतत्त्वं विना विप्रो यदिपूजां समाचरेत् ।
जन्मान्तर सहस्रस्य सुकृतं तस्य नश्यति ॥"

अर्थात्–"जीवन भएको देहबाट कुनै पनि काम नबने झैं पञ्चमकारको प्रयोग नभएको पूजाबाट विशेष गरेर ब्राह्मणहरूको कुनं काम बन्दैन । पञ्चतत्वको अर्थात् पञ्चमकारको प्रयोग नगरेर कुनै विप्रले पूजा गर्दछ भने त्यसले गरेको हजार जन्मको सुकृतकर्म्महरू सबै नाश हुन्छन् ।"

फेरि "समायाचारतन्त्रमा" यस्तो वचन छ ।

"पूजाकालं विनानैव सुरापेया द्विजोत्तमैः ।
ब्राह्मण्याद्धियते स्पृष्ट्वा पीत्वा तु नरकं व्रजेत् ॥
पूजाकालं विनास्वार्थे यो वै पिवति दुर्मतिः ।
स याति नरकं घोरमेकविंशतिभिः कुलैः ॥"

अर्थात्–"पूजाकालमा बाहेक कुनै पनि द्विजोत्तमले मद्य पानगर्नु हुदैन; त्यो मद्य छोएमा ब्राह्मणत्व हराउंछ पिएमा नरक पर्ने हुन्छ । कुनै कुबुद्धिले पूजामा बाहेक स्वार्थमा मद्यपान गऱ्यो भने, एकाइस कुल सहित त्यो व्यक्ति नरकजान्छ ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फेरि "मासप्रमाणममृतं प्रतिपात्रे पिवेच्छिवे" अर्थात् "हरेक पात्रमा यानि पटकमा एकमासाको प्रमाणको मात्रा गरी पिउनु पर्छ;" अर्को ठाउंमा "सशब्द नपिवेद्द्रव्यम्" अर्थात् "(घुट्क) आवाज आउने गरेर मद्यपान नगर्नु" भन्ने उक्ति छ। "कुलार्चनदीपिका" मा पनि यस्तो वचन छ।

"यावन्न चलते गात्रं यावन्न चलते मनः।
तावत् पानं प्रकर्तव्यं पशुपान मतः परम् ॥"

अर्थात्–"देह तथा मन नडगेसम्म मात्रै पान गर्नुपर्छ, नत्र पशुपान हुन्छ।"

एवं प्रकारले शास्त्रले नियन्त्रित गरी दिएको छ। अतः पूजामा आ-आफ्नो अधिकार बमोजिम ४, ५, ७, ९, ११ वा १६ पटक तत्वशुद्धिमा पान हुन्छ। प्रथम श्रेणिको साधकको पेटमा पटकको एक मासाको हिसावले जम्मा चार मासा (करिव तीन ड्राम) मात्रै पर्न जान्छ; एवं उपल्लो श्रेणिका साधकको पेटमा पनि सोह्र पटकको १६ मासा (करिव एक औन्स) मात्र पर्ने हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसो हुनाले मद्यले साधकलाई विशेष खराब असर न पारी एक सुर गराएर निर्धक्क पारीदिने हुन्छ। अतः यो मद्य साधकलाई सांसारिक झंझटबाट निस्फिक्री गराएर मानसिक बलद्वारा आफ्नो अष्टपाश छुटाउने परम औषधि बन्न गयो।

यो मद्य उत्कट उत्तेजक पदार्थ हुनाले कुन चर्वण (मत्स्य, मांस र मुद्रादि) यसको साथमा खानुपर्छ भन्ने "चर्वणेन विना पानं केवलं विषभक्षणम्" अर्थात् "विना चर्वणको मद्यपान केवल विष खानु नै हुने छ" भनेर आगमशास्त्रले भनेको छ। यसको तात्पर्य केहो भने पौष्टिक पदार्थ कुनै पनि नखाएर केवल मद्यपान गर्ने गरे मानिसको स्वास्थ बिग्रन्छ; तर चर्वणले मद्यको विष मार्ने हुनाले त्यसको साथ मद्यको योग्य मात्राले सेवन गर्नाले निर्दो मानिस पनि बलीयो र तेजस्वी बन्दछ। डाक्टर-हरूले पनि रोगीको निर्बलतामा विशेष गरेर क्षयरोगी-हरुलाई नियमित मात्रामा ब्याण्डी (Brandy) (अंडा) फुल तथा मासुको सुरुवा सित सेवन गराउने गर्दछन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अब शक्ति यानि स्त्रीको बारेमा विचार गरौं। शक्ति अर्थात् स्त्रीको उपयोग उपासनामा राखिएको कारण के हो भने, सबै भन्दा बढी मनलाई बराल्ने स्त्रीको लागि पुरुष र पुरुषको लागि स्त्री हुनाले यी उपासनाको लागि परस्परमा बाधक र विघ्न झैं देखिन्छन्; तर सोही विघ्न हटाउनलाई "विषस्य विषमौषधम्" भन्ने भणिति बमोजिम गरी स्त्री पुरुषको हेलमेल गर्ने प्रथा साधनामा राखी बदमासीको लागि शास्त्रले कडा सर्त पनि राखेको हो।

"युवतीं पूजयेद्वीरो मनः क्षोभं न कारयेत्।
मनः क्षोभं कृते देवि रौरवं नरकं व्रजेत्॥"

अर्थात्—"वीरले युवतीको पूजा गर्नुपर्छ; तर मनक्षोभ गराउनु हुदैन, मनक्षोभ गरायो भने रौरवनरकमा पर्ने हुन्छ।"

यस्ता धेरै प्रकारका प्रणहरू आगम शास्त्रले राखेको छ। तीमध्ये यहा यो एउटा "श्रीकुलक्रमचिन्तामणि" को उक्ति मात्रै दर्शाएको हुं।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तो बराबर हेलमेल गर्ने[1] बानी बसेपछि स्त्रीपुरुषमा दाइभाइ र दिदीबहिनीको भाव उत्पन्न भई साथी साथी जस्तो भएर मनको खराब विकार हट्ने हुन्छ।

धेरै एक प्रकारको तरकारी खाने गर्दा मानिसलाई त्यसमा अमन भएर अर्कै प्रकारको त्यसभन्दा स्वादीलो कतै कतै आफूले चाखेको परिकार खोजे झैं बहिर्यागको साथसाथै अन्तर्यागको अभ्यास गर्दा गर्दै अष्टपाशको बन्धन छुट्न गएर साधकको मनमा दिव्यभाव आएर स्वयं नै दिव्यकौल वा कौलावधूत बन्ने हुन्छ। यस अवस्थामा साधकको 'दिव्याचार' हुन्छ। यस आचारमा पूर्णज्ञान प्राप्तभई राजाधिराज योग समेत सिद्ध भई सकेको हुनाले पञ्चमकारको यस मतमा अर्कै प्रकारले अन्तर्यागद्वारा प्रयोग हुने हुन्छ।

'मद्य' को बारेमा 'कुलार्णवतन्त्रमा' यस्तो वचन छ।

"आमूलाधारमाब्रह्मरन्ध्रं गत्वा पुनः पुनः।
चिच्चन्द्रकुण्डलीशक्तिः सामरस्य सुखोदयः॥

1. हेलमेल गर्ने = बसाउठी गर्ने = Comunication.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

व्योमपंकजनिस्पन्दसुधापानरतो नरः ।
सुधापानमिदं प्रोक्तमितरे मद्यपायिनः ॥"

अर्थात्–"चन्द्रमा झैं टल्कने चैतन्यरूपिणी कुण्डलिनीशक्ति मूलाधारबाट उठेर बराबर ब्रह्मरन्ध्रसम्म पुगेर सहस्त्रारमा रहेका परशिवरूप दीपशिखाकारमा संयुक्त हुंदा उत्पन्न भएको आनन्दको फलस्वरूप व्योम-पंजक अर्थात् सहस्त्रारबाट चुहिएको अमृतपानगर्ने मानिस नै सुधापायी हुन्छ; अरू सबै मद्यपायी हुन्‌ ।"

मांसको बारेमा "आगमसारतन्त्रमा" यस्तो छ ।

"कामक्रोधसुलोभमोहपशुकांश्छित्वा विवेकासिना ।
मांसं निर्विषयं परात्मसुखदं खादन्ति तेषां बुधाः ॥
तेविज्ञानपरा धरातलसुरास्ते पुण्यवन्तो नराः ।
नाश्नीयात् पशुमांसमात्मविमते हिंसां परं सज्जनः ॥"

अर्थात्–"काम, क्रोध, लोभ र मोहरूपी पशुलाई विवेकरूपी तरबारले काटेर परमात्मालाई आनन्द गराउने निर्विषयरूपी मांसु खाने साधक नै वैज्ञानिक, पृथ्वीका देवता तथा पुण्यात्मा हुन्‌; जीवात मारेर आफ्नो लागि मासु खानु हुदैन ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मत्स्यको बारेमा 'कुलार्णवतन्त्रमा' यस्तो छ ।

"मनसा चेन्द्रियगणं संयम्यात्मनि योजयेत् ।
मत्स्याशी स भवेद्देवि शेषाः स्युः प्राणिहिंसकाः ॥"

अर्थात्–"मनले इन्द्रियलाई दबाएर सो मन परमात्मामा लगाउने साधक नै मत्स्य खाने हुन्छ; अरू सबै ज्यानमारा हुन् ।"

मुद्राको बारेमा 'तन्त्रान्तरमा' यस्तो उक्ति छ ।

"सहस्रारे महापद्मे कर्णिका मुद्रितश्चरेत् ।
आत्मा तत्रैव देवेशि केवलः पारदोपमः ॥
सूर्यकोटिप्रतीकाशश्चन्द्रकोटीसुशीतलः ।
अतीव कमनीयश्च महाकुण्डलिनीयुतः ॥
यस्यज्ञानोदयस्तत्र मुद्रासाधक उच्यते ॥"

अर्थात्–"सहस्रदलको कर्णिकामा कोटिसूर्य झैं उज्यालो तथा कोटिचन्द्रमा झैं शीतल फेरि पारो झैं (कुनै पत्ताहरू र गट्टामा नलेसिएर) अलग भएर सारैनै कमनीय आत्मा रहेको हुन्छ; सोही आत्मामा महाकुण्डलिनी जुटाउने ज्ञान हुने साधकनै मुद्रासाधक हुन्छ ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मैथुनको बारेमा 'बृहद्वडवानलतन्त्रमा' यस्तो उक्ति छ।

"परशक्त्यात्म मिथुनसंयोगानन्दनिर्भरः।
य आस्ते मिथुनं तत्स्यादपरे स्त्रीनिषेवकाः॥"

अर्थात्–"आत्मा र परशक्तिको मिथुनसंयोगानन्द चाख्नु नै मिथुन हुन्छ; नत्र त जोईटिङ्गरे वन्नु मात्रै हुन्छ।

अब दिव्यकौल र कौलावधूतको भेद बारेमा बिचार गरौं। यी दुवै थरीका साधक एउटै कक्षाका हुन्, केवल इनको आचार बिचारमा भेद हुन्छ। यस कलिकालमा धेरै जना 'कौलाभिषेक' लाई नै 'लघु पूर्णाभिषेक' मानेर सो ग्रहण गरी पादुकादीक्षा, सर्वाधिकारदीक्षा (निर्वाणदीक्षा) तथा लघुसाम्राज्यमेधादीक्षा सम्म पनि लिने गर्दछन्। मद्रचित 'निगमागमवैज्ञानिकसार' मा वर्णन भए झैं सजीवसीनयुक्त भएको 'महापूर्णाभिषेक' नभईकन महाषोढान्यास, प्रासादोदीक्षा तथा रश्मिसहित शाम्भव दीक्षा त यथार्थ हुन सक्तैन भने लघुसाम्राज्यमेधादीक्षाको रश्मिसहित अलेखिनीविद्या

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बारे त कुरै गर्नुपर्दैन; तथापि मानववीरबाट बनेका मानवकौल भए कुलमार्गको पञ्चम भूमिकासम्म पुगन सक्छन्। मानववीर तथा दानववीर भन्ने दुई थरीका कौल आफ आफ्ना आचारविचारबाट बन्दछन् भन्ने र यिनका आचारविचारको भेद समेत मद्रचित 'निगमागमवैज्ञानिकसारमा' चर्चा भएकै छ। अभिषेक लिंदैमा दानव मानवमा परिणत हुनसक्तैन; तसर्थ अभिषेक लिएपछि मानववीर मानवकौल तथा दानववीर दानवकौल बन्ने हुन्छन्। महापूर्णाभिषेक त दानवकौलले पाउनै सक्तैन; किनभने उसको लागि संस्कार भएको घडामा मीन अर्थात् माछा कसैं बांच्दैन। त्यसउसले दानवकौल पहिले आफ्नो आचार अनि विचार सपारेर सत्संगमा लागी यत्नपूर्वक दत्तचित्त भएर आफ्नो मन संभाल्दै गरे अलि अली गरेर सप्रदै गएर मानवकौल बन्न सक्छ। जस्तो कि बलिराजा दानवकुलमा जन्मिएका हुनाले विष्णुभक्त भएपनि दानवकौल बनेर लोकको मर्यादा भङ्गगरी स्वर्ग समेत जीतेर राज्य गरे; आखिर भक्तवत्सल भगवान्‌को वामनावतारको कृपाबाट आफ्नो मर्यादामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रही पातालमा गएर राज्य गरी मानवकौल बने। यो कथा पुराणादिमा देखिएकै छ। फेरि मानवकौल पनि कुसङ्गमा लाग्नाले मति विग्रन गई दानवकौल बन्न बेरलाग्दैन। जस्तो कि सौदासराजा मानवकौल थिये कुसङ्गको फलले दानवकौल बनेको हुनाले कैयौं दिनसम्म राक्षस बनेर बस्न परेको कथा पुराणादिमा पाइन्छ। यस्ता अनेक घटनाहरू भएको पुराणादिमा पाइन्छ। अतः कौलमार्गमा बहुतै होसियारी साथ चल्नु पर्दछ। तत्वशुद्धिमा अमृत पान गर्दा पशुपान र शक्ति पूजागर्दा मनक्षोभ हुनगयो भने पतन हुनुपर्छ। त्यस उसले "कुलार्णवतन्त्रमा" शिवले यस्तो भन्नुभएको छ।

"कृपाणाधारगमनात् व्याघ्रकाण्ठावलम्बनात्।
भुजङ्गधारणान्नूनमशक्यं कुलवर्त्मनम्॥"

अर्थात्—"तरवारको धारमा हिड्नु, बाघको घांटीमा चढ्नु तथा सर्पको गहना पहिरनु बरु सकिएला कुलमार्गमा (सहसा) चल्न अर्थात् यथार्थकौल बन्न सकिंदैन।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दत्तचित्त भएर उपासना गर्दा गर्दा मानवकौल पञ्चम भूमिकामा पुगेपछि दिव्यकौल वा कौलावधूत बन्दछ। दिव्यकौल जीवन्मुक्त भएर सप्तम भूमिकामै पुगेतापनि व्यवहारसँ लागे झैं भई रहन्छन्, आफ्नो अन्तस्करण भने व्यवहारबाट बिलकुलै फरक राखेका हुन्छन् यस्ता ब्रह्मर्षि तथा राजर्षिका बयान पुराणादिमा धेरै पाइन्छन्। शूद्रमा पनि बिदुरजी जीवनमुक्त भएर पनि व्यवहारी नै थिये। जीवनमुक्तिको लागि मुख्य तीन कुरा पाउनु पर्दछ। ती तीन कुरा के के हुन् भने, आत्मनिर्भरता [1] सन्तुष्टि [2] तथा समदृष्टि [3]। यति तीन थोक हातलागी भएपछि ब्रह्मत्वप्राप्ति हुन [4] कत्ति पनि बेर लाग्दैन। अब यी सबै कसरी हात पर्छ भने, सर्वप्रथम समदृष्टिको अनि आत्मनिर्भरतकाको अभ्यास गर्नुपर्छ। यति दुई थोक हातलागी भएपछि सन्तुष्टि उसै

---

1. आत्मनिर्भरता = Self-reliance.
2. सन्तुष्टि = Contentment.
3. समदृष्टि = Selfness to all.
4. ब्रह्मत्वप्राप्ति हुन = To be one with God.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आईलाग्छ। सबैंमा एकनासको प्रेमभाव राख्नु कुनै दीनदुःखीलाई पनि तुच्छ संझिएर हेला नगर्नु इत्यादि अष्टपाशवाट छुटकरा पाउन भरसक्य गर्नु नै समदृष्टिको अभ्यास गर्नु हो। तर दुःखलाग्दो कुरा यो छकि धेरै जसा आफूलाई साधक संझनेहरू धर्मको नामले झगडा गरेर लड्छन् र त्यसको जरियावाट अनेक कुकर्म गरेर पाप कमाउंदछन्। "मेरै धर्म ठिक हो अरूको धर्म सव आडम्वर हुन्" भन्ने भावनाले औरङ्गजेव जस्ता कैयौंले नरहत्यासम्म पनि गर्न वेर नमानेको कुरा इतिहासले बताएकै छ। वास्तवमा हिन्दू, ईसाई, मुसल्मान तथा अरू भिन्न भिन्न प्रकारका धर्महरूको बाटो फरक भए पनि लक्ष एउटै हुन्छ, दया,[1] स्वार्थत्याग[2] तथा परोपकार[3] त सबै धर्मले अपनाएकै छ। सबै धर्माव-लम्बीहरू आ-आफ्नो मतले उनै एक सर्वशक्तिमान् ईश्वरको नाम, रूप तथा धर्म भेदले उपासना गर्दछन्।

1. दया = Mercy.
2. स्वार्थत्याग = Unselfishness.
3. परोपकार = Help for others.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एवं कौलहरूमा पनि गुरुपरम्पराको भेदले गर्दा फरक फरक जस्तो छांट देखिन्छ; तर त्यो भ्रम मात्रै हो। वैष्णवादि अरूमतबाट त पराकाष्ठामा पुगेपछि कौल बन्नु पर्छ भने, झन स्वयं कौलहरूमा मतभेद कसरी हुन सक्ला ? झन सबै नेपालीको त युगयुगान्तर देखिको अस्तित्व आजसम्म कायमै छ। यो आर्यराज्य आर्यक्षत्रिय नरेशद्वारा सुरक्षित निगमागमधर्मावलम्बित छदैछ। यहा गोवधादि आर्यधर्मको विरुद्धकर्म हुन पाउंदैन। सत्ययुग देखिनै यो पवित्र देश हो भन्ने इतिहास र पुराणादिले वयान गरेका छन् तिनमध्ये "स्कन्दपुराण हिमवत्खण्ड अध्याय ७२ मा यस्तो वचन छ।

"सत्ये सत्यवती यत्र त्रेतायां तु तपोवनम्।
द्वापरे मुक्तिसोपानं कलौ नेपालिका पुरी॥"

अर्थात्–"जुन देशको सत्ययुगमा 'सत्यवती' भन्ने नाम थियो उसै देशको त्रेतायुगमा 'तपोवन', द्वापरयुगमा 'मुक्तिसोपान' र कलियुगमा 'नेपाल' भन्ने नाम हुनगयो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फेरि 'नेपाल' भन्नाले यो खाल्डो मात्रै होइन भन्ने वारेमा सोही शास्त्रको अध्याय ७० मा यस्तो उक्ति छ।

"गण्डकी कौशिकी चैव तयोर्मध्ये वनस्थलम् ।
नीलकण्ठनटेशौ च तयोमध्ये तथाविधम् ॥
नेपाल इति विख्यातं देवक्षेत्रं सुखप्रदम् ॥"

अर्थात्–"गण्डकी (पश्चिम गण्डकी) र कौशिकी (पूर्व कोशी) को सांध, फेरी नीलकण्ठ (उत्तर हिमाल) र नटेश (दक्षिण चंपारनजिल्लाअन्तर्गत नारायणीको किनारमा रहेका नटेश्वर नामक शिवलिङ्ग) को किल्ला भित्र रहेको वन तथा स्थल सुखदायक देवक्षेत्र नेपाल भन्ने नामले प्रख्यात छ।"

यसबाट स्पष्ट हुन्छ कि त्रेतायुगमा यसठाउको नाम तपोवन हुदा शकुन्तला यहा नै गर्भवती भएर भरत जन्मेका रहेछन् र "यस तपोवनको रक्षक मै हुं" भनेर भरतका पिता दुष्यन्तले भनेबाट यो दुष्यन्त तथा भरतको साम्राज्य कायमै भएको बुझिन्छ। द्वापरको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अन्त्य तिर वाणासुरको छोरा महेन्द्रदमनले वग्मती थुनेर यो नेपाल काठमाडौं खाल्डोलाई तीन हजार वर्षसम्म तलाउ बनाउदा पनि उसकालको मुक्तिसोपान नामक यस नेपालको अन्यत्र स्थान छदै थियो भन्ने वेदव्यास र जैमिनि आदि द्वापरयुगमा जन्मिएका मुनिवरहरूले तपस्या गरेको स्थान यसै देशको पश्चिम पहाडखण्डमा र भित्रीमदेशमा देखिएबाट सावित हुन्छ। तर त्यसवेला देखि यो देश टुकडी सकेको थियो भन्ने महेन्द्रदमनको तलाउरूप राज्यले नै दर्शाउंछ। पछि यस कलियुगमा प्रतापी हाम्रा श्री ५ बडामहाराज पृथ्वीनारायणशाहदेव-बाट यहाका टुकडिएका देशहरूलाई एकीकरण गराएर फेरि उही साम्राज्य कायम भयो। झन् मौसुफकै दशौं पींडिका सन्तान हाल श्री ५ महाराजाधिराज महेन्द्र-वीरविक्रमशाह देवबाट सुनमा सुगन्ध भरे झैं गरी यस देशलाई U. N. O. को सदस्यमा दर्तागराई साम्राज्य अटल गराईबक्सियो। यस साम्राज्यमा सत्ययुगदेखि आजसम्म वैसाखादि मासको नाम कायम छ, जनवरी आदिले स्थान पाएको छैन। देवभाषा संस्कृतबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अपभ्रंश भएर प्राकृत भाषा वने झैं श्रीपार्वतीले मूल संस्कृत भाषाबाटै अपभ्रंश गराएर वनाएको पार्वतीय भाषा श्रीगोरक्षनाथले अपनाएको भाषा यस साम्राज्यको राष्ट्रभाषा छ। फेरि धर्मको वारेमा पनि यहा झण्डै अथर्व वेदको जन्मकालको शताब्दि तिरजस्तै शैव र बौद्धमा भेदभाव छैन, यहाका बौद्धहरूले पनि महायानको मतले हकाहकी मपञ्चकको प्रयोग र पशुवलि गर्ने गर्छन्। फेरि धेरै जसो यहाका पीठहरूमा शैव र बौद्ध दुवै मतबाट सपर्या हुन्छ भन्ने कुरा मद्रचित निगमागमवैज्ञानिकसारमा दर्शाएकै छु। यस राष्ट्रका प्रत्येक झण्डाहरूमा र सिक्काहरूमा पनि आर्यसनातनी चिन्हहरू पाइन्छन्। त्यस उसले भरसंसारमा यही हाम्रो नेपाल मात्रै आजमम्म सनातनी राज्य कायम रही खास सनातन धर्मको प्रचलित छ।

अव फेरि पहिले कै विचार तिर जाऔं। पूर्वोक्त प्रकारले उता समदृष्टिको अभ्यास बढाउंदै जाने र जेकाम परि आएपनि आफ्नै हातले गर्ने अरूलाई न गुहार्ने वानी वसाल्दै गर्ने अनि उता अलि अलि गरेर न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हत्पताई [1] अन्तर्वहिर्यागको अभ्यास आ-आफ्नो परम्पराऽनुसार बढाउंदै जाने गर्दा मनमा सन्तुष्टि आई अष्टपाशवन्धन हट्ने हुन्छ र साधक 'दिव्यकौल' बनेर व्यवहारी न भएर पनि जीवनमुक्तिको रस चाखी रहेको हुन सक्छ। 'कौलावधूत' चाहिं जीवनमुक्त भएर व्यवहारको वास्ता नगरी कैले घरवारीया, कैले फिरन्ती; कैले दम्पती, कैले ब्रह्मचारी; कैले वनवासी, कैले सहरवासी; कैले तीर्थवासी, कैले श्मशानवासी; कले फलाहारी, कैले मांसाहारी; कहिले खनूचुवा, कैले निर्लोम; कैले पण्डितको छांट् गरेर मनमौजी भएर अनेक लहड् गरेर जीवन विताउने गर्दछन्।

छोटकरीमा दिव्यकौल तथा कौलावधूत दुवै जीवन्मुक्त साधक हुन्; यिनमा भेद के छ भने, यता दिव्यकौल भगवान् विष्णुले लक्ष्मी साथमा लिएर वैकुण्ठमा अएस आराम साथ व्यवहारी वनी भोगगरे झ व्यवहारमा लागीरहन्छन्; उता कौलावधूत चाहिं भगवान् शङ्करले कैले गौरी साथमा लिएर कैलासमा वस्ने कैले

1. अलि अलि गरेर नं हत्पताई = With perciviarence.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एक्लै श्मशानवास गरी मनमौज गरे झैं लहडी भई रहन्छन् ।

विशेष गरेर धेरैजसो श्रीकल्पपरम्पराका साधक दिव्यकौल तथा कालीकल्पपराका साधक कौलावधूत हुन्छन् ।

यस पुस्तकमा दिव्यकौल तथा कौलावधूतको मात्रै त के भगवान्‌सम्म बन्न सक्ने विधान पनि यथाज्ञान दर्शाएं। तर "भन्नु सजिलो र गर्नु गाह्रो हुन्छ" भन्ने कुरा त सर्वविदितै छ। त्यस उसले स्वयं म आफू त मानवकौलसम्म पनि हुन सकेको छु या छैन भन्ने आफै-लाई शङ्का लाग्छ। मेरा परमपूज्य गुरुदेवको कृपाले लघुसाम्राज्यमेधादीक्षाको रश्मि सहित अलेखिनी विद्या सम्म पाउने सौभाग्य त पाए, तर त्यतिसम्म पाउनयोग्य व्यक्ति म अझै हुन सकेको छैन। जे भएपनि यही स्वगुरुबाट उपलब्ध भएको विद्याको प्रभावले कनिकुथी गरी माथि माथिको कुराको पनि चर्चा गरीटोपली यतिसम्म पुस्तकमा दर्शाउन सकेको हुं। आफूले जाने बुझेसम्मको अघिका आर्यहरूको अठोटबाट निकालिएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सनातन धर्मको भेदको यस लेखले दिग्दर्शन गराएको छु। यसमा कुनै उचनिच परेको भए पाठकमहानुभावहरूमा मेरो भुल सुधारी दिने कृपाको साथ क्षमा याचना गर्दछु। चोकाको मुखमा कुविंडो नअटाए झैं मेरा पूज्य गुरुदेवबाट पाएको विद्या मेरो खुबीमा अटाएको छैन; तथापि यस मार्गमा चाख राख्नेहरू ठग गुरुको सिकार नबनुन् भन्ने अभिप्रायले आफूले प्राप्त गरेका विद्याहरूको एक झलक दर्शाएको हूँ। फेरि धेरै अनुभवी आर्यहरूले आफ्नो जीवनभर उपासना र योगको अनेक चमत्कार देखाएर आफू यस संसारबाट पार भएपछि त्यस कर्मको अनुभवको लेससम्म पनि नछाडेकोले हामी आर्यहरूमा आफ्नो शास्त्रमा अश्रद्धा बढ्दै गएको देखिदै छ। तसर्थ मैले आफूले अपनाएको विधान, त्यसको अनुभव प्राप्त हुनलाई लागेको समय र साह्रै थोरै अगण्य भएपनि आफूले पाएजति अनुभव यथार्थ दर्शाएको हूँ। त्यसमा पाठकवर्गको जो विचार तर वास्तवमा मैले आफ्नो प्रतिष्ठाको लागि यी लेखहरू लेखेको होइन, केवल देशसेवा र लुकन लागेको हाम्रो आर्यशास्त्रको मर्यादा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(2)

अलिकति मात्रै भएपनि जोगाउन सकिएला भन्नाको उद्देश्यले आफ्नो उपासनाक्रमको द्वार उदाङ्ग परि यो कलम घोटेको हूँ। यो समेत यस प्रकारका तीन पुस्तकहरू लेखीसकें। पहिलो "तान्त्रिकविज्ञानदर्पण" तथा दोस्रो "निगमागमवैज्ञानिकसार" नेपाल रायल एकेडेमीमा समर्पण गरेको थियें। दोस्रो पुस्तक किफायत साथ छाप्नाको लागि प्रयास हुदं छ अरे। तर खेदको कुरा यो छ कि यहि २०२० सालमा पहिलो पुस्तक नरेन्द्र-यन्त्रालय प्रेसद्वारा छापिएर प्रकाश भयो। प्रेशको भुलले हो वा केले हो "इतिश्री" भन्ने समाप्तिमा "तान्त्रिक-विज्ञानदर्पणे" भन्ने छाप्दा पनि कभरमा "तन्त्रशास्त्र" भन्ने छापियो, फेरि त्यस पुस्तकको लागि मैले दिएको प्रस्तावनाको साटो भाई बालकृष्णसमले दोस्रो पुस्तकको लागि लेखि दिएको परिचय राखिएछ, शुद्धिपत्र पनि छैन। त्यो पुस्तक पढन मनहुने पाठकमहानुभावले "तन्त्रशास्त्र" भन्ने नामले एकेडेमीसित खरिद गर्नें कृपा गर्नु होला। दोस्रो पुस्तकमा पनि मले दिएको प्रस्तावना छापिदियेनन् भन्ने प्रस्तावनारहितको पुस्तक निक्लेमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मेरो दोष छैन। यस्तो छांटको आर्यविज्ञानको चर्चा भएको पुस्तक यही प्रथम हुनाले एकेडेमी द्वारा प्रकाश भए मातृभूमि नेपालको नाम रहला भनेर समर्पण गरेको थियें यस्तो भयो। जे भयो भयो। "गतं न सोचामि कृतं नमन्ये।" अबदेखि जो लेखौंला आफै छपाउने छु। यो तेस्रो "प्रबुद्धसनातनरहस्यम्" चाहि विद्याप्रेमी श्री ५ महाराजाधिराज सरकारको निगाहबाट स्वयं आफ्नैद्वारा प्रकाश गरेको हुं। मेरो यस लेखले पाठकवर्गको हृदयमा कुनै स्थान पाएको बुझीयो भने तथा जगदम्बाले मौका-पारी दिईन् भने अरू यस्तै लेखहरू लेखी देशसेवा गर्नेछु। अब यत्तिकैमा यस पटलको साथ यो पुस्तक समाप्त गर्दछु। किं बहुना ?

॥ इति श्रीसप्तमपटल समाप्ति पूर्वक प्रवुद्धसनामनरहस्यम् ॥

॥ संपूर्णम् शुभम् ॥

★

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

DATE DUE

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

६८२८

AUTHOR राणा, धनशम्शेर जङ्गबहादुर

TITLE प्रबुद्धसनातनरहस्यम्

@[P], 2[E], 23
DHA
2020 B.S.

६८२८

महेन्द्र संस्कृत विश्वविद्यालय
वाल्मीकि विद्यापीठ
पुस्तकालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाल प्रेस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu